# महावंश

अनुवादक

आनन्द प्रधान

Downloaded from http://www.dhamma.digital

# महावंश

अनुवादक

आनन्द प्रधान

Downloaded from http://www.dhamma.digital

# महावंश

गौतम बुद्धको सिंहलद्वीप यात्रा

तथा

धार्मिक उपदेश

ग्रन्थ बौद्धधर्म प्रेमी महानुभावहरुसमक्ष सादर समर्पित छ

सम्पूर्ण अधिकार अनुवादकको अधीनमा

अनूदित पाण्डुलिपि टाइप गर्ने

आनन्द प्रधान

**अनुवादक**

**आनन्द प्रधान (भूपूविप्र)**

Downloaded from http://www.dhamma.digital

प्रकाशक : भिक्षु ज्ञानेन्द्र "सद्धम्म कोविद", ९८०४४५१३९८
अर्न्तराष्ट्रिय बुद्ध परियत्ति उदय विहार, परियत्ति शिक्षाकोष
डिंगरनगर, ति.न.पा.-४, (बुटवल) रुपन्देही, लुम्बिनी, नेपाल, ०७१-४२०१२८

मुद्रक : बि. एल. प्रिन्टिङ्ग प्रेस, बागबजार, ९८५११४०९१०, ९८५११४०९०९

प्रथम सस्करण : १००० प्रति (नेपालीमा)

मूल्य : रु. २२५.००/-

(बिक्रीबाट संकलन हुने सम्पूर्ण रकम अर्न्तराष्ट्रिय बुद्ध परियत्ति उदय विहार, परियत्ति शिक्षाकोषमा जम्मा गरिने छ ।)

नेपाल संवत् : ११३७


विक्रम संवत् : २०७४ असोज

इस्वी संवत् : २०१७

बुद्ध संवत् : २५६१

Downloaded from http://www.dhamma.digital

# प्रकाशकीय



भगवान बुद्धको जन्मभूमि नेपालमा थेरवाद बुद्ध धर्मको विकासक्रमसँगै बौद्ध विद्वानहरुले बुद्ध धर्मसँग सम्बन्धित महत्वपूर्ण ग्रन्थहरुको अनुवाद र लेखनकार्यहरुमा निरन्तररुपमा अगाडि बढाउनु धेरै नै हर्षको कुरा हो। बुद्ध धर्मलाई बर्मा, थाईल्याण्ड, श्रीलंका, मित्रराष्ट्र भारतमा गएर अध्ययन गरि नेपालमा फर्कनु भई नेपालीमा बौद्ध ग्रन्थहरुको अनुवाद गर्ने श्रद्धेय भन्ते गुरुमाहरुको र बौद्ध विद्वान उपासक उपासिकाहरुको योगदान पनि अमूल्य रहेको छ। स्वदेशमा नै रहेर पनि आफ्नो क्षमताले भ्याएसम्म हिन्दी, अंग्रेजीभाषाबाट अनुबाद गरी सरल नेपाली भाषामा उतार्ने विद्वानहरुको पनि ठूलो योगदान रहेको छ। समयक्रमानुसारको विकाससँगै विहारमा मात्र सिमित रहेको बुद्धको शिक्षालाई स्कूल, कलेजहरुमा पनि शिक्षण अभ्यास भईरहेको छ। सबै भन्दा खुसीको कुरा त भगवान बुद्धको जन्मस्थल लुम्बिनीमा "लुम्बिनी बौद्ध विश्वविद्यालय"को स्थापना भई बौद्ध शिक्षाको अध्ययन अध्यापन हुनु हो। विश्वविद्यालय स्तरमा नेपाली भाषामा शैक्षिक सामग्रीको रुपमा रहेको पाठ्यपुस्तकहरुको अभावलाई केही हदसम्म भए पनि पूर्ति हुने आशा लिई श्रद्धालु उपासक आनन्द प्रधानले हिन्दीबाट नेपाली भाषामा अनुवाद गर्नु भएको "महावंश" पुस्तकलाई सम्पादन एवं प्रकाशन गर्ने जमर्को गरेको छु। यस पुस्तक प्रकाशनमा आर्थिक सहयोग पुऱ्याउनु हुने सम्पूर्ण धर्मप्रेमी श्रद्धालु उपासक उपासिकाहरुमा भित्री हृदय देखि नै हार्दिक आभार ब्यक्त गर्दै सु-स्वस्थ्य, दीर्घायु एवं मंगलमयी कामना गर्न चाहन्छु। बौद्ध जगतमा महत्वपूर्ण ग्रन्थ मिलिन्द प्रश्न र महा वंश जस्ता चर्चित पुस्तक हिन्दीबाट नेपाली भाषानुवाद गर्नुभई जुन किसिमको योगदान दिनुभयो। त्यो हामी नेपालीहरुको लागि र बौद्ध जगतकालागि अति नै गर्वको कुरा हो। बौद्ध शिक्षा अध्ययन गर्न चाहनेहरुकोलागि सुखद विषय पनि हो।

यस किसिमको अति आवश्यक र महत्वपूर्ण बौद्ध ग्रन्थहरुको वहाँ अनुवादकको सिद्धहस्त लेखनीबाट भविष्यमा पनि निरन्तर रुपमा प्रदुर्भाव भइरहोस् र पुस्तक प्रकाशनमा जसरी श्रद्धाभावले दाता उपासक उपासिकाहरुले सहयोग गर्नु भयो त्यो पनि निरन्तर रहिरहन सकोस भनि यस पुण्यको प्रभावले सम्पूर्णमा सुस्वस्थ्य एवं दीर्घायु रहुन भनी कामना गर्दछु।

भवतु सब्ब मंगलम्।

**भिक्षु ज्ञानेन्द्र "सद्धम्म कोविद"**
अर्न्तराष्ट्रिय बुद्ध परियत्ति उदय विहार,
डिंगरनगर, ति.न.पा.-४, (बुटवल)रुपन्देही, लुम्बिनी,
नेपाल

Downloaded from http://www.dhamma.digital

# दुई शब्द

सुगत गौतम बुद्ध एकपटक मात्र होइन तीनपटक श्रीलङ्का जानुभइ त्यहाँका मानिसहरुलाई **सद्धधर्मको** उपदेश दिनुभएको बारेको **महावंश** नामक ग्रन्थमा उल्लेख भएको, श्रद्धेय भारतीय बौद्ध विद्वान् भिक्षु आनन्द कौसल्यायनज्यूले सन् १९२९ मा हिन्दीमा अनुवाद गर्नुभएको उक्त ग्रन्थ नेपाली भाषामा अनुवाद गरिएको छ । भारतीय प्रकाशक र अनुवादकको नेपाली भाषामा अनूदित विस्तृत विचारले प्रस्ट पार्ने भएकोले छुट्टै परिचय लेख्न आवश्यकता नदेखिएको व्यहोरा अवगत गर्नुहुन अनुरोध गरेको छु ।

सकेसम्म यो अनुवाद साहित्य सरल बनाउने प्रयास गरिएको छ तथा पूर्ण छ । धर्मप्रेमी पाठक महानुभावहरुले यो पुस्तक पढनुहुँदा त्रुटि पाउनु भएमा र जानकारी गराइदिनुभएमा अमूल्य परामर्शको स्वागत गर्नेछु तथा आउँदो संस्करण त्रुटिरहित प्रकाशित गर्नेछु ।


## कृतज्ञता प्रकट

१) भन्ते स्वयम् बुद्धधर्मको सन्देश वाहक हुनु र नेपाली भाषामा अनूदित महांवशको पाण्डुलिपि प्रकाशित गर्ने जिम्मा लिनुले नेपाली बौद्धजगत्को निमित्त फलदायी हुने कुरा स्पष्ट छ । प्रकाशित हुने ग्रन्थ बुद्धधर्मको प्रचार प्रसार र विकासको अकाट्य प्रमाण र माध्यम हुनेछ भन्ने कुरामा कुनै शंका छैन । चन्द्रसूर्य रहेसम्म कुशल कार्यको गुणगान भइरहनेछ । यही नै धर्म हो । शाश्वत सत्य हो । म श्रद्धेय भन्ते ज्ञानेन्द्र स्थविरज्यूको चिर-ऋणी छु ।

२) परिवारका सदस्यहरुको प्रत्यक्ष तथा अप्रत्यक्ष सहयोगको अतिरिक्त आजको दिनसम्म अँग्रेजी तथा नेपाली भाषामा लेखिएका लेख रचना टाइप गर्दा आइपरेका समस्या समाधान गर्ने कुरामा र वि.भिन्न स्रोतबाट पुस्तक ल्याउने लैजाने काममा मेरो दाहिने हात भएर अहम भूमिका खेलेकोमा नाति उमङ्ग स्थापितले गरेको प्रशंसनीय सहयोगको प्रशंसा गर्दछु तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछु । आउँदा दिनहरुमा पनि नातिबाबुबाट यस्तो सहयोगको अपेक्षा राखेको छु । धन्यवाद ।

– **आनन्द प्रधान (भूपूविप्र)**
रुद्रमति मार्ग, मैतिदेवी
का.म.न.पा-३३, नेपाल
मोवाइल नं.: ९८०९२०४५४१, ९८४१२२६१६५
फोन नं. : ०१-४४३७०८५

Downloaded from http://www.dhamma.digital




Downloaded from http://www.dhamma.digital

# महावंश

अनुवादक

भदंत आनन्द कौसल्यायन

२०१४

हिन्दी साहित्य सम्मेलन, प्रयाग

Downloaded from http://www.dhamma.digital

द्वितीय संस्करण ५०० प्रति

मूल्य : ५ रुपियाँ ५० पैसा

सम्मेलन मुद्रणालय, प्रयाग

Downloaded from http://www.dhamma.digital

वर्तमान सिंहल

को

एकमात्र वीरपुत्र

भारतमा बौद्धधर्मको पुनरुद्धारक

अनागारिक धर्मपालको

पुण्य स्मृतिमा

Downloaded from http://www.dhamma.digital

# प्रकाशकीय

(नेपाली भाषामा अनुवाद गरिएको)

बम्बईमा भएको सम्मेलनमा महाराजा बडोदा नरेश सयाजीराव गायकवाड स्वयम् उपस्थित होइबक्सेर जुन पाँच हजार रुपियाँको सहयोग सम्मेलनलाई प्रदान गरिबक्सनुभएको थियो त्यही आर्थिक सहयोगले सम्मेलनको यो 'सुलभ साहित्य प्रकाशनको काम भइरहेको छ । हिन्दी भाषाका पाठक महानुभावहरुलाई अहिलेसम्म यो माला (श्रृङ्खला) मा धेरै ग्रन्थ-पुष्प उनिएका छन् भन्नेबारे विदितै छ । यो मालाद्वारा जुन हिन्दी साहित्यको बृद्धि भइरहेको छ त्यसको मुख्य श्रेय स्वर्गीय बडोदा नरेशलाई जान्छ । महाराजाको यो हिन्दी प्रेम भारतको अरु हिन्दी प्रेमी नरेशहरुको निमित्त अनुकरणीय छ ।

प्रस्तुत ग्रन्थ सिंहलको प्राचीन इतिहास विषयको एउटा प्रसिद्ध ग्रन्थ हो । ईसा पूर्व पाँचौं शताब्दीदेखि लिएर ईसाभन्दा पछि चौथो शताब्दीसम्मको झण्डै साढे आठ शताब्दीको लेख यो ग्रन्थमा उल्लेख छ । पालि वाङमयमा यसको विशिष्ट स्थान छ । भारतीय इतिहासको धेरै प्रसंग यो ग्रन्थद्वारा प्रकाशमा आएको छ ।

ग्रन्थको अनुवादक हिन्दी पाठकहरुको सुपरिचित व्यक्ति हुनुहुन्छ । भदन्त आनन्द कौसल्यायन हिन्दीको बौद्ध साहित्यको आपूर्तिमा जुन उत्साह लिएर दत्तचित्त हुनुहुन्छ त्यो प्रशंसनीय छ । यही सम्मेलनबाटै उहाँले गर्नुभएको जातकको अनुवाद प्रकाशित भइरहेको छ । भविष्यमा पनि उहाँबाट हामीले ठूलो आशा राखेका छौं ।

संग्रहालय भवन

**हिन्दी साहित्य सम्मेलन, इलाहावाद** — **रामचन्द्र टंडन**

७–११–४२ साहित्य मन्त्री

Downloaded from http://www.dhamma.digital

# विषय-सूची


| | | | |
|---|---|---|---|
| परिचय | – | | १५-२७ |
| प्रथम परिच्छेद | – | बुद्धको लंका आगमन | १ |
| द्वितीय परिच्छेद | – | महासम्मत वंश | ८ |
| तृतीय परिच्छेद | – | प्रथम धर्म-संगीति | ११ |
| चतुर्थ परिच्छेद | – | द्वितीय धर्म-संगीति | १५ |
| पञ्चम परिच्छेद | – | तृतीय धर्म-संगीति | २० |
| षष्ठ परिच्छेद | – | विजय आगमन | ३७ |
| सप्तम परिच्छेद | – | विजयाभिषेक | ४१ |
| अष्टम परिच्छेद | – | पाण्डुवासुदेवको राज्याभिषेक | ४६ |
| नवम परिच्छेद | – | अभयाभिषेक | ४८ |
| दशम परिच्छेद | – | पाण्डुकाभयाभिषेक | ५० |
| एकादश परिच्छेद | – | देवानांप्रियतिष्याभिषेक | ५७ |
| द्वादश परिच्छेद | – | नाना देश प्रचार | ६० |
| त्रयोदश परिच्छेद | – | महेन्द्रागमन | ६४ |
| चतुर्दश परिच्छेद | – | नगर-प्रवेश | ६६ |
| पञ्चदश परिच्छेद | – | महाविहार परिग्रहण | ७१ |
| षोडश परिच्छेद | – | चैत्य-पर्वत विहार प्रतिग्रहण | ८३ |
| सप्तदश परिच्छेद | – | धातु-आगमन | ८५ |
| अष्टादश परिच्छेद | – | महाबोधि ग्रहण | ८९ |
| एकोनविंश परिच्छेद | – | बोधि आगमन | ९३ |
| विंश परिच्छेद | – | स्थविर-परिनिर्वाण | ९८ |
| एकविंश परिच्छेद | – | पाँच राजा | १०२ |
| द्वाविंश परिच्छेद | – | ग्रामणी कुमारको जन्म | १०५ |
| त्रयोविंश परिच्छेद | – | योद्धाहरु प्राप्त | १११ |
| चतुर्विंश परिच्छेद | – | दुई भाईहरुको लडाई | ११७ |
| पञ्चविंश परिच्छेद | – | दुष्टग्रामणी विजय | १२१ |
| षड्विंश परिच्छेद | – | मरिचवट्टी विहार पूजा | १२८ |
| सप्तविंश परिच्छेद | – | लोहप्रासाद पूजा | १३० |


Downloaded from http://www.dhamma.digital

| | | | |
|---|---|---|---|
| अष्टाविंश परिच्छेद | – | महास्तूपको साधन प्राप्ति | १३३ |
| एकोनत्रिंश परिच्छेद | – | महास्तूपको आरम्भ | १३६ |
| त्रिंश परिच्छेद | – | धातुगर्भको रचना | १४० |
| एकत्रिंश परिच्छेद | – | धातु निधान | १४६ |
| द्वात्रिंश परिच्छेद | – | तुषितपुर गमन | १५४ |
| त्रयत्रिंश परिच्छेद | – | दश राजा | १६० |
| चतुत्रिंश परिच्छेद | – | एकादश राजा | १६६ |
| पञ्चत्रिंश परिच्छेद | – | द्वादश राजा | १७१ |
| षट्त्रिंश परिच्छेद | – | त्रयोदश राजा | १७९ |
| सप्तत्रिंश परिच्छेद | | | १८७ |
| परिशिष्ट ( १ ) | | | १९१ |
| परिशिष्ट ( २ ) | | | १९२ |
| अनुक्रमणिका | | | १९३ |


Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# परिचय

## (नेपाली भाषामा अनुवाद गरिएको)

सिंहलमा त्रिपिटक र अट्ठकथाहरुको अतिरिक्त जुन पालि वाङमय हो, तिनमा महावंशको आफ्नै स्थान छ। दीपवंश र महावंश दुवै ग्रन्थ सिंहलको ऐतिहासिक ग्रन्थ हुन्। भारतको इतिहास जति सुरक्षित छ उतिकै सिंहलको पनि छ।

[१]दीपवंश र महावंशको वर्णित विषय एउटै हो। दुवैमा विषयको समानता मात्र होइन वर्णन क्रम पनि एउटै छ। महावंश दीपवंश पछिको रचना हो। यसबाट के थाहा हुन्छ भने महावंशको अनुवादकले दीपवंशको अनुवादकको नक्कल गरेको हो अथवा दुवैले कुनै तेस्रो ठाउँबाट आफ्नो सामग्री र त्यसको कुरा ग्रहण गरेका हुन् यो स्पष्ट छैन। दुवैले तेस्रो ठाउँबाट आफ्नो सामग्री र वर्णन क्रम ग्रहण गर्नु भएको हो भने यो कुरा ठीक छ। सिंहल भाषामा जुन पुरानो महावंश अट्ठकथा छ, त्यो नै यी ग्रन्थहरुका आधार हुन्। आचार्यले पूरानो सिंहल अट्ठकथाबाट अति विस्तार तथा पुनरुक्तिलाई छोडेर सरल तरिकाले बुझ्न सकिने योग्यको महावंश लेख्नुभयो।[२]

दुवै ऐतिहासिक ग्रन्थमा जुन मुख्य भेद छ त्यो दीपवंश काव्यको दृष्टिबाट सर्वथा ध्यान दिन उचित देखिदैन। सर्वथा पछि थपेको हो कि जस्तो लाग्छ। कहीँकहीँ गाथाको बीचमा गद्य पनि विद्यमान छ। तर पनि महावंश एउटा उत्तम महाकाव्य हो।

महावंशले महान् व्यक्तिहरुको वंश[३] परिचय गराउने भएकोले तथा स्वयम् पनि महान् हुनुले यसको नाम महावंश[४] रहन गयो।

---

१. दीपवंस तथा महावंस , डब्ल्यु गैगर (पृ० १)।

२. अथं हि आचरियो एत्थ पोराणकम्हि सींहल अट्ठकथा महावंसे अतिवित्थार पुनरुत्तदोस भाव पहाय तं सुखग्गहणादिपयोजन सहितं कत्वा कथेसि, (महावंस टीका , पृ० २५)।

३. महंतानं वंसो तन्ति पवेणि महावंसो, (महावंस टीका, पृ० १९)।

४. महंतानं वंसपरिदीपकत्ता, सयमेव महंतत्तापि, महावंसो नाम (महावंस टीका, पृ० ७)

Downloaded from http://www.dhamma.digital

दीपवंसको रचयिताको परिचय छैन । महावंशको टीकाकारको भनाई के छ भने महावंशको रचना महानाम स्थविरले गर्नुभएको हो । महानाम स्थविर दीपसन्द सेनापतिले बनाएको विहारमा बस्नुहुन्थ्यो ।[1]दीपसन्द सेनापति राजा देवानांप्रिय तिष्यका सेनापति थिए । महावंशको कथा महासेनको समय समाप्त भएर गए पछि पनि त्यो लेख्ने काम जारी नै रह्यो । वर्तमान महावंस – जसको अनुवाद यहाँ उपस्थित छ सैंतीसौं परिच्छेदको पचासौं गाथा (पद्य) सम्म छन् । छत्तीस परिच्छेदको अन्त्यमा सज्जन (सुजन,भद्र पुरुष) हरुको प्रसाद र वैराग्यको लागि रचित वंश महावंशको .............परिच्छेद शब्द आउँछन् । सैंत्तीसौं परिच्छेद पचास गाथाहरुमा पुगेपछि बिनाकारण (एकाएक) टुङ्गिन्छ । जो रचयिताले पछिसम्म महावंश लेख्ने कामलाई निरन्तरता दिनुभयो उहाँले यो परिच्छेदमा १९८ गाथा · अरु जोडेर त्यस परिच्छेदलाई 'सात राजा' शीर्षक राखिदिनुभयो । यो अगाडिको पहिलो खण्डलाई चुल्ल वंश भनिन्छ । पछिका प्रत्येक इतिहास लेखकले आफ्नो हिस्साको इतिहासलाई कुनै खास परिच्छेदमा समाप्त नगरिकन पहिलेको परिच्छेदको पनि केही गाथाहरु जोडेर यही अभिप्रायले लेखिएको जस्तो लाग्छ । किनकि जातीय इतिहासलाई सुरक्षित राख्ने परम्परा अक्षुण्ण रहिरहोस् भनेर यसो गरेको हुन सक्छ ।

महानामको मृत्युपछि महासेन (ई० ३०२) को समयदेखि दम्बेदेनियमको पण्डित पराक्रमबाहु (ई० १२४० – ७५) सम्मको महावंश धर्मकीर्त द्वितीयले लेख्नुभयो[2]। यो ३७ परिच्छेददेखि ७९ परिच्छेदसम्म दम्बेदेनियम नरेशदेखि हस्तिशैलपुर (आधुनिक कूरुनैगन्त) को पराक्रम महावाहुहरुसम्मको इतिहास संघराज शरणङ्करको शिष्य तिब्बटुवावे सिद्धार्थ बुद्धरक्षितले लेख्नुभयो । यो अस्सी परिच्छेददेखि नब्बे परिच्छेदसम्म ( ८० देखि ९०) सम्मिलित छ । त्यो समयदेखि कीर्तिश्री राजसिंहको मृत्यु (सन् १७८५) को समयसम्मको इतिहास तिब्बटुवावे सुमंगल स्थविरले रच्नुभयो र त्यो समयदेखि सिंहल अँग्रेजहरुको हातमा पर्दा (सन् १८७५) सम्मको इतिहास स्वर्गीय हिक्कडुबे श्री सुमंगलाचार्य तथा बटुवन्तुडावे पण्डित देवरक्षितले सन् १८३३ मा दुवै विद्वान्हरुले महावंशको एउटा सिंहल अनुवाद पनि छाप्नुभयो । सन १८१५ देखि १९३५ सम्मको इतिहास सन् १९३६ मा यगिरल पञ्ञानन्द नायक स्थविरले पुर्व (पहिलेको) परम्पराअनुसार प्रकाशित गर्नुभएको छ ।

यदि हामीले महावंश (ग्रन्थ) सरसर्ती हेर्‍यौं भने यो पाँचौं शताब्दी (ई० पू०) देखि चौथो (ई०) सम्मको झण्डैझण्डै साँढे आठ सय वर्षको लेख हो भन्ने बुझ्छौं ।

---

१ . दीघसन्दसेनापतिना कारापितस्स (?) महानामोति (महावंस टीका , पृ० ५०२) ।

२ . यगिरल पञ्ञानन्द नायकपाद यो कुरा स्वीकार गर्नुहुन्न ।

Downloaded from http://www.dhamma.digital

त्यसमा तथागत (गौतम बुद्ध) तीनपटक लङ्का जानुभएको वर्णन छ । तीन बौद्ध संगीतिको वर्णन पनि छ । विजयले लङ्का जितेको वर्णन छ । देवानांप्रिय तिष्यको राज्यकालमा अशोक पुत्र महेन्द्र लङ्का गएको वर्णन छ । मगधबाट भिन्नभिन्न देशमा बौद्धधर्म प्रचारार्थ भिक्षुहरु गएको वर्णन छ । बोधिवृक्षको शाखा (पिपलको रुखको हाँगा ) लिएर महेन्द्र स्थविरकी बहिनी अशोकपुत्री संघमित्रा लङ्का जानु भएकी वर्णन छ । सिंहलको महापराक्रमी राजा दुष्टग्रामणीदेखि लिएर महासेनसम्मका धेरै राजा र उनीहरुको राज्यकालको वर्णन छ । यसरी महावंश केवल सिंहलको ऐतिहासिक ग्रन्थ भनिएपनि वास्तवमा यो सपूर्ण भारतीय इतिहासको मूल उपादान (मुख्य वर्णन) सामग्रीले भरिएका छन ।

प्रश्न उठ्छ यी सबै सामग्री कतिसम्म विश्वासनीय छन् त ? श्री रीज डेभिड्सको भनाई के छ भने सिंहलको ऐतिहासिक ग्रन्थको कालानुमक्रमणिका इग्लैण्ड र फ्रान्सको यताको पछि लेखिएका ग्रन्थहरुका कालानुक्रमणिका भन्दा कुनै पनि हालतमा कम छैन ।[1] हामी देख्छौं बिम्बिसारदेखि लिएर अशोकसम्म जति राजाहरुका नामहरु महावंशमा उल्लेख छन् । ती राजाहरुका नाम पुराणहरुमा पनि उल्लेख छन् । दुवै ऐतिहासिक परम्परामा राजाहरुका राज्यकाल झण्डै एकै छन् । चन्द्रगुप्तको प्रसिद्ध मन्त्री चाणक्यसित महावंश परिचित छ । अशोकले जो भिक्षुहरु विदेशमा पठायो उनीहरुको ऐतिहासिक समर्थन पुरात्तव विभागको खोजले पनि गरेको छ । साँचीको स्तूप सं २ मा जुन धातुको डिबिया पाईयो त्यसको बिर्कोमा "सुपुरिस मझिमस" लेखिएको छ । महावंशको अनुसार मज्झिम स्थविर नै हिमाल (पहाड) मा धर्म प्रचारको लागि गएको थियो । साँचीमै स्तूप सं २ मा पाइएको एउटा धातुमा "सुपुरिस मोगलिपुत्र" लेखिएको छ । निश्चय पनि यो उही मोग्गलिपुत्रतिष्य हुनुहुन्छ, जसले महावंशको अनुसार अशोकको समयमा तृतीय संगीति सञ्चालन गर्नुभएको थियो । महायान र अर्को परम्परालाई लिएर अशोकको गुरुउपतिष्य गुप्तलाई निकै प्रसिद्ध बनाइएको छ, जुन द्वितीय शताव्दी ईसापूर्वको अंकित यो लेखबाट एकदम गलत प्रमाणित हुन्छ, साथै यो महावंश तथा पालि त्रिपिटकमा प्राप्त ऐतिहासिक सामग्रीले बढी प्रामाणिक भएको सिद्ध गर्छ ।

---

१ The Ceylon chronicles would not suffer in comparison with the best of the chronicles, even though so considerably later in date, written in England or France.( *Buddhist India*,p.24.1903)

२. त्यो धातुको डिबिया (कौटा) जसमा बुद्ध अथवा अरु महापुरुषहरुका हड्डीहरु राखेर त्यसको माथि स्तूप निर्माण गरिन्छ ।

Downloaded from http://www.dhamma.digital

बोधिवृक्ष लङ्का लगेको कथा पनि साँची स्तूपको तल र बीचको धनुषाकारको बनोट (मेहराव) हरुमा चित्रित छ । यसरी हामी के देख्छौं भने महावंशमा वर्णित कुराहरुलाई अरु ग्रन्थ तथा पुरातत्वको खोजपूर्ण परिणामहरुबाट प्रशस्त समर्थन प्राप्त गरेको छ ।

यसको अर्थ महावंशमा जे जति कुरा छ ती सबै आँखा चिम्लेर मान्नुपर्ने कुरा छ भन्न खोजिएको चाहिँ होइन । महावंशको सुरुको परिच्छेदमा नै बुद्धको लङ्का यात्राको वर्णन छ – एकपटक मात्र होइन तीन तीन पटकको । पहिलो पटक बुद्धत्व (ज्ञान) प्राप्तिको नवौं महिनामा, दोस्रोपटक बुद्धत्व प्राप्तिको पाँचौ वर्षमा र तेस्रोपटक नवौं वर्षमा । निश्चय नै यो बुद्धको तीन तीन पटक लङ्का गमनको कुरा श्रद्धाजनित इतिहाससित सम्बन्ध राख्दछ । यद्यपि त्रिपिटकमा कहीँ पनि भगवान् बुद्ध लङ्का जानु भएको वर्णन छैन । तर पनि श्रद्धालुहरुको लागि भगवान बुद्धको चरण चिन्ह समन्तकूट पर्वत (पहाड) मा अङ्कित छ र हजारौं लाखौं भक्तहरुले प्रत्येक वर्ष उहाँको पूजार्थ समन्तकूट पर्वतको पूरै उकालो चढनुपर्छ । त्यो चरण चिन्हको विशेषता के छ भने विष्णुका भक्तहरुको लागि विष्णु भगवान्‌को र मुसलमान तथा ईसाइहरुको लागि आदमको । त्यसैले त्यो टाकुरो को नाम आदमको चुचुरो (आडमस पीक) पनि हो ।

त्यसरी नै विजयकुमारले जुन दिन लङ्कामा पाइला टेक्यो, उही दिन बुद्धको परिनिर्वाण हुनुले पनि यो मन गढन्त कुरो हो कि जस्तो लाग्छ । यसमा असम्भव भने केही छैन । यस्तो लागेको मात्र हो । यो विजयको आगमनलाई महत्व दिने इच्छाको परिणाम हो । विजयदेखि देवानांप्रियसम्मका राजाहरुको कालानुक्रमणिका पनि त्यति विश्वासनीय छ जस्तो लाग्दैन ।

ठाउँ ठाउँमा जुन अलौकिक कुराहरु आउँछन् ती पनि इतिहास नभएर तिनका रचयिताको मनको कल्पना मात्र हुन् ।

त्यसैले महावंशमा जुन लेखिएका छन ती सबै कुरा कुनै पनि हालतमा मान्ने खालका कुरा छैनन् । चाल्नीमा चालेर लिनुपर्ने कुरा छन् । सबै ऐतिहासिक अनुश्रुतिहरुको अवस्था यस्तै छन् । तैपनि सिंहल र भारतका धेरै राजाहरुको कालानुक्रमणिका तथा खास गरेर सिंहलको धार्मिक इतिहासको लागि महावंशको ठूलो महत्व छ । हाम्रो दृष्टिमा महावंशको जुन खास दोषहरु छन् ती यी हुन् – तिनमा राजाहरुको वर्णन छ र महात्माहरुको पनि छ । तर ती जनताहरु जसले राजाहरुलाई राजा तथा महात्माहरुलाई महात्मा बनाउँछन, ती वास्तविक इतिहासको सच्चा निर्माता हुन । तर ती जनताका साधारण जीवनको वर्णन छैन । भएपनि धेरै थोरै छ, नभएकै बराबर छ । त्यो युग नै यस्तो थियो ।

Downloaded from http://www.dhamma.digital

सिंहल अथवा लङ्काको नाम लिनेबित्तिकै भारतमा राम र रावणको कथा सम्झना हुन्छ । भारतको इतिहासमा जहाँजहाँ राम र रावणको कथा उल्लेख हुन्छ ती सबलाई हामी अभ्यासवश पूर्वबुद्धको कुरा मान्छौं । तमिल साहित्यमा विद्यमान यस किसिमको केही सूचनाहरुको उल्लेख श्री एस० कृष्णस्वामी आयङ्गरले आफ्नो एउटा ग्रन्थमा लेख्नुभएको छ[१] । सिंहलको इतिहासमा राम र रावणको कथा कहीं उल्लेख छ कि छैन भनेर पाठकहरु यो जान्न चाहन्छन् । यसको उत्तर हो – छैन । सिंहलमा विजय पुग्नुभन्दा पहिले त्यहाँ यक्षहरुको आवादी थियो जसलाई जितेर आफ्नो राज्य स्थापना गऱ्यो । लङ्काको इतिहासमा रावणको लङ्का र उसलाई जित्ने रामको कुनै समर्थन गर्ने कुरो पाईदैन[२] । राम-रावणको कथाको शुद्ध ऐतिहासिक समर्थन गर्ने कुनै सामग्री हाल भारतीय इतिहासको उपादान सामग्रीमा पनि पाइएको छैन[३] ।

लङ्काको पहिलो 'ऐतिहासिक घटना' विजयको आगमनलाई नै मानिन्छ । विजय जुन भारतको प्रदेशबाट लङ्का पुग्यो त्यसको नाम 'लाड' हो । त्यो 'लाड' कुन जनपद हो ?श्री आयङ्गरको भनाइ के छ भने यदि महावंशको कथामा कुनै पनि ईतहास स्वीकृत गर्नैपर्छ भने हामीले 'लाड' लाई वंगको एउटा प्रदेश 'राढ' स्वीकृत गर्नुपर्छ । अनि महावंशमा जुन बन्दरगाहको नाम उल्लेख छ त्यसलाई कहीं न कहीं वंगालको खाडीमा नै खोज्नुपर्छ । अरब समुद्रको तटमा त कुनै पनि हालतमा होइन ।

यो तर्क सर्वथा निस्सार छ । भारुकच्छ (भडौंच) र सुप्पारक (सोपरा) स्पष्टसित भन्नुपर्दा गुजरात (प्राचीन लाटे) को बन्दरगाह हो । 'लाड' देशलाई विद्वानहरुले लाट=गुजरात प्रदेश स्वीकृत गरेका छन । तर श्री आयङ्गरको सल्लाह (आज्ञा) के छ भने दुवैलाई यसैकारण स्वीकार गर्नुपर्छ किनकि कालिङ्गको कुनै प्रदेशलाई वंग र त्यसको छिमेकी 'राढ' देशलाई 'लाड' बनाउने विचारको समर्थन गर्दैन । वंगको छेउमा 'लाड' खोज्नुको सट्टा 'लाड' को छेउमा नै वंगलाई किन नखोज्ने ? अनि महावंशमा 'लाड' वंगको छेउमा भएको कतै उल्लेख छैन । वंग राजकन्या लाड भन्ने ठाउँमा गई भन्दैमा त्यो ठाउँ त्यसैको छेउमा थियो होला भन्ने यो कुरा कुनै तर्कसँगत लाग्दैन । जातकको कथाहरुबाट के स्पष्ट हुन्छ भने व्यापारीहरुको समूह (वणिक सार्थ) त्यो समयमा धेरै टाढाटाढासम्म जान्थे भ्रमण गर्दथे ।

---

१. *Some Contribution of South India to Indian Culture. (p.69)*

**२. सिंहलमा धेरैपछि प्रसिद्ध भएको ' सीता एलिया ' आदि केही ठाउँको नाम राम र रावणको इतिहासका साक्षी सम्झेर मान्छन ।**

**३. जातक (खण्ड १) को भूमिका ।**

Downloaded from http://www.dhamma.digital

महावंशमा जति पनि घटनाहरुको समय दिइएका छन् ती सबैको गन्ती बुद्धको परिनिर्वाण भएपछिबाट गरिएका हुन् । विजयको लङ्का आगमन बुद्धको परिनिर्वाणको दिन नै मानेको छ । बुद्धको परिनिर्वाण कहिले भयो ? सिंहल, स्याम र बर्माको पम्पराअनुसार बुद्धको परिनिर्वाण ५४४ ई० पू० मा भयो । के यो काल गणना ठीक छ ?

अशोकको राज्याभिषेक बुद्धको परिनिर्वाणको २१८ वर्षपछि भनिएको छ र लेखिएको पनि छ – यो राज्याभिषेक त्यो समयमा भयो जब अशोकले चार वर्ष राज्य गरिसकेका थिए । यो हिसाबले अशोकको राज्यारम्भ बुद्ध परिनिर्वाणको २१४ वर्षपछि भयो । बिन्दुसारले २८ वर्ष सम्म राज्य गरे । चन्द्रगुप्तले २४ वर्ष । दुवैको राज्यकाल जोडेर २१४ घटाउँदा चन्द्रगुप्तको राज्यारम्भ बुद्ध परिनिर्वाणको १६२ वर्ष पछि निश्चित हुन्छ । भारतवर्षको प्राचीन इतिहासमा थोरै मात्र निश्चित तिथिहरु छन् तिनीहरुमा एउटा हो चन्द्रगुप्तको राज्यको तिथि । सिकन्दरको आक्रमणको तिथि निश्चित छ । त्यसैको आधारमा चन्दगुप्तको राज्य ३२१ ईपू मानिन्छ । ३२१ ईपू.+ १६२ वर्ष = ४८३ ईपूमा बुद्धको परिनिर्वाण भयो । बुद्ध ८० वर्ष बाँच्नुभयो । यसकारण श्रीरीज डेविड्सको मतानुसार उनको जन्म तिथि ४८३ + ८० = ५६३ ईपू. र परिनिर्वाण तिथि ४८३ ईपू. सिद्ध भयो ।

सिंहल, स्याम र बर्मामा हिजोआज जुन परिनिर्वाण तिथि मान्ने गर्छन् त्यसमा र यसमा ६० वर्षको अन्तर छ । यस्तो लाग्छ प्राचीनकालमा र एघारौं शताब्दीको सुरुवातसम्म सिंहलमा ४८३ ई० पू० बाट गनिने बुद्धाब्दको प्रयोग आरम्भ भयो जसको गन्ती ५४४ ई० पू० बाट गरिन्छ र त्यही बुद्धाब्द आजसम्म चलेर आएको छ ।

यदि हामीले ५४४ ई० पू० लाई बुद्धाब्द नमानेर ४८३ ई० पू० देखि बुद्धाब्दको सुरु मान्ने हो भने महावंशको अनुसार सिंहलका राजाहरुको कालानुक्रमणिका यस प्रकार हुन्छन् ।

---

Indications are to be found that in earlier times and indeed down to the beginning of the 10th century an era persisted even in Ceylon which was reckoned from 483 B.C. as the year of the Buddha's death . From the middle of the 11th century the new era took its rise being reckoned from the year 544 and this is still in us (**एलिग्रैफिका जैलेनिका, पृ० १५५ र पछिका पृष्ठ** )

Downloaded from http://www.dhamma.digital

| संख्या | नाम | महावंश | राज्यकाल (वर्ष) | बुद्धाब्द | ई० पू० |
|---|---|---|---|---|---|
| १ | विजय | ७– ७४ | ३८ | १–३८ | ४८३–४४५ |
| २ | पाण्डुवासुदेव | ९–२५ | ३० | ३९–६९ | ४४४–४१४ |
| ३ | अभय | १०–५२ | २० | ६९–८९ | ४१४–३९४ |
| ४ | पाण्डुकाभय | १०-१०६ | ७० | १०६–१७६ | ३७७–३०७ |
| ५ | मुटसिव | ११–४ | ६० | १७६–२३६ | ३०७–२४७ |
| ६ | देवानांपियतिस्स | २०–८ | ४० | २३६–२७६ | २४७–२०७ |
| ७ | उत्तिय | २०–५७ | १० | २७६–२८६ | २०७–१९७ |
| ८ | महासिव | २१–१ | १० | २८६–२९६ | १९७–१८७ |
| ९ | सूरतिस्स | २१–३ | १० | २९६–३०६ | १८७–१७७ |
| १० | सेन | २१–११ | २२ | ३०६–३२८ | १७७–१५५ |
| ११ | गुत्तिक | | | | |
| १२ | असेल | २१–१२ | १० | ३२८–३३८ | १५५–१४५ |
| १३ | एग्वार (एडार) | २१–१४ | ४४ | ३३८–३८२ | १४५–१०१ |
| १४ | दुट्ठगामणी | ३२–३५,५७ | २४ | ३८२–४०६ | १०१–७७ |
| १५ | सद्धातिस्स | ३३–४ | १८ | ४०६–४२४ | ७७–५९ |
| १६ | थूलथन | ३३–१९ | | | |
| १७ | लज्जतिस्स | ३३–२८ | ९ | ४२४–४३३ | ५९–५० |
| १८ | खल्लाटनाग | ३३–२९ | ६ | ४३३–४३९ | ५०–४४ |
| १९ | वट्टगामणी | ३३–३७ | ५ | ४३९ | ४४ |
| २० | पाँच दमिड(२०–२४) | ३३–५६,६१ | १४ | ४३९–४५४ | ४४–२९ |
| २१ | वट्टगामणी | ३३–१०२ | १२ | ४५४–४६६ | २१–१७ |
| २५ | महाचूडी महातिस्स | ३४–१ | १४ | ४६६–४८० | १७–३ |
| २६ | चोरनाग | ३४–१३ | १२ | ४८०–४९२ | ३३–९ (ई०) |
| २७ | तिस्स | ३४–१५ | ३ | ४९२–४९५ | ९–१२ |
| २८–३२ | सिव अनूल | ३४–१८–२७ | ४ | ४९५–४९९ | १२–१६ |
| ३३ | कुटकण्णतिस्स | ३४–३० | २२ | ४९९–५२१ | १६–३८ |
| ३४ | भातिकाभय | ३४–३७ | २८ | ५२१–५४९ | ३८–६६ |
| ३५ | महादाठिक महानाग | ३४–६९ | १२ | ५४९–५६१ | ६६–७८ |
| ३६ | आमण्डगामणी | ३५–१ | ९ | ५६१–५७१ | ७८–८८ |
| ३७ | कणिरजानुतिस्स | ३५–९ | ३ | ५७१–५७४ | ८८–९१ |
| ३८ | चूलाभय | ३५–१२ | १ | ५७४–५७५ | ९१–९२ |

Downloaded from http://www.dhamma.digital

| सख्या | नाम | महावंश | राज्यकाल (वर्ष) | बुद्धाव्द | ई०पू० |
|---|---|---|---|---|---|
| ३९ | सीवली | ३५–१४ | ० | ५७५ | ९२ |
| ४० | इडनाग | ३४–३५ | ६ | ५७८–५८४ | ९५–१०१ |
| ४१ | चण्डमुखसिव | ३५–४६ | ८ | ५८४–५९३ | १०१–११० |
| ४२ | यसलालकतिस्स | ३५–५० | ७ | ५९३–६०१ | ११०–११८ |
| ४३ | सुभराज | ३५–५६ | ६ | ६०१–६०७ | ११८–१२४ |
| ४४ | वसभ | ३५–२०० | ४४ | ६०७–६५१ | १२४–१६८ |
| ४५ | वंकनासिक तिस्स | ३५–११२ | ३ | ६५१–६५४ | १६८–१७१ |
| ४६ | गजवाहुकगामणी | ३५– ११५ | २२ | ६५४–६७६ | १७१–१९३ |
| ४७ | महल्लनाग | ३५–१२३ | ६ | ६७६–६८२ | १९३–१९९ |
| ४८ | भातिकतिस्स | ३६–१ | ३१ | ६८२–७०६ | १९९–२२३ |
| ४९ | कनिट्ठतिस्स | ३७–६ | १८ | ७०६–७२४ | २२३–२४१ |
| ५० | खुञ्जनाग | ३६–१८ | २ | ७२४–७२६ | २४१–२४३ |
| ५१ | कुञ्चनाग | ३६–१९ | १ | ७२६–७२७ | २४३–२४४ |
| ५२ | श्रीनाग (१) | ३६–२३ | १९ | ७२७–७४६ | २४४–२६६ |
| ५३ | बोहारिकतिस्स | ३६–२७ | २२ | ७४६–७६८ | २६३–२८५ |
| ५४ | अभयनाग | ३६–५१ | ८ | ७८६–७७६ | २८५–२९३ |
| ५५ | श्रीनाग (२) | ३६–५४ | २ | ७७९–७७८ | २९३–२९५ |
| ५६ | विजयकुमार | ३६–५७ | १ | ७७८–७७९ | २९५–२९६ |
| ५७ | संघतिस्स | ३६–६४ | ४ | ७७९–७८३ | २९६–३०० |
| ५८ | संघबोधि | ३६–७३ | २ | ७८३–७८५ | ३००–३०२ |
| ५९ | मोठकाभय | ३६–९८ | १३ | ७८५–७९८ | ३०२–३१५ |
| ६० | जेट्ठतिस्स | ३६–१३२ | १० | ७९८–८०८ | ३१५–३२५ |
| ६१ | महासेन | ३७–१ | २७ | ८०८–८३५ | ३२५–३५२ |

अनि बिम्बिसारदेखि अशोकसम्मको राजाहरुको महावंशको वर्णन यस प्रकार छ :-

| नाम | महावंश | राज्यकाल ई०पू० (वर्ष) |
|---|---|---|
| बिम्बिसार | २–२९–३० | ५२ |
| अजातशत्रु | २–३१–३२ | ३२ |
| उदयभद्द | ४–१ | १६ |
| अनुरुद्ध, मुण्ड | ४–२–३ | ८ |
| नागदासक | ४–४ | २४ |

Downloaded from http://www.dhamma.digital

| नाम | महावंश | राज्यकाल ई०पू० |
|---|---|---|
| सुसुनाग | ४–६ | १८ |
| कालासोक | ४–७ | २८ |
| कालासोकका दश छोरा | ५—१४ | २२ |
| नवनन्द | ५–१५ | २२ |
| चन्द्रगुप्त | ५–१६–१८ | २४ |
| विन्दुसार | ५–१८ | २८ |
| असोक | २०–(१–६) | ३७ |

माथि के भनिदै आइयो भने महावंश नाम रहनको कारण त्यसमा ठूलाबडाहरुको नाम प्रकाशित हुनुले हो । केवल ती ठूलाबडा भनाउँदा राजा महाराजाहरु मात्र होइन ती ठूलाबडाहरुमा बुद्धका शिष्य उपालि महास्थविरदेखि लिएर अशोकपुत्र महेन्द्र महास्थविरसम्मको आचार्य परम्परा सामेल छ । यो आचार्य परम्पराको ऐतिहासिक वंशानुक्रमणिकाको महत्व इतिहास र धर्म दुवैको दृष्टिकोणबाट विशिष्ट छ । महावंशमा जुन आचार्य परम्परा छ त्यो यस प्रकार छ : –

| नाम | ई०पू० | बुद्धाब्द |
|---|---|---|
| उपालि | ५२७–४५३ | १ देखि |
| दासक | ४६७–४०३ | ३० ,, |
| सोणक | ४२३–३५९ | ९४ ,, |
| सिग्गव | ३८३–३०७ | १२४ ,, |
| मोग्गलिपुत्त | ३१९–२३९ | १७६ ,, |
| महिन्द | २५९–२९९ | |

अशोकावदानको अनुसार मथुराको सर्वास्तिवादिहरुका आचार्य–परम्परा यस प्रकार छ[1] :–

बुद्ध
।
महाकाश्यप : आनन्दः
।
शानवासः
।
उपगुप्तः
।
तिक :

---

१. **अभिधर्मकोश , भूमिका पृ० ८ (राहुल सांकृत्यायन)**

Downloaded from http://www.dhamma.digital

## प्रथम संगीति

बौद्ध संगीति (सम्मेलन) हरुको बारेमा पनि महावंशमा पर्याप्त सामग्री छन् । यद्यपि यी सवै सर्वथा मौलिक हुन् भन्न सकिदैन । काल (समय) को दृष्टिकोणबाट विनयपिटकको चुल्लवग्गमा जुन प्रथम र द्वितीय संगीतिका वर्णन छन् । ती धेरै प्राचीन हुन् र धेरै महत्वका पनि छन् । महावंश र त्यसपछिको समन्तपासादिकामा तीनवटै संगीतिका वर्णन छन् । महाबोधिवंश र सासनवंशमा संगीतिहरुको वर्णन छन् र सिंहल भाषाको निकाय–संग्रहमा पनि छन् ।

चुल्लवग्गको प्रथम संगीतिको वर्णनमा निम्नलिखित कुराहरु छन् :–

१ . बुद्धको प्रमुख शिष्य महाकाश्यपले पावाबाट कुसीनगर आएको समयमा बुद्धको परिनिर्वाणको समाचार पाउँछ ।

२ . सुभद्र अरु भिक्षुहरुसित मिलेर दु:खी हुनुको सट्टा के भनेछन् भने – राम्रै भयो । अब महाश्रमण रहनुभएन । अब जे जस्तो इच्छा लाग्छ उसै गरिन्छ ।

३ . महाकाश्यपले धर्मविनयको संगायनको लागि संगीति (सम्मेलन) गराउनुहुन्छ । त्यसमा पाँच सय भिक्षुहरुमा एउटा ठाउँ आनन्द भिक्षुको लागि राखियो । यद्यपि उनी त्यो समयमा अर्हत भइसक्नु भएको थिएन ।

४ . त्यो संगीति राजगृहमा हुन्छ ।

प्रथम संगीति बुद्ध परिनिर्वाण भएको चौथो महिनामा भएको मानिन्छ । यदि बुद्धको परिनिर्वाण वैशाख पूर्णिमा मानिलिएमा त्यो संगीति श्रावण महिनामा भयो । बुद्धघोष र महावंश दुवैले यही कुरा मानेका छन् । महावंशको भनाई के छ भने संगीति असार महिनामा भयो तर सँगसँगै उसले के पनि भन्छ भने संगीतिको पहिलो महिना त तयारीमा नै बित्यो ।

विनय र धर्मसँगै अभिधर्मपिटकको पनि पारायण (पूर्णता) यही संगीतिमा भयो । तर समन्त-पासादिकाको भनाईमा यो एकदम असत्य छ ।

महावस्तुमा जुन प्रथम संगीतिको वर्णन छ त्यसमा पनि महाकाश्यपलाई नै पहिलो संगीतिको पूर्णकर्ता मानेको छ र संगीतिको स्थान पनि राजगृहमा भएको र भिक्षुहरुको संख्या पनि पाँच सय नै हुन् ।

सर्वास्तिवादीहरुको विनयपिटकमा पनि प्रथम संगीतिको वर्णन छ । त्यो अनुसार त्रिपिटकको रचनाक्रम यस प्रकार छ :–(१) धर्म आनन्दद्वारा (२) विनय उपालिद्वारा र (३) मातृका (=अभिधर्म पिटक ) महाकाश्यपद्वारा ।

फाहियान र ह्यूयानसांगले पनि प्रथम संगीतिको वर्णन गरेका छन् ।

Downloaded from http://www.dhamma.digital

## द्वितीय संगीति

चुल्लवग्गको द्वितीय संगीतिको वर्णनमा र महावंशको वर्णनमा पूरा मेल छ । यो संगीति बुद्ध परिनिर्वाण भएको १०० वर्षपछि भएको मानिन्छ र यसको मुख्य कारण केही परिवर्तनवादी भिक्षुहरुको दश प्रस्तावले भएको भनिएको छ । यी परिवर्तनवादी भिक्षुहरु वैशालीका वज्जी भिक्षुहरु थिए । यो संगीतिमा भेला भएका भिक्षुहरुको संख्या ७०० थियो । त्यसैले यो संगीतिलाई सप्तशतिका भनिन्छ ।

यो संगीतिको समयमा कालाशोकले राज्य गरेको एघार वर्ष भएको र स्थान बालिकाराम (बालुकाराम) प्रायः सर्वसम्मत नै छ ।

फाहियान तथा ह्यूयानसांगले यो संगीतिको पनि वर्णन गरेका छन् ।

## तृतीय संगीति

प्रथम तथा द्वितीय संगीतिको उल्लेख महायानका ग्रन्थहरुमा पनि पाइन्छन् । तर तृतीय संगीतिको वर्णन चुल्लवग्गमा पाईदैन । सबैभन्दा पहिले दीपवंसमा र पछि समन्त-पासादिकामा र त्यसपछि महावंसमा पनि यसको उल्लेख भएको पाइन्छ । तीनै वर्णनमा केहि अन्तर छैन । मुख्य कुरा यिनै हुन् :–

१. संगीतिको प्रधान मोग्गलिपुत्त तिस्स थिए ।

२. संगीतिको स्थान पाटलिपुत्र थियो जसलाई कुसुमपुर पनि भन्दछ ।

३. महावंशको अनुसार (म० ८–२८०) यो संगीति अशोकले राज्य गरेको सत्रौं वर्षमा भएको थियो र यो नौ महिनासम्म चलिरह्यो ।

यी तीन संगीतिका जुन फरक फरक वर्णन पालि वाङ्मयको अतिरिक्त तिब्बत र चिनियाँ ग्रन्थहरुमा विद्यमान छन् तिनमा कुनको वर्णनमा कति सत्यता छ, यो नै रोचक विषय हो । यसमा प्रशस्त साहित्य पनि छ । हामी अनुवादकहरुले विनम्र भएर कर्त्तव्य पूरा गर्न सक्नुमा नै हामी सन्तोष मान्छौं ।

दीपवंश र महावंशको अतिरिक्त केही अरु ग्रन्थहरु पनि छन् जसमा सिंहल इतिहासको केही न केही सामग्री पाइन्छ । सबैभन्दा पुरानो तथा मुख्य गरेर भन्ने हो भने सिंहल अट्ठकथा नै हो । त्यसमा समन्त-पासादिका र जातकको निदान-कथा मात्र होइन, दीपवंश र महावंश पनि निर्भर गर्छन् । पछिका जति पनि ग्रन्थहरु छन् ती कि त यिनै चार ग्रन्थहरुमा निर्भर छन् कि त परस्परमा एक अर्कोसित ।

महावंसमा जुन पालि टीका छ त्यसको रचयिताको नाम नै महानाम[१] हो । कसैकसैको के भनाई छ भने महावंशको रचयिता र टीकाकार एउटै व्यक्ति हो ।

१. Pali Chronicles by B.C Law, P 533

Downloaded from http://www.dhamma.digital

भएपनि यो विचार मान्य हुन सक्दैन । महावंश टीकाकारले आफ्नो टीकालाई 'वंसत्थप्पकासिनी' नाम दिएको छ । यो ग्रन्थको रचना सातौं-आठौं शताब्दीमा भएको हुनसक्छ ।

तर स्वयम् महावंश को ? यो ग्रन्थको रचना महावंशटीकाको रचनाभन्दा एकदुई शताब्दी पहिले भएको हो । धातुसेन नरेशको समय छैठौं शताब्दी हो । त्यसैको छेउछाउको समयमा यो काव्यको रचना भएको हुनुपर्छ ।

सिंहल-भारत इतिहासको मूल उपादान सामग्रीको भण्डार हुनुको दृष्टिकोणबाट महावंशको अध्ययन महत्वपूर्ण छ । पालिको एउटा महाकाव्य हुनुको दृष्टिले पनि यसको अध्ययन महत्वपूर्ण छ । तर एउटा अर्को दृष्टिले पनि यसको अध्ययन महत्वपूर्ण छ – महावंश बौद्ध धर्मका पूज्य-व्यक्ति (भिक्षुहरु) हरुको मानसचित्र हो । यसबाट हामी के बुझ्छौं भने उहाँहरुले बौद्धधर्मको रक्षा अवश्य गरेकै हुन तर कसरी बौद्धधर्मको र कुन प्रकारले ?

X X X X

आजभन्दा ३४ वर्ष पहिले श्रीयुक्त विलहैल्म गेगरज्यूले महावंशको सम्पादन खूबै परिश्रम र सावधानीपूर्वक गर्नुभएका थिए । त्यही रोमन अक्षरमा राम्रोसित सम्पादन गरिएको महावंशबाट मेलै यो हिन्दी भाषामा अनुवाद गर्ने प्रयास गरें । सन् १८३७ मा श्रीयुक्त टर्नरज्यूले महावंश अँग्रेजी भाषामा गर्नुभएको थियो । सन् १८८९ मा त्यसको पुनर्मुद्रण भयो । श्रीयुक्त गेगरज्यूले आफूले सम्पादन गर्नुभएको महावंशलाई जर्मन भाषामा पनि अनुवाद गरेर प्रकशित गर्नु भएको थियो । सन् १९०८ मा सिंहल सरकारले टर्नरको अनुवादको एउटा नयाँ संस्करण प्रकाशित गर्न चाह्यो । श्रीमती वोडद्वारा गेगरको जर्मन अनुवाद अँग्रेजी भाषामा अनुवाद भयो जसलाई स्वयम् गेगरज्यूले पुनरावृत्ति (दोहोऱ्याउनु) गर्नुभयो । यसरी सन् १९०८ मा फेरि एकपटक महावंशको अनुवाद छापियो । पछिको अनुवाद र पहिलेको अनुवादको प्रकाशन गर्ने कामको सम्पूर्ण खर्च सिंहल सरकारले गर्ने जिम्मा लियो ।

श्रीयुक्त गेगरज्यूले सन् १९०६ मा नै दीपवशं र महावंश शीर्षक राखेर आफ्नो गम्भीर अध्ययनको परिणाम प्रकाशित गर्नुभएका थिए । जसको अँग्रेजी अनुवाद पनि सन् १९०८ मा छापियो । श्रीयुक्त कुमारस्वामी यो ग्रन्थको अनुवादक हुनुहुन्थ्यो । दीपवंश र महावंसको सम्बन्धमा यो अध्ययनले खास भन्नुपर्ने आवश्यकता नरहेको देखाउँछ ।

श्रीटर्नरज्यूको अँग्रेजी अनुवादको झण्डै एक सय वर्षपछि श्रद्धेय राहुलज्यूको प्रेरणाले मैले यो हिन्दी अनुवाद गर्ने काममा हात लगाएँ । सन् १९२८ हो वा १९२९ मा सुरु गरेर यो सम्भवतः उसै वर्ष सकिएको थियो । श्रीराहुलज्यूले केवल दोहोऱ्याएर हेर्नुभयो साथै आफ्नो विस्तृत अध्ययनको परिणामस्वरुप ठाउँठाउँमा धेरै पादटिप्पणी पनि जोडिदिनुभयो । उहाँकै प्रेरणाले म जुन काममा लागेको थिएँ, त्यसको लागि म उहाँलाई के धन्यवाद दिऊँ ?

Downloaded from http://www.dhamma.digital

अनुवादकको पाण्डुलिपि नागरी प्रचारिणी सभामा पठायो । प्रकाशनार्थ स्वीकृति पनि भयो । तर झण्डै १० वर्षसम्म प्रकाशित हुन सकेन । नागरी प्रचारणी सभामै रह्यो । यति ढिलो प्रकाशित हुनुको कारण यही थियो ।

अब यो हिन्दी साहित्य सम्मेलनद्वारा प्रकाशित हुने छाँट देखेर मलाई स्वाभाविकरुपले प्रसन्न भइरहेको छ । यो मुद्रणको युगमा ग्रन्थ लेखेर प्रकाशित हुन नसक्दा कहिलेकाहीँ यस्तो लाग्छ, जस्तो बालकको भ्रूणहत्या भएको हो । सम्मेलनको कृपाले महावंश त्यो दुर्दशाबाट बच्न सफल भयो ।

महावंशको अनुवादमा र खास गरेर त्यसको परिचय लेख्न मैले जुन ग्रन्थहरुको सहयोग पाएँ त्यसमा महावंशको पालि टीका र श्रीयुक्त गेगरकृत महावंशको अँग्रेजी अनुवाद मुख्य छन् । दीपवंश र महावंशको उल्लेख माथि भइसकेको छ । यो राजनैतिक आँधी बेहेरीको समयमा महावंशको अनुवादको अनुसार त्यस्तो उपयुक्त भूमिका लेख्न सकिएन । परिचयबाटै सन्तोष मान्नुपर्‍यो । यसको लागि जुन थोरै सामग्री जुट्यो यसको लागि श्री विमलानन्द एम० ए० प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । तपाईं महानुभाव सिंहलदेशका हुनुहुन्छ र यो समयमा महाबोधी सभाको सहायक मन्त्री पनि हुनुहन्छ । मुलगन्धकूटी विहार पुस्तकालय (सारनाथ) को पुस्तकालय अध्यक्ष श्रमण बुद्ध-प्रियज्यूको सहयोग पनि कम छैन ।

पुस्तक प्रेसमा दिनुभन्दा पहिले एकपटक फेरि दोहोर्‍याएर हेरियो । राष्ट्रभाषा प्रचार समिति (वर्धा) का श्री राजेश्वरज्यूले यो काममा ठूलो सहयोग गर्नुभयो ।

अर्को कुरो पुस्तकको छपाईको समयमा प्रुफ हेर्ने काममा श्री सुशीलकुमारज्यूले जस्तो सहयोग गर्नुभयो, त्यो पनि कम छैन । श्री सुशील कुमाारज्यूबाट पछि पनि सहयोगको अपेक्षा राखेको छु । पुस्तकमा भएको चित्र दुष्टग्रामणी को हो । यो आ० महानामको सौजन्यले प्राप्त भएको हो र श्री फणीन्द्र मुखर्जीको तूलिकाको परिणाम हो ।

**सत्यनारायाण कुटीर** — **आनन्द कौसल्यायन**
तिo २३–९–४२

Downloaded from http://www.dhamma.digital

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

# प्रथम परिच्छेद

## बुद्धको लङ्का आगमन

शुद्ध , पवित्र वंशमा जन्मग्रहण गर्नुभएको भगवान् बुद्धलाई नमस्कार गरेर विभिन्न प्रकारले भरिपूर्ण महावंशको वर्णन गर्दछु ॥१॥ पहिलेका मानिसहरुले पनि यो वंशबारे वर्णन गरेका छन् । त्यसमा कहीँ अत्यन्त विस्तार, कहीँ अत्यन्त संक्षेप र पुनरुक्तिको अधिकता छ ॥२॥ ती सम्पूर्ण दोषहरुबाट मुक्त, सम्झिन र स्मरण गर्नमा सरल, सुन्दा खुशी लाग्ने र वैराग्यको भावना जगाउने, परम्परागत, प्रसादजनक (मुक्ति जगाउने) ठाउँहरुमा प्रसाद र वैराग्यजनक ठाउँहरुमा वैराग्य उत्पन्न गराउने यो (महावंश) मा उल्लिखित वर्णन सुन्नुहोस् ॥३–४॥

परापूर्वकालमा हाम्रा भगवान् बुद्धले (बोधिसत्व अवस्थामा) दीपङ्कर बुद्धलाई देख्नुभई संसारलाई दुःखबाट छुटाउन बुद्धत्व प्राप्त गर्ने संकल्प गर्नुभयो ॥५॥

यसरी (क्रमशः गौतमले) **कौण्डिन्य, मंगल, सुमन, रेवत, सोभित, अनोमदर्शी, पद्म, नारद, पद्मोत्तर, सुमेध, सुजात, प्रियदर्शी, अर्थदर्शी, धर्मदर्शी, सिद्धार्थ, तिष्य, पुष्य, विपश्यी, शिखी, विश्वभू, ककुसन्ध, कोणागमन** र **काश्यप** यिनै चौबीस बुद्धहरुको आराधना गर्नुभयो । उनीहरुले तिमी बुद्ध हुनेछौ भनेर भविष्यवाणी गरे ॥६–१०॥ अनि सम्पूर्ण पारमिता[१] पूरा गरेर बुद्धत्व प्राप्त गरेर उत्तम गौतम बुद्धले प्राणीहरुलाई दुःखबाट छुटाउनुभयो ॥११॥

**मगध**[२] देशको **उरुवेला**[३] को बोधिवृक्ष (पिपलको रुख) को फेदमा वैशाख पूर्णिमाको दिन महामुनि बुद्धले उत्तम (हितकारी) ज्ञान प्राप्त गर्नुभयो ॥१२॥ त्यसपछि उहाँ जितेन्द्रियले त्यो परम मुक्ति सुख प्राप्त गर्नुभइ त्यसको मधुरताको अनुभव तथा प्रकट गर्नुहुँदै सात हप्तासम्म त्यहाँ बस्नुभयो ॥१३॥

---

**१. पारमिता १० छन् – १. दान २. शील ३. नैष्कम्य ४. प्रज्ञा ५. वीर्य ६. क्षान्ति ७. सत्य ८. अधिष्ठान ९. मैत्री र १०. उपेक्षा ।**

**२. मगध – विहारको पटना र गया जिल्ला ।**

**३. उरुवेला – गया जिल्लास्थित बोधगया अथवा बुद्धगया ।**

Downloaded from http://www.dhamma.digital

त्यसपछि **वाराणसी** (बनारस) पुगेर त्यहाँ धर्मचक्रबारे बताउनुभयो र वर्षाकाल त्यहीँ बस्नुभई साठीजना शिष्यहरुलाई अर्हत[1] बनाउनुभयो ॥१४॥ त्यसपछि ती भिक्षुहरुलाई धर्मदेशना (धर्मप्रचार) को लागि विदाइ गरेर परस्परमा सहयोग गर्ने तीस जना **भद्रवर्गीय**हरुलाई सन्मार्गमा आरुढ गर्नुभयो ॥१५॥ अनि हेमन्त ऋतुमा कश्यपादि एक हजार जटिलहरुलाई सन्मार्गमा ल्याउनको लागि उनीहरुको (ज्ञान) परिपक्व पार्नुहुँदै **उरुवेलामै** बस्नुभयो ॥१६॥

उरुवेला काश्यपद्वारा गरिएको महायज्ञमा उपस्थित हुनुहुँदा उरुवेला काश्यप उनी त्यहाँ आउनु भएको मन नपरेको बुझ्नुभयो ॥१७॥ त्यसैले (काम रुप) शत्रुलाई मर्दन गर्नुहुने भगवान् **उत्तरकुरुबाट** भिक्षा लिएर मानसरोवर (अनोतत्त) मा भोजन गर्नुभई बुद्धत्व (ज्ञान) प्राप्त गर्नुभएको नवौं महिनामा पौष पूर्णिमाको दिन साँझपख **लङ्काद्वीप**लाई पावन बनाउनको लागि **लङ्काद्वीप** प्रस्थान गर्नुभयो ॥ १८–१९॥

भगवान्ले **लङ्का**कालाई धर्मको प्रकाशस्थान बनाउन पूर्णरुपले भरिएका यक्षहरुलाई **लङ्काबाट** निकाला गर्नुपर्छ भन्ने विचार गर्नुभयो ॥२०॥ **लङ्का**को बीचमा **गङ्गा** ( महावली गङ्गा) को मनोहर तटमा तीन योजन लामो र एक योजन चौडाको यक्षहरुको समागमस्थान, सुन्दर महानागवन् उद्यानमा सम्पूर्ण **लङ्कावासी** यक्षहरुको महासम्मेलन हुँदै छ भनेको बुझेर भगवान् ती यक्षहरुको महासम्मेलनमा पुग्नुभयो । त्यो सम्मेलन भएको ठाउँमा जहाँ आजसम्म पनि **महियंगण**[2] स्तूप छ – त्यसको शिरको माथि आकाशमा स्थिर रहेर तिनीहरुलाई वर्षा, वायु, अन्धकार आदिले व्याकुल पार्नुभयो ॥२१–२४॥

त्यसो गर्दा भयभीत भएका यक्षहरुले निर्भय जिन (बुद्ध) सित अभयदानको याचना गरे । अभयदाता भगवान्ले भयभीत यक्षहरुलाई भन्नुभयो– " हे यक्षहरु ! म तिमीहरुको डर र दुःख हटाईदिनेछु । तिमीहरु सबै मिलेर मलाई यहाँ बस्ने ठाउँ बनाइदेऊ" ॥२५-२६॥ यक्षहरुले भने – "हे महानुभाव ! हामी सबै मिलेर यो सारा द्वीप तपाईंलाई अर्पण गर्दछौं । तपाईंले हामीलाई अभयदान दिनुहोस्" ॥२७॥

त्यसपछि भगवान्ले ती यक्षहरुको डर, जाडो र अन्धकार हटाएर उनीहरुले दिएको चर्मखण्ड ओछ्याएर त्यसमाथि विराजमान हुनुभयो ॥२८॥

---

**१. अर्हत् – 'योग्य, अधिकारी'; जन्म मरणको बन्धनबाट मुक्त ।**

**२. महियंगण – लोकानुश्रुतिअनुसार महावैलि (महावालुका) गङ्गाको दक्षिणतटमा अवस्थित विन्तेन स्तूप ।**

Downloaded from http://www.dhamma.digital

आगोजस्तो दन्किदै गरेको त्यो चर्मखण्ड ओछ्याउनुभयो । त्यो चर्मखण्डको चारैतिर चारै छेउमा गर्मीले व्याकुल र भयभीत यक्षहरु उभिए ॥२९॥ त्यतिबेला भगवान्ले उनीहरुलाई **गिरि-द्वीप**[१] नामको रमणीय द्वीपमा लिएर जानुभयो अनि त्यहाँ उनीहरुलाई प्रवेश गराएर यथास्थानमा स्थापित गर्नुभयो ॥३०॥

(भगवान्) नाथले चर्मखण्ड समेट्नुभयो । त्यही समयमा देवताहरु आए । त्यही सम्मेलनमा शास्ताले उनीहरुलाई धर्मोपदेश दिनुभयो ॥३१॥ करोडौं मानिसहरुले धर्मदृष्टि प्राप्त गरे तथा अनगिन्ती मानिसहरुले शरण तथा शील[२] ग्रहण गरे ॥३२॥

**स्रोतापत्तिफल**[३] प्राप्त गरेर **सुमनकूट**[४] पर्वतको **महासुमन** देवेन्द्रले पूजनीय भगवान्सित पूजाको लागि कुनै वस्तु माग्यो ॥३३॥ प्राणीहरुको हित गर्नुहुने निर्मल, नीलवर्ण केश भएको भगवानले शिरमा हात राखेर हत्केलाभरिको केश उसलाई दिनुभयो ॥३४॥ उसले ती केश सुनको डालोमा लिएर शास्ता बस्नुभएको ठाउँमा विभिन्न रत्नहरुले सजाइएका सात रत्न राखेर त्यहाँ केशलाई स्थापित गरेर नीलमको स्तूपले छोपेर अनि नमस्कार गऱ्यो ॥३५–३६॥

सम्बुद्ध भगवान्ले परिनिर्वाण प्राप्त गर्नुभएपछि **सारिपुत्र**को शिष्य स्थविर **सर्वभू**ले चिताबाट भगवानको घाँटीमुनि छातीमाथि हुने धनु आकारको हड्डी (हिश), हँसुली ऋद्धिबलले लिएर त्यहाँ आयो ॥३७॥ भगवान्को घाँटीमुनिको त्यो अस्थिलाई भिक्षुहरुसहित भएर त्यही चैत्यमा राखेर त्यसमाथि पीतवर्ण पत्थरले छोपेर बाऱ्ह हात अग्लो स्तूप बनाउन लगाइ उहाँ महाऋद्धिमान् जानुभयो ॥३८-३९॥ **देवानांप्रिय तिष्यराजा**को भतिज **ऊर्ध्वचूलाभय**ले त्यो अद्भुत चैत्य देखेर त्यसलाई छोप्न लगाएर तीस हात अग्लो बनाउन लगायो ॥४॥ महाराज **दुष्टग्रामणी**ले **दमिल**हरुलाई मर्दन

---

**१. गिरिद्वीप – आग्नेय दिशामा पर्ने कुनै काल्पनिक द्वीपको नाम ।**

**२. शरण तथा शील – जन साधारणलाई बुद्धधर्म ग्रहणसित सरोकार (तात्पर्य) छ । किनकि जसले बुद्धधर्म ग्रहण गर्छ ऊ बुद्ध, धर्म र संघको शरणमा जान्छ । पाँच शील पालन गर्ने प्रतिज्ञा गर्छ । पाँच शील यी हुन् : –**

**१. हिंसा त्याग २. चोरी काम त्याग ३. असंयम (काममिथ्याचार) त्याग ४. असत्यको काम त्याग र ५. नशालु पदार्थ त्याग ।**

**३. स्रोतापत्तिफल – आठ आर्यपुद्गल (पुरुषहरु) मा द्वितीय आर्यपुद्गलको पदलाई पालि भाषामा स्रोतापत्ति फल भन्दछ जसको अर्थ निर्वाणगामी स्रोत (धार) मा पूर्णरुपले आएको हुन्छ । उसको बढीभन्दा बढी सात जन्ममा निर्वाण प्राप्त हुने कुरा निश्चित हुन्छ ।**

**४. सूमनकूट – श्रीपाद, आदमको चुचुरो** Adam's Peak ।

Downloaded from http://www.dhamma.digital

गरेर त्यो चैत्यलाई छोपेर एकतीस हात अग्लो चैत्य बनाउन लगायो ॥ यसरी **महायंगण** स्तूपको स्थापना भयो ॥४१-४२॥ यसरी त्यो द्वीपलाई मानिस बस्न योग्य बनाएर धीर र बडा पराक्रमी भगवान् उरुबेला फर्कनुभयो ॥४३॥

महियंगण गमन समाप्त

महाकारुणिक, सबैको हितमा लाग्नुभएको भगवान् बुद्धत्व प्राप्त गर्नुभएको पाँचौं वर्षमा **जेतवन**[1] मा हुनुहुन्थ्यो ॥४४॥ त्यो समयमा **महोदर** र **चूडोदर** नामका मामा भान्जा ती दुई नागहरुको मणिमय सिंहासनको लागि दलबलसहित रणभूमिमा उपस्थित भएको देख्नुभइ चैत महिनाको कृष्ण पक्षको अमावस्याको दिन भगवान् विहानै उठेर श्रेष्ठ चीवर र पात्र लिएर नागहरुलाई दया गर्नको लागि **नागद्वीप**[2] पुग्नुभयो ॥४५–४७॥

महाशक्तिशाली नागराज **महोदर** पनि त्यो समयमा साढे दश सय योजन फैलिएको समुद्रको नागभवनमा बस्थ्यो ॥ उसकी सानी बहिनीको विवाह **कर्णवर्धमान पर्वत**को नागराजासित भएको थियो । **चूडोदर** उसको छोरो थियो ॥४८–४९॥ उसकी बजैले उसकी आमालाई सुन्दर मणिमय सिंहासन दिएर मरेकी थिइन् ॥ त्यसैको लागि मामा र भान्जाबीच युद्धको कारण बन्यो । त्यो पर्वतवासी नाग पनि महाऋद्धिमान् थियो ॥ ५०–५१ ॥

**समृद्धिसुमन** देवता **जेतवनस्थित** राजायतन वृक्ष नामको आफ्नो सुन्दर भवनमा भगवान्को शिरमाथि छत्र धारण गरेको, बुद्धको अनुमतिले त्यहाँ आफ्नो पूर्वनिवास भएको ठाउँमा आयो ॥५२–५३॥ त्यो देवता आफ्नो पूर्वजन्ममा त्यही **नागद्वीप**मा मान्छेको जूनी लिएर जन्मिएको थियो । त्यसले राजायतन रुखको फेदमा बसेर **प्रत्येक बुद्ध**ले[3] भोजन ग्रहण गर्नुहुँदै गरेको देखेर मन खुशी भइ पात्र सफा (शुद्ध) गर्नको लागि पात भएको हाँगा दियो । त्यही पुण्यको प्रतापले त्यो मनोरम **जेतवन**को पछाडिको

---

**१. जेतवन – कोशलदेशको श्रावस्तीनजिक बस्ने अनाथपिण्डिकद्वारा भगवान्लाई समर्पित गरेको महान् विहार र बगैंचा । त्यो ठाउँ हाल बलरामपुर राज्यको सीमामा पर्छ । बर्तमान सहेत महेत, जिल्ला गोंडा (उत्तर प्रदेश) ।**

**२. नागद्वीप – लङ्काको उत्तर पश्चिमको भाग ।**

**३. प्रत्येकबुद्ध – निर्वाण प्राप्त गर्नेहरु तीन श्रेणीका हुन्छन् :– १. सम्यक् सम्बुद्ध, २. प्रत्येक बुद्ध र ३. अर्हत् । यिनीहरुमा अर्हत् सम्यक सम्बुद्धले थाहा लगाउनुभएको मार्गमा हिंडेमा जीवनमुक्त हुन्छ । प्रत्येकबुद्ध अर्हतभन्दा माथिल्लो श्रेणीको हुनुहुन्छ । यहाँ मार्गको आविष्कारक हुनुहुन्छ तर उपदेष्टा (उपदेश दिने) हुनुहुन्न । सम्यक् सम्बुद्ध मार्गको आविष्कारक तथा उपदेष्टा दुवै हुन्छन् ।**

Downloaded from http://www.dhamma.digital

ड्यौढि नजिकैको रुखमा जन्म भयो । चारैतिर पर्खाल बनेपछि बाहिर भयो ॥ ५४–५६॥ यसमा त्यो देवताको तथा त्यो ठाउँको हित देखेर देवताहरुको देवता (भगवान् गौतम बुद्ध)ले रुखसहित त्यो देवतालाई त्यहाँ ल्याउनुभयो ॥५७॥

अन्धकार विनाशक भगवान्ले त्यो लडाइको बीचमा आकाशमा बस्नुभई ती नागहरुलाई डर लाग्दो अँध्यारो बनाइदिनुभयो ॥५८॥ भगवानले उनीहरुलाई भयभीत भएको देख्नुभइ आश्वासन दिनुहुँदै उज्यालो पारिदिनुभयो । उनीहरुले सुगतलाई देखेर खुशी भए अनि उनीहरुले शास्ताको चरणमा प्रणाम गरे । भगवानले उनीहरुलाई मेलमिलाप गर्न उपदेश दिनुभयो । अनि दुवैले चरणमा परेर त्यो सिंहासन भगवान्लाई सुम्पिदिए ॥५९–६०॥ आकाशबाट पृथ्वीमा ओर्लिएर त्यहाँ आसनमा बस्नुहुँदै शास्ताले ती नागराजाहरुको दिव्य अन्नपानले तृप्त हुनुभइ जल र थलमा बस्ने ती अस्सी करोड नागहरुलाई **शरण** र **शील**[1] मा प्रतिष्ठित गराउनुभयो ॥६१–६२॥

**महोदर** नागको मामा **कल्याणी**[2] को **मणि अक्षिक** नागराज, लडाइँ गर्नको लागि त्यहाँ गएको थियो ॥६३॥ त्यो बुद्धको पहलोपटक आगमन हुँदाको समयमा सद्धर्मोपदेश सुनेर शरणशीलमा प्रतिठिष्त भयो र उसले तथागत बुद्धसित याचना गर्‍यो – " हे नाथ ! तपाईंले हामीमाथि ठूलो दया गर्नुभयो । यदि तपाईं नआउनुभएको भए हामी सबै खरानी हुने थियौं ॥६४-६५॥ हे दयामय ! हे निर्मम ! ममाथि तपाईंको यो विशेष अनुकम्पा भइरहोस् । तपाईंको पुनरागमनले मेरो निवास स्थान पवित्र गरिदिनुहोस्" ॥६६॥

भगवान्ले मौन भएर त्यहाँ आउने कुरो स्वीकार गर्नुभयो । पछि त्यहीँ ठाउँमा राजायतन चैत्य स्थापना गर्‍यो ॥६७॥ लोकनाथले त्यो राजायतन रुख, त्यो बहुमूल्य सिंहासन पनि ती नागराजाहरुलाई पूजा गर्नको लागि सुम्पेर भन्नुभयो – "हे मित्र ! तिमीले मेरो यो **परिभोग-चैत्य**[3] लाई नमस्कार गर्नू ॥ यो तिम्रो हित र सुखको लागि हुनेछ" ॥६८–६९॥ सबैमाथि दया राख्नुहुने सुगत बुद्धले नागराजालाई यसरी उपदेश दिनुभई **जेतवन**[4] जानुभयो ॥ ७०॥

नागद्वीप आगमन समाप्त

---

**१. शरण र शील - १–३२ द्रष्टव्य ।**

**२. कल्याणी - हाल कोलम्बोको नजिक समुद्रमा खस्ने नदीको नाम, त्यसैको छेउको स्थान ।**

**३. परिभोगचैत्य - मबाट उपभोग गरिएको ।**

**४. जेतवन - १–४४ द्रष्टव्य ।**

Downloaded from http://www.dhamma.digital

त्यसपछि तेस्रो वर्ष नागराज **मणिअक्षिकले** सम्बुद्ध हुनुभएको ठाउँमा गएर उहाँलाई संघसहित आउनुहुन निम्तो दियो ॥७१॥ बोधि ज्ञान पाउनुभएको आठौं वर्षमा **जेतवनमा** बस्नुहुँदा भगवान् पाँच सय भिक्षुहरुसहित अर्को दिन भोजन ग्रहणको समय सूचित गरेको हुनाले रमाइलो वैशाख पूर्णिमाको दिन संघाटी[1] र पात्र लिएर मणिअक्षिकको निवास स्थान कल्याणी प्रदेशमा जानुभयो ॥७२–७४॥ जहाँ पछि **कल्याणी** चैत्य बनाउने काम भयो त्यहीं ठाउँमा रत्नहरुले सजाइएको मण्डपमा बहुमूल्य सिंहासनमा संघसहित बस्नुभयो ॥७५॥ परिवारसहित प्रसन्न चित्त नागराजले संघसमेत धर्मराज भगवान् बुद्धलाई दिव्य खाद्य भोजले तृप्त पाऱ्यो ॥७६॥

संसारलाई दया गर्नुहुने शास्ताले धर्मको उपदेश दिनुभइ त्यहाँबाट **सुमनकूट**[3] पर्वतमा जानुभयो र त्यहाँ आफ्नो चरणको चिन्ह अङ्कित गर्नुभयो । त्यो पहाडको फेदीमा संघसहित बुद्ध दिनभरि विश्राम गर्नुभई दीर्घवापी पुग्नुभयो ॥७८॥ त्यो ठाउँको गौरव बढाउनको लागि जहाँ पछि चैत्य निर्माण भयो, संघसहित भगवान्ले त्यो ठाउँमा बस्नुभई समाधि लगाउनुभयो ॥७९॥ कर्तव्य र अकर्तव्यको मर्म जान्नुहुने महामुनि बुद्ध त्यो ठाउँबाट उठेर पछि, जहाँ **महामेघावनाराम**[4] भयो त्यो ठाउँमा आउनुभयो ॥८०॥ त्यहाँ शिष्यहरुसित बस्नुभई जहाँ पिपलको रुख त्यो ठाउँमा समाधिस्थ हुनुभयो ॥ अनि फेरि त्यहाँ जहाँ महास्तूप[5] थियो, त्यहाँ जानुभइ उसै गर्नुभयो ॥८१॥ **थूपाराम**[6] मा पनि पछि जहाँ स्तूप निर्माण भयो, त्यो ठाउँमा पूर्ववत् समाधि लगाउनुभयो र त्यहाँबाट उठनुभइ **शिलाचैत्य**[7] भएको ठाउँमा जानुभयो ॥८२॥ साथमा आएका देवताहरुलाई उपदेश दिनुभई फेरि त्रिकालज्ञ गणनायक भगवान् जेतवन जानुभयो ॥ ८३॥

अगाध बुद्धि भएका, भविष्यबारे जान्नुहुने नाथ संसारको प्रदीप, दयामय बुद्ध त्यो समयमा लङ्का वासी असुर र नागहरुको कल्याण हुने कुरा बुझ्नुभइ लङ्काको हितको

---

**१ संघाटी - भिक्षुहरुका तीन चीवर (= वस्त्रहरु) मध्येका माथिको दोबरी चीवर ।**

**२. सुमनकूट पर्वत - १–३३ द्रष्टव्य ।**

**३. चरण चिन्ह - सुमनकूट पर्वतमा अङ्कित दुई चरण चिन्ह श्रीपादको नामले प्रसिद्ध छ र जसको पूजा हुन्छ ।**

**४. महामेघवनाराम - महामेघवनाराम अनुराधपुर (राजधानी) को पूर्वद्वार (ढोका) थियो । यो आराम (विहार) राजा देवानांप्रिय तिष्यद्वारा संघलाई समर्पण गरेको थियो ।**

**५. महास्तूप - अनुराधपुरको रुवनवेलि चैत्य ।**

**६. थूपाराम - वर्तमान थूपाराम (अनुराधपुर) ।**

**७. शिलाचैत्य - वर्तमान शिलाचैत्य (अनुराधपुर) ।**

Downloaded from http://www.dhamma.digital

लागि यसरी तीनपटक त्यो सुन्दर द्वीपमा आउनुभयो । उहाँको आगमनले त्यो द्वीप सज्जनहरुले आद्रित, धर्मद्वीप भइ प्रख्यात भयो ॥८४॥

कल्याणी आगमन समाप्त

सज्जनहरुको प्रसाद र वैराग्यको लागि रचित महावंशको 'तथागतागमन' नामको प्रथम परिच्छेद ।

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# द्वितीय परिच्छेद

## महासम्मत वंश

महामुनि बुद्ध **महासम्मत** राजाका वंशज हुनुहुन्थे । त्यो कल्पको सुरुमा महासम्मत राजा, रोज, वररोज, कल्याणक, **(१) कल्याणक** (२) **उपोसथ, मन्धाता, चरक र उपचर, चेतिय, मुचल, महामुचल, मुचलिन्द, सागर, सागरदेव, भरत, अंगीरस, रुचि, सुरुचि, प्रताप,** महाप्रताप, प्रणाद **(१) प्रणाद** (२) **सुदर्शन** (१) **सुदर्शन** (२) **नेरु (१) नेरु (२) अर्चिमान र उसैका छोरा नाति लामो आयु भएका ती अट्ठाईस राजा कुशावती**[१] **राजगृह**[२] **र मिथिला**[३] मा राजा भए ॥१–६॥

त्यसपपछि सय[४], छप्पन्न, साठी, चौरासी हजार, छत्तीस, बत्तीस, अट्ठाईस, बाईस, अट्ठार, सत्र, पन्ध्र, चौध, नौ, सात, बाह्र, पच्चीस र फेरि पच्चीस, बार अनि फेरि बाह्र, नौ, चौरासी हजार **मखादेव** आदि

---

**१. कुशावती - कसया , जिल्ला गोरखपुर (उत्तर प्रदेश) ।**

**२. राजगृह – आधुनिक राजगिर , जिल्ला पटना (विहार) ।**

**३. मिथिला – प्राचीन विदेह, देशको राजधानी । सम्भवत: वर्तमान जनकपुर (नेपालको तराई) ।**

**४. सय – अच्चिमादेखि कलारजनकसम्मका राजाहरुका वंशालीहरुको विस्तृत वर्णन दीपवंश (३–१४) मा दिइएको छ । प्रत्येक वंशका राजाहरुको संख्या उनीहरुको राजधानी र उनीहरुका अन्तिम राजाहरुको नाम यस प्रकार छ :–**

| | | |
|---|---|---|
| **१०० ले कपिलमा** | **अन्तिम राजा** | **अरिन्दन** |
| **५६ ले अयुज्झा (अयोध्या) मा** | " " | **दुप्पसह** |
| **६० ले वाराणसी (बनारस) मा** | " " | **अभितत्त** |
| **८४००० ले कपिलनगर (कपिलवस्तु) मा** | " " | **ब्रम्हदत्त** |
| **३६ ले हत्थिपुर (हस्तिनापुर) मा** | " " | **कम्बलवसन** |
| **३२ ले एकचक्खुमा** | " " | **पुरिन्दद** |
| **२८ ले बजिरामा** | " " | **साधीन** |
| **२२ ले मधुरा (मथुरा) मा** | " " | **धम्मगुप्त** |

Downloaded from http://www.dhamma.digital

चौरासी हजार **कलारजनक** आदि सोन्ह **ओक्काकका** छोरा नाति भए । यी राजावलिले क्रमैसित भिन्नभिन्न नगरमा राज्य गरे ॥७–११॥

**ओक्काक (इक्ष्वाकु)** राजाको जेठो छोरो **ओक्कामुख** (उल्कामुख) थियो । **निपुण, चन्दिमा, चन्द्रमुख, शिवसंजय, वेस्सन्तर, जाली, सिंहवाहन, सिंहस्वर** आदि राजा उनको छोरा नाति भए । सिंहस्वर राजाका बयासी हजार राजा छोरा नाति भए जसमध्ये अन्तिम राजा **जयसेन** थियो ॥१४॥ उनी **कपिलवस्तु**¹मा निकै नाम कहलाएका **शाक्य** राजा भए ।

**जयसेन**को छोरोको नाम महाराज **सिंहहनु** र उनकी छोरीकी नाम **यशोधरा** थियो । **देवदहमा देवदह शाक्य** नामको राजा थियो, **अञ्जन** जसको छोरो थियो र **कात्यायनी** जसकी छोरी थिइन् । **कात्यायनी सिंहहनु**की रानी र **यशोधरा अञ्जन** (शाक्य) की रानी थिइन् ।

---

| | | | |
|---|---|---|---|
| **१८ ले अरिट्ठपुरमा** | " | " | **सिट्ठी** |
| **१७ ले इन्द्रपत्त (इन्द्रप्रस्थ)** | " | " | **ब्रह्मदेव** |
| **१५ ले एक्चक्खुमा** | " | " | **बलदत्त** |
| **१४ ले कौशाम्बीमा** | " | " | **भद्रदेव** |
| **९ ले कर्णगोच्छमा** | " | " | **नरदेव** |
| **७ ले रोजन नगरमा** | " | " | **महिन्द** |
| **१२ ले चम्पामा** | " | " | **नागदेव** |
| **२५ ले मिथिलामा** | " | " | **बुद्धदत्त** |
| **२५ ले राजगृहमा** | " | " | **दीपंकर** |
| **१२ ले तक्कसिला (तक्षशिला) मा** | " | " | **तालिस्सर** |
| **१२ ले कुसीनारामा** | " | " | **सुदिन्नो** |
| **९ ले तामलित्थिय (ताम्रलीप्त)** | " | " | **सागरदेव** |

Dhamma.Digital

**सागरदेवको छोरो मखादेव थियो । मखादेवको वंश (८४,००० राजाहरु) ले मिथिलामा राज्य गरे । कलारजनकको बाबु नेमिय अन्तिम राजा थिए । उनको पछि समंकुर र अनि त्यसपछि अशोच भए जसको पछि ती ८४,००० राजाहरुको एउटा वंशले बाराणसी (बनारस) मा राज्य गरे । यो वंशको अन्तिम राजा विजय थियो जसको पछि विजित सेन, धम्मसेन, नागसेन, समर्थ, दिसम्पति, रेणु, कुश, महाकुश, नवरथ, दसरथ, राम, बिलारथ, चित्तदस्सी, अत्थदस्सी, सुजात र ओक्काक आदि धेरै राजा भए ।**

**१. शाक्यवंशको राजधानी सम्भवत: नेपाल राज्यको तिल्लौराकोट भन्ने ठाउँ थियो ।**

Downloaded from http://www.dhamma.digital

**अन्जनकी** माया र **प्रजापतिदुई** छोरी तथा दण्डपाणी र सुप्रबुद्ध दुई छोरा थिए । **सिंहहनुका शुद्धोदन, धौतोदन, शक्रोदन, शुक्लोदन र अमितोदन** यी पाँच छोरा तथा **अमिता र प्रमिता** दुई छोरी थिए ॥१५–२०॥ सुप्रबुद्ध शाक्यकी रानी **अमिता** थिइन् । उनीहरुको **भद्रकात्यायनी (भद्दकच्चाना) र देवदत्त** दुई सन्तान थिए ॥२१॥ **माया र प्रजापतिगौतमी शुद्धोधनकी** रानीहरु थिए । **शुद्धोधन र महामायाका** छोरो हाम्रा बुद्ध (जिन) हुनुहुन्थ्यो ॥२२॥

यसरी अविच्छिन्न परम्परा भएको सम्पूर्ण क्षत्रिय वंशका शिरोमणि **महासम्मत** वंशमा महामुनि बुद्धको जन्म भयो ॥२३॥

कुमार बोधिसत्व **सिद्धार्थ**को रानी **भद्रकात्यायनी** थिइन् । उनीहरुको छोरो **राहुल** थियो ॥२४॥ **बिम्बिसार** र **सिद्धार्थ कुमार** साथीसाथी थिए । उनीहरु दुवैका बुवाहरु पनि परस्परमा मित्र थिए ॥२५॥ बोधिसत्व **बिम्बिसार**भन्दा पाँच वर्षले जेठो थियो । २९ वर्षको उमेरमा बोधिसत्वले गृहत्याग गर्नुभएको थियो ॥२६॥ छ वर्षको तपस्यापछि **बुद्धत्व** प्राप्त गर्नुभई पैंतीस वर्षको उमेरमा **बिम्बिसार** भएको ठाउँमा जानुभयो ॥२७॥

महापुण्यात्मा **बिम्बिसार**लाई पन्ध्र वर्षको उमेरमा स्वयम् उनको बुवाले अभिषिक्त गरिदिए र राज्य प्राप्त भएको सोन्हौं वर्षमा शास्ता बुद्धले उनलाई धर्मोपदेश दिनुभयो । बाउन्न वर्षसम्म राज्य गरे ॥२८–२९॥ भगवान्को स्वागत सम्मेलनभन्दा पहिले पन्ध्र वर्ष र तथागतको जीवनकालमा सैंतीस वर्ष राज्य गरे ॥३०॥ **बिम्बिसारको** छोरो महाविद्रोही, दुर्बुद्धि भएका **अजातशत्रु**ले आफ्नो बाबुलाई मारेर बत्तीस वर्षसम्म राज्य गरे ॥३१॥ **अजातशत्रुले** राज्य गरेको आठौं वर्षमा मुनि बुद्धले निर्वाण पाउनुभयो ॥ त्यसपछि उसले अरु चौबीस वर्ष राज्य गऱ्यो ॥३२॥

सबैको गुणग्राही तथागत पनि विवश भएर अनित्यताको वशीभूत हुनुभयो । यसरी जसले यहाँ भयङ्कर अनित्यतालाई देख्छ उसले यो संसारको दुःखबाट पार पाउँछ ॥३३ ॥

सज्जनहरुको प्रसाद र वैराग्यको लागि रचित महावंशको 'महासम्मत वंश' नामक द्वितीय परिच्छेद ।

Downloaded from http://www.dhamma.digital

# तृतीय परिच्छेद

## प्रथम धर्म-संगीति

**पञ्चनेत्र**[1] भगवान्ले पैंतालीस वर्षसम्म सबै ठाउँमा पुगेर लोकहितकारी सारा काम गर्नुभयो अनि वैशाख पूर्णिमाको दिन **कुशीनारा**[2] मा दुई सालको रुखको बीचमा संसारको त्यो बत्तीनिभ्यो ॥२॥ क्षत्रिय, ब्राह्मण, वैश्य, शूद्र, देवता तथा अनगिन्ती भिक्षुहरु त्यहाँ भेला भए ॥३॥ त्यो भेलामा सात लाख मुख्य मुख्य भिक्षुहरु थिए । त्यो समयमा महाकाश्यप संघको स्थविर हुनुहुन्थ्यो ॥४॥ शास्ताको शरीर र शारीरिक धातु सम्बन्धी गर्नुपर्ने काम सकेर महास्थविरले धर्मलाई चिरस्थायी बनाउने इच्छाले लोकनाथ **दशबल**[3] भगवान्को परिनिर्वाणको एक हप्तापछि बूढो **सुभद्र**[4] को कटुवचनलाई भगवान्ले

---

१. पञ्चनेत्र – १. मांसचक्षु २. दिव्यचक्षु ३. प्रज्ञाचक्षु ४. बुद्धचक्षु ५. समन्तचक्षु ६. (दे० महानिद्देस सारिपुत्त सुत्त)

२. कुशीनारा – कसया , जिल्ला गोरखपुर (उत्तर प्रदेश)

३. दशबल – १. स्थानास्थान ज्ञान २. कर्मविपाक ज्ञान ३. सर्वत्रगामिनी प्रतिपत्ति ४. नाना धातु (स्वभाव) ज्ञान ५. सत्वहरुको अधिमुक्ति (श्रद्धा) ज्ञान ६. इन्द्रियपरापरिय ज्ञान ७. ध्यानविमोक्ष ज्ञान ८. पूर्वनिवासस्मृति ज्ञान ९. च्युतिउत्पत्ति ज्ञान र १०. आस्रवक्षय ज्ञान ।

४. सुभद्र-भगवान् बुद्धको परिनिर्वाणको खबर जब कुशीनारा र पावाको बीचमा बस्नु भएका महाकाश्यपका समूहका भिक्षुहरुले पाए त्यतिबेला नाना प्रकारले विलाप गर्न लागे । त्यो समयमा बूढो सुभद्र (भिक्षु) ले भने – “अलं आवुसो ! मा सोचित्थ, मा परिदेवित्थ । सुमुत्ता मयं तेन महासमणेन । उपद्दुता चहोम । इदं वो कप्पति, इदं वो न कप्पतीति । इदानि पन मयं यं इच्छिस्साम, तं करिस्साम । यं न इच्छिस्साम तं न करिस्साम (बस आयुष्मान्वृन्द ! चिन्ता नगर (नसोच) । विलाप नगर । हामी उहाँ महाश्रमणबाट पुर्णरुपले मुक्त भयौं । यो तिम्रो लागि योग्य छ, यो तिम्रो लागि योग्य छैन भनेर धेरै दुःख दिनुभयो । अब हामी जे चाहन्छौं त्यही गर्नेछौं , जुन चाहदैनौं त्यो गर्दैनौं) (दीघनिकाय, महापरिनिब्बाण सुत्त; चुल्लवग्ग, पंचसतिक खन्धक) ।

Downloaded from http://www.dhamma.digital

**चीवर**[१]-दान तथा आफ्नो समता **दिने**[२] र सद्धर्मको स्थापनाको लागि गरिएको भगवान् मुनिको अनुग्रह स्मरण गरेर सम्बुद्धद्वारा स्वीकृत संगीति (= मिलेर सद्धर्मको पाठ) गर्नको लागि नवाअंग[३] बुद्धोपदेश धारण गर्न गर्नुहुने सर्वांगयुक्त **आनन्द** स्थविरको कारण एक कम पाँच सय **महाक्षीणास्रव**[४] भिक्षु चुनिए । फेरि **आनन्द** स्थविरले भिक्षुहरुले पटकपटक भनेपछि संगीतिमा सामेल हुन स्वीकार गरे । किनकि उनीबिना त्यो सम्मेलन हुन सक्तैन्थ्यो ॥५–१०॥

एक हप्ता उत्सवमा, एक हप्ता धातु पूजामा यसरी आधा महिना बिताएर ती सबै लोकोपकारी भिक्षुहरुले वर्षदिनसम्म **राजगृहमा** बसेर धर्म संग्रह गर्ने, त्यसपछि कुनै पनि भिक्षु त्यहाँ नबस्ने भनेर निश्चय गरे ॥११–१२॥ जहाँ तहाँ शोकले व्याकुल भएका मानिसहरुलाई आश्वासन दिदै **जम्बूद्वीपमा** भ्रमण गर्दै शुक्लपक्ष (=सद्धर्म) को समयमा बस्न इच्छुक उहाँ स्थविर असार महिनाको शुक्लपक्षको दिन भिक्षुहरुको चारै[५] आवश्यकताले सम्पन्न **राजगृह**[६] पुग्नुभयो ॥१३–१४॥

सम्बुद्धको सिद्धान्तलाई जान्नुहुने, स्थिर गुणहरुले युक्त त्यहाँ वर्षावास गर्नुहुने **महाकाश्यप** आदि स्थविरहरुले अजातशत्रुलाई भनेर वर्खाको पहिलो महिनामा वास बस्ने ठाउँ सबै मर्मत गराउन लगाए ॥१५–१६॥ विहार मर्मत भएपछि राजालाई भने – "अब हामी धर्मको संगायना गर्नेछौं ॥१७॥ राजाले सोध्यो – अरु के गर्नुपर्छ ?" स्थविरहरुले भने, "बैठकको लागि ठाउँ चाहिन्छ ।" राजाले स्थानबारे सोधेर बुझेपछि उनीहरुको भनाईअनुसार चाँडोभन्दा चाँडो गरेर **वैभार पर्वतको** फेदीमा **सप्तपर्णी** (सत्तपण्णी) गुफाको ढोकामा देवसभाजस्तो देखिने गरी रमणीय मण्डप बनाउन लगायो ॥१८–१९॥ त्यसलाई सबै कुराले सजाएर उनले भिक्षुहरुको संख्याअनुसार त्यहाँ बहुमूल्य आसन राख्न लगाए ॥ २०॥

---

**१. चीवरदान – मनोरथपूर्णी , प्रथम भाग महाकस्सपवत्थु ।**

**२. समाता दिने अर्थमा – संयुक्त निकाय , निदान वग्ग , कस्सप संयुक्त, ९ सुत्त ।**

**३. नवाअंग - (१) सुत्त (२) गेघय (३) वैयाकरण (४) गाथा (५) उदान (६) इतिवुत्तक (७) जातक (८) अब्भुतधम्म तथा (९) वेदल्ल रचनाको अनुसार बुद्धोपदेश यी नौ भागमा विभक्त छन् । (नवांग)**

**४. महाक्षीणास्रव - जसका चार आस्रव (दोष) – कामास्रव, भवास्रव, दृष्टिआस्रव र अविद्याआस्रव क्षय भएर गएका छन् ।**

**५. चार आवश्यकता - भिक्षुहरुका चार आवश्यकता हुन् – १) चीवर (वस्त्र) २) पिण्डपात (भोजन) ३) सेनासन (आसन) र ४) गिलानप्रत्यय (रोगीको पथ्य) ।**

**६. सप्तपर्णी (सत्तपण्णी) गुफा -राजगिर (जिल्ला पटना) ।**

Downloaded from http://www.dhamma.digital

त्यो मण्डपको दक्षिणतिर उत्तर-मुख गरेको बहुमूल्य **स्थविरासन**[1] र बीचमा पूर्वाभिमुख गरेको सुगतको योग्य उत्तम **धर्मासन**[2] राखिएको थिए ॥ २१–२२॥

राजाले स्थविरहरुलाई भने–"मेरो काम सकियो ।" त्यतिबेला स्थविरहरुले आनन्दकर **आनन्दलाई** भने–"हे **आनन्द** ! भोलिदेखि बैठक सुरु हुनेछ । तिमी **शैक्ष**[2] भइ नसकेकोले त्यो बैठकमा शरीक हुन उचित छैन । बरु अर्हत् हुन उद्योग गर" ॥२३–२४॥ यसरी भिक्षुहरुले प्रेरित गरेपछि आनन्दले वीर्य (प्रयास) लाई अविच्छिन्न स्थापित गरी **ईर्यापथबाट**[3] मुक्त भएर अर्हत् पद प्राप्त गर्नुभयो ॥२५॥

वर्षाकालको दोस्रो महिनाको दोस्रो दिन (भा० कृ० २) स्थविरहरु त्यो सुन्दर मण्डपमा भेला भए ॥२६॥ **आनन्द** स्थविरको अनुकूलको आसन छोडेर बाँकी सबै अर्हत्‌हरु यथायोग्य आसनमा बसे ॥२७॥ आफू अर्हत भइसकेको भएपनि कुरो जानकारी गराउनको लागि **आनन्द** उनीहरुसित मण्डपमा जानुभएन । तर जब कसैले सोध्यो – "**आनन्द** स्थविर कहाँ हुनुहुन्छ ?" त्यतिबेला धर्तीमा आदर पाउनुभएको प्रकाशयुक्त बाटो भएर आफ्नो निश्चित आसनमा आएर बस्नुभयो ॥२८–२९॥ सबै स्थविरहरुले **विनय**[4]को लागि **उपालि** स्थविर र बाँकी सारा **धर्म**[5] को लागि **आनन्द** स्थविरलाई अगुवा चुने ॥३०॥

---

**१. धर्मासन – सभामा बुद्धको योग्य जुन आसन हुन्थ्यो, त्यो ठाउँमा धर्मासन हुन्थ्यो, अनि महाकाश्यप स्थविरको आसन स्थविर आसन हुन्थ्यो ।**

**२. शैक्ष - जो हालसम्म अर्हत हुनुभएको छैन । शिक्षा ग्रहण गर्न योग्यको हुनुहुन्छ ।**

**३. ईर्यापथ– उभिनु , हिंडनु , बस्नु र ढल्किनु ।**

**४. विनय – विनयपिटकमा (१) पाराजिका (२) पाचित्तियादि (३) महावग्ग (४) चुल्लवग्ग र (५) परिवार यी पाँच ग्रन्थ छन् । यिनीहरुमा पहिलो दुईलाई विभंग र त्यसपछिका दुईलाई खन्धक भन्दछन् । यिनीहरुमा भिक्षुहरु र भिक्षुणीहरुको आचरणबारेको नियमहरुको संग्रह हुन् ।**

**५. धर्म – धर्म (धम्म) को तात्पर्य सुत्तपिटक र अभिधम्मपिटकसित सम्बन्धित छन । सुत्तपिटक अन्तर्गत पाँच निकाय छन् – १) दीघनिकाय २) मज्झिमनिकाय ३) संयुत्त निकाय ४) अंगुत्तर निकाय र ५) खुद्दक निकाय ।**

**खुद्दकनिकायअन्तर्गत १५ पुस्तक छन् –**

**१) खुद्दकपाठ २) धम्मपद ३) उदान ४) इतिवुत्तक ५) सुत्तनिपात ६) विमानवत्थु ७) पेतवत्थु ८) थेरगाथा ९) थेरी गाथा १०) जातक ११) निद्देस १२) पटिसम्भिदामग्ग १३) अपदान १४) बुद्धवंस र १५) चरियापिटक ।**

Downloaded from http://www.dhamma.digital

विनयबारे सोध्नको लागि महास्थविर (महाकाश्यप)ले आफ्नो लागि संघको स्वीकृति लिनुभयो र उपालि स्थविरले उनको उत्तर दिनको लागि आज्ञा लिनुभयो ॥३१॥ स्थविरको आसनमा बसेर महास्थविरले प्रश्न सोध्नुभएको थियो, भने धर्मासनमा बसेर उपालिस्थविरले उनको उत्तर दिनुभएको थियो ॥३२॥ विनयबारे जान्नु हुनेहरुमा सर्वश्रेष्ठ उपालि स्थविरको भनाइअनुसार ती सबै धर्म जान्नुहुनेहरुले त्यसको पाठ गर्नुभएका थिए ॥३३॥ भगवान बुद्धको बहुश्रुत शिष्यहरुमा सर्वश्रेष्ठ महर्षि धर्मको कोषाध्यक्ष आनन्दलाई महास्थविरले धर्मबारे सोध्नुभयो । त्यतिबेला संघको अनुमति लिएर धर्मासनमा बसेर आनन्द स्थविरले धर्मबारे सबै बताउनुभयो ॥३४–३५॥ **वैदेह** (विदेहको) मुनि आनन्दको भनाइअनुसार धर्मतत्वबारे जान्नुहुने सबै स्थविरहरुले सारा धर्मलाई एक सात पाठ गर्नुभयो ॥३६॥ सर्बलोक हितैषी स्थविरहरुले यसरी सात महिनामा सारा संसारको हितको लागि धर्म संगीति सम्पन्न गरे ॥३७॥

**महाकाश्यप** स्थविरले सुगतको त्यो आसनलाई पाँच हजार वर्षसम्म स्थिर रहन योग्यको बनाउनुभयो ॥३८॥ त्यसैले त्यो समयमा संगीतिको समाप्तिमा प्रमुदित पृथ्वी समुद्रसम्म छ पटक कम्पन भयो । संसारमा अरु पनि धेरै आश्चर्यजनक घटनाहरु घटे ॥ स्थविरहरुद्वारा गरिएको कारण यो संगीति (= सम्प्रदाय) लाई स्थविर (थेरिय) परम्परा भन्दछन् ॥३९–४०॥

यो पहिलो धर्म-संग्रह गरेपछि यो संसारको अरु पनि धेरै उपकार गर्नुभइ ती सबै स्थविर आयुपर्यन्त जीवित रहेर निर्वाण पाप्त गरे ॥४१॥

संसारको अज्ञानरुपी अन्धकारलाई नाश गर्न सक्ने समर्थ हुनुभएका उहाँ महाप्रदीप तथा बुद्धिरुपी प्रदीपले अन्धकार नाश गर्नुहुने स्थविर पनि मृत्युरुपी डर लाग्दो आँधीद्वारा निभ्नुभयो ॥ यसबाट पनि बुद्धिमान्ले जीवनको मोह त्याग्नु नै उचित छ ॥४२॥

सज्जनहरुको प्रसाद र वैराग्यको लागि रचित महावंशको 'प्रथम धर्म-संगीति' नामक तृतीय परिच्छेद ।

---

**अभिधम्म पिटक अन्तर्गत यी सात ग्रन्थ छन् : –**

**१. धम्मसंगणि २. विभंग ३. धातुकथा ४. पुग्गलपञ्ञाति ५. कथावत्थु ६. यमक र ७. पट्ठान ।**

Downloaded from http://www.dhamma.digital

# चतुर्थ परिच्छेद

## द्वितीय धर्म-संगीति

मित्रद्रोही उदयभद्रले आफ्नो बाबु अजातशत्रुलाई मारेर सोन्ह वर्ष राज्य गऱ्यो ॥१॥ **अनुरुद्रले** पनि आफ्नो बाबु **उदयभद्रलाई** र **मुण्डले** बाबु **अनुरुद्रलाई** मारेर (४४३–४३५ ईपू) राज्य गऱ्यो ॥२॥ ती दुवै मित्रद्रोही दुर्मति (राजाहरु) को राज्यकाल आठ वर्ष रह्यो ॥३॥ पापी नागदासले आफ्नो बुवा **मुण्डलाई** मारेर (४३५–४११ ईपू) चौबीस वर्ष राज्य गऱ्यो ॥४॥ यो पितृघातक वंश भनेर रिसाएर सबै नागरिकहरु मिलेर नागदासलाई राजगद्दीबाट हटायो र शिशुनाग (४११–३९३ ईपू) नामले प्रसिद्ध सम्माननीय अमात्यलाई सबैको हितको लागि राज्यमा अभिषेक गरे ॥५–६॥ **शिशुनागले** अठार वर्ष राज्य गऱ्यो । उसको छोरो **कालाशोकले** अट्ठाईस वर्ष राज्य गऱ्यो ॥७॥

**कालाशोकको** शासनकालको दशौं वर्षमा भगवान् बुद्धको परिनिर्वाण भएको बेला सय वर्ष पूरा भएको थियो ॥ त्यही समयमा **वैशाली**[1] वासी लबस्तरो **विज्जिपुत्र** (भिक्षु) हरुले यी **दश**[2] कुराको समर्थन गर्न लागे :–

१. सिंगको नून, २. दुई औंला, ३. ग्रामान्तर, ४. आवास, ५. अनुमति, ६. आचीर्ण,

---

**१. वैशाली – बसाढ , जिल्ला मजफ्फरपुर (विहार) ।**

**२. दश कुरा (प्रस्ताव)**

**१. सिंगि लोण कप्प – सिंगको खोलमा नून लिएर हिंड्न सकिने ।**

**२. द्वगुंल कप्प – निश्चित (मध्यान्ह) समयको पछि घाम दुई अंगुल बढी माथि उठेर जाँदासम्म भोजन गर्न सकिने ।**

**३. गामन्तर कप्प – मध्यान्ह समयको भोजन ग्रहण पछि पनि गाउँमा जानु र निम्तो पाएको खण्डमा दोस्रोपटक भोजन गर्न सकिने ।**

**४. आवास कप्प – एउटै सीमित ठाउँमा बस्ने भिक्षुहरुको लागि आ-आफ्नो उपोसथागार अलगअलग बनाउन सकिने ।**

**५. अनुमति कप्प – पछि आउने भिक्षुहरुले पछि नै उपोसथ गर्न स्वीकृति लिन पाउने गरी संख्यामा थोरै भए पनि उपस्थित भिक्षुहरुले उपोसथ गर्न पाउन सकिने ।**

**६. आचिण्ण कप्प – (विनयको अतिरिक्त पनि) गुरु-परम्पराको आचारलाई प्रमाण मान्न सकिने ।**

Downloaded from http://www.dhamma.digital

७. अमथित, ८. जलोगीपन ९. बिनाकिनाराको आसन र १०. सुनचाँदी । यो कुरा सुनेर **वज्जि**[1] **देश** घुम्दै हिँडनुभएको **छ अभिज्ञाप्राप्त**[2] **काकाण्डपुत्र यश महावन** त्यो (विवाद) मिलाउन उत्साह लिएर **महावन**[3] (विहार) जानुभयो ॥८–१२॥

ती (वज्जिपुत्र भिक्षु)ले उपोसथको दिन पानी भरेको काँसको थाल राखेर उपासकहरुलाई ( गृहस्थहरुलाई ) "संघको लागि रुपियाँ पैसा (कहापणादि[4]) चढाऊ भन्थे " ॥१३॥ यश स्थविरले भन्नुभयो– "यो धर्मअनुकूल छैन, नदेऊ ।" ती भिक्षुहरुले यश स्थविरलाई **प्रतिसारणीय**[5] कर्मअनुसार दण्डित गरे ॥१४॥ यश स्थविरले ती भिक्षुहरुसित जान साथमा एउटा मान्छे लिएर ऊसित नगरमा जानुभयो अनि नगरवासी (उपासक) हरुलाई आफ्नो धर्मपक्षको कुरो सम्झाउनुभयो ॥१५॥ यश स्थविरसित पठाएको व्यक्तिबाट सबै वृतान्त सुनेर ती भिक्षुहरुले स्थविरलाई **उत्क्षेपणनीय**[6] कर्म गर्नको लागि उनको वासस्थान घेरे ॥१६॥

---

**७. अमथित कप्प – भोजनको समयपछि पनि दूध र दहीको बीचको अवस्थाको दूध पनि पिउन सकिने ।**

**८. जलोगि कप्प – मद्य अभावको बेला कच्चा रक्सी भएपनि पिउन सकिने ।**

**९. अदसकनिसीदन कप्प - बिनाकिनारा आसन राख्न सकिने ।**

**१०. जातरुपरजत कप्प - सुनचाँदी ग्रहण गर्नसकिने ।**

**१. वज्जिदेश – गंगादेखि उत्तर, गण्डक (नदी) देखि पूर्व, हिमालयदेखि दक्षिण बागमती (नदी)को पश्चिमको प्रदेश जसमा आजको विहारको मजफ्फरपुर र चम्पारन जिल्ला हुन् ।**

**२. अभिज्ञा प्राप्त - छ अभिज्ञा हुन् – १. ऋद्धिविध, २. दिव्यश्रोत, ३. परचित्तविजाननम् (विज्ञानम्), ४. पूर्वनिवासानुस्मृति, ५. दिव्यचक्षु र ६. आस्रवक्षय ज्ञान ।**

**३. महावन - सम्भवत: बसाढदेखि दुई माईल उत्तर पश्चिम वर्तमान कोलुवा जहाँ आजसम्म पनि अशोक स्तम्भ छदैंछ ।**

**४. कहापणादि - कहापण (संस्कृत कार्षापण) ।**

**५. प्रतिसारणीय - गृहस्थहरुसित क्षमा माग्न जानुपर्ने दण्ड ।**

**६. उत्क्षेपणीय - संघबाट निकालेर बाहिर गर्ने दण्ड ।**

**७. कौशाम्बी - वर्तमान कोसम (जिल्ला इलाहाबाद ) यमुनाको किनारमा वत्स देशको राजधानी थियो ।**

Downloaded from http://www.dhamma.digital

यश स्थविर तुरुन्तै अकास मार्ग भएर जानुभयो र कौशाम्बीमा बसेर त्यहाँबाट **पावा**[१] र **अवन्ती**[२] का भिक्षुहरुकहाँ दूत पठाउनुभयो ॥१७॥ त्यहाँबाट स्वयम् अहोगंग पर्वतमा गएर **सानवासी सम्भूत** स्थविरलाई सबै हाल सुनाउनुभयो ॥१८॥

**पावा**का साठी र **अवन्ती**का अस्सी ती सबै महाक्षीणास्रव स्थविर **अहोगंग**[३] **पर्वत** जानुभए ॥ १९॥ परस्परमा मतो गर्दा सबैतिरबाट आएका नब्बे हजार भिक्षुहरु एकठाउँमा भेला भए ॥२०॥ ती बहुश्रुत, अनास्रव, **सोरेय्य रेवत** स्थविरलाई त्यो समयमा सबैको प्रमुख बुझेर उहाँलाई भेट्न भनेर हिंडे ॥२१॥ उहाँहरुको कुरा आफ्नो दिव्यशक्तिले जान्नुभई सोरेय्य रेवत स्थविर सुखपूर्वक पुग्ने इच्छाले (उसैबेला) **वैशाली**[४] हिंडनुभयो ॥२२॥ उहाँ रेवत स्थविरलाई विहान छोडेको ठाउँमा बेलुकी पुग्दा स्थविरहरुले अन्तमा उहाँलाई **सहजाति**[५] भन्ने ठाउँमा देखे ॥२३॥

**सम्भूत** स्थविरले भन्नुहुँदा **यश स्थविरले** सद्धर्म सुन्ने इच्छाले उत्तम **रेवत** स्थविरलाई दश कुरा सोध्नुभयो ॥ स्थविरले अस्वीकार गर्नुभयो र विवाद सुनेर भन्नुभयो – "यो निषेध छ" ॥२४–२५॥

बदमास (वज्जिपुत्र) हरुले पनि आफ्नो पक्ष जुटाउन समर्थनको लागि रेवत स्थविरको दर्शनको लागि भिक्षुहरुको धेरै परिष्कार लिएर, भोजनको समय भोजन गरेर तुरुन्तै डुङ्गाबाट **सहजाति** पुगे ॥२६–२७॥

**सहजातिमा** बस्ने अनास्रव **साल्ह** स्थविरले सोचेर हेर्नुभयो – "**पावाकाहरु** धर्मवादी छन्" ॥ महाब्रह्माले उनीहरु भएको ठाउँमा गएर भने – "धर्ममा स्थिर भएर बस" । उनीहरुले उत्तर दिए – "हामी सँधै धर्ममा दृढ छौं " ॥२८–२९॥

ती (वज्जिपुत्र)हरुले उपहार लिएर **रेवत** (स्थविर) भएको ठाउँमा गए, तर स्थविरले उनीहरुको पक्ष स्वीकार गर्नुभएन् बरु उनीहरुको पक्ष लिने आफ्ना (शिष्य[६]) हरुलाई पनि हटाउनुभयो ॥३०॥ त्यहाँबाट ती **वैशाली** गए त्यसपछि ती लाज नभएका भिक्षुहरु पटना (**पुप्फुरम**) पुगेर **कालाशोक** राजालाई भने – "महाराज ! हामी आफ्नो

---

१. पावा -पाश्चात्य (द्रष्टव्य ४–५०) ।

२. अवन्ती - वर्तमान मालवा जसको राजधानी उज्जैन थियो ।

३. अहोगंग (पर्वत) - सम्भवत: हरीद्वारमाथिको पहाड ।

४. वैशाली - ४–९० द्रष्टव्य ।

५. सहजाति - भीटा (जिल्ला इलाहावाद) जहाँ 'सहजातिये निगमस' को मुद्रा पाइएको छ (रिपोर्ट, पुरातत्व विभाग १९११–१२, पृ० ३८) ।

६. आफ्ना शिष्यहरु -चुल्ल वग्ग १२–२–३ द्रष्टव्य ।

Downloaded from http://www.dhamma.digital

शास्ता (उपदेष्टा) को **गन्धकुटी**[1]को रक्षाको लागि **वज्जिभूमि**मा महावन विहारमा **बस्छौं** । बस्तीका मानिसहरु भिक्षु विहार हडप्नको लागि आउँछन् । तपाईंले तिनीहरुलाई रोक्नुहोस्" ॥३१–३३॥ यसरी उनीहरुले राजालाई दुराग्राही बनाएर वैशाली फर्किए ॥

यता सहजातिमा एघार लाख नब्बे हजार भिक्षुहरुले रेवत स्थविर भएको ठाउँमा आएर भने –"यहाँले यो झगडा शान्त गरिदिनुहोस्" ॥३४–३५॥ स्थविरले भन्नुभयो – "झगडाको कारण जुन हो त्यो थाहा नपाइकन झगडा शमन हुन सक्तैन" ॥ त्यसपछि ती सबै भिक्षुहरु त्यहाँबाट **वैशाली** गए ॥३६॥

त्यो दुरगृहीत राजाले आफ्नो अमात्यहरुलाई त्यहाँ वैशाली पठायो । (तर) ती देवताहरुको प्रभावले बाटो विराएर अर्कै ठाउँतिर गए ॥३७॥ उनीहरुलाई त्यसरी पठाउँदा राजाले राती सपनामा आफूलाई **लोह कुम्भी** (कुम्भीपाक नरक) नरकमा परेको देखे ॥ ३८॥ राजा धेरै डरायो ॥ उसलाई आश्वासन दिनलाई आकाश मार्ग भएर उसकी बहिनी अनास्रवा[2]**नन्दा थेरी** आइन् ॥३९॥ "तैंले धेरै नराम्रो काम गरीस । धार्मिक आर्य भिक्षुहरुसित क्षमा मागेर उनीहरुको पक्ष लेऊ । बुद्धधर्मको रक्षा गर । यसो गरीस् भने तेरो कल्याण हुनेछ ।" यसो भनेर त्यहाँबाट हिंडिन् । राजा एकाविहानै उठेर वैशाली गयो ॥४०–४१॥ **महावन**[3] मा गएर भिक्षुसंघलाई एक ठाउँमा भेला गऱ्यो अनि दुवै पक्षको विवाद सुनेर धर्मको पक्ष लिँदै सबै धार्मिक भिक्षुहरुसित क्षमा माग्यो ॥ राजाले आफूलाई धर्मको पक्षमा रहेको भन्यो अनि बतायो – "तपाई जस्तो चाहनुहुन्छ उसै गरी बुद्धधर्मको उन्नति गर्नुहोस्" । उनको रक्षाको व्यवस्था गरेर त्यो (राजा) आफ्नो नगरमा फर्कियो ॥४२–४४॥

Dhamma.Digital

त्यसपछि संघले ती दश कुराको निश्चय गर्नलाई एक ठाउँमा भेलाभए । त्यो समयमा त्यहाँ संघमा धेरै अनर्गल कुरा हुन थाल्यो ॥४५॥ त्यतिबेला **रेवत** स्थविरले सारा संघलाई सुनाएर यी कुरा पञ्चायत (उब्बाहिका) बसेर निर्णय गर्नुपर्छ भनेर निश्चय गर्नुभयो ॥४६॥ त्यो झगडा मिलाउन पूर्वका चार, पश्चिम (**पावा**) का चार भिक्षुलाई पञ्च छान्नुभयो ॥४७॥ **सर्वकामी, साड्ह, क्षुद्रशोभित** र **वृषभग्रामी** (वासभगामी) यी चार पूर्वका; **रेवत, साणसम्भूत, काकन्डकपुत्र यश** र **सुमन** यी चार **पावा**[4]का गरी आठ अनास्रव स्थविर त्यो विवाद मिलाउन हूलमूल

---

**१. गन्धकुटी - भगवान् जुन कुटीमा बस्नुहुन्थे त्यसलाई गन्धकुटी भन्दछ । पुष्पादि चढाइरहने हुनाले तिनका मीठा वासनाको कारण यस्तो नाम राखिएको बुझिन्छ ।**

**२. अनास्रवा - अर्हत् ।**

**३. महावन - ४–१२ द्रष्टव्य ।**

**४. पावा - पावाको अर्थ सम्भवतः पाश्चात्य भन्ने हुन्छ तर मल्लहरुको राजधानी होईन ।**

Downloaded from http://www.dhamma.digital

नहुने ठाउँ बालुकाराम[1] गए ॥४८–५०॥

महामुनिको मत जान्नुहुने महास्थविर त्यहाँ तरुण **अजितले** ओछ्याएको सुन्दर आसनमा विराजमान हुनुभयो ॥५१॥ प्रश्न गर्नमा चतुर महास्थविर **रेवतले** दश कुराहरुमध्येबाट एकएक कुरा क्रमैसित **सर्वकामी** स्थविरलाई सोध्नुभयो ॥५२॥ महास्थविरले सोध्नुहुँदा **सर्वकामी** स्थविरले भन्नुभयो – "यी सबै कुरा धर्मविरुद्ध छन्"[2] ॥५३॥ उहाँहरुले त्यहाँ क्रमैसित विवाद निश्चय गरेर फेरि संघमा पनि उसरी नै प्रश्नोत्तर गर्नुभयो ॥५४॥ महास्थविरहरुले ती दश कुरा प्रचार गर्ने दश हजार भिक्षुहरुलाई दमन गर्नुभयो ॥५५॥

सर्वकामी महास्थविर त्यो समयमा उपसम्पन्न भएको एक सय बीस वर्षको भइसक्नुभएको थियो । त्यो समयमा यो पृथ्वी (बौद्ध जगत्) मा उहाँ नै संघको स्थविर हुनुहुन्थ्यो ॥५६॥

**सर्वकामी, साड्ह, रेवत, क्षुद्रशोभित, काकण्डपुत्र** यश र **साणवासी सम्भूत** यिनीहरु आनन्द स्थविरका शिष्य थिए । **बृषभग्रामी** (वासभगामी) र **सुमन** यी दुई अनुरुद्ध स्थविरका शिष्य थिए । यी आठ भाग्यमानी स्थविरहरुले भगवान् (बुद्ध) को दर्शन गरेका थिए ॥५७–५८॥

बान्ह लाख भिक्षु एकत्र भए ॥ त्यो समयमा रेवत स्थविर सबै भिक्षुहरुका प्रमुख हुनुहुन्थे ॥६०॥ **रेवत** स्थविरले चिरकालसम्म धर्म स्थिरताको लागि धर्मसंगीति गर्नका निमित्त सबै भिक्षुहरुबाट अर्थ, धर्म आदि पटिसम्भिदाहरुको ज्ञानमा प्रवीण, त्रिपिटकज्ञ सात सय अर्हत्हरु छान्नुभयो ॥६१–६२॥ उहाँहरु सबैले **कालाशोकको** संरक्षतामा **बालुकाराममा रेवत स्थविरको** अध्यक्षतामा धर्म संग्रह गर्नुभए ॥६३॥ जसरी उहाँहरुले पहिले धर्मको संग्रह गर्नु भए तथा पछि धर्मसंग्रहको घोषणा गर्नुभए उसरी नै धर्म ग्रहण गरेर आठ महिनामा यो संगीतिलाई विसर्जन गर्नुभयो ॥६४ ॥

यसरी दोस्रो संगीति सम्पादन गरेर रागादिरहित उहाँ महायशस्वी स्थविरले पनि अन्तिम घडी आएपछि निर्वाण प्राप्त गर्नुभयो ॥६५॥

त्यसैले परमबुद्धिमान् सफल मनोरथ तीनै[3] योनिका हितैषी लोकनाथ भगवान्को पुत्र ती स्थविरहरुको मरणको स्मरण र जीवन संस्कारको असारताको ख्याल राखेर हामी अप्रमत्त (सतर्क) हुनुपर्छ ॥ ६६॥

सज्जनहरुको प्रसाद र वैराग्यको लागि रचित महावंशको 'द्वितीय संगीति'नामको चतुर्थ परिच्छेद ॥४॥

---

१. **बालुकाराम - वैशाली (वर्तमान बसाढ) छेउको संघाराम ।**
२. **धर्मविरुद्ध - सूत्र तथा विनयविरुद्ध हुनु ।**
३. **तीन योनि - मनुष्य , देव र तिर्यक् (पशुपन्छी आदि) ।**

Downloaded from http://www.dhamma.digital

# पञ्चम परिच्छेद

## तृतीय धर्म-संगीति

**महाकाश्यप** आदि महास्थविरहरुले सुरुदेखि जुन धर्मसंगीति गर्दै आउनुभयो, त्यसलाई स्थविरीय (थेरिया) संगीति भनिन्छ ॥१॥

पहिलो बुद्ध शताब्दीमा केवल एउटा स्थविरवाद मात्र थियो । अरु आचार्यवाद पछि उत्पन्न भएका हुन् ॥२॥ दोस्रो संगीति गर्नुहुने स्थविरहरुद्वारा मर्दन गरिएका ती दश हजार बदमास भिक्षुहरुले **महासांघिक** नामको आचार्यवादको स्थापना गरे ॥ त्यसपछि त्यसबाट **गोकुलिक** र **एकव्यावहारिक** उत्पन्न भए ॥ **गोकुलिक**बाट **प्रज्ञप्तिबादी** तथा **वाहुलिक** अनि फेरि त्यसैबाट **चैत्यवाद** । **महासांघिक**लगायत छ सम्प्रदाय भए ॥३–५॥

फेरि स्थविरवादबाटै पनि (**महीशासक**) भिक्षु र वज्जिपुत्तक (**वात्सीपुत्रीय**) यी दुई सम्प्रदाय भए ॥६॥ **वज्जिपुत्तीय** भिक्षुहरुबाट **धम्मोत्तरीय**, **भद्रयानिक**, **छन्दागारिक** र **सम्मितीय** भए ॥७॥ **महीशासक** भिक्षुहरुबाट **सर्वास्तिवाद** र **धर्मगुप्तिक** यी दुई सम्प्रदाय भए ॥८॥ **सर्वास्तिवादबाट काश्यपीय** र जसबाट **सौत्रान्तिक** अनि फेरि जसबाट सुत्तवाद (**सूत्रवादी**) भए ॥९॥ स्थविरवादसहित यी सबै गर्दा बाऱ्ह हुन्छन् अनि पहिलेको छ मिलाउँदा जम्मा अठार भए ॥१०॥ दोस्रो बुद्ध शताब्दीमा यी सत्र सम्प्रदाय मात्र उत्पन्न भए अरु सबै सम्प्रदाय पछिबाट उत्पन्न भएका हुन् ॥११॥

हैमवत, राजगृहीय, सिद्धार्थक, पूर्वशैलीय, अपरशैलीय र वाजिरीय – यी छ सम्प्रदाय जम्बूद्वीप (भारतवर्ष) मा अलग भए तथा धमरुचि[1] र सागलीय सम्प्रदाय लङ्कामा अलग भए ॥१२–१३॥

आचार्य कुलवाद कथा समाप्त

**कालाशोक** (३६५–३४३ ईपू) का दश छोरा थिए जसले २२ वर्ष राज्य गरे ॥१४॥ उनीहरु पछि नव नन्द (३४३–३२१ ईपू) क्रमैसित राजा भए । उनीहरुले पनि २२ वर्ष राज्य गरे ॥१५॥ त्यसपछि **मौर्य** (क्षत्रिय) वंशमा प्रसिद्ध महाराजा **चन्द्रगुप्त** भए

---

**१. धर्मारुचि - "निकाय संग्रहको" अनुसार स्थविरवादबाट धर्मरुचि (वाद) ४५४ बुद्धाब्दमा अनि सागलिय (वाद) ७९५ बुद्धाब्दमा पृथक (अलग) भए (पृ० १०, ११) ।**

Downloaded from http://www.dhamma.digital

जसलाई महाक्रोधी ब्राह्मण चाणक्यले नवौं नन्द **घनानन्द** राजालाई मार्न लगाएर सम्पूर्ण जम्बूद्वीपको राजा बनाए ॥१६–१७॥ उसले २४ वर्ष र उसको छोरो **बिन्दुसारले** (२९७–२६९ ई.पू.) अठार वर्ष राज्य गऱ्यो ॥१८॥ **बिन्दुसारका** एक सय एक छोरा थिए । तिनीहरुमा सबैभन्दा बढी पुण्य, तेज, बल र ऋद्धि भएका अशोक थिए ॥१९॥ उसले आफ्ना सौतेनी आमातर्फका ९९ भाइ मारेर सम्पूर्ण **जम्बूद्वीपको** एक छत्र राज्य प्राप्त गऱ्यो ॥२०॥

भगवान् बुद्धको निर्वाणपछि र अशोकको अभिषेकअघि २१८ वर्ष बितेर गएको जान्नुपर्छ ॥२१॥

**महायशस्वी** अशोकले एक छत्र राज्य गरेको चार वर्षपछि **पाटलिपुत्र** (पटना) मा आफ्नो अभिषेक गरायो ॥२२॥ अभिषेकको समयदेखि उसको आज्ञा (घोषणा) सबै ठाउँमा सँधै एक योजन टाढासम्म पुग्थ्यो ॥२३॥ देवताहरुले प्रत्येक दिन **मानसरोवर**[1]बाट आठ बइँगो पानी ल्याउँथे र राजाले त्यो आफन्तहरुको बीचमा बाँड्थ्यो ॥२४॥ हिमालयबाट देवताहरुले नागलता (नागबेली) को हजार टुक्रा दतिउन अमला, हर्राको औषधी तथा सुन्दर रङ रस र वासना भएको आँप ल्याउँथे । मरुदेवताले छ दन्ते (**षड्दन्त**) सरोवरबाट पाँच रङ्गको वस्त्र, हात पुच्छने पहेंलो तौलिया र दिव्य पान ल्याउँथ्यो ॥२५–२७ ॥ नाग (देवता) ले नागभवनबाट सुमन पुष्पजस्तो देखिने, सूतरहित वस्त्र, दिव्य कम्बल, सुगन्धित लेप तथा गाजल ल्याउँथ्यो ॥२८॥ सुगाहरुले प्रत्येक दिन **षड्दन्त** सरोवरबाटै नब्बे हजार बइँगो धान ल्याउँथे ॥२९॥ मुसाहरुले ती धानमा भएका भूस र कनिका केलाएर सग्लो चामल छुट्याउँथे ॥ राजपरिवारको लागि त्यसैको भात बन्थ्यो ॥३०॥ मौरीले उसको लागि दिनहुँ मह संग्रह गर्थ्यो अनि भालुले उसको कारखाना (कर्मशाला) मा घन ठोक्थ्यो ॥३१॥ सुन्दर मधुरो स्वर भएको कोइली चरोले मीठो स्वरले राजाको छेउमा कुहूकुहू गरेर आवाज निकाल्थ्यो ॥ ३२॥

राज्याभिषेक पछि अशोकले आफ्नो सहोदर भाइ राजकुमार तिष्यलाई युवराज (उपराजा) पदमा अभिषिक्त गऱ्यो ॥ ३३॥

धर्माशोकको अभिषेक कथा समाप्त

अशोकको बाबुले साठी हजार ब्रह्म मतका अनुयायी ब्राहमणहरुलाई भोजन गराउँथ्यो । अशोकले पनि उनले जस्तै तीन वर्षसम्म भोजन गराइरहे ॥३४॥ भात पस्किएको समयमा हल्ला भएको बुझेर दानको काम चुनाव गरेर दिइनेछ भनेर

---

**१. मानसरोवर -अनवतप्त ।**

Downloaded from http://www.dhamma.digital

मन्त्रीहरुलाई हुकुम दिए ॥३५॥ बुद्धिमान् राजाले धेरै मतावलम्बी (विभिन्न पाखण्डी) हरुलाई छुट्टा छुट्टै बोलाएर सभामा तिनका योग्यता जाँचेर भोजन गराएर विदा गरे ॥३६॥

झ्यालको, छेउमा बसिरहेको अशोकले यति (सन्यासी) **न्यग्रोध** सामणेरलाई शान्त भावले राजाको दरवारको आँगन भएर कतै जाँदै गरेको देखेर खुशी भयो ॥३७॥ त्यो सामणेर **विन्दुसार**को ठूलो छोरो राजकुमार **सुमन**को छोरो थियो ॥३८॥ **विन्दुसार** बिरामी हुँदा **अशोकले** बुबाले दिएको उज्जैन राज्य छोडेर पाटलिपुत्र आयो ॥३९॥ बाबु मरेपछि नगरलाई आफ्नो अधीनमा लिएर ठूलो दाइलाई मार्न लगाएर मुख्य नगर भएको राज्य आफ्नो हातमा लियो ॥४०॥

कुमार **सुमनकी** श्रीमती **सुमना**देवी त्यो समयमा गर्भवती थिइन् ॥ तिनी पूर्वपट्टिको ढोकाबाट बाहिर निस्किएर चण्डाल गाउँतर्फ लागिन् । त्यहाँ वर (न्यग्रोध) को रुखमा बस्ने देवताले उसको नाम लिएर बोलायो र घर बनाएर दियो ॥४१–४२॥ त्यही दिन सुमनादेवीको एउटा सुन्दर छोरो जन्मियो । देवताको अनुग्रहले प्राप्त भएको कारण छोरोको नाम **न्यग्रोध** राखिन् ॥४३॥ चण्डालहरुको मुखियाले त्यो देवीलाई देखेर आफ्नो मालिकनी जस्तै मानेर सात वर्षसम्म राम्रो सेवा गऱ्यो ॥४४॥ **महावरुण** अर्हत् स्थविरले कुमारलाई **उपनिस्सय**[1]को लक्षणहरुले युक्त भएको देखेर उसकी आमा सुमनालाई सोधेर उसलाई भिक्षु बनाउनुभयो । उसले मुण्डन गरेको ठाँउमै बसेर अर्हत्व प्राप्त गऱ्यो ॥ एक दिन उसले आफ्नी आमाको दर्शन गर्न जाँदा दक्षिणको ढोकाबाट नगरमा प्रवेश गऱ्यो ॥ त्यो गाउँको बाटो भएर जाँदा न्यग्रोध राजाको दरवारको आँगन भएर गयो ॥४५–४७॥ उसलाई शान्तभावले जाँदै गरेको न्यग्रोधलाई देखेर राजा खुशी भयो अनि पूर्व-जन्मको सहवासी हुनाको कारण उसित प्रेम भयो ॥४८॥

प्राचीनकालमा तीन भाइ महको व्यापार गर्थे । एउटाले मह बेच्थ्यो अरु दुई भाइले मह जम्मा गरेर ल्याउँथे ।

एकजना **प्रत्येक सम्बुद्ध**[2] घाउले पीडित थियो । अर्को **प्रत्येक सम्बुद्ध** त्यसको लागि मह ल्याउने इच्छाले मह झिकाउने नियतले नगरमा पस्यो । पानी लिन भनेर घाट (खानेपानीको पँधेरो) तर्फ जाँदै गरेकी दासीले उसलाई देखी । सोध्दा के कुरा थाहा भयो भने उसले मह खोजेको रहेछ भन्ने बुझेर हातले देखाएर – "भन्ते ! त्यो महको पसल हो, त्यहाँ जानुहोस् भनी" ॥५०–५३॥

---

१. उपनिस्सय (उपनिश्रय) - **यी सबै लक्षण; जसले भविष्यमा अर्हत् हुने निश्चित गर्छ ।**

२. **प्रत्येक सम्बुद्ध - १–५५ द्रटव्य ।**

Downloaded from http://www.dhamma.digital

त्यहाँ जाँदा त्यो श्रद्धालु पसलेले (प्रत्येक) बुद्धको भाँडामा मह छचल्किएर पोखिने गरी भरेर दियो ॥५३॥ मुखसम्म भरिएको मह छचल्किएर भुइँमा पोखिदै गरेको देखेर ऊ प्रसन्न भयो र उसले त्यो दानको प्रतापले म सम्पूर्ण **जम्बूद्वीप**को राजा हुन पाऊँ तथा सर्वत्र (आकाश र जमीनम) प्रत्येक योजनभर मेरो हुकुम चलोस् भनेर मनमा संकल्प गऱ्यो ॥५४–५५॥

भाइहरु आएपछि उसले भन्यो – "मैले आज एकजना यस्तो पुरुषलाई मह दिएँ तिमीहरुले पनि त्यो दानको अनुमोदन गर किनकि त्यो मह तिमीहरुको पनि हो" ॥५६॥ ठूल्दाइले असन्तोष प्रकट गर्दै भन्यो – "त्यो निश्चय पनि चण्डाल थियो होला किनकि चण्डालले मात्र सँधै काषाय (गेरु) वस्त्र पहिरन्छन्" ॥५७॥ माहिलो भाइले भन्यो –"त्यो प्रत्येक बुद्धलाई समुद्रपारि फाल" । (तर) फेरि दानको फलको अंशीयार बन्ने कुरा सुनेर उनीहरुले अनुमोदन गरे ॥५८॥

पसल देखाइदिने दासीले त्यो चक्रवर्ती राजाकी रानी बन्न पाऊँ र मेरो रुप सबै अंगले (सर्वाङ्गपूर्ण[1]) अति सुन्दर होस् भनेर इच्छा गरी ॥५९॥

त्यही मह दान गर्ने व्यक्ति **अशोक** नामको राजा भयो पसल देखाउने दासी उसकी **असन्धिमित्रा** नामकी रानी भइन् ॥ प्रत्येक बुद्धलाई चण्डाल भन्ने व्यक्ति **न्यग्रोध** भयो अनि 'सुमुद्रपार' भन्ने व्यक्ति राजकुमार तिष्य भयो ॥६०॥ 'चण्डाल' भनेको कारण त्यो चण्डाल गाउँमा जन्मियो । मोक्षको इच्छा गर्दा उसले सात वर्षको उमेरमै मोक्ष प्राप्त गऱ्यो ॥६१॥

प्रेमले आवद्ध राजा अशोकले उसलाई आफू भएको ठाउँमा छिटो आऊ भनेर बोलायो । तर ऊ शान्त स्वभावले राजाको छेउमा गयो । राजाले भन्यो, "बाबु ! उचित आसनमा बस । अर्को कुनै भिक्षुलाई त्यहाँ नदेखेर ऊ सिंहासनको छेउमा गयो । ऊ सिंहासनको छेउमा आउँदा राजाले सोच्यो – "आज यहाँ **सामणेर**[2] मेरो घरको स्वामी हुनेछ " ॥६४॥ राजाको हातको सहारा लिएर न्यग्रोध सिंहासनमा चढेर श्वेत राज-छत्रको मुन्तिर बस्यो ॥६५॥ उसलाई त्यहाँ बसेको देखेर गुणानुसार सम्मान गर्न पाउँदा महाराज अशोक अत्यन्त खुशी भयो ॥६६॥ आफ्नो लागि भनेर बनाएको भोजनले उसलाई तृप्त पारेर फेरि **अशोक**ले सामणेरसित भगवान् बुद्धद्वारा भनिएको धर्मबारे सोध्यो । श्रामणेरले अप्रमाद वर्ग (अप्पमाद वग्ग[3]) को उपदेश दियो जुन सुनेर राजालाई बुद्धधर्ममा आस्था जाग्यो ॥६८॥

राजाले भन्यो – "बाबु ! म तिमीलाई आठ छाक भात (आठजनाको भोजन) दिन्छु ।"

---

**१. सर्वांगपूर्ण - अदिस्समान सन्धि (अदृश्यमान् हड्डीहरुको जोडनी) ।**
**२. सामणेर - भिक्षु प्रव्रजित भएर उपसम्पन्न नभएसम्म श्रामणेर भनिन्छ ।**
**३. अप्पमाद वग्ग -धम्मपद, द्वितीय वग्ग ।**

Downloaded from http://www.dhamma.digital

उसले भन्यो – "म ती भात आफ्नो **उपाध्याय**[1] लाई समर्पित गर्छु" ॥६९॥ फेरि आठ छाक भात दिंदा उसले ती आफ्नो **आचार्य**[1] लाई समर्पित गऱ्यो अनि फेरि आठ छाक भात दिंदा उसले ती भिक्षु संघको लागि अर्पण गरिदियो ॥७०॥ फेरि आठ छाक भात दिंदा त्यो बुद्धिमान्‌ले स्वीकार गऱ्यो र अर्को दिन बत्तीस भिक्षुहरुलाई साथमा लिएर गयो ॥७१॥ राजाले आफ्नो हातले भोजन गरायो र उसले जनसमूह सहित राजालाई धर्मोपदेश दिएर शील र शरण[2]मा स्थापित गऱ्यो ॥७२॥

न्यग्रोध श्रामणेर **दर्शन** समाप्त

फेरि प्रसन्न चित्त गरेको राजाले प्रत्येक दिन दुई गुना बढाउँदै लगेर भिक्षुहरुको संख्या साठी हजार पुऱ्यायो[3] ॥७३॥ साठी हजार अरु मतावलम्बीहरुलाई निकालेर ती साठी हजार भिक्षुहरुलाई प्रत्येक दिन घरमा भोजन गराउँथ्यो[3] ॥७४॥ साट्ठी हजार भिक्षुहरुको भोजनको लागि उसले छिटोछिटो गरेर दुई मीठा पदार्थ बनाउन लगायो । फेरि शहरलाई सजाएर संघलाई निम्तो दिएर घरमा ल्यायो ॥ ७५॥ भिक्षुहरुले भोजन गरिसकेपछि उनीहरुको योग्य उपहार दिएर राजाले उनीहरुलाई सोध्यो – "बुद्ध ( शास्ता) ले दिनुभएको उपदेश कति छन् ? मोग्गलिपुत्त तिष्य स्थविरले जवाफ दिनुभयो – "धर्मबारे चौरासी हजार स्कन्ध (विभाग) छन् " – भनेको सुनेर राजाले भन्यो –"म प्रत्येकको लागि विहार बनाउन लगाएर ती सबैको पूजा गर्छु" ॥७६–७८॥ त्यसपछि राजाले छयानब्बे करोड रुपियाँ दिएर जम्बूद्वीप (पृथ्वी) को चौरासी हजार नगरमा त्यहाँका राजाहरुबाट विहार बनाउन सुरु गऱ्यो साथै आफैंले पनि अशोकाराम[4] बनाउन सुरु गऱ्यो ॥७९–८०॥

बुद्धधर्मको रत्नत्रय[5], न्यग्रोध र रोगी यिनीहरु प्रत्येकको लागि उसले हरेक दिन एक लाख खर्च गर्नेगर्थ्यो ॥८१॥ बुद्धको लागि भनेर दिएको धनले सबै विहारमा विविध प्रकारले स्तूप पूजा हुनेगर्थ्यो ॥८२॥ धर्मको लागि दिएको धनले मानिसहरु धर्मधारी भिक्षुकहाँ जाँदा उनीहरुको लागि चार आवश्यकताहरु लिएर जान्थे ॥ ८३॥

---

**१. उपाध्याय र आचार्य -बौद्ध भिक्षुहरुका दुई गुरु हुन्छन् । प्रधानलाई उपाध्याय र अर्कोलाई आचार्य भन्दछ ।**

**२. शील र शरण - १– ३२ द्रष्टव्य ।**

**३. भोजन – श्लोक (गाथा) - ७३–७४ पछि थपेको वा जोडेको भान हुन्छ । महावंसका टीकाकार पनि यसबारे मौन छ ।**

**४. अशोकाराम - अशोकले बनाउन लगाएको विहार ।**

**५. रत्नत्रय - बुद्ध, धर्म, संघ यी तीन रत्न हुन् ।**

Downloaded from http://www.dhamma.digital

मानसरोवरबाट ल्याएको पानी आठ बइँगो पानीमध्येबाट राजाले चार संघलाई, प्रत्येक दिन साठी त्रिपिटकधारी स्थविरहरुलाई, एउटा **असन्धिमित्रा**लाई दिएर, दुई आफ्नो लागि उपयोगमा ल्याउँथ्यो ॥८४–८५॥ ती साठी हजार भिक्षु तथा सोन्ह हजार रानी (श्रीमती) हरुलाई प्रत्येक दिन नागलताको दतिउन बाँड्थ्यो ॥ ८६॥

एक दिन राजाले चार बुद्धले देखेका, अल्पायु भएका, दिव्यशक्तिधारी भएका **महाकाल** नामक नागराजाको बारेमा सुनेर त्यसलाई लिएर आउनको लागि सुनको सिक्रीको बन्धन पठायो । त्यो आएपछि त्यसलाई श्वेतछत्रको मुनि सिहासनमा बसाएर फूलहरुले सम्मान गरेपछि सोन्ह हजार रानीहरुले घेरेर भने, "तपाईंले हामीहरुलाई सर्द्धमचक्रवर्ती, अनन्तज्ञानका स्वामी, महर्षि (बुद्ध) को दर्शन गराउनुहोस्" ॥८७–९०॥

नागराजले **बत्तीस लक्षण**[1] र अस्सी **व्यंजनहरु**[2]ले युक्त, ठूलो आभा र तेज भएको बुद्धको स्वरुप सृजना गऱ्यो, जसलाई देखेर राजा धेरै खुशी भयो अनि आश्चर्यचकित भएर भन्न लाग्यो, "यो नक्कली स्वरुप त यस्तो छ भने तथागतको असल स्वरुप कस्तो थियो होला भनेर प्रेमले गद्गद् भयो" ॥९१–९३॥ वैभवशाली महाराज अशोकले त्यो हप्ताभरि निरन्तर अक्षिपूजा (अक्खीपूजा) नामको उत्सव गराउँदै बस्यो ॥९४॥

अशोकको धर्ममा प्रवेश समाप्त

पहिले नै जितेन्द्रियहरुले दिव्य दृष्टिले श्रद्धालु, महानुभाव राजा अशोक तथा **मोग्गलिपुत्त** तिष्यलाई देख्नुभएका थिए ॥ द्वितीय संगीतिको अवसरमा स्थविरहरुले भविष्य देखेर के थाहा पाउनुभयो भने राजाको शासनकालमा धर्ममा संकट आइपर्नेछ ॥९६॥ सारा लोकमा त्यो उत्पात रोक्ने सामर्थ राख्नेलाई खोज्दै जाँदा ब्रह्मलोकबाट चाँडै च्युत हुने **तिष्य** ब्रह्मालाई देख्नुभए ॥९७॥ उहाँहरुले महामति भएको ठाउँमा गएर त्यो उपद्रव शान्त गर्नको लागि मनुष्य जन्म लिन प्रार्थना गर्नुभयो ॥९८॥ धर्मलाई प्रकाश गर्ने इच्छाले उनले (उनीहरुलाई मनुष्य जन्म लिने) वचन दिनुभयो ॥ त्यतिबेला उनीहरुले **सिग्गव** र **चण्डवज्जि** नामका दुई युवक यतिहरुलाई भन्नुभयो – "आजको मितिले एक सय आठ वर्षपछि धर्ममाथि संकट आउनेछ ॥ हामीले यो घटना देख्न पाउनेछैनौं ॥९९–१००॥ हे भिक्षु ! तिमीले यो अधिकरण (द्वितीय संगीतिको कार्य) मा भाग लिएनौ त्यसैले दण्डको योग्य छौ र तिम्रो लागि दण्ड यो हो ॥१०१।–१०२॥ धर्मको प्रकाश फिंजाउने इच्छाले जब महामति **तिष्यब्रह्मा मोग्गलि**पुत्र ब्राह्मणको घरमा जन्म लिन्छ तब त्यो समय आएपछि तिमीहरुमध्ये एकले त्यो कुमारलाई भिक्षु बनाउनू र अर्कोले उसलाई राम्रोसित बुद्ध वचन पढाउनू" ॥१०३॥

---

**१ – २ लक्षण र व्यंजन – बुद्धको शरीरमा महापुरुषहरुको शंख, चक्र आदि बत्तीस लक्षण र अस्सी उपलक्षण थिए ।**

Downloaded from http://www.dhamma.digital

**उपालि** स्थविरको शिष्य **दासक** र उसको शिष्य **सोणक** थियो । उही **सोणकका** दुई शिष्य – **सिग्गव** र **चण्डवज्जि** थिए ॥१०४॥

प्राचीनकालमा **वैशालीमा दासक** एकजना नामको श्रोत्रिय ब्राह्मण बस्थ्यो । तीन सय शिष्यहरुमा सबैको प्रमुख भएर आचार्यसित बसेर बाव्ह वर्षको उमेरमै सम्पूर्ण वेद पढेर आफ्नो साथीहरुसित धुम्दै जाँदा एक दिन उसले **बालुकाराम**[1] मा बस्ने, संगीति समाप्त गरिसकेका, **उपालि** स्थविरलाई देख्यो । उनको छेउमा बसेर उसले वेदका केही कठिन परिच्छेद, (स्थल) बारे प्रश्न गऱ्यो । उनले ती उल्लिखित परिच्छेदलाई सरल भाषामा वताउनुभयो ॥१०५ –१०७ ॥

फेरि स्थविरले (धर्मको) नामको बारेमा सोध्यो – "हे माणवक ! एउटा धर्म सबै धर्महरुभन्दा पछि उत्पन्न भएको हो । अनि त्यसमा सबै धर्म पाइन्छन् । त्यो कस्तो खालको धर्म हो ?" माणवक (विद्यार्थी) ले आफ्नो अज्ञानता प्रकट गर्दै सोध्यो – "त्यो कस्तो खालको मन्त्र हो ?" स्थविरले भन्नुभयो – "बुद्ध मन्त्र" । माणवकले भन्यो – " तपाईंले त्यो बुद्ध मन्त्र मलाई पनि दिनुहोस न त ?" स्थविरले उत्तर दिनुभयो – "त्यो हामीजस्तो भेषधारीहरुलाई मात्र दिन्छौं" ॥१०८–११०॥ त्यतिबेला उसले आफ्नो आमाबाबु र गुरुकहाँ गएर त्यो मन्त्र गहण गर्नको लागि सोध्यो । माणवक र आफ्ना तीन सय साथीहरुले पहिले प्रव्रज्या ग्रहण गरेर पछि उपसम्पदा ग्रहण गरे । हजार क्षीणस्रवहरु जसको प्र**मुख दासक** थियो ती सबैलाई **उपालि**स्थविरले सम्पूर्ण त्रिपिटक पढाउनु**भयो** ॥१११– ११२॥ यी बाहेक अरु अनगिन्ती **आर्य**हरु तथा अरु **पृथकजन**हरुले पनि उपालि **स्थविर**बाट त्रिपिटक पढे ॥११३॥

**काशी**[2] देशमा सोणक नामको सत्थवाहको छोरो थियो । त्यो आफ्नो आमाबाबुसित व्यापारको लागि भने**क राजगृह** (गरिब्बज) गयो ॥११४॥ त्यहाँ त्यो पन्ध्र वर्षको कुमार केटो आफ्ना पचपन्न साथीहरुसित **वेणुवन**[3] **(वेडुवन)** पुग्यो ॥११५॥ त्यहाँ शिष्यहरुसित दासक स्थविरलाई देखेर धैरे खुशी भयो र प्रव्रज्याको लागि याचना गऱ्यो ॥

---

१. **बालुकाराम - ४–५० द्रष्टव्य ।**

२. **काशी – गङ्गा र सरयूको नदीबीचको प्रदेश जसमा हिजोआज बनारस , जौनपुर , गाजीपुर , बलिया र आजमगढ जिल्लाका धेरैजसो भाग सम्मिलित छन् ।**

३. **वेणुवन ( वेडुवन ) – राजगिरमा तप्तकुण्डको उत्तरतर्फ वैभार पवर्तको फेदीमा नदीका दुवैछेउ एउटा बगैंचा थियो जुन राजा बिम्बिसारले बुद्धलाई अर्पण गरेको थियो ।**

Downloaded from http://www.dhamma.digital

**दासक** स्थविरले – “पहिले गुरुको आज्ञा लिएर आउनू” भन्नुभयो ॥११६॥ आमाबाबुले आज्ञा नदिने बुझेर उसले तीन दिनसम्म भात नखाए पछि आज्ञा पाएर प्रव्रज्या ग्रहण गर्न गयो ॥११७॥ साथीहरुसँगै कुमारले दासक स्थविरबाट प्रव्रज्या र उपसम्पदा पाएर त्रिपिटक पाठ गऱ्यो ॥११८॥ स्थविरका हजार क्षीणास्रव त्रिपटिकधारी शिष्यहरुमा **सोणक** सबैको प्रमुख भयो ॥११९॥

**पाटलिपुत्र नगरमा सिग्गव** नामको बुद्धिमान् अमात्यपुत्र थियो ॥१२०॥ अठार वर्षको उमेरमा तीन ऋतु अनुकूलको तीन महलमा बस्दाबस्दै त्यो आफ्नो मित्र चण्डवज्जि (अमात्यपुत्र) सँगै पाँच सय अरु मानिसहरुको साथमा लागेर **कुक्कुटाराम**[1] मा सोणक स्थविर भएको ठाउँमा गयो ॥ १२१–१२२ ॥ इन्द्रियहरुलाई वशमा राखेर ध्यानमा बसेका स्थविरलाई वन्दना गर्दा पनि उत्तर नदिएको देखेर उसले संघसित (यसको कारण) सोध्यो ॥१२३॥ संघले जवाफ दियो – “समाधिस्थ अवस्थामा बोल्ने गर्नुहुन्न” । उसले फेरि प्रश्न सोध्यो– “समाधिबाट कसरी जाग्नुहुन्छ ?”

भिक्षुहरुले उत्तर दिए – “शास्ता बुद्धको वाक्यले, संघको वाक्यले, निश्चित समयको समाप्तिमा अथवा आयु अन्त हुने बेलामा समाधिबाट उठ्नु हुन्छ” ॥१२५॥ यसो भनेर भिक्षुहरुले अर्हत्व प्राप्तिको सम्भावना देखेर संघको तर्फबाट सूचना पायो । उहाँ (स्थविर) उठेर त्यहाँ आउनुभयो ॥१२६॥

कुमारले सोध्यो – “भन्ते ! तपाईं किन बोल्नु हुँदैन्थ्यो ?” उत्तर दिनुभयो – “जुन भोग्न योग्य छ त्यो भोग गरिरहेको थिएँ” । कुमार केटोले भन्यो – “त्यो भोग मलाई पनि भोग्न दिनुहोस न त” । स्थविरले भन्नुभयो – “मजस्तो बने पछि मात्र तिमी त्यसलाई भोग गर्न सक्छौ” ॥१२८॥ आमाबाबुको आज्ञा लिएर कुमार **सिग्गव** र **चण्डवज्जि** तथा उनीहरुसितै पाँच सय अरु मानिसहरुले पनि सोणक स्थविरबाट प्रव्रज्या र उपसम्दा ग्रहण गरे ॥१२९॥ उपाध्याय सोणक स्थविरछेउ बसेर तिनीहरु दुवैले त्रिपिटक ग्रहण गरे अनि साथै बडो उत्साह लिएर **षडअभिज्ञा**[2] पनि प्राप्त गरे ॥१३०॥

**तिस्स** (तिष्य) को जन्म भएको थाहा पाएर, **सिग्गव** स्थविर उसको घरमा सात वर्षसम्म्म नियमितरुपले भिक्षाको लागि

---

**१. कुक्कुटाराम –पटनामा सम्भवत: रानीपुरको पूर्वपट्टि भीटा भन्ने ठाउँमा यो विहार थियो ।**

**२. छ अभिज्ञा –(१). ऋद्धिविध ज्ञान (२). दिव्यश्रोत्र ज्ञान (३). पूर्वनिवासानुस्मृति ज्ञान (४). दिव्यचक्षु ज्ञान (५). परचित्तविजानन ज्ञान र (६). आस्रवक्षय ज्ञान - द्रष्टव्य ४–१२ ) ।**

Downloaded from http://www.dhamma.digital

गइरहनुभयो । सात वर्षसम्म जाँदा उहाँले एकपटक पनि 'पाल्नुहोस' भनेको शब्द सुन्न पाउनुभएन । आठौं वर्षमा उहाँले त्यो घरबाट "पाल्नुहोस्" भनेको शब्द सुन्न पाउनुभयो ॥१३१–१३२॥ घरमा पस्दैगर्दा **मोग्गलिपुत्र** ब्राह्मणले उहाँलाई (आफ्नो घरबाट) निस्कदै गरेको देखेर सोध्यो –"हाम्रो घरबाट केही पाउनुभयो ?" उहाँले जवाफमा "पाएँ" भनेर भन्नुभयो ॥१३३॥ मोग्गलिपुत्र ब्राह्मणले घरमा सोधेर बुझ्यो ॥ फेरि अर्को दिन घरमा आउनुभएको स्थविरलाई भन्यो, "तपाईंले झूटो कुरो गर्नुभयो" ॥१३४॥ तर स्थविरको उत्तरले ब्राह्मणको मन खुशी भयो अनि उसले आफ्नो लागि भनेर बनाएको भोजनबाट निकालेर प्रत्येक दिन उहाँलाई भिक्षा दिने गर्थ्यो ॥१३५॥ विस्तारविस्तार घरका सबै परिवार श्रद्धालु भए अनि स्थविरलाई घरमा बसाएर प्रत्येक दिन भोजन खुवाउन लागे ॥१३६॥

यसरी समय बितेपछि कुमार सोह्र वर्षको भयो अनि उसले तीनै वेद छिचोलेर सक्यो (अर्थात् समुद्र पार गऱ्यो) ॥१३७॥

सम्भवतः आज यसरी कुराकानी हुन सक्यो त्यसैले स्थविरले त्यो दिन घरमा ब्रह्मचारीको आसनको अतिरिक्त अरु भएजति सबै आसन आफ्नो योगबलले अदृश्य बनाइदिनुभयो ॥१३८॥ ब्रह्मलोकबाट आउनाको कारण वहाँ ब्रह्मचारी शुद्धि प्रिय हुनुहुन्थ्यो । त्यसैले वहाँको लागि एउटा आसन अलग राखिछोडेको[1] हुन्थ्यो ॥१३९॥ घरका परिवारले स्थविरलाई उभिइरहनु भएको देखेर अर्को बस्ने आसन खोज्दा नपाएकोले हतारमा ब्रह्मचारी बस्ने आसन नै दिए ॥१४०॥ ब्रह्मचारीले आफ्नो आचार्यलाई भेटेर फर्किदा स्थविरलाई आफू बस्ने आसनमा बसेको देखेर रिसको झोंकमा कठोर स्वरमा बोल्नुभयो ॥१४१॥ स्थविरले उनलाई सोध्नुभयो – "ब्रह्मचारी ! के मन्त्र जान्नुहुन्छ ?" उनले पनि स्थविरको कुरा काट्ने उद्देश्यले त्यही प्रश्न सोध्नुभयो ॥१४२॥ स्थविरले जान्दछु भन्नुभएपछि उनले स्थविरलाई वेदको केही गाऱ्हो प्रश्न सोध्नुभयो । स्थविरले त्यसको व्याख्या गरिदिनुभयो ॥१४३॥ किनकि उनी वेद पारङ्गत त गृहस्थ छँदै भइसक्नुभएको थियो । पटिसम्भिदा प्राप्त व्यक्तिले त कुनै पनि विषयको व्याख्या गर्न सक्तैन भन्ने कुरा हुनै सक्तैन ? ॥१४४॥ "जसको चित्त उत्पन्न हुन्छ, निरुद्ध (रोकिदैन) हुँदैन, उसको चित्त निरुद्ध हुन्छ उत्पन्न हुँदैन । तर उसको चित्त निरुद्ध हुन्छ उत्पन्न हुँदैन उसको चित्त उत्पन्न हुन्छ, निरुद्ध हुँदैन" ॥१४५॥

विद्वान् स्थविरले **चित्तयमक**[2] को उक्त प्रश्न उनलाई सोध्नुभयो । यो त्यो ब्रहमचारीको लागि अँध्यारोजस्तै थियो । त्यतिबेला उसले स्थविरलाई सोध्नुभयो –"हे भिक्षु ! यो मन्त्रको नाम के हो ?" स्थविरले भन्नुभयो – "बुद्ध मन्त्र" । ब्रह्मचारीले भन्यो–

---

**१. अलग् आसन "वासयित्वा लगियति"- यसको शब्दार्थ हुन्छ बसाएर टाँसिरहनु । यो श्लोक केही संदिग्ध छ । पालि टीकाकार पनि यसबारे मौन हुनुहुन्छ ।**

**२. चित्तयमक -अभिधम्म पिटकको यमक ग्रन्थको एउटा प्रकरण हो ।**

Downloaded from http://www.dhamma.digital

"मलाई पनि यो मन्त्र दिनुहोस् न त ।" स्थविरले जवाफ दिनुभयो –"यो मन्त्र केवल म जस्तो भेषधारीलाई मात्र दिन्छु" ॥१४६–१४८॥ मन्त्र पाउनको लागि उसले आमाबाबुको आज्ञा लिएर प्रव्रज्या ग्रहण गऱ्यो । स्थविरले उसलाई यथायोग्य प्रव्रजित गरेर योगविधि दियो ॥१४८॥

त्यो महामतिले 'भावना' गर्दागर्दै छोटो समयमै स्रोतापत्ति फल[1] प्राप्त गऱ्यो । स्थविरले यो कुरा थाहा पाएर उसलाई अभिधम्म र सुत्तपिटक पढ्नको लागि चण्डवज्जिकहाँ पठायो ॥ उसले त्यहाँ गएर ती दुवै पिटक ग्रहण गऱ्यो ॥१४९–१५०॥

त्यसपछि यति **सिग्गव**ले उसलाई उपसम्पन्न गरेर, **विनय** पढाएर, एकपटक दोहोऱ्याएर सुत्त र अभिधम्म पिटक पढाए ॥१५१॥

त्यो युवक तिष्यले **विपस्सना**[2] बढाएर, छोटो समयमै षडभिज्ञता प्राप्त गऱ्यो र स्थविरभाव पनि प्राप्त गऱ्यो ॥१५२॥

पछि गएर त्यो तिष्य स्थविर चन्द्र सूर्यजस्तै अत्यन्त प्रसिद्ध भयो अनि उनको वचन बुद्ध वचनसरह मानियो ॥ १५३॥

मोग्गालिपुत्र तिष्य स्थविरको जन्म वृतान्त समाप्त

एक दिन शिकार खेल्दै गर्दा उपराज कुमार तिष्यले वनमा आनन्दसित कराउँदै चरेको मृगहरुलाई देखेर के सोच्यो भने वनमा घाँस खाएर बस्ने यी मृगहरु पनि यसरी मोज गर्छन् भने सुखपूर्वक आहारविहार गर्ने भिक्षुले किन मोज नगर्दो होला र ?॥ १५४–१५५॥

घरमा गएर उसले यो विचार महाराज अशोकलाई सुनायो । उनले उसलाई शिक्षा दिने इच्छाले एक हप्ताको लागि राजा बनायो र भन्यो "एक हप्तासम्म तिमीले यो राजकाज भोग गर त्यसपछि तिमीलाई मारिदिनेछु" ॥ १५६–१५७॥ एक हप्ता बितेपछि जब महाराजले सोध्यो – "कुमार ! तिमी किन दुब्लायौ ?" उसले भन्यो – "मर्नुपर्ने डरले" । त्यतिबेला राजाले भन्यो, "हे बाबु ! एक हप्तापछि मर्नुपर्ने डरले तिमीले मोज गरेनौ भने सँधै मृत्युको कुरा सोच्नुहुने त्यो यती भिक्षुले कसरी मोज गर्न सक्नुहून्छ र ?" १५८–१५९॥ दाइको यो वचन सुनेर उसलाई बुद्ध-धर्ममा आस्था जाग्यो ।

एकपटक शिकार समयमा उसले संयमी, अनास्रव **महाधर्मरक्षित** स्थविरलाई रुखको जरामा बस्नु भएको र उहाँलाई नागराजले सालको रुखको हाँगाले पंखा

---

**१. स्रोतापत्तिफल - द्रष्टव्य १–३३ ।**

**२. विपस्सना -साँचो अध्यात्मदृष्टिलाई विपस्सना भनिन्छ । अर्हत्‌हरुका योग्यताहरु मध्येका एउटा यो पनि हो ।**

Downloaded from http://www.dhamma.digital

हम्काई रहेको देख्यो ॥१६०–१६१॥ बुद्धिमान् राजकुमार तिष्यले सोच्न लाग्यो, "म कुनै दिन बुद्धधर्ममा प्रव्रजित भएर यहाँ स्थविरजस्तो वनमा घुमिहिंड्न सकूलाँ त ?" ॥१६२॥ स्थविरले राजकुमारको धर्ममा आस्था बढाइदिनको लागि आकाश मार्ग भएर **अशोकाराम**को तलाउको पानीमा आएर उभिएर बस्नुभयो । त्यहाँ उनले सुन्दर चीवर (वस्त्र) हरु आकाशमा छोडेर तलाउमा पसेर आफ्नो शरीर शुद्ध गर्नुभयो ॥१६३–१६४॥ स्थविरको यो सिद्धि देखेर उपराजको धर्ममा आस्था बढ्यो अनि त्यो बुद्धिमान्ले " म आजै प्रव्रज्या ग्रहण गर्छु " भनेर निश्चय गऱ्यो ॥'१६५॥

उसले महाराज अशोक हुनुभएको ठाउँमा गएर उहाँबाट प्रव्रजित हुनलाई आज्ञा माग्यो । अशाोकले उसलाई प्रव्रजित हुनबाट रोक्न नसकिने देखेर ठूलै जुलूसको साथ विहारमा लिएर गए । त्यहाँ ऊ **महाधर्मरक्षित** स्थविरबाट प्रव्रजित भयो र उसँगै अरु चार लाख मानिसहरु पनि प्रव्रजित भए । जो त्यसपछि प्रव्रजित भए उनीहरुको गन्ती नै थिएन ॥१६८॥

राजाको **अग्निब्रह्मा** नामको भानिज थियो जो राजाकी छोरी **सघंमित्रा**को श्रीमान् थियो ॥१६९॥ ती दुईको छोरोको नाम **सुमन** थियो ॥ अग्निब्रह्माले राजाबाट आज्ञा लिएर उपराजसँगै प्रव्रज्या ग्रहण गऱ्यो ॥ मानिसहरुको महान् हितको लागि उपराजको त्यो प्रव्रज्या महाराज **अशोक**को अभिषेकको चौथो वर्षमा भयो ॥१७०–१७१॥ त्यही वर्ष उपराजले, जसको अर्हत्व प्राप्ति निश्चित थियो, उपसम्पन्न भएर प्रयास गरेर छ अभिज्ञासहित अर्हत्पद प्राप्त गऱ्यो ॥१७२॥

जुन विहारहरु बनाउन सुरु गरेको थियो ती तीन वर्षभित्र सबै नगरमा राम्रोसित बनेर तयार भयो ॥१७३॥ पटनामा विहार बनाउन लगाउनको लागि अध्यक्ष **इन्द्रगुत्त** स्थविरको ऋद्धिबलले त्यो **अशोकाराम** चाँडै बनेर तयार भयो ॥१७४॥ राजाले भगवान् निवासले पवित्र भएको ठाउँहरुमा जहाँतहाँ सुन्दर चैत्य बनाउन लगायो ॥१७५॥ चौरासी हजार नगरबाट एकै दिनमा "विहार बनेर तयार भएको" समाचार आयो ॥१७६॥

त्यो समाचार सुनेर महान् तेजस्वी पराक्रमी महाराज अशोकले सबै आरामहरु (विहारहरु) को प्रतिष्ठा बढाउने महोत्सब गर्ने इच्छाले नगरमा ढोल बजाएर घोषणा गर्न लगाए अनि भने आजको सातौं दिनमा सबै देशहरु (राज्यहरु) को सबै ठाउँमा , सबै आरामहरुमा महोत्सव गरियोस् ॥१७७–१७८॥ राज्यमा प्रत्येक योजनमा महादान दिन लगाइयोस् ॥ गाउँका आरामहरु र बाटाहरु मालाले सजाइयोस् ।

Downloaded from http://www.dhamma.digital

सबै ठाउँको विहारहरुमा भिक्षुसंघको लागि समय र सामर्थ्यअनुसार ठूलाठूला दान दिइयोस् । दीपमाला (बत्तीको लहर) र फूलको मालाले सजाएर विभिन्न प्रकारका बाजागाजासहित धेरै प्रकारका उपहार लिएर मानिसहरुले उपोसथ व्रत लिनुहोस् । धर्मको कुरा सुन्नुहोस् अरु पनि धेरै किसिमको पूजा गर्नुहोस् ॥१७९–१८२॥ सबैले सबै ठाउँमा राजाको आज्ञाअनुसार त्योभन्दा पनि अझ बढी धेरै दिव्य सुन्दर पूजा गरे ॥१८३॥

त्यो महोत्सवको दिन सबै गरगहनाले सजिएर महाराज अशोकले आफ्नी रानीहरु, मन्त्रीगण र सेनासहित भुँईमा अबीर छर्दै अशोकाराममा आए र उत्तम संघलाई वन्दना गरेर संघको बीचमा उभिए ॥१८४–१८५॥ त्यो भेलामा अस्सी करोड भिक्षु एकत्रित भएका थिए जसमध्ये एक लाख क्षीणास्रव भिक्षुहरु थिए ॥१८६॥ अरु नब्बे लाख **भिक्षुणीहरु** थिए जसमध्ये एक हजार क्षीणास्रवा थिए ॥१८७॥

**धर्माशोक** राजाको धर्ममा आस्था बढाउनको लागि ती क्षीणास्रव **भिक्षुहरुले लोकविवरण** नामको चमत्कार देखाए ॥ १८८॥ पापकर्म गरेकोले जो अशोक पहिले **चण्डाशोक** नामले कुख्यात थियो उही पछि पुण्यकर्म गरेकोले **धर्माशोक** नामले विख्यात भयो ॥१८९॥ महाराज अशोकले समुद्रसम्म जम्बूद्वीपलाई तथा नाना प्रकारका पूजा आदिले सुशोभित विहारहरुलाई लोकविवरण सिद्धिको प्रतापले हेऱ्यो ॥ १९०॥

त्यसपछि उनीहरुलाई देखेर अति नै खुशी भएको राजाले बसेर संघलाई सोध्यो – "भन्ते ! बुद्धधर्ममा कसको महात्याग छ ?" ॥१९१॥ **मोग्गलिपुत्त तिष्य**ले राजाको प्रश्नको उत्तर दिंएर भन्नुभयो, "भगवान् बुद्धको जीवनकालमा पनि तिमी समानको त्यागी कोही थिएन" ॥१९२॥ यो कुरो सुनेर सन्तुष्ट भएर राजाले फेरि सोध्यो, "के मेरो समानको त्यागीलाई धर्मदानको अधिकारी (सगा,दायाद) भन्न सक्छ ?" ॥१९३॥ धर्मधुरन्धर स्थविरले राजपुत्र **महेन्द्र** र राजकुमारी संघमित्राको भविष्य जानेर तथा उनीहरुद्वारा धर्मको हित हुने देखेर राजालाई भन्नुभयो, "राजन ! तिमीजस्तो महात्यागीलाई पनि धर्मको अधिकारी (दायाद) भन्न सक्नुहुन्न, दाता मात्र भन्न सक्नुहुन्छ । तर जसले आफ्नो छोरो अथवा छोरीलाई धर्ममा पव्रजित गराउँछ ऊ धर्मको अधिकारी (दायाद) र दाता (दायक) दुवै हुन्छन्" ॥१९४–१९७॥ त्यतिबेला राजाले धर्मको अधिकारी (सगा दायाद) बन्ने इच्छाले त्यहीं उभिएर **महेन्द्र** र **संघमित्रा**लाई सोध्यो, "नानीहरु ! के प्रव्रज्या ग्रहण गर्ने हो त ? प्रव्रज्या धेरै महान् छ" । बाबुको यो वचन सुनेर ती दुवैले भने, "महाराज ! यदि तपाईंको इच्छा त्यस्तै छ भने हामी दुवै आजै प्रव्रजित हुन सक्छौं । हामीहरु भिक्षु बन्नाले हामीलाई र तपाईहरु दुवैलाई पुण्य लाभ हुनेछ" ॥२०० ॥

Downloaded from http://www.dhamma.digital

उपराजाको प्रव्रज्याको समयदेखि नै महेन्द्र र अग्निब्रह्मा[१] को प्रव्रज्याको समयदेखि नै **संघमित्रा**ले प्रव्रजित हुने निश्चय गरिसकेकी थिइन ॥२०१॥ राजाले महेन्द्रलाई उपराजा बनाउन चाहेका थिए तर प्रव्रज्यालाई त्यो उपराज-पदभन्दा बढी महत्वपूर्ण सम्झिएर उसले प्रव्रज्या मनपराए ॥२०२॥ बुद्धि, रुप र बलले सम्पन्न प्यारो छोरो **महेन्द्र** र छोरी **संघमित्रा**लाई राजाले धुमधामको साथ समारोह गरेर प्रव्रजित गराए ॥२०३॥ प्रव्रज्याको समयमा राजपुत्र महेन्द्र बीस वर्षको र संघमित्रा अठार वर्षकी थिइन.॥२०४॥ महेन्द्रको प्रव्रज्या र उपसम्पदा उसै दिन भयो तथा **संघमित्रा**को प्रव्रज्या र शिक्षादान[२] पनि उसै दिन भयो ॥ २०५॥ कुमारको उपाध्याय **मोग्गलिपुत्र तिष्य** र प्रव्रज्या दिनुहुने **महादेव** स्थविर भए । **मध्यमिक** स्थविरले **कर्मावाचा**[३] पढनुभयो । महात्मा महेन्द्रले उपसम्पन्न भएको समयमै पटिसम्भिदासहित अर्हत्पद प्राप्त गऱ्यो ॥२०६–२०७॥ **संघमित्रा**की उपाध्याया प्रसिद्ध **धर्मपाला** र आचार्या**आयुपाला** भइन् ॥ समयमा संघमित्रा पनि अनास्रवा (अर्हत्) भइन् ॥२०८ ॥ धर्मप्रकाशक, लङ्काद्वीपका उपकारका महेन्द्र र संघमित्रा दुवैको प्रव्रज्या महाराज (धर्म) अशोकको शासनकालको छैठौं वर्षमा भयो ॥२०९॥ लङ्काद्वीपमाथि कृपा गर्नुहुने **महामहेन्द्रले** उपाध्यायसित बसेर तीन वर्षमा तीनै पिटकको ज्ञान हासिल गरे ॥२१०॥ भिक्षुणी संघमित्रा र भिक्षु **महेन्द्र**ले चन्द्र र सूर्यले जस्तै बुद्धधर्मरुपी आकाशलाई सुशोभित गर्दै बसे ॥२११॥

पूर्वजन्ममा **पाटलिपुत्र**को वनमा घुम्दैगर्दा कुनै वनचरले **कुन्ती** नामकी किन्नरीसित सहवास गऱ्यो ॥२१२॥ त्यो सहवासबाट किन्नरीको दुई छोरा जन्मिए जसमध्ये जेठोको नाम **तिष्य** र कान्छोको नाम **सुमित्र** राखे ॥२१३॥ कालान्तरमा ती दुवैले **महावरुण** स्थविरबाट प्रव्रजित भएर छ अभिज्ञासहित अर्हत्-पद प्राप्त गरे ॥ २१४॥

एकपटक कुनै विषालु किराले टोकेकोले जेठो भाइको खुट्टामा पीडा भयो । जब कान्छो भाइले सोध्यो – "के औषधी लगाउने ?" त्यसरी सोध्दा उसले भन्यो – "एक हत्केलाभरि घिउ" ॥२१५॥ तर सुमित्रले राजालाई पथ्य को लागि कुरा गर्न र भोजनको समय पछि घिउ लिन जान हिचकिचायो ॥२१६॥

---

**१. अग्निब्रह्मा -हेर्नुहोस ५, १६७–१७० ।**

**२. शिक्षा दान – विनयअनुसार महिलालाई उपसम्पदा पाउन अगाडि दुई वर्षसम्म प्रार्थी (उम्मेदवार) भएर बस्नुपर्छ**

**३. कर्मावाचा -भिक्षुहरुको उपसम्दा गर्दा गरिने एउटा क्रिया (पाठ) ।**

Downloaded from http://www.dhamma.digital

त्यतिबेला तिष्य स्थविरले सुमित्र स्थविरलाई भन्यो – "**पिण्डपात**[१] मा जति घिउ पाइन्छ, त्यो मकहाँ लिएर आउनू" ॥२१७॥ तर पिण्डपातको समयमा उसले हत्केलाभरिको घिउ नै पाएन जसले गर्दा कालान्तरमा रोग सय गाग्रा घिउले पनि निको पार्न असाध्यभयो ॥२१८॥ त्यही रोगको कारण मरणासन्न अवस्थामा पुगेको स्थविरले अरुलाई अप्रमादी भएर बस्न उपदेश दिनुहुँदै आफ्नो मनमा निर्वाण प्राप्त गर्ने निश्चय गर्नुभयो ॥२१९॥ तेजोध्यानद्वारा आकाशमा आसन लगाएर स्वेच्छाअनुसार शरीरलाई थामेर स्थविरले निर्वाण प्राप्त गर्नुभयो ॥२२०॥ शरीरबाट निक्लिएको योगाग्निले स्थविरको मासु जलाएर खरानी बनायो तर हाडहरु जलेनन् ॥२२१॥

महाराज अशोकले स्थविरले यस किसिमले निर्वांण पाएको कुरा सुनेर जनसमूहसहित अशोकाराममा आए ॥२२२॥ हात्तीको काँधमा उभिएर अशोकले वहाँ स्थविरको ती हाडहरु (आकाशमा बसेका थिए) तल ल्याइ धातु सत्कार गरेर संघलाई स्थविरको रोगबारे सोधे ॥२२३॥ त्यो कुरो सुनेर राजा धेरै दुःखित भए ॥ उनले नगरको ढोकामा कुण्ड बनाउन लगाएर तिनमा औषधीले भरी दिए र भिक्षुहरुलाई औषधी पाउन कुनै कठिनाई नहोस् भनेर प्रत्येक दिन भिक्षुसंघलाई औषधी उपलब्ध्ध गराउने काम गरे ॥२२४–२२५॥ **सुमित्र** स्थविर चंक्रमण गर्ने ठाउँमा घुम्दाघुम्दै निर्वाण प्राप्त गरे ॥ यो घटनाले मानिसको मनमा धर्मप्रति अनुराग बढ्यो ॥२२६॥ दुवै लोकहितकारी **कुन्तीपुत्र** स्थविरहरु महाराज **अशोकको** शासनकालको आठौं वर्षमा निर्वाण पाप्त गरे ॥ २२७॥

त्यो समयदेखि संघले धेरै पूजा पाउन थाल्यो किनकि पछिबाट धर्ममा अनुरक्त भएका मानिसहरुले पनि संघलाई पूज्न थाले ॥२२८॥ तैर्थिक[२] (=अर्को मतावलम्बी साधु) ले पनि जसको लाभ सत्कार घटेर गएको थियो, लाभको लोभले आफैंले आफ्नो काषाय वस्त्र रंङगाएर भिक्षुहरुसित बस्न थाले ॥२२९॥ उनीहरुले आफ्नो सिद्धान्तलाई बुद्धको सिद्धान्त भनेर बताउँथे अनि मनमा जे इच्छा लाग्थ्यो त्यही गरेर बस्थे ॥२३०॥

त्यो समयमा स्थिर गुणहरुले युक्त, दुरदर्शी, **मोग्गलिपुत्र** स्थविरले धर्ममाथि आएको त्यो कठिन विपत्तिलाई शान्त गर्ने समय नआएको देखेर आफ्नो **भिक्षुगण** (जमात, समूह) **महेन्द्र** स्थविरलाई सुम्पिएर गङ्गा नदीको मास्तिर **अहोगंग पर्वत**तिर लाग्नुभयो । सात वर्षसम्म त्यहीं ध्यानमग्न भएर एकान्तवास गर्दै वस्नुभयो ॥ २३३॥

दुर्वचन बोल्ने तैर्थिकहरुको संख्या धेरै भएकोले भिक्षुहरुले उनीहरुलाई शान्तिपूर्वक शमन गर्न सक्तैन्थ्ये॥ २३४॥

---

**१. पिण्डपात - मध्यान्हकालको भिक्षा ।**

**२. अहोगंग पर्वत - ४–१८ द्रष्टव्य ।**

Downloaded from http://www.dhamma.digital

त्यसैले ती भिक्षुहरुले जम्बूद्वीपको सबै विहारहरुमा सात वर्षसम्म **उपोसथ**[1] र **पवारणा**[2] गरेनन् ॥२३५॥

महाराज (धर्म) अशोकले यो कुरो सुनेर एकजना मन्त्रीलाई **अशोकाराममा** पठायो र भन्यो "(गएर) यो झगडा मिलाऊ र संघलाई मेरो आराममा उपोसथ गराऊ" ॥२३६-२३७॥ त्यहाँ गएर त्यो मूर्खले भिक्षुसंघलाई भेला गरेर राजाको हुकुम सुनायो "उपोसथ गर" ॥२३८॥ भिक्षुसंघले त्यो मूढमतिलाई उत्तर दियो –"हामी तैर्थिकहरुसित बसेर उपोसथ गर्न सक्तैनौं"॥२३९॥ त्यो मन्त्रीले तरवारले एकछेउबाट केही स्थविरहरुको टाउको काटेर भन्यो, "म उपोसथ गराएरै छोड्छु"॥२४०॥ राजाको भाइ तिष्य स्थविरले त्यस्तो काम गरेको देखेर तुरुन्त मन्त्रीको आसन नजिक बस्नुभयो ॥२४१॥ तिष्य स्थविरलाई देखेर मन्त्रीले स्थविरहरुलाई मार्न छोडेर राजाकहाँ गएर सबै वृतान्त बतायो, जुन कुरो सुनेर राजा धेरै दुःखी भए ॥२४२॥ राजा हड्बडाउँदै संघ भएको ठाउँमा गएर सोध्न थाले , "यो कुकर्मको दोषी को हो ?" उनीहरुमध्ये जो अपण्डित थिए भने, "यो तेरो दोष हो ।" केहीले भने, "दुवैको दोष हो" । तर जो पण्डित थिए, उनीहरुले भने "यसमा तिम्रो दोष छैन" ॥२४३–२४४॥ यो कुरो सुनेर महाराज अशोकले सोधे– "के कोही यस्तो सामर्थवान् भिक्षु हुनुहुन्छ ? जसले मेरा शंकाहरु निवारण गर्न सक्नुहुन्छ साथै धर्मको-संग्रह गर्न सक्नुहुन्छ ?" ॥२४५॥ संघले उत्तर दियो, "हुनुहुन्छ राजन ! महापुरुष **मोग्गलिपुत्र तिष्य** स्थविर हुनुहुन्छ" । अशोक यो कुरो सुनेर खुशी भयो ॥ उसैदिन राजाले एकएक हजार भिक्षुसहित चार स्थविर र एकएक हजार मानिसहरुसहित चारजना मन्त्रीलाई आफ्नो समाचारको साथ स्थविर मोग्गलिपुत्र तिष्यलाई लिएर आउन पठायो । उनीहरुले गएर प्रार्थना गरे तर आउनुभएन ॥२४६–२४८॥

राजाले त्यो कुरो सुनेर फेरि आठ स्थविर र आठ मन्त्रीलाई एकएक हजार भिक्षु र एकएक हजार मानिसहरुका साथ त्यहाँ पठायो ॥ तर त्योपटक पनि उहाँ आउनुभएन ॥ ।२४९॥ त्यतिबेला राजाले सोध्यो, "के गर्दा आउन सक्नुहुन्छ ?" ॥ भिक्षुहरुले स्थविर आउन सक्नुहने उपाय बताए ॥ २५०॥

राजाले फेरि सोन्ह स्थविर र सोन्ह मन्त्रीलाई पहिलेजस्तै एकएक हजार भिक्षु र एकएक हजार मानिसहरुको साथ (स्थविरलाई लिएर आउनको लागि) पठायो अनि भन्यो, "हुन त स्थविर धेरै बूढो हुनुहुन्छ तैपनि उहाँ सवारी साधनमा चढ्नुहुन्न, त्यसैले उहाँलाई गङ्गा नदीको मार्ग भएर नाउमा राखेर लिएर आउनू " ॥२५३॥

---

**१. उपोसथ -भिक्षुहरु एक ठाउँमा भेला भएर परस्परमा अपराध स्वीकार गर्नु ।**

**२. पवारणा -वर्षाऋतुपछि आश्विन पूर्णिमाको उपोसथलाई पवारणा भनिन्छ ।**

Downloaded from http://www.dhamma.digital

उनीहरुले त्यहाँ गएर स्थविरलाई जब (जस्तो भिक्षुहरुले भनेका थिए) निवेदन गरे, त्यो कुरो सुनेर उनी जानलाई खडा हुनुभयो । तिनीहरुले गङ्गा नदीको मार्ग भएर डुङ्गाबाट स्थविरलाई लिएर आए । राजाले स्थविरलाई अभिनन्दन गर्नको लागि अगाडि गयो अनि जाँघसम्म आउने पानीमा पसेर स्थविरलाई डुङ्गाबाट उतार्नको लागि खुशी हुँदै आफ्नो हात अगाडि बढायो ॥ २५५॥

पूजनीय, दयालु स्थविरले दया गरेर राजाको दाहिने हातको सहारा लिएर डुङ्गाबाट उत्रिनुभयो ॥२५६॥ राजाले स्थविरलाई **रतिवर्धन उद्यानमा** लिएर गयो । त्यहाँ स्थविरको गोडा धोयो तथा तेल धसिदियो(**माखा**[1]) ॥ त्यसपछि छेउमा बसेर स्थविरको योगबल ज्ञाँच्नको लागि राजाले भन्यो – "भन्ते ! म कुनै सिद्धि (चमत्कार) हेर्न चाहन्छु" । "कस्तो किसिमको सिद्धि ?" भनेर सोध्दा राजाले "भूकम्पको" भन्यो ॥ स्थविरले सोध्नुभयो, "सम्पूर्ण भूमिको कि एक भागको मात्र ? यदि एक भागको हो भने कति भागको (भुईंचालो) हेर्न चाहन्छौ ?" ॥२५९॥ राजाले सोध्यो, ती दुईमा कुन कठिन छ ? एक भागको धेरै कठिन छ" भनेको सुनेर राजाले भन्यो, "त्यसो भए त्यसैको हेर्न चाहन्छु" ॥२६०॥ रथ, घोडा, मानिस र पानीले भरिएको थाल चारैतिर एक योजनको घेराको सीमामा राख्न लगाएर स्थविरले त्यहाँ बसेको राजालाई ती चार चीजको केवल आधा भाग (भित्रपट्टिको हिस्सा) सहितको योजनभर पृथ्वी डगमगाउने बनाएर देखाउनुभयो ॥ २६१–२६२॥

फेरि राजाले स्थविरलाई सोध्यो – "मन्त्रीले भिक्षुहरुलाई मारेको पाप मलाई लाग्छ कि लाग्दैन ?" ॥ २६३॥ स्थविरले राजालाई **तितिरजातक**[2] कथा सुनाएर सम्झाउनु भयो, "कर्म दोषयुक्त हुँदैन, जबसम्म त्यसको साथ मन दोषयुक्त हुँदैन" ॥२६४॥

स्थविर एकहप्तासम्म मनोहर राजोद्यानमा बसेर राजालाई मङ्गलमय बुद्धधर्मको शिक्षा दिँदै बस्नुभयो ॥२६५॥

उसै हप्ता राजाले दुई यक्षलाई पठाएर देशभरिको सम्पूर्ण भिक्षुहरुलाई एक ठाउँमा भेला गराउन लगायो ॥२६६॥ सातौं दिनमा मनोरम अशोकाराममा गएर सम्पूर्ण भिक्षुसंघलाई एकत्र गऱ्यो ॥२६७॥ त्यहाँ राजाले स्थविरसहित एकान्तमा कपडाको बार हालेको गोप्य ठाउँमा बसेर एउटाएउटा मतको भिक्षुलाई पालैसित बोलाएर सोध्यो– "भन्ते ! बुद्धको के (= मत) वाद थियो ?"

---

**१. माखा –"मक्खेत्वा" यहाँ मक्ख धातुको प्रयोग त्यही अर्थमा गरिएको छ जसको अर्थ विहारमा तेल माखना (तेल धस्नु वा तेल लगाउनु) हुन्छ ।**

**२. तित्तिरजातक -जातक ३७ ; ११७ ; ३१९ ; ४३८ ।**

Downloaded from http://www.dhamma.digital

उनीहरुले आ-आफ्नो मतको अनुसार शाश्वत आदि दृष्टिहरु (मन्तव्यहरु) बताए ॥२६८–२६९॥ राजाले ती सब मिथ्या दृष्टि भएकाहरुको प्रव्रज्या छिन्यो ॥ यसरी निकालिएका भिक्षुहरुको संख्या साठी हजार थियो ॥२७०॥

राजाले धार्मिक भिक्षुहरुसित सोध्यो – "सुगत (बुद्ध) को वाद के थियो ?" उनीहरुले उत्तर दिए, "विभज्जवादी[1] (विभज्यवादी)[1] थियो" । त्यतिबेला राजाले स्थविर मोग्गलिपुत्र स्थविरलाई सोध्यो, "भन्ते ! के सम्बुद्ध विभज्जवादी थिए ?" उनले उत्तर दिनुभयो, "हो उहाँ विभज्जवादी हुनुहुन्थ्यो"। त्यसपछि राजा खुशी भएर स्थविरलाई भन्यो –"अब संघ शुद्ध भएको छ । त्यसैले संघको उपोसथ गराउनुहोस्" ॥ संघको रक्षाको व्यवस्था गरेर राजा नगरमा फर्केर गयो । त्यतिबेला सारा संघ एकत्र भएर उपोसथ गरे ॥२७१–२७४॥

स्थविरले वहुसंख्यक भिक्षुसंघबाट एक हजार बुद्धिमान्, षडअभिज्ञ, त्रिपिटक जान्ने र पटिसम्भिदा[2] प्राप्त भिक्षुहरुलाई सद्धर्म संग्रह गर्नका लागि छान्नुभयो र उनीहरुसित बसेर **अशोकाराममा सद्धर्म संग्रह** (संगीति) गर्नुभयो ॥२७५–२७६॥ **महाकाश्यप** स्थविरले र यश स्थविरले जसरी ती दुई धर्म संगीति गराउनुभयो, उसरी नै तिष्य स्थविरले पनि त्यो तेस्रो धर्मसंगीति गराउनुभयो ॥२७७॥

स्थविरले त्यो संगीतिमा अरु मतकालाई मर्दन गर्नको लागि **कथावस्तु-प्रकरण**[3] (कथावत्थुपकरण) प्रतिपादन गर्नुभयो ॥२७८॥

यसरी महाराज अशोकको संरक्षतामा एक हजार भिक्षुहरुले नौ महिनामा त्यो तेस्रो संगीति समाप्त गरे ॥२७९॥ राजाको (शासनको) सत्रौं वर्षमा ७२ वर्ष उमेर पुगेको स्थविरले महाप्रवारणाको त्यो संगीति विसर्जन गर्नुभयो ॥२८०॥

संगीतिको समाप्तिमा धर्मको स्थापना गर्दा साधुवाद दिन पृथ्वी कम्पित भयो ॥ २८१॥

जब कृत्यकृत्य स्थविरले श्रेष्ठ मनोज्ञ ब्रह्मलोकलाई तुच्छ सम्झिएर, छोडेर सद्धर्मको हितको लागि संसारमा जन्म लिनुभयो भने फेरि अर्को कुनै दोस्रो छ जो सद्धर्म कृत्यमा प्रमाद गर्छ ?

सज्जनहरुको प्रसाद र वैराग्यको लागि रचित महावंशको 'तृतीय (धर्म) संगीति' नामको पञ्चम परिच्छेद ।

---

**१. विभज्जवादी (विभज्यवादी) थेरवाद – जसलाई हीनयान पनि भन्दछ किनकि सर्वास्तिवाद आदि धेरै शाखाहरु छन् जसबाट अलग गर्नको लागि पालि बौद्धधर्मलाई विभज्जवाद भन्दछ जसको अर्थ हुन्छ विभाजन गरेर ग्रहण गर्नु ।**

**२. पटिसम्भिदा – (१) अर्थज्ञान (२) धर्मज्ञान (३) निरुक्तज्ञान र (४) प्रतिभान ज्ञान ।**

**३. कथावस्तु प्रकरण – अभिधर्मपिटक अन्तर्गतका सात ग्रन्थहरुमध्येको पाँचौं ग्रन्थ – द्रष्टव्य १–३० ।**

Downloaded from http://www.dhamma.digital

# षष्ठपरिच्छेद

## विजय आगमन

प्राचीनकालमा **वंगदेश**[1]को वंग नगरमा एकजना वंग राजा थियो ॥१॥ **कलिङ्ग राजा**की छोरी उसकी रानी थिइन् । त्यो रानीबाट राजाको एउटी छोरी भयो जसको बारे ज्योतिषीहरुले भने, "यसको सहवास मृगराज (सिंह) सित हुनेछ" ॥२॥ त्यो विछट्टै राम्री तथा अत्यन्त काम परायण थिइन् ॥ त्यो घृणित कन्याले राजा र रानीलाई लज्जित बनायो ॥३॥

स्वच्छन्द जीवन बिताउन सुखको इच्छाले एक्लै त्यो घरबाट निस्किइन् र चूपचाप लागेर **मगध** जाने **बञ्जाराहरु**[2]कोसाथ लागेर गइन् । **लाल**[3] (लाटं) देशको जंगलमा सिँहले ती व्यापारीहरुमाथि आक्रमण गऱ्यो । त्यतिबेला ती सबै अर्कैतिर भागे तर त्यो राजकुमारी जतातिरबाट सिंह आएको थियो त्यतैतिर भागिन ॥५॥

शिकारको लागि जाँदै गरेको सिंह, टाढैबाट त्यसलाई देखेर, त्यो मोहित भयो । अनि कान तलतिर गरेर, पुछर हल्लाउँदै, त्यसको छेउमा गयो ॥६॥ त्यसले सिँहलाई देख्दा ज्योतिषीहरुले भनेको कुरो सम्भना गरिन् र नडराइकन प्यारो मान्दै त्यसको शरीर स्पर्श गर्दै सुमसुम्याउन लागिन् ॥७॥ त्यसको स्पर्शले अत्यन्त अनुरक्त भएर सिँहले त्यसलाई आफ्नो पिठयूँमा राखेर गुफामा लिएर गयो अनि त्यहाँ लगेर त्योसित सहवास गऱ्यो । ऊसितको सहवासले समयमा राजकुमारीको जमल्याहा नानी – एउटा छोरो र एउटी छोरी भयो ॥८–९॥ छोरोको हात खुट्टा सिँहको जस्तो थियो त्यसैले त्यसको नाम **सिँहवाहु** र छोरीको नाम **सिँहसीवली** राखे ॥१०॥

सोन्ह वर्षको भएपछि छोरोले आमामथि शङ्का गऱ्यो, "मुमा ! तिम्रो र हाम्रो बाबुको रुप किन एकै छैन ?" आमाले छोरोलाई सबै कुरा बताइदिइन् । छोरोले भन्यो, "त्यसो भए हामी यहाँबाट किन नजाने ?" आमाले उत्तर दिइन्,

---

**१. वंगदेश -वंगाल ।**

**२. बञ्जाराहरु-मूलमा सत्थ (संस्कृत, सार्थ) हो, जसको लागि उर्दू शब्द कारवां. (यात्रुहरुको समूह) विशेष उपयुक्त हुन्छ ।**

**३. लाल (लाट)-मध्य र दक्षिण गुजरात (एपिग्राफिका इण्डिका भाग ४; पृ० २४६ ।**

Downloaded from http://www.dhamma.digital

"तेरो बाबुले गुफाको ढोकामा ढुङ्गा राखेर बन्द गरिदियो" ॥१२॥ त्यो केटाले त्यो गुफाको गह्रौं ढुङ्गा आफ्नो काँधमा राखेर एकै दिनमा पचास योजन गयो र फर्किएर आयो ॥१३॥

एक दिन जब सिँह शिकारको लागि गएको थियो सिहबाहुले आमालाई दाहिने काँधमा र बहिनीलाई बायाँ काँधमा बसाएर त्यहाँबाट तुरुन्त निक्लिएर भागे ॥१४॥ शरीरलाई रुखको हाँगा र पातहरुले छोपेर तिनीहरु एउटा सीमाना पारिको गाउँमा पुगे। त्यहाँ त्यो समयमा राजकुमारीको मामाको छोरो [1] बस्थ्यो ॥१५॥ त्यो **वंगराज**को सेनापति त्यहाँ सीमानाको जग्गा सुधार्नको लागि आएको थियो अनि त्यो समयमा वरको रुखको फेदमा बसेर काम गराउँदै थियो ॥१६॥

उनीहरुलाई आउँदै गरेको देखेर सेनापतिले सोध्यो, उनीहरुले भने, "हामीहरु वनका वासी हौं"। सेनापतिले उनीहरुलाई वस्त्र दिलाइदियो। वस्त्र धेरै मोल पर्ने थियो। पातमा भात दिन लगायो। उनीहरुको पुण्यको प्रतापले ती पातहरु सुनको पात बन्यो ॥१६–१८॥ सेनापतिले अचम्म मानेर सोध्यो, "तिमीहरु को हौ ?" राजकुमारीले आफ्नो जात र गोत्र बताइदिइन् ॥१९॥ त्यतिबेला सेनापतिले - आफ्नो फुपूको बहिनीलाई **वंग** नगर लिएर गयो र आफ्नी श्रीमती बनायो ॥२०॥

उता सिँह गुफामा फर्किएर आउँदा तीनैजनालाई नदेखेर छोरा छोरीको शोकले दु:खित भएर त्यसले न केही खायो न पियो ॥२१॥ ती नानीहरु खोज्दै त्यो सीमानाको गाउँहरुमा पुग्यो। जुनजुन गाउँहरुमा गयो ती ती गाउँहरु खाली हुन लागे ॥२२॥ सीमाना छेउमा बस्ने मानिसहरुले राजाकहाँ निवेदन गरे "महाराज ! तिम्रो राष्ट्रको एउटा सिँहले धेरै दु:ख दिइरहेको छ। त्यसलाई रोक्नुहोस्" ॥२३॥

त्यसलाई रोक्ने कोही भेटेन। त्यतिबेला राजाले हात्तीको काँधमा **एक हजारमुद्रा** राखेर त्यसलाई नगरमा घुमायो अनि साथै घोषणा गरायो, "जसले सिँहलाई समातेर ल्याउन सक्छ, उसले त्यो रुँपियाँ लिन सक्छ"। त्यसै गरी दुई हजारको, तीन हजारको घोषणा गरायो। **सिँहबाहु**लाई उसकी आमाले दुईपटक रोकिन् तर तेस्रोपटक आमाको आज्ञाबिना उसको बाबुलाई मार्नको लागि तीन हजार रुपियाँ लियो ॥२४–२६॥ मानिसहरुले कुमारलाई राजाको साम्‌ु लिएर गए। राजाले कुमारलाई भन्यो, "यदि तैंले सिँहलाई समातिस भने म तँलाई त्यही राज्य दिनेछु" ॥२७॥

त्यो (= सिँहबाहु) गुफाको ढोकामा पुग्यो। टाढैबाट पुत्रस्नेहको कारण सिँह छेउमा आउँदै गरेको देखेर त्यसले सिँहलाई मार्नको लागि वाण हान्यो ॥२८॥

---

**१. मामाको छोरो –त्यसको नाम अनुरक्ख थियो (महावंश टकिा)।**

Downloaded from http://www.dhamma.digital

वाण त्यसको टाउकोमा लाग्यो । तर सिँहको मनमा मैत्रीको भावना हुनाको कारण (वाण) फर्किएर आएर कुमारको खुट्टाको छेउमा भुइँमा खस्यो ॥२९॥ तीनपटक यस्तै भइरहयो त्यतिबेला सिँहलाई रिस उठ्यो । त्यसले चौथोपटक हानेको वाण त्यसको शरीर छेँडेर पार भयो ॥३०॥ कुमारले केसर[1] सहितको सिँहको टाउको लिएर आफ्नो नगरमा पुग्यो ॥ त्यो समयमा **वंगराज** मरेको एक हप्ता भइसकेको थियो ॥३१॥

राजा निसन्तान थियो । सिँहबाहुको वीरताले खुशी थियो । त्यसमाथि पनि जब उनीहरुले उसलाई राजाको नाति भनेको सुने अनि उसकी आमालाई चिने तब सबै मन्त्रीहरु एकत्रित भएर एकमतले कुमार **सिँहबाहुलाई** भने, "तिमी राजा हुनू" ॥३२–३३॥ त्यसले त्यो राज्य ग्रहण गरेर आफ्नी आमाको श्रीमान्लाई दियो आफू **सिँहवली**लाई लिएर आफु जन्मिएको ठाउँमा गयो ॥३४॥ त्यहाँ उसले नगर बसायो, जसको नाम **सिँहपुर**[2] भयो अनि त्यसको दायाँ वायाँ सय योजनसम्म गाउँ बसायो ॥३५॥

**लाल** (लाट) देशको त्यो नगरमा राजा सिहबाहु, सिँहवलीलाई आफ्नी रानी बनाएर राज्य गर्दै बस्यो ॥३६॥ समय आएपछि त्यो रानीको सोऱ्हपटक जम्ल्याहा छोरा भयो, जसमा ठूलो **विजय** र सानो **सुमित्र** थियो । तिनीहरु बत्तीसजना थिए । 'राजाले केही दिनपछि **विजय**लाई युवराज अभिषिक्त गऱ्यो । ॥३७–३८॥

**विजय** र उसको साथी खराब आचरणका थिए । उनीहरुले सहनै नसक्ने धेरै खराब काम गरे । प्रजाहरु रिसाएर राजालाई पुकारा गरे । राजाले उनीहरुलाई आश्वासन दिएर आफ्नो छोरोलाई सम्भ्फायो । त्यसपछि  दोस्रो तेस्रोपटक पनि त्यस्तै भयो ॥ त्यतिबेला मानिसहरु धेरै रिसाएर राजालाई भने, "आफ्नो छोरालाई मार" ॥४१॥ राजाले **विजय** र उसका सात सय साथीहरुको आधा कपाल खौरिदिएर उनीहरुलाई पानी जहाजमा राखेर समुद्रमा छोडिदियो साथै उनीहरुको श्रीमती र नानीहरु पनि ॥४२–४३॥ ती लोग्ने मानिसहरु, स्वास्नी मानिसहरु र नानीहरु भिन्नभिन्न टापूमा पुगेर उत्रिए अनि त्यहीँ बसे ॥४४॥ जुन टापूमा नानीहरु पुगेर उत्रिए त्यसको नाम **नग्ग (नग्न) द्वीप** रह्यो । जुन द्वीपमा स्वास्नीमानिसहरु उत्रिए त्यसको नाम महिला द्वीप रह्यो ॥४५॥ कुमार **विजय सुप्पारक पट्टन**[3]मा उत्रियो ॥ तर आफ्नो साथीहरुको उद्दण्डताले डराएर त्यसले फेरि डुङ्गामा चढ्नुपऱ्यो ॥४६॥

---

**१. केसर -सिँहको गर्धनको केश ।**

**२. सिहपुर -काठियावाडको वाला (पुरानो वलभी) छेउको आधुनिक सिहोर ।**

**३. सुपारक पट्टन -सोपारा, जिल्ला थाना; बम्बईदेखि ३७ माइल उत्तर तथा बसई (बसीन) देखि भ्फण्डै चार माइल उत्तरपूर्व, जहाँ अशोकको एउटा लेख खण्ड पनि पाइएको छ ।**

Downloaded from http://www.dhamma.digital

स्थिरमतीको **विजयकुमार** लङ्कामा **ताम्रपर्णी** नामक ठाउँमा उसै दिन उत्रियो जुन दिन कुशी नगरमा भगवान् बुद्धले निर्वाण पाउनको लागि जोडी सालको रुखको बीचमा सुत्नुभयो ॥४७॥

सज्जनहरुको प्रसाद र वैराग्यको लागि रचित महावंशको 'विजयागमन' नामक षष्ठ परिच्छेद ।

---

प्राचीनकालमा यो " अपरान्त " देशको प्रधान नगर र पश्चिम समुद्रको सबैभन्दा उत्तम नगर थियो ।

१. ताम्रपर्णी - सम्भवतः मलवत्त ओय (नदी) को दक्षिणको बन्दर ।

Downloaded from http://www.dhamma.digital

# सप्तम परिच्छेद

## विजयाभिषेक

सबै मानिसहरुको हित गरेर, परम शान्ति प्राप्त गरेर, लोकनायक (भगवान् बुद्ध निर्वाण प्राप्तिको लागि परिनिर्वाण शय्यामा सुत्नुभएको थियो । त्यो समयमा महामुनिको छेउमा धेरैको संख्यामा देवताहरु आएका थिए । वक्ताहरुमा श्रेष्ठ भगवान्‌को छेउमा उभिएका **इन्द्र**लाई भने, "**लाक** (**लाट**) देशका राजा **सिँहबाहु**को छोरो विजय सिँह सात सय अनुयायीहरुका साथ अहिले **लंका** पुगेको छ । देवेन्द्र ! **लंका**मा मेरो धर्म स्थापित हुन्छ । त्यसैले तिमीले, **विजय**, उसको अनुयायीहरु र **लंका**को रक्षा गर्नू " ॥४॥

देवेन्द्रले तथागत भगवान्‌को वचन आदरपूर्वक सुनेर, लंकाको रक्षाको दायित्व विष्णु (उत्पलवर्ण देवता) लाई सुम्पिदियो ॥५॥ **इन्द्रले** भन्ने बित्तिकै देवता, तुरुन्त **लंका** पुगेर, सन्न्यासीको भेष धारण गरेर रुखको फेदमा बस्यो ॥६॥ **विजय** तथा उसका अनुयायीहरुले त्यो देवता भएको ठाउँमा गएर सोधे, "भन्नुहोस् त देव ! यो कुन द्वीप हो ?" देवताले उत्तर दियो "लंकाद्वीप" अनि भन्यो, "यहाँ कुनै मानिस छैन । तिमीलाई कुनै डर लाग्दैन" । यति भनेर कमण्डलुबाट पानी लिएर विजयमाथि छर्केर, उनको हातमा सूत्र[1] बाँधेर आकाश मार्ग भएर गयो ।

उनीहरुको अगाडि कुकुर्नीको शरीर धारण गरेकी नोकर्नी[2] यक्षिणी देखापरी ॥७–९॥ उनीहरुमध्ये एकजनालाई **विजय**ले मनाइ गर्दा पनि कुकुर्नीको पछि लागेर गयो । उसले सोच्यो, "जहाँ गाउँहरु हुन्छन् त्यहाँ कुकुरहरु हुन्छन् " ॥१०॥

त्यस (कुकर्नीको भेषमा नोकर्नी) की मालिकनी एक **कुवर्णा** नामकी यक्षिणी थिइ । त्यो तपस्विनीले जस्तो रुखको मुनि बसेर रुवा बटारेर धागो कातिरहेकी थिइ ॥११॥ त्यो पोखरी र त्यसको छेउमा बसेकी तपस्विनीलाई देखेर उसले त्यहाँ नुहायो अनि पानी खायो । तर जब त्यो पोखरीबाट कमलको डाँठहरु र तिनमा पानी लिएर जानको लागि उठ्यो त्यतिबेला तपस्विनीले भनी, "पख ! तँ मेरो आहार हो" । त्यतिबेला त्यो मान्छे बन्दीजस्तो भएर त्यहीं बसिरह्यो ॥१२–१३॥ त्यो रक्षासूत्रको प्रभावको कारण

---

**१. सूत्र -रक्षा बन्धन ।**
**२. नोकरनी -कुवर्णाकी सीसपातिका नामकी नोकरनी थिई (टीका) ।**

Downloaded from http://www.dhamma.digital

त्यसले खान सकिन । त्यो मान्छेले यक्षिणीले माग्दा पनि त्यो सूत्र दिएन ॥१४॥ यक्षिणीले त्यो मान्छे जति नै चिच्च्याए पनि त्यसलाई समातेर सुरुङ्गभित्र जाकिदिई । यसरी एकएक गरेर त्यसले (विजयको) सात सय मान्छेहरुलाई त्यहीँ सुरुङ्गमा जाकिदिइ ॥१५॥

ती सबै फर्किएर नआउँदा, डरले शंकित भएको **विजय** पाँचवटै हतियार बाँधेर[1] तिनीहरुलाई खोज्न गयो । त्यो सुन्दर तलाउको नजिक कुनै मान्छेको पाइलाको चिन्ह नदेखेर र त्यो तपस्विनीलाई त्यहाँ बसेको देखेर उसले सोच्यो, "यसले निश्चय पनि मेरा नोकरहरुलाई बन्दी बनाएर राखेकी छे" । त्यतिबेला उसले सोध्यो, "भन्नुहोस् त ! तिमीले मेरा नोकरहरु देख्यौ ?" त्यसले भनी, "राजपुत्र ! नोकरहरुबाट के लिनुछ र ? पानी खाऊ अनि नुहाऊ" ॥१६–१८॥

"यो यक्षिणी हो, किनकि यसले मेरो जन्म गोत्र (जाति) जान्दछे," भनेर निश्चय गरेर राजकुमारले तुरुन्त आफ्नो नाम सुनाएर, धनुमा वाण चढाएर, नजिकै आयो ॥१९॥ त्यसपछि वाणको डोरीले त्यसको गर्धनको वरिपरि बेरेर, बायाँ हातले त्यसको केश, दायाँ हातले तरवार लिएर भन्यो, "दासी ! मेरा नोकरहरु दे, नदिने भए तँलाई मारिदिन्छु" । भयभीत भएर त्यो यक्षिणीले प्राणको भिक्षा मागी –"स्वामी ! मेरो जीवन बचाइदेऊ, म तपाईलाई राज्य शासनको हक दिन्छु । तपाईंको लागि स्त्रीजातिले गर्ने काम (स्त्रीकृत्य) र अरु सम्पूर्ण काम गरिदिनेछु" ॥२०–२२॥ काम पक्का गर्नको लागि राजकुमारले प्रतिज्ञा गर्न लगायो र उसले मेरा नोकरहरु छिटो ल्याऊ भन्दा यक्षिणीले लिएर आई ॥२१॥

राजकुमारले 'यी मानिसहरु भोकै छन् ' भन्दा यक्षिणीले उनलाई डुङ्गामा राखेका चामल र विविध प्रकारका धेरै खाद्य पदार्थ देखाइ । ती सब माल व्यापारीहरुको थियो जसलाई उसले, मारेर खाएकी थिई ॥२४॥ नोकरहरुले भात र व्यञ्जन (दाल, तरकारी, भाजी, अचार ) बनाएर पहिले राजकुमारलाई खुवाए त्यसपछि सबैले खाए ॥२५॥

विजयलाई भनेर दिएको पहिले पस्किएको भोजन खाँदा यक्षिणी खुशी भई । त्यतिबेला सबै गहनाहरु लगाएकी सोन्ह वर्षकी केटीको सुन्दर रुप धारण गरेर राजकुमारको छेउमा आइ । त्यसले रुखको फेदमा एउटा दामी ओछ्यानको व्यवस्था गरी । त्यसको चारैतिर लुगाको बार र माथि च्यादर राख्न लगाई । यी सब देखेर राजकुमारले भविष्यमा हुने कुराको ख्याल गर्दै यक्षिणीसित सहवास गरेर त्यो ओछ्यानमा आनन्दसँग सुत्यो । उसको सबै नोकरहरु लुगाको बारलाई घेरेर सुते ॥२६–२७॥

राती उसले बाजा र गीतको आवाज सुनेर सँगै सुतेकी यक्षिणीलाई सोध्यो, "यो के को आवाज हो ?" सबै राक्षसहरुलाई मार्न लगाएर स्वामीलाई राज्य दिनु छ ॥३०॥

---

**१. हतियार बाँधेर – तरवार, तीरकमान, परशु (फरसा), भाला र ढाल् – यी पाँच हतियार हुन् ।**

Downloaded from http://www.dhamma.digital

नत्र राक्षसहरुले मानिसहरुलाई लंकामा बसाउनाको कारणले मलाई मार्नेछन् ।" यो सोंचेर त्यसले राजकुमारलाई भनी – "स्वामी ! यो **सिरीसवत्थु** नामको यक्षहरुको नगर हो । **लंका** नगरवासी मुख्य यक्षको कन्यालाई यहाँ ल्याइएको छ । त्योसँगै त्यसकी आमा पनि आएकी छिन्[1] । उसैको विवाह मंगलमा सात दिनदेखि महोत्सव भइरहेको छ । यो उसैको शब्द हो । किनकि यहाँ धेरै मानिसहरु एकत्र भएका छन् ॥३१–३४॥ आजै यक्षहरुलाई मार्नुहोस्, नत्र फेरि हुन सक्दैन" । उसले भन्यो, "त्यो अदृश्यलाई म कसरी मारुँ ?" ॥३५॥ यक्षिणीले भनी, "जहाँ तिनीहरु हुन्छन् म त्यहाँ आवाज निकाल्छु, तपाईले त्यो शब्दमा प्रहार गर्नुहोस् । मेरा मन्त्रको प्रहारले हतियार उनीहरुको शरीरमै गएर लाग्नेछ" ॥३६॥

यो कुरो सुनेर राजकुमारले त्यसै गऱ्यो । सारा यक्षहरुलाई मारेर विजय प्राप्त गऱ्यो । त्यतिबेला यक्षहरुको राजाको पोशाक आफैंले लगाएर बाँकी पोशाक आफ्ना अनुयायीहरुलाई लगाउन दियो । केही दिन बसेर त्यसपछि त्यो **ताम्रपर्णी** (तम्बपण्णी) भनेको ठाउँमा आयो ॥३७–३८॥ त्यहाँ **विजयले ताम्रपर्णी** नगर बसाएर यक्षिणी र मन्त्रीहरुसहित बास गऱ्यो ॥३९॥ जब **विजय** र उनका मानिसहरु नाउँबाट देशमा उत्रिए त्यतिबेला थकाई लागेर भुँइमा हातले टेकेर बसे ॥४०॥ तामाको रङको माटोको स्पर्शले उनीहरुको हात तामा (तम्बपण्णी) जस्तै भए । त्यसैले त्यो प्रदेश र द्वीपको नाम **ताम्रपर्णी** (तम्बपण्णी) रहन गयो ॥४१॥ राजा सिँहबाहुले **सिँह** मारेर ल्याएको थियो । त्यसैले त्यो ठाउँको नाम **सिँहल** (सिह+ल) कहलियो तथा त्यसैको सम्बन्धले ती सबै लंकावासी **सिँहल** भए ॥४२॥

धेरै ठाउँमा विजयको **मन्त्रीहरुले** गाउँ बसाए । **अनुराधग्रामगई** त्यही नामको कुनै मन्त्रीले **कदम्ब**[2] नदीको नजिक गाउँ बसायो ॥४३॥ **अनुराध (ग्राम)** देखि उत्तरमा पर्ने **गम्भीर**[3] नदीको किनारमा उपतिष्य पुरोहितले **उपतिष्य ग्राम** बसायो ॥४४॥ तीनजना मन्त्रीहरुले अलग अलग **उज्जैनी, उरुबेला**[4] अनि **विजितपुर**[5] नामको तीन नगर बसाए ॥४५॥

---

**१. माता पनि आएकी छिन् - पालि टीकाकारले बालिकाकी नाम 'पोलमित्ता' ; बालिकाकी आमाको नाम 'गोण्डा', बालिकाको बाबुको नाम 'महाकालसेन' भनेर लेखेको छ ।**

**२. कदम्ब -वर्तमान मलवत्तु ओय ।**

**३. गम्भीर नदी - सम्भवत : अनुराधपुरदेखि सातआठ माइल उत्तरमा पर्ने वर्तमान योदिएल ।**

**४. उरुबेला -सम्भवतः 'मदरगम अरु ' को मुहानको छेउको मरिच्चुकट्टि ।**

**५. विजितपुर -जनश्रुतिअनुसार अनुराधपुरदेखि चौबीस माइल दक्षिण कालवापी (कलवेव) तालको छेउको वर्तमान विजितपुर ।**

Downloaded from http://www.dhamma.digital

राज्य बसाई सकेपछि, सबै मन्त्रीहरु एक ठाउँमा भेला भएर राजकुमारलाई भने, “स्वामी ! अब तपाई राज्याभिषिक्त हुनुहोस्” ॥४६॥ यसो भन्दा, राजकुमारले एकजना क्षत्रिय महारानीबिना आफ्नो राज्याभिषेक गर्न चाहेन ॥४७॥ तर स्वामीको अभिषेकको लागि अति नै इच्छुक, दुःसाध्य कार्यहरुमा पनि डर नमानी अतिक्रमण गरिसकेका स्वामीभक्त मन्त्रीहरुले धेरै मानिसहरुलाई मणिमुक्ताहरुको अमूल्य उपहारसहित दक्षिण **मधुरा**[1] (मथुरा) नगरतर्फ पठाए । त्यहाँदेखि स्वामीको लागि **पाण्डुराजकी** राजकन्या तथा मन्त्रीहरु, अरु सबै मानिसहरुको लागि कन्याहरु विवाहको लागि लिएर आए ॥५०॥

ती दूतहरु नाउबाट **मधुरा**नगर चाँडै पुगेर त्यो पत्र र उपहार राजालाई समर्पित गरे ॥५१॥ राजाले मन्त्रीहरुसित सल्लाह लिएर आफ्नी छोरीलाई लंका पठाउन निश्चय गरे । त्योसँगै अरु मन्त्रीहरुको लागि अरु पनि सयभन्दा केही कम कन्याहरु पाइएकोले ढोल पिटन लगाए, “जसले आफ्नी छोरी **लंका** पठाउन चाहन्छ, उसले दुई जोर लगाउने लुगासहित उसलाई घरको ढोकाछेउमा तयारी हालतमा राख्नुहोला । त्यो चिन्हले पठाउने इच्छा रहेको जानेर हामी ग्रहण गर्नेछौं” ॥५४॥

यसरी धेरै कन्ये केटीहरु पाएपछि उनीहरुको परिवारहरुलाई धनादिले खुशी पारी आफ्नी छोरीहरुलाई सबै गहना र अरु आवश्यक सामानले सम्पन्न गर्न लगाई, अरु कन्ये केटीहरुलाई पनि योग्यताअनुसार सत्कार गरी, राजाले उसलाई लंकाको राजाको लागि उपयुक्त हात्ती, घोडा, रथ र अठारका एक हजार कालिगड (शिल्पी) परिवार साथमा दिएर, पत्रसहित शत्रुजित **विजय**कहाँ पठायो ॥५७॥ तिनीहरु सबै नाउबाट **महातीर्थ**[2] भन्ने ठाउँमा पुगे ॥५८॥ त्यहाँ पुगेर नाउबाट ओर्लिएको हुनाले त्यो ठाउँको नाम महातीर्थ रह्यो ॥५८॥

त्यो यक्षिणीबाट **विजय**को एउटा छोरो र एउटी छोरी भयो । राजकन्याको आगमन हुने कुरो सुनेर विजयले यक्षिणीलाई भन्यो – “अब तपाई यी दुई नानीहरु यहीं छोडेर जानुहोस् । किनकि मानिसहरु अमनुष्यहरु (यक्षहरु)देखि सँधै डराउँछन्” ॥६०॥ यो कुरो सुनेर यक्षहरुको डरले यक्षिणी डराइन् ॥ त्यतिबेला राजकुमारले भन्यो – “चिन्ता नगर, म तिमीलाई एक हजारको (खर्चले) खानेथोक (वलि) दिन लगाउँछु” ॥६१।

बारम्बार त्यो यक्षिणीले याचना गरी तर अस्वीकृत भयो । बाध्य भएर त्यो यक्षिणी यक्षहरुदेखि डराउँदै भए पनि आफ्नो दुई सन्तान साथमा लिएर **लंका नगर** आइ ॥६२॥ नानीहरुलाई एक ठाउँमा राखेरर ऊ आफु मात्र लंका नगरमा गइ ।

---

**१. मधुरा -आधुनिक मदुरा ।**

**२. महातीर्थ -मनार द्वीपअगाडिको वर्तमान मन्तोट ।**

Downloaded from http://www.dhamma.digital

यक्षहरुले उसलाई चिने अनि भेदाहा (गुप्तचर) सम्भिएर रिसाए । एउटा निष्ठुर यक्षले यक्षिणीलाई एक हातको प्रहारले नै मारिदियो ॥६३–६४॥

त्यही समयमा त्यस यक्षिणीको मामाले नगरदेखि बाहिर जाँदै गरेको समयमा ती दुई नानीहरुलाई देखेर सोध्यो, "तिमीहरु कसका छोराछोरी हौ ?" यो प्रश्न सुनेर "कुवर्णाका हौं" भनेर जवाफ दिए । त्यसले भन्यो, "तिमीहरुको आमालाई त्यहाँ मारिदिएको छ । तिमीहरुलाई पनि देख्यो भने मार्नेछ, यसकारण तिमीहरु यहाँबाट भागिहाल" ॥६६॥ त्यतिबेला तिनीहरु तुरुन्त भागेर **सुमनकूट पर्वत**[१]मा गए । ठूलो भएपछि दाइले आफ्नै बहिनीसित सहवास गऱ्यो ॥६७॥ छोरा नाति बढेर उनीहरुको वंश त्यहीं **मलय प्रदेश**[२]मा राजाको आज्ञाले बस्न लागे । यहीबाट **पुलिन्दहरु**[३] को उत्पत्ति भयो ॥६८॥

**पाण्डुराजा**का दूतहरुले उपहार र अरु कन्याहरुका साथ राजकुमारी **विजय**कुमारलाई अर्पण गरिदिए ॥६९॥ **विजयले** दूतहरुलाई आदर सत्कार गरेर ती कन्याहरु योग्यताअनुसार मन्त्रीहरुलाई र अनि अरु मानिसहरुलाई दियो ॥७०॥ सबै मन्त्रीहरु मिलेर **विजयलाई** विधिअनुसार राज्यमा अभिषिक्त गरे अनि महोत्सव मनाए ॥७१॥ त्यतिबेला राजा **विजय**कुमारले पाण्डुराजकी छोरीलाई सिगारेर राजमहिषी पदमा अभिषिक्त गऱ्यो ॥७२॥ **विजयले** मन्त्रीहरुलाई धेरै धन दियो र आफ्नो ससुरोलाई उसले प्रत्येक वर्ष दुई लाख मूल्यको शंख मोती पठाइरह्यो ॥७३॥

आफ्नो पहिलेको खराब आचरण त्यागेर धर्मपूर्वक लंकामा शासन गर्दै **विजय** नरेन्द्रले **तम्बपण्णी** नगरमा अड्तीस वर्ष राज्य गऱ्यो ॥७४॥

सज्जनहरुको प्रसाद र वैराग्यको लागि रचित महावंशको 'विजयाभिषेक' नामक सप्तम परिच्छेद ।

---

**१. सुमनकूट पर्वत -ऐडम पीक द्रष्टव्य (१-३३) ।**

**२. मलय प्रदेश-लंकाको मध्यवर्ती पहाडी प्रदेश ।**

**३. पुलिन्द -लंकाको जंगली जाति । यिनीहरुलाई आजकाल वेद्दा (सस्कृत 'व्याध') भन्दछन् ।**

Downloaded from http://www.dhamma.digital

# अष्टम परिच्छेद

## पाण्डुवासुदेवको राज्याभिषेक

आफ्नो अन्तिम वर्ष आएपछि महाराज **विजय**ले सोच्यो, "म बूढो भइसकें, मेरो छोरो छैन । यो मैले दुःख गरेर बसाएको राज्य, म मरे पछि नष्ट भएर जानेछ । यसको रक्षाको लागि म आफ्नो भाइ **सुमित्र** (सुमित्त) लाई बोलाउँछु" ॥१–२॥ आफ्ना मन्त्रीहरुसित सल्लाह गरेर, उसले आफ्नो भाइलाई पत्र लेखेर पठायो । तर पत्र लेखेर पठाएको केही दिनपछि भाइको स्वर्गवास भयो ॥३॥ उसको मृत्यु भएपछि क्षत्रिय राजकुमारको आगमनको प्रतीक्षा गर्दै बसेका मन्त्रीहरुले **उपतिष्य ग्राममा** बसेर राजकाज चलाए ॥२४॥ **विजय**को मृत्युदेखि लिएर राजकुमारको आगमनसम्म एक वर्ष **लंका** द्वीप राजाबिना रह्यो ॥५॥

त्यहाँ **सिंहपुर**[१]मा राजा **सिंहबाहु** मरेपछि उसको छोरो **सुमित्र** राजा भयो । **मद्द**[२] (मद्र) 'को राजाकी छोरीबाट सुमित्रका तीन छोरा थिए । दूतहरुले **सिंहपुर** पुगेर राजालाई पत्र दिए ॥६–७॥ पत्रमा लेखेको कुरो सुनेपछि राजाले आफ्ना तीनैजना छोराहरुलाई बोलायो र भन्यो, "बाबुहरु हो, म अब बूढो भइसकें तिमीहरुमध्ये कुनै एक छोरो मेरो भाइकहाँ सुन्दर, धेरै गुणहरुले युक्त **लंका** जाऊ र ऊ मरेपछि त्यहीं बसेर राम्रोसित राज्य गर" ॥८–९॥

सबैभन्दा कान्छो राजकुमार **पाण्डुवासुदेव**ले "म जान्छु" भन्दा यात्राको बारेमा ज्योतिषीहरुको इच्छा जानेर, बाबुको आज्ञाले मन्त्रीहरुका बत्तीस छोराहरुका साथ लिएर सन्न्यासीको भेषमा डुङ्गामा चढ्यो ॥१०–११॥ तिनीहरु सबै **महाकन्दर**[३]को मुहानमा उत्रिए ॥ सन्न्यासी देखेर मानिसहरुले उनीहरुलाई राम्रोसित सत्कार गरे ॥१२॥ देवताहरुद्वारा रक्षित ती मानिसहरु नगरको बाटो सोध्दै क्रमशः **उपतिष्यग्राम** पुगे ॥१३॥

---

**१. सिंहपुर - द्रष्टव्य ६-३५ ।**

**२. मद्द - रावी नदीदेखि नुनको पहाडको श्रृङ्खला (Salt Range) सम्मको प्रदेश ।**

**३. महाकन्दर -सम्भवतः आधुनिक माकंदुरु ओय ।**

Downloaded from http://www.dhamma.digital

अरु मन्त्रीहरुको परामर्शले एकजना मन्त्रीले ज्योतिषीलाई राजकुमारको आगमनबारे सोध्यो । उसले राजकुमारको आगमन र अरु कुराहरु भन्यो – "सातौँ दिनमा राजकुमार यहाँ आइपुग्नेछ । उसको एउटा वंशजले यहाँ बुद्धधर्मको स्थापना गर्नेछ" ॥१४–१५॥

सातौँ दिनमै ती सन्न्यासीहरु त्यहाँ पुगेको देखेर मन्त्रीहरुले सोधेर उनीहरुलाई चिने । त्यतिबेला उनीहरुले **पाण्डुवासुदेव**लाई **लंका** राज्य अर्पण गरे । **पाण्डुवासुदेव**ले महारानी नभएकीले राज्याभिषेक गराएनन् ॥१६–१७॥

**अमितोदन शाक्य**को एउटा छोरो **पाण्डु शाक्य** थियो । शाक्यहरुको विनाश हुने जानेर उसले आफ्नो मानिसहरु लिएर कुनै उपायले गंगापारि गयो र त्यहाँ एउटा नगर बसाएर राज्य गर्न लाग्यो । उसको सात सन्तान थियो ॥१८१९॥ **भद्रकात्यायनी** उसकी सानी छोरी थिइ । ऊ सुनौलो रङको शरीर भएकी अत्यन्त राम्री थिइ । कति मानिसहरु उसलाई बिहे गर्न इच्छुक थिए ॥२०॥ उसित बिहा गर्नको लागि सातजना राजाहरुले राजाकहाँ बहुमूल्य उपहारसमेत पठाए ॥२१॥

ती राजाहरुको डरले र ज्योतिषीहरुबाट यात्रा मंगलमय हुन्छ तथा त्यसको फल अभिषेकसम्म हुन्छ भन्ने जानेर, उसले बत्तीसजना साथीहरुका साथमा आफ्नी छोरीलाई नाउमा चढायो अनि नाउलाई **गंगा**नदीमा छोडेर भन्यो, "जसको शक्ति छ , उसले मेरी छोरी ग्रंहण गरोस् । तिनीहरुले नाउलाई पक्रन सकेन । नाउ वेगले बगेर गयो ॥२२–२३॥ अर्को दिन तिनीहरु सबै **गोण ग्राम** पुगे अनि सन्न्यासिनीहरुको भेषमा त्यहाँ उत्रिए ॥२४॥ देवताहरुद्वारा रक्षित ती महिलाहरुले नगरको बाटो सोधेर बिस्तारबिस्तार **उपतिष्य ग्राममा** पुगे ॥२५॥ ज्योतिषीको वचन सुनेर मन्त्रीहरुले जब त्यहाँ आइपुगेका महिलाहरुलाई देखे तब सबै हालखबर सोधेर उनीहरु राजालाई समर्पित गरे ॥२६॥ त्यसपछि ती शुद्ध बुद्धि भएका मन्त्रीहरुले सर्व मनोरथपूर्ण राजा **पाण्डुवासुदेव**को राज्याभिषेक गरे ॥२७॥

अत्यन्त सुन्दर रुप भएकी **भद्रकात्यायनी**लाई महारानी पदमा अभिषिक्त गरेर तथा उसित आएकी अरु कुमारीहरु आफ्ना साथीहरुलाई दिएर राजा सुखसित बस्यो ॥२८॥

सज्जनहरुको प्रसाद र वैराग्यको लागि रचित महावंशको 'पाण्डुवासुदेवाभिषेक' नामको अष्टम परिच्छेद ।

Downloaded from http://www.dhamma.digital

# नवम परिच्छेद

## अभयाभिषेक

रानीको दस छोरा र एउटी छोरी भयो । जेठो छोरोको नाम **अभय** र सबैभन्दा कान्छी छोरीको नाम **चित्रा** (**चित्ता**) राख्यो ॥१॥ मन्त्र पारंगत ब्राह्मणहरुले त्यो कन्यालाई देखेर भविष्यवाणी गरे "यसको छोरोले राज्यको लागि आफ्ना मामाहरुको हत्या गर्नेछ" ॥२॥ यो कुराले भाइहरुले सानी बहिनीलाई मार्ने निश्चय गरे । **अभयले** उनीहरुलाई रोके अनि केही दिनपछि त्यसलाई एउटा खम्बामा बनाएको घरमा राख्यो । त्यो घरको भित्र पस्ने दैलो राजाको सुत्ने कोठामा बनायो अनि रक्षाको लागि भित्र एउटी दासी र बाहिर सय मान्छेहरु राखे ॥३–४॥ त्यसको आफ्नो रुप देख्न पाउँदा मात्र पनि मान्छेहरुलाई उन्मत्त (बौलाह) बनाइदिन्थी ॥ त्यसैले उसको बोलाउने नाम **उन्मादचित्रा** (**चित्ता**) रहन गएको थियो ॥५॥

**भद्रकात्यायनी** देवी **लङ्का** जाने सुनेर आमाको प्रेरणाले एउटालाई छोडेर बाँकी छ भाइ पनि **लंका** गए ॥६॥ **लंका** गएर उनीहरुले **लंकेश पाण्डुवासुदेवको** दर्शन गरे अनि त्यसपछि आफ्नी सानी बहिनीसित भेटेर उसितै रोए ७॥ राजाले उनीहरुको आदर सत्कार गरे अनि त्यसपछि राजाको आज्ञाले त्यो लंकाद्वीपमा घुमेर इच्छानुसार बसे ॥८॥

**रामको** निवास स्थानलाई **रामगोण** भन्दछ ॥ त्यसैगरी **उरुवेला** र **अनुराधका** निवास स्थान उनीहरुको नामले प्रसिद्ध छन् । त्यसैगरी विजित, दर्घायु र रोहण नामको निवास स्थानलाई **विजित ग्राम, दर्घायु ग्राम** र **रोहण ग्राम** भनिन्छन् ॥१०॥ **अनुराधले** एउटा ठूलो ताल बनाउन लगायो अनि त्यसको दक्षिणतर्फ एउटा राजमहल बनाउन लगाएर त्यहीँ बस्यो ॥११॥

केही दिनपछि महाराज **पाण्डुवासुदेवले** आफ्नो जेठो छोरो अभयलाई उपराजपदमा अभिषिक्त गऱ्यो ॥१२॥

कुमार **दीर्घायुको** छोरो दीर्घगामणीले जब **उन्माद चित्राको** बारेमा सुन्यो त्यतिबेला उसको इच्छाले उपतिष्य ग्राम पुग्यो । त्यहाँ गएर उसले राजासित भेट गऱ्यो । राजाले उसलाई उपराजको साथ कुनै राजकाजमा नियुक्त गऱ्यो ॥१३–१४॥

Downloaded from http://www.dhamma.digital

झ्यालको अगाडि उभिएको ग्रामणीलाई देखेर अनुरक्त भइ चित्राले दासीलाई सोधी, "यो को हो ?" उसले भनी "मामाको छोरो" उसले दासीलाई त्यो काममा लगाइ । **ग्रामणीले** दासीसित मिलेर राती झ्यालमा करकट यन्त्र अड्काएर त्यो माथि चढ्यो अनि ढोका काटेर भित्र पस्यो ॥१५–१७॥ त्योसित सहवास गरेर ऊ सबेरै निक्लियो । त्यसरी ऊ सँधै गर्थ्यो । छिद्र नहुनाले त्यो कुरा प्रकट हुन पाएन ॥१८॥

ग्रामणीबाट उन्माद चित्राको गर्भ बस्यो । गर्भ परिपक्व भएपछि दासीले उसकी आमालाई सुनाइ । आमाले छोरीलाई सोधिन् र राजालाई भनिन् । राजाले छोराहरुसित सल्लाह गरेर भने, "यो पनि हाम्रा पोष्य (नोकर, सेवक) हो । यसकारण यसलाई ग्रामणीको जिम्मा लगाइदेऊ" ॥१९–२०॥ यो सोचेर, "यदि छोरो भयो भने त्यसलाई मारेर फालिनेछ " । उनीहरुले त्यसलाई त्यसैको जिम्मा लगाइदिए ॥२१॥

प्रसवकाल आएपछि उन्माद चित्रा प्रसूतिगृहमा पसी । **ग्रामणी**का दुई नोकरहरु **चित्र** (ग्वाला) र **कालवेल दास** –माथि के शङ्का गरे भने यिनीहरु नै यो कामको लागि सहायक थिए उनीहरुले प्रतिज्ञा नगर्दा, राजकुमारहरुले मार्न लगाए । मृत्युपछि ती दुवै यक्ष भए अनि उनीहरुले गर्भमा छँदा कुमारको रक्षा गरे ॥२२–२३॥

चित्राले आफ्नी दासीबाट एउटै समयमा नानी पाउने आमा थाहा लगाइराखेकी थिइ । चित्राको छोरो जन्मियो । तर अर्की स्वास्नीमान्छेकी छोरी जन्मी ॥२४॥ **चित्राले** दासीद्वारा एक हजार मुद्रासँगै आफ्नो काखको नानी पनि पठाइ र त्यसको सट्टामा त्यो अर्की स्वास्नीमान्छेकी छोरी मागेर ल्याइ र आफूसँग राखेर सुताइ ॥२५॥

जब राजकुमारहरुले "छोरी भयो" भनेको सुने त्यतिबेला सबैजना खुशी भए । आमा र बजै दुवैले बाजे पाण्डुवासुदेव र जो मामा अभयको नाम मिलाएर छोरोको नाम **'पाण्डुकाभय'** राखे ॥२६–२७॥

लंकेश्वर **पाण्डुवासुदेव**ले तीस वर्ष राज्य गर्‍यो । पाण्डुकाभयले जन्म लिँदा उसको मृत्यु भयो ॥२८॥

राजा मर्दा सबै छोराहरु एक ठाउँमा भेला भएर अभय दिने भाइ **अभय**को राज्याभिषेक बडो उत्साह लिएर गरे ॥२९॥

सज्जनहरुको प्रसाद र वैराग्यको लागि रचित महावंशको 'अभयाभिषेक' नामको नवम परिच्छेद ।

Downloaded from http://www.dhamma.digital

# दशम परिच्छेद

## पाण्डुकाभयाभिषेक

**उन्मादचित्रा**को आज्ञाअनुसार दासीले नानीलाई डालोमा राखेर **दारमंडलक[1] गाउँ** तिर हिँडी ॥१॥ राजपुत्रहरु **तुम्बर कन्दर** नामको वनमा शिकार खेल्न गएका थिए ॥२॥ उनीहरुले दासीलाई देखेर सोधे, "कहाँ जाँदैछौ ?" " यो के हो ?" ॥२॥ उसले भनी, द्वारमण्डलकतिर जाँदैछु अनि यसमा छोरीको लागि खुदोको पुवा छ" । राजकुमारहरुले भने, "तल राख त, हेरौँ" ॥३॥ त्यो नानीको रक्षाको लागि चित्र र कालवेल ( दुवै यक्षले उत्तिनै खेर एउटा ठूलो बनेल निक्लिएको देखाए । राजपुत्रहरु त्यो बनेलको पछि लागे दासीचाहिँ नानी लिएर हिँडी । त्यहाँ पुगेर उसले एकान्तमा नानी र मुद्रा नियुक्त गरेको मान्छेलाई दिइ ॥५॥ उसकी श्रीमतीको पनि उसै दिन नानी जन्मियो । "मेरी स्वास्नीको जम्ल्याहा छोरा भयो" । यो कुरो जगजाहेर गरेर उसले बालकलाई पाल्यो ॥६॥ जब त्यो सात वर्षको भयो तब उसका मामाहरुले थाहा पाए । उनीहरुले तलाउमा खेल्दै गरेका सबै बालकहरु मार्नको लागि आफ्ना मानिसहरु नियुक्त गरे ॥७॥ जब त्यो बालक पानीमा डुबुल्की लगाएर पानीमा उभिएको रुखलाई पानीले छोपेको खोक्रो टोडकोमा पस्थ्यो र धेरै बेरसम्म त्यहीँ बसिरहन्थ्यो ॥८॥ त्यसपछि उसै गरी बाहिर आउँदा जब अरु बालकहरुले सोध्थे त्यतिबेला उसले उनीहरुसित अरु अरु नै कुरा गरेर मन भुलाई दिन्थ्यो ॥९॥ मानिसहरु आउने दिन राजकुमार आफ्नो लगाउने वस्त्रसमेत लिएर पानीमा पसेर खोक्रो टोड्कोमा लुक्थ्यो ॥१०॥ लगाउने लुगा गन्ती गरेर बाँकी सबै बालकहरुलाई मारेर, उनीहरुले राजालाई भने," सबै बालकहरु मार्‍यौँ ॥११॥ उनीहरु गएपछि त्यो बालक आफूलाई पाल्ने मान्छेको घर गयो । त्यहाँ उबाट आड भरोसा पाएर बस्दा बाह्र वर्षको भयो ॥१२॥

कुमार जीवितै रहेको सुनेर उसको मामाहरुले फेरि आफ्ना मान्छेहरु पठाएर सबै गोठालाहरु मार्नको लागि नियुक्त गरे ॥१३॥ उसै दिन ती गोठालाहरुले एउटा शिकारमा चारखुट्टे जन्तु भेटाए । उनीहरुले कुमारलाई आगो ल्याउन गाउँमा पठाए ॥१४॥

---

**१. दारमंडलक (गाउँ) – म..व.. को २३-२३ को अनुसार अनुराधपुर चैत्यगिरि (मिहिन्तले) को नजिक ।**

Downloaded from http://www.dhamma.digital

घर गएर कुमारले आफूलाई पाल्नेको छोरालाई यो कुरो भनेर के पठायो भने" मेरो गोडा दु:खेको छ, तँ गोठालाहरु भएको ठाउँमा आगो लिएर जा, त्यहाँ तैंले झरिलो कोइलामा पोलेको मासु खान पाउँछस्" । यो कुरो सुनेर त्यो गोठालाहरु भएको ठाउँमा आगो लिएर गयो ॥१५–१६॥ उत्तिनै खेर पठाएका मान्छेहरुले सबै गोठालाहरुलाई घेरेर मारिदिए र मामाहरुकहाँ गएर निवेदन गरे ॥१७॥

कुमार सोन्ह वर्षको भएपछि त्यसको मामाहरुलाई फेरि थाहा भयो । कुमारकी आमाले उसलाई एक हजार मुद्रा पठाएर रक्षाको लागि आदेश दिइन् । कुमार पाल्ने मान्छेले उसकी आमालाई सबै खबर भनिदियो अनि एक हजार मुद्रा दिएर उसलाई एउटा दासको साथमा पाण्डुल भएको ठाउँमा पठायो ॥१९॥

पाण्डुल धनी र वेद पारंगत ब्राह्मण थियो । त्यो दक्षिण देशको पाण्डुल गाउँमा बस्थ्यो ॥२०॥ कुमार त्यहाँ पुगेर **पाण्डुल** ब्राह्मणको दर्शन गऱ्यो । त्यो पाण्डुल ब्राह्मणले, "बाबु ! के तिमी **पाण्डुकाभय** हौ ?" भनेर सोध्दा "हो" भनेपछि उसलाई सत्कार गरेर भन्यो, "तिमी राजा हुनेछौ अनि पुरै सत्तरी वर्षसम्म राज्य गर्नेछौ" । त्यसैले "बाबु ! तिमी विद्या पढ" । त्यसपछि उसले त्यसलाई विद्या पढायो । कुमार र उसको आफ्नो छोरो **चन्द्र (चन्द)** ले एक साथ चाँडै विद्या प्राप्त गरे ॥२१–२३॥ ब्राह्मणले कुमारलाई सेना जुटाउनको लागि एक लाख दियो । अनि जब उसले पाँच सय लडाकु एकत्र गऱ्यो त्यतिबेला उसले भन्यो – "जुन स्वास्नीमान्छेको स्पर्शले पातहरु सुन हुन्छन् । उसलाई तिमीले आफ्नो महारानी र मेरो छोरो **चन्द्र**लाई आफ्नो पुरोहित बनाउनू" भनेर धन दिएर लडाकुहरुसहित उसलाई विदाई गऱ्यो । त्यो पुण्यात्मा कुमार आफ्नो नाम सुनेर प्रणाम गरेर त्यहाँबाट हिँड्यो ॥२४–२६॥

**कासपर्वत**[२]को नजिकमा **पण** नगरदेखि सात सय मान्छे र सबैको लागि भोजन लिएर कुल बाह्र सय मान्छेहरुसहित कुमार **गिरिकण्ड**[३] पर्वत गयो ॥२७-२८॥

**पाण्डुकाभय**को एकजना मामा जसको नाम **गिरिकण्डशिव** थियो, **पाण्डुवासुदेव**ले दिएको जागिर खान्थ्यो ॥२९॥ त्यो समयमा पनि त्यो क्षत्रियले एक सय**करीष**[४] जग्गामा खेती गराउँथ्यो र बाली लिन्थ्यो, उसकी पापी नामकी सुन्दरी कन्या थिइन् ॥३०॥

---

१. पाण्डुल - उपतिष्य ग्रामको दक्षिणमा पर्ने एउटा गाउँ ।

२. कासपर्वत - अनुराधपुरदेखि १५ माइल दक्षिणको कहगल ।

३. गिरिकण्ड -कहगल नजिकको नगर ।

४. करीष -एक करीष = ४ अम्मण बराबर । चार अम्मण बीउ जाने जग्गा ।

Downloaded from http://www.dhamma.digital

त्यो सुन्दर सवारीमा चढेर, धेरै मानिसहरुको साथमा आफ्नो बाबु र श्रमिकहरुको लागि खानेकुरा लिएर जाँदै थिइन् ॥३१॥

कुमारको मान्छेहरुले त्यो कुमारीलाई देखेर कुमारलाई सूचना दियो । कुमार तुरुन्तै पुगेर आफ्ना अनुयायीहरुलाई दुई भागमा बाँडेर, अनुयायीहरुसहित आफ्नो रथलाई उसको नजिक लगेर सोध्यो, "कहाँ जाने हो ?" ॥३२–३३॥ कुमारलाई सबै हाल बताउँदा मोहित भएर कुमारले उसित भातबाट आफ्नो लागि माग्यो ॥३४॥ उसले सवारीबाट तल ओर्लिएर, राजकुमारलाई बरको फेदमा सुनको पातमा भात दिइन् ॥३५॥ अनि बाँकी मान्छेहरुलाई खुवाउनको लागि बरको पात लिइन् । ती पातहरु उत्तिनै खेर सुनको थाल भयो ॥३६॥ यो देखेर ब्राह्मणले भनेको वचन सम्झिएर राजपुत्र सन्तुष्ट भयो किनकि मेरो लागि महारानीको योग्य कन्या भेटियो ॥३७॥ त्यो बालिकाले सबैलाई खुवाइ तर त्यो भोजनको कमी भएन, यो घटनाले एउटा मान्छेको मात्र भाग लिएको हो भन्ने देखायो ॥३८॥ त्यो समयदेखि पुण्य गुणहरुले युक्त त्यो कोमलाङ्गी कुमारीको नाम **सुवर्णपाली** रह्यो ॥३९॥ कुमारले कुमारीलाई रथमा चढाएर आफ्नो ठूला सेनाको साथमा त्यहाँबाट निर्धक्क भएर प्रस्थान गऱ्यो ॥४०॥

यो कुरो सनेर उसको बाबुले आफ्ना सबै मान्छेहरु पठायो । उनीहरु गएर झगडा गरे । तर उनीदेखि डराएकोले फर्किएर आए । त्यसैले त्यो बसेको गाउँबस्तीको नाम **कलहनगर**[1] रह्यो । त्यो कुरो सुनेर त्यसपछि उसका पाँच भाइ लड्नको लागि गए । ती सबैलाई **पाण्डलु**को छोरो **चन्द्र**ले नै मारे । 'लोहितवाह खण्ड' उसको रणभूमि थियो ॥४१–४३॥

फेरि त्यहाँदेखि पाण्डुकाभय आफ्नो ठूलो दलबलको साथमा गंगानदी पारि दोड **पर्वत**मा गयो ॥४४॥ त्यहाँ चार वर्ष बस्यो । उसको मामाले ऊ त्यहाँ बसेको सुनेर राजालाई पछाडि छोडेर लड्नको लागि आयो ॥४५॥ **धूमरक्ख पर्वत**[2]को नजिकै छाउनी खडा गरेर उनीहरुले आफ्नो भानिजसित लडाइ गरे । भानिजले मामाहरुलाई गंगा पारिसम्म खेद्यो ॥ उनीहरु भागेपछि फर्किएर आएर दुई वर्षसम्म उनको छाउनीमा वास गऱ्यो ॥४६-४७॥

उपतिष्य गाउँमा पुगेर उसले सबै वृतान्त राजालाई भन्यो । राजाले कुमारलाई गोप्यपत्र लेखेर पठायो :– "गङ्गापारि तिमी भोग गर (तर) गङ्गावारि नआउनू " ।

---

**१. कलहनगर -मिन्नेरी ताल (मणीहीर) को दक्षिणमा पर्ने अम्बन गंगाको बायाँ किनारको आधुनिक कलहगल ।**

**२. धूमरक्ख (पर्वत) -महावेलि गंगाको बायाँकिनारमा अवस्थित ।**

Downloaded from http://www.dhamma.digital

जब राजाका नौ भाइहरुले यो कुरा सुने त्यतिबेला रिसाएर भने, “तिमी धेरै समयदेखि त्यो (पाण्डुकाभय) को सहायक थियौ अब उसलाई राज्य दिदैछौ । त्यसैले हामी तिमीलाई मारेर फाल्नेछौँ” ॥४८–५०॥ राजाले राज्य उनीहरुलाई समर्पित गर्‍यो । ती सबैले एक मत भएर **तिष्य** भाइलाई नायक (परिणायक) बनाए ॥५१॥ यसरी अभयदायक **अभय**ले बीस वर्षसम्म उपतिष्य गाउँमा राज्य गर्‍यो ॥५२॥

**धूमरक्ख** पर्वतमा बस्ने **चैत्या** (चेतिया) नामकी यक्षिणी घोडीको रुपमा **तुम्बरियंगण**[1] तलाउ नजिक चर्ने गर्थी ॥५३॥ कुनै मानिसले त्यसलाई श्वेत अंग र रातो खुट्टा भएकी मनोरम घोडीलाई देखेर कुमारलाई भन्यो, “यहाँ एउटा विशेष खालको घोडी छ” ॥५४॥

कुमारले डोरी लिएर त्यसलाई समात्न गयो । कुमारलाई पछि आएको देखेर, उसको तेजले त्यो डराइ र नअल्पिकन भागी । कुमारले भाग्दै गरेको घोडीलाई लखेट्दै गयो । दौडदै दौडदै गएर त्यसले तलाउको वरिपरि सातपटक फन्को लगायो अनि त्यसपछि **महागंगा**[2] मा ओर्लियो र अर्कोतिरको किनारमा चढेर **धूम रक्ख** पर्वतको वरिपरि सात फन्को लगायो ॥५५–५७॥ त्यसपछि एकपटक तलाउको वरिपरि तीन फन्को लगायो अनि **कच्छकघाट**[3]को **गंगामा** ओलिर्यो । त्यहाँ कुमारले त्यसको पुच्छर समात्यो अनि पानीमा बग्दै गरेको एउटा ताडको पात लियो । त्यो पात उसको पुण्यले एउटा ठूलो तरवार भयो ॥५८–५९॥ त्यतिबेला उसले तरवार उज्याएर भन्यो, “म तँलाई मार्छु” । उसले भनी, “मलाई नमार, म तिमीलाई राज्य लिएर दिन्छु” ॥६०॥

कुमारले त्यसको गर्धन समात्यो अनि तरवारको टुप्पोले त्यसको नाक छेडेर त्यसलाई डोरीले बाँध्यो । त्यसो गर्दा त्यो उसको वशमा आयो ॥६१॥ त्यो महाबलशाली त्यो घोडीमा चढेर **धूम रक्ख** पर्वतमा गयो अनि त्यहाँ चार वर्षसम्म बस्यो ॥६२॥ त्यहाँबाट निक्लिएर त्यो सेनासहित **अरिट्ठ पर्वत**[4]मा गयो अनि लड्नको लागि उचित समयको प्रतीक्षा गर्दै सात वर्ष बस्यो ॥६३॥,

दुई मामाहरुलाई छोडेर बाँकी आठ मामा लडाइको लागि तयार भएर **अरिट्ठ पर्वतको** नजिक आए । त्यहाँ तिनीहरुले नगरको छेउमा छाउनी खडा गरे अनि सेनापति

---

**१. तुम्बरियंगण - धूमरक्ख पर्वतको एउटा ताल ।**

**२. महागंगा -महावेलि गंगा ।**

**३. कच्छकघाट -महागंगातोट ।**

**४. अरिट्ठ पर्वत - आधुनिक रितिगल ।**

Downloaded from http://www.dhamma.digital

नियुक्त गरेर, **अरिट्ठ पर्वत**लाई चारैतिरबाट घेरे ॥६४–६५॥

यक्षिणीसित सल्लाह गरेर उसले बताएकी युक्तिअनुसार कुमारले आफ्ना केही सेनाहरुलाई राजकीय परिष्कार (वस्त्राभुषण) र उपहारको शस्त्र दिएर, पहिले नै यो भनेर पठायो, "तपाईले यी स्वीकार गर्नुहोस्, म तपाईबाट क्षमा माग्छु" ॥६६–६७॥ "जब आउँछ तब पक्रेर राखौंला" । यसरी ऊ विश्वस्त भएपछि कुमार ठूलो सेनाको साथमा त्यो यक्षिणी घोडीमा चढेर लडाइको लागि हिँड्यो । यक्षिणीले डराएर डर लाग्दो गरी हिनहिनायो । उसको सेनाले पनि शत्रुको छाउनीभित्र बाहिर घमसान लडाइ भएको आवाज निकाल्यो ॥६८–६९॥ कुमारको मानिसहरुले शत्रुको सेना, धेरै मानिसहरु र आठैजना मामाहरु मारेर उनीहरुको शिरको थुप्रो लगाईदियो ॥७०॥

सेनापति भागेर गुम्ब स्थान (बाक्लो जंगल) मा पस्यो । त्यसैले त्यो ठाउँको नाम **'सेनापति गुम्बक'** रह्यो ॥७१॥ टाउकोको थुप्रोमाथि मामाहरुको टाउको राखेको देखेर कुमारले भन्यो, "लाबू (तम्बू ?) को थुप्रोजस्तो छ" । त्यसैले गर्दा त्यो ठाउँको नाम **लाबूगामक**[1] रह्यो ॥७२॥

यसरी लडाइमा विजयी भएर **पाण्डुकाभय** आफ्ना बाजे **अनुराध**को निवास स्थानमा आयो ॥७३॥ उसको बाजेले आफ्नो राजमहल दिएर आफ्नो उठाइबसाइ अर्को ठाउँमा गऱ्यो । पाण्डुकाभय त्यो महलमा बस्न थाल्यो ॥७४॥ वास्तुविद्या जान्नेहरु र ज्योतिषलाई सोधेर त्यहीँ गाउँमा उसले सुन्दर नगर बसायो ॥७५॥ दुई अनुराध[2] बस्ने जग्गा भएको हुनाले र **अनुराध** नक्षत्रमा बनाएको हुनाले त्यसको, नाम अनुराधपुर[3] भयो ॥७६॥

मामाहरुको छत्र मागिपठाएर त्यसलाई त्यहाँ अनुराधपुरमा भएको सरोवरमा धुन लगाएर प्रयोग गऱ्यो । त्यही सरोवरको पानीले **पाण्डुकाभय**ले आफ्नो राज्याभिषेक गराए तथा देवी **सुवर्णपाली**लाई आफ्नो महारानी अभिषिक्त गऱ्यो ॥७७–७८॥ आफ्नो पुरोहितको पद विधिपूर्वक **चन्द्रकुमार**लाई दियो अनि बाँकी अनुयायीहरुलाई पनि उनीहरुको योग्यताअनुसार अरुअरु पदहरुमा नियुक्त गऱ्यो ॥७९॥ आमा र आफूलाई उपकार गरेको कारण उसले आफ्नो मामा **अभय**लाई मारेन । उसले उसलाई रात्रिकालको राज्य दिएर स्वयम् नगरगुप्तिक (नगर रक्षक) बन्यो । त्यही

---

**१. लाबूगामक -रितिगल (पर्वत) को उत्तरपश्चिममा अवस्थित आधुनिक लबूनोरुव ।**

**२. अनुराध -अनुराध नामको विजयको एउटा मन्त्री र पाण्डुकाभयको आफ्नो मामा ।**

**३. अनुराधपुर -लंकाको राजधानी ।**

Downloaded from http://www.dhamma.digital

त्यही समयदेखि नगरमा 'नगर गुप्तिक' (नगर रक्षक) रहन थाल्यो ॥८०-८१॥ आफ्नो ससुरो **गिरिकण्ड शिव**लाई पनि नमारिकन **गिरिकण्ड** देश उसैलाई दियो ॥८२॥

त्यो सरोवर खन्न लगाएर उसले त्यसमा धेरै पानी भर्न लगायो । त्यसबाट अभिषेकको पानी लिएकोले त्यसको नाम **जयवापी**[1] भयो ॥८३॥ उसले कालवेल यक्षलाई नगरको पूर्वदिशामा राख्यो अनि **चित्रराज** यक्षलाई **अभयवापी**[2] को तल राख्यो ॥८४॥ त्यो कृतज्ञ (भलो गरेको बुझ्ने) ले प्राचीनकालमा उपकार गर्ने महिला यक्ष योनिमा उत्पन्न भएकी दासीलाई नगरको दक्षिण ढोकामा स्थान दियो ॥८५॥ घोडाको मुख भएकी यक्षिणीलाई उसले राजमहलभित्र स्थान दियो । उनलाई र अरुलाई पनि प्रत्येक वर्ष वलि दिने गर्थ्यो ॥८६॥ उत्सवको समयमा त्यो **चित्रराज** यक्षसित बराबरीको आसनमा बसेर देवहरु र मान्छेहरुको नाटक गराएर, रतिक्रीडामा लीन भएर मोज गर्थ्यो । उसले चार **द्वारग्राम** र **अभयवापी** बनाउन लगायो ॥८८॥ उसले श्मशान भूमि ( मसानघाट), बध्य भूमि, (मान्छे मार्ने ठाउँ) पश्चिमीका रानीहरुको लागि (?), **कुबेर**को बरको रुख भएको ठाउँमा, व्याधि देवताको ताड भएकोठाउँ, यवनहरुको लागि छुट्टै वस्ती र वलिदान गृह – यी सबै नगरको पश्चिम ढोकाको छेउमा बनाउन लगायो ॥९०॥

उसले पाँच सय चण्डाल नगर सफाईको लागि, दुई सय चण्डाल ढलनाल सफाईको लागि, डेढ सय चण्डाल मुर्दा उठाउनको लागि र डेढ सय चण्डाल श्मशान (मसान घाट) मा पहरा दिनको लागि राखे ॥९१-९२॥ मसानघाटको पश्चिमोत्तरमा उसले ती चण्डालहरुको गाउँ बसायो ॥ तिनीहरु आ-आफ्नो तोकेका काम सँधै गर्दथे ॥९३॥

ती चण्डालहरुको गाउँको पूर्वोत्तर दिशामा उसले चण्डालहरुको लागि एउटा जातिय मसानघाट बनाउन लगाए ॥९४॥ फेरि मसानघाटको उत्तर र **पाषाण पर्वत**को बीचमा उसले शिकारीहरुका लागि घरहरुको लहर बनाउन लगायो ॥९५॥ त्यसको उत्तरतर्फ **ग्रामणीवापीसम्म** धेरै तपस्वीहरुको लागि आश्रम बनाउन लगायो ॥९६॥ त्यही मसानघाटको पूर्वतर्फ राजाले **जोतिय निगण्ठ**[3] को लागि घर बनाउन लगायो ॥९७॥ त्यहीँ ठाउँमा गिरि नामक **निगण्ठ** तथा धेरै मतका साधुहरु (श्रमण) बस्दथे ॥९८॥ त्यहीँ राजाले **कुम्भण्ड** निगण्ठको लागि एउटा देवालय बनाउन लगायो जुन उसैको नामबाट प्रसिद्ध भयो ॥९९॥

---

१. जयवापी -अनुराधपुरको नजिकको तलाउ ।
२. अभयवापी -आधुनिक वसवक कुलयं ।
३. जोतिय निगण्ठ -जैन साधु ।

Downloaded from http://www.dhamma.digital

त्यो देवालयको पश्चिममा र शिकारीहरु बस्ने घरको पूर्वतर्फ पाँच सय अन्य मतावलम्बी[1] परिवार बस्दथ्यो ॥१००॥ जोतियको घरदेखि पर **ग्रामणीवापीदे**खि वर उसले परिव्राजकहरुको लागि एउटा आराम (विहार) बनाउन लगायो ॥१०१॥ **आजीवकहरु**को लागि घर, ब्राह्मणहरुको निवास स्थान, सबै ठाउँमा प्रसूतिगृह तथा रोगीहरुको लागि घर बनाउन लगायो ॥१०२॥

लंकेश्वर **पाण्डुकाभय**ले आफ्नो अभिषेकको दसौं वर्षमा समस्त **लंकाद्वीप**मा गाउँहरुको सिमाना बन्द राख्न लगायो ॥१०३॥

यक्ष र भूत जसको सहायक थिए । (यस्तो) **राजा कालवेल** र **चित्रराज** दुवै दृश्यमान् (यक्षहरु) सित मिलेर सम्पत्तिउपभोग गर्दथ्यो ॥१०४॥

**पाण्डुकाभय** र **अभय**को बीच सत्र वर्ष बिनाराजाको त्यसै रह्यो ॥१०५॥ बुद्धिमान् पाण्डुकाभयले सैंतीस वर्षको उमेरमा राजा भएर रमणीय, समृद्धिशाली अनुराधपुरमा पूरा सत्तरी वर्ष राज्य गऱ्यो ॥१०६॥

सज्जनहरुको प्रसाद र वैराग्यको लागि रचित महावंशको 'पाण्डुकाभयाभिषेक' नामको दशम परिच्छेद ॥१०७॥

---

**१. अन्य मतावलम्बी -मिथ्या दृष्टि भएको ।**

Downloaded from http://www.dhamma.digital

# एकादश परिच्छेद

## देवानांप्रियतिष्याभिषेक

त्यो पाण्डुकाभय पछि **सुवर्णपाली**को छोरो नाम कहलाएका **मुटसीवले** त्यो निष्कण्टक राज्य प्राप्त गऱ्यो ॥१॥ त्यो राजाले फल फूल दिने रुखहरुले युक्त **महामेघवन**[1] नामको सुन्दर उद्यान बनायो जुन 'यथा नाम तथा गुण' को थियो ॥२॥ उद्यानको लागि जग्गा लिएको समयमा घनघोर वर्षा भयो । त्यसैले त्यो उद्यानको नाम **मेघवन** रह्यो ॥३-४॥

राजा **मुटसीवले लंका** भूमिको सुन्दरवदन समानको **अनुराधपुर**मा साठी वर्ष राज्य गऱ्यो । उसको परस्पर हितैषी दश छोराहरु र एकनासको सुन्दरता भएकी कुलको अनुकूलका दुई कन्याहरु थिए ॥५॥ उसको दोस्रो छोरो **देवानांप्रियतिष्य** सबै भाईहरुमध्ये बढी भाग्यमानी र बुद्धिमान् थियो ॥६॥ बाबुपछि त्यो **देवानांप्रियतिष्य** राजा भयो । उसको अभिषेकको समयमा धेरै किसिमको विचित्र घटनाहरु घटे ॥७॥ सारा **लंकाद्वीपमा** माटोमुनि गाडेका गाडधन र रत्न निक्लिएर माटोमाथि आयो ॥८॥ अनि **लंकाद्वीप**को छेउमा बिग्रने कमजोर नाउमा भएको रत्न र त्यहाँ समुद्रमा उत्पन्न भएको रत्न सबै माटोमाथि आयो ॥९॥ **छात पर्वत**को फेदमा तीनवटा बाँसबाट सिर्कना (छडी) उम्रियो जसको नाप रथको कोर्राको बराबरको थियो ॥१०॥ ती बाँसका सिर्कनाहरुमध्ये एउटा रुपौलो रङ्गको 'लहरे सिर्कना' (लता छडी) थियो जसमा चाँदी र सुनको रङ्गको सुन्दर लहराहरु देखिन्थ्ये ॥११॥ एउटा 'फूलको सिर्कना (फुल छडी) थियो जसमा नानाप्रकारका, अनेक रङ्गका फूलहरु फक्रिएका थिए । अनि एउटा शुभ अशुभको लक्षण बताउने सिर्कना (शकुन छडी) थियो । जसमा बनेका नाना प्रकारका धेरै रङ्ग भएका पशुपन्छी र मृगहरु सजीव जस्ता देखिन्थे ॥१३॥ घोडा, हात्ती, रथ, अमला, चुरा, औंली, ककुधफल, पाखुरीको रुख, ती आठजातिका मोती, **देवानांप्रियतिष्य**को पुण्यको प्रतापले समुद्रबाट निक्लिएर किनारमा थुप्रो लागे ॥१५॥

नीलम, हीरा, लाल, मणि, ती रत्न र मोती तथा ती सिर्कना हप्ता दिनभित्रै राजाकहाँ पुऱ्याइए । ती देखेर मन खुशी भएर राजाले सोच्यो –"यी बहुमूल्य रत्न मेरा

---

१. **महामेघवन -द्रष्टव्य १-८ ।**

Downloaded from http://www.dhamma.digital

मित्र **धर्माशोकको** योग्य छन् अरु कसैको योग्य छैनन् । त्यसैले यिनीहरु उनैलाई दिन्छु" । **देवानांप्रियतिष्य र धर्माशोक** दुवै राजाहरुले एकले अर्कोलाई नदेखे पनि चिरकालदेखि घनिष्ठ मित्र थिए ॥१६–१९॥

राजाले आफ्नो भानिज **महारिष्ठ** प्रधानमन्त्री, पुरोहित, मन्त्री र गणक – यी चारजनालाई दूत बनाएर, यी बहुमूल्य रत्न, तीन जातको मणि, तीनै रथका छडी , दक्षिणावर्त शख र आठ जातका मोती दिएर सेनासहित त्यहाँ (पाटलिपुत्र) पठायो ॥२०–२२॥

**जम्बकोल**[1] बाट नाउमा चढेर सात दिनमा त्यो बन्दरगाह[2] मा पुगे अनि त्यहाँबाट एक हप्तामा पटना[3] (**पाटलिपुत्र**) पुगेर उनीहरुले ती उपहार **धर्माशोक** राजालाई समर्पित गरे जुन देखेर राजा खुशी भयो ॥२३–२४॥

राजाले सोच्यो, "यस प्रकारको रत्न म भएको ठाउँमा छैनन् खूब खुशी भएर **अरिष्ठलाई** सेनापति, ब्राह्मणलाई पुरोहित, मन्त्रीलाई न्यायधीश (दण्डनायक) र गणकलाई 'श्रेष्ठी' को पद दियो ॥२५–२६॥

ती आगन्तुकहरुलाई सारा भोगका सामग्री र बस्नको लागि वास स्थान दिएर राजाले मन्त्रीहरुसित सल्लाह गरेर तिनको बदलामा उपहारमा – ऊनी लुगा (पंखी), फेटा (पगरी), तरवार, छत्र, जूत्ता, मूडी (?), मुकुट, कानको वटंस[4] (गहना), पामंगु[5] (रत्नको माला), भिंगार (?), चन्दन, सेतो निर्मल वस्त्र, बहुमूल्य तौलिया, नागहरुले ल्याएका गाजल, रातो माटो, मानसरोवर र गंगाको पानी, नन्दीवृत शंख, वर्धमाना कुमारी, सुनका भाँडाकुँडा, बहुमूल्य डोली, हर्रो, अमला, बहुमूल्य अमृतौषध, सुगाहरुले ल्याएका साठी सय भारी चामल, अभिषेकको सामान – दिएर, मानिसहरुको साथ दूतहरुलाई आफ्नो मित्र देवानांप्रियतिष्यकहाँ पठायो अनि साथै यो सद्धर्मको भेटी पठायो ॥२७–३३॥ "मैले बुद्धधर्म र संघको शरण ग्रहण गरेको छु साथै **शाक्यपुत्र**को शासनको उपासक हुँ । हे नरोत्तम ! तपाईं पनि आनन्दपूर्वक श्रद्धा राखेर यी उत्तम रत्नहरुको शरण पर्नुहोस्" ॥३४–३५॥

**राजाले** आफ्नो मित्रका मन्त्रीहरुलाई "मेरो मित्रको राज्याभिषेक दोहोऱ्याएर गर्नुहोस्" । **यसो** भनेर आदरसहित विदा गऱ्यो ॥३६॥

---

**१. जम्बूकोल - लंकाको उत्तरमा पर्ने 'सम्बलतुरि' नामको बन्दर ।**
**२. बन्दरगाह - ताम्रलिप्तिको बन्दरगाह ।**
**३. पटना - विहारको राजधानी पटना ।**
**४. वटंस - कर्णाभरण ।**
**५. पामंगु - रतनमाला ।**

Downloaded from http://www.dhamma.digital

पाँच महिनासम्म बडो सम्मानपूर्वक बसेर ती मन्त्री र दूत वैशाख शुक्ल पक्षको पहिलो दिन त्यहाँबाट निक्लिए ॥३७॥ **ताम्रलिप्ति**[1] बाट नाउमा चढेर **जम्बूकोल**[2]मा ओर्लिए । त्यसपछि बाह्रौं दिनमा राजाको दर्शन गरेर उपहारको सामान उहाँलाई समर्पित गरे । लंकापतिले पनि उनीहरुको ठूलो सत्कार गऱ्यो ॥३९॥

ती स्वामीभक्त मन्त्रीहरुले **लंका**को हितमा रहेर काममा लागे, शुक्लपक्षको पहिलो दिन पहिले अभिषिक्त हुनु भएको लंकेश्वरलाई **लंकाहितैषी धर्माशोक**को समाचार भनेर दोस्रोपटक अभिषिक्त गरे ॥४०–४१॥

यसरी 'देवानांप्रिय' उपाधि पाएको, मानिसहरुलाई सुख दिने राजाले आनन्द र उत्साहपूर्वक लंकामा वैशाख महिनाको पूर्णिमाको दिन आफ्नो अभिषेक गरायो ॥४२॥

सज्जनहरुको प्रसाद र वैराग्यको लागि रचित महावंशको 'देवानांप्रियतिष्याभिषेक' नामको एकादश परिच्छेद ।

Dhamma.Digital

**१. ताम्रलिप्ति - रुपनारायणा नदीको पश्चिमतटमा अवस्थित आधुनिक तमलुक, जिल्ला मेदिनीपुर, बंगाल ।**

**२. जम्बूकोल - द्रष्टव्य ११ - २३ ।**

Downloaded from http://www.dhamma.digital

# द्वादश परिच्छेद

## नाना देशमा प्रचार

संगीति विसर्जन गरेपछि बुद्धधर्म (जिन शासन) को प्रकाशक स्थविर **मोग्गलिपुत्रले** भविष्यमा हुने कुरो बुझेर **प्रत्यन्त देश**[१]हरुमा शासनलाई स्थापना गर्ने विचार गरेर कातिक महिनामा तोकिएका ती स्थविरहरुलाई ती ठाउँहरुमा पठाउनुभयो ॥१–२॥

स्थविर मज्झन्तिक (**माध्यमिक**)लाई **काश्मिर** र **गन्धार**[२] पठाउनुभयो, महादेव स्थविरलाई महिष्मण्डल[३] पठाउनुभयो ॥३॥ रक्षित नामको स्थविरलाई बनवास[४] तिर पठाउनुभयो अनि यवन धर्मरक्षितलाई अपरान्त[५] देशमा पठाउनुभयो ॥४॥ महाधर्म रक्षितलाई महाराष्ट्रमा अनि महारक्षित स्थविरलाई यवनको देशमा पठाउनुभयो ॥५॥ हिमवन्त (हिमालय) प्रदेशमा मज्झिम स्थविरलाई पठाउनुभयो अनि स्वर्णभूमि[६] मा सोण र उत्तर दुई स्थविरलाई पठाउनुभयो ॥६॥ आफ्ना शिष्यहरुमा महामहेन्द्र स्थविर तथा इट्ठीय, उत्तीय, सम्बल र भद्रशाल – यी पाँच स्थविरहरुलाई – तिमीहरु मनोज्ञ लंकाद्वीपमा मनोज्ञ बुद्धधर्म (जिन शासन) स्थापन गर्नु भनेर पठाउनुभयो ॥७–८॥

त्यो समयमा **कश्मीर गन्धार** देशमा ठूला दिव्यशक्ति भएको अरवाल नामको एउटा रिसाहा नागराज बस्थ्यो ॥ त्यसले त्यहाँ पाकेको वाली असिना र पानी पारेर बगाएर समुद्रमा पुऱ्याइदिन्थ्यो । **मज्झन्तिक** स्थविर आकाशमार्ग भएर तुरुन्तै त्यहाँ पुग्नुभयो अनि **अरवाल**[७] सरोवरको पानीमा घुम्न लाग्नुभयो । उहाँलाई देखेर नाग धेरै रिसायो अनि आफ्नो राजाकहाँ गएर निवेदन गऱ्यो ॥९–११॥

---

**१. प्रत्यन्त देश - छिमेकी देशहरु ।**

**२. गन्धार - पंजाब (वर्तमान पाकिस्तान) को पेशावर र रावलपिंडी जिल्ला ।**

**३. महिष्मण्डल - आधुनिक खानदेश, नर्मदादेखि दक्षिण ।**

**४. वनवास - वर्तमान मैसुरको उत्तरतर्फको भाग ।**

**५. अपरान्त - समुद्रंतटमा अवस्थित बम्बईदेखि सूरतसम्मको प्रदेश ।**

**६. स्वर्णभूमि - वर्तमान पेगु, ब्रह्मा ।**

**७. अरवाल - रवालसर (रियासत मण्डी अर्थात् राज्यको बजार) ।**

Downloaded from http://www.dhamma.digital

नागराज रिसाएर धेरै प्रकारको डर देखायो – जोडसित आँधीबेहेरी आयो मेघ गर्जन लाग्यो, पानी पर्न थाल्यो, विजुली चम्कियो अनि रुख ढल्न र पहाडको टाकुरामा पहिरो गएर तल खस्न लाग्यो ॥१२-१३॥

चारैतिरका डरलाग्दो स्वरुप भएका नागहरु डराउँथे । स्वयम् नागराज जल्थ्यो, धूवाँ छोड्थ्यो अनि अनेक प्रकारले सरापथ्यो ॥१४॥

ती सारा डरलाई आफ्नो योगबलले हटाएर, स्थविरले आफ्नो उत्तम शक्तिको परिचय दिँदै नागराजलाई भन्नुभयो – "यदि देवताहरुसहित सारा संसार नै आएर मलाई डराउने बनाए पनि यी सबै डर भयले मलाई केही गर्न सक्दैन ॥१५॥ हे महानाग ! यदि तँ समुद्र र पर्वतसहित यो सम्पूर्ण पृथ्वीलाई उठाएर ममाथि फेंकिस् भने पनि म त्यसले डराउँदिनँ । यसले हे सर्पराज ! उल्टो तैरै नाश हुनेछ" ॥१५-१८॥

यो कुरो सुनेर नागराजको अहंकार चकनाचूर भयो । त्यतिबेला स्थविरले उसलाई धर्मको उपदेश दिनुभयो । त्यसपछि नागराजले र हिमालय प्रदेशको चौरासी हजार नागहरु, सारा गन्धर्वहरु, यक्षहरु तथा कुम्भण्डहरुले शरण र शील ग्रहण गरे ॥१९-२०॥ पाँच सय छोराहरु र **हारति** यक्षिणीको साथ **पण्डक** नामको यक्षले आदि फल[1] (स्रोतापत्तिफल) प्राप्त गरे ॥२१॥

स्थविरले उसलाई यसो भनेर उपदेश दिनुभयो, "अब उप्रान्त पहिलेको जस्तो रिस नगर्नू, लगाएको वालीनाली नाश नगर्नू, किनकि सबै प्राणीहरुले सुखको कामना गर्छन्, सबैसित मैत्री भावना राख्नू, जसले गर्दा सबै मानिसहरु सुखपूर्वक रहन सकून् । उनीहरुले त्यो कुरो त्यसरी नै स्वीकृत गरे ॥२३॥

त्यसपछि नागराजले स्थविरलाई रत्नको सिंहासनमा बसायो अनि आदरपूर्वक छेउमा उभिएर पंखा हम्कन लाग्यो ॥२४॥ त्यतिबेला **कश्मीर** र गन्धारवासी मानिसहरु नागराजलाई पूज्नको लागि आए । स्थविर महादिव्यशक्ति धारी हुनुभएको देखेर उहाँलाई अभिवादन गरेर एकातिर बसे । स्थविरले उनीहरुलाई आशीविषोपम सूत्रको उपदेश दिनुभयो ॥२५–२६॥

अस्सी हजार मानिसहरुले धर्मचक्षु प्राप्त गरे अनि एक लाख पुरुषहरुले स्थविरबाट प्रव्रज्या (सन्न्यास) ग्रहण गरे ॥२७॥ त्यो समयदेखि लिएर आजसम्म पनि **कश्मीर** र **गन्धार** देशबाट काशाय भेषले प्रकाशित (शोभित) र त्रिरत्नपरायण[2] छन् ॥२८॥

---

**१. आदिफल - (स्रोतापत्तिफल) द्रष्टव्य १–३३ ।**

**२. त्रिरत्नपरायण - बुद्ध, धर्म र संघ – त्रिरत्नहरुमा रत ।**

Downloaded from http://www.dhamma.digital

**महादेव** स्थविरले **महिष्मण्डल**[1] देशमा गएर त्यहाँका मानिसहरुलाई देवदूत सुत्त[2] सुनाउनुभयो ॥२९॥ जसको कारण चालीस हजार मानिसहरुले उनीबाट प्रव्रज्या ग्रहण गरे ॥३०॥

**रक्षित** स्थविरले **बनवास**[3] देशमा गएर त्यहाँका मानिसहरुका बीच आकाशमा बसेर अनमतग्ग[4] संयुक्तको वर्णन गर्नुभयो ॥३१॥ जसको कारण साठी हजार मानिसहरुको धर्मदृष्टि खुल्यो अनि सैंतीस हजार मानिसहरुले उहाँबाट प्रव्रजित भए ॥३२॥

त्यो देशमा पाँच सय विहार स्थापना भयो अनि यसरी स्थविरले त्यहाँ बुद्धधर्मको स्थापना गर्नुभयो ॥३३॥

यवन **धर्मरक्षित** स्थविरले **अपरान्त**[5] देशमा गएर मानिसहरुलाई अग्निस्कन्धोपम[6] (अग्गिखन्धोपम) सुत्तको उपदेश दिनुभयो ॥३४॥ त्यहाँ सैंतीस हजार मानिसहरुलाई धर्माधर्म (धर्म अधर्म) बारे जान्ने स्वविरले धर्मामृतको पान गराउनुभयो ॥३५॥ केवल क्षत्रिय कुलबाट मात्र हजार पुरुषहरुले र यो भन्दा पनि बढ्ता महिलाहरुले प्रव्रज्या ग्रहण गरे ॥३६॥

ऋषि **महाधर्मरक्षित**ले **महाराष्ट्र** देशमा गएर त्यहाँ महानारद काश्यप[7] जातकबारेको उपदेश दिनुभयो ॥३७॥ त्यहाँ चौरासी हजारले मार्गफल (स्रोतापत्ति फलं) प्राप्त गरे अनि तेह्र हजारले स्थविरबाट प्रव्रज्या ग्रहण गरे ॥३८॥

ऋषि महारक्षित यवनहरुको देशमा जानुभयो । त्यहाँ उहाँले उनीहरुलाई कालकाराम सुत्त[8] को उपदेश दिनुभयो ॥३९॥ एक लाख सत्तर हजार मानिसहरुलाई मार्गफल प्राप्त भयो अनि दस हजारले प्रव्रज्या ग्रहण गरे ॥४०॥

चार स्थविरहरु[9] सहित **मज्झिम** ऋषिले हिमालय प्रदेशमा गएर धर्मचक्र प्रवर्तन[10] सुत्तबारेको उपदेश दिनुभयो । त्यहाँ अस्सी करोड मानिसहरुलाई मार्गफल

---

**१. महिष्मण्डल - आधुनिक खानदेश, नर्मदादेखी दक्षिण ।**
**२. देवदत्त सुत्त - मज्झिम निकाय ३-३-१० ।**
**३. वनवास - वर्तमान मैसुरको उत्तरको भाग (खण्ड) ।**
**४. अनमतग्ग - संयुत्त निकाय २-१-१०-७ ।**
**५. अपरान्त - समुद्रतटमा अवस्थित सूरतसम्मको प्रदेश ।**
**६. अग्निस्कन्धोपम - (अग्निखन्धोपम) संयुक्त निकाय, निदान संयुत्त ६-२ ।**
**७. महानारद काश्यप - जातक ५४४ ।**
**८. कालकाराम सुत्त - अंगुत्तर निकाय ४-३-४ ।**
**९. चार स्थविर - दीपवंश ४, १० को अनुसार मज्झिम स्थविरको साथमा काश्यप गोत्र, अलदेव (अलक देव), सहदेव र दुन्दुभिस्सर हिमालय प्रदेश गएका थिए ।**
**१०. धर्मचक्र प्रवर्तन सुत्त-मज्झिम निकाय ३-४-११ (१३९) ।**

Downloaded from http://www.dhamma.digital

प्राप्त भयो । पाँचै स्थविरहरुले पृथक पृथक पाँच भिन्न देशहरुका मानिसहरुलाई श्रद्धालु बनाउनुभएका थिए । त्यहाँ प्रत्येक स्थविरबाट एकएक लाख मानिसहरुले भक्तिपूर्वक सम्बुद्धको शासनमा प्रव्रज्या ग्रहण गरे ॥४१–४३॥

**उत्तर** स्थविरसहित सिद्ध **सोण** स्थविर **स्वर्णभूमि**[1] (बर्मा) जानुभयो । त्यो समयमा रिसाहा राक्षसनी समुद्रबाट निक्लिएर राजमहलमा जन्मिने बालकहरु खाने गर्थी ॥४४-४५॥ केही दिनमा राजमहलमा एउटा नानीको जन्म भयो । मानिसहरुले स्थविरलाई देखेर यी राक्षसहरुका साथी हुन भनी ठानेर हतियारले सजिएर मार्न भनेर छेउमा आए । "के हो ?" भनेर सोध्दा स्थविरहरुले भने, "हामी शीलवन्त भिक्षु हौं, राक्षसनीको साथी होइनौं" । त्यही समयमा दलबलसहित त्यो राक्षसनी समुद्रबाट बाहिर निस्की । त्यसलाई देखेर मानिसहरुले खैलाबैला मच्चाए । स्थविरले आफ्नो योगबलले दुई गुना ठूलो डरलाग्दो राक्षस उत्पन्न गरेर साथीहरुसहितको राक्षसनीलाई चारैतिरबाट घेरे । राक्षसनीले सम्झी, यो देश यिनले पाएको छ । त्यसैले त्यो डराएर भागी ॥४६–५०॥

चारैतिरबाट त्यो देशको रक्षाको प्रवन्ध गरेर स्थविरले त्यो भेलामा ब्रह्मजाल[2] सुत्तको उपदेश दिनुभयो ॥५१॥ धेरैजसो सबै मानिसहरुले शरण र शील ग्रहण गरे । साठी हजार मानिसहरुको धर्मचक्षु खुल्यो ॥५२॥ साढे तीन हजार कुमारहरु र डेढ हजार कुमारीहरुले प्रव्रज्या ग्रहण गरे ॥५३॥ त्यही समयदेखि राजपरिवारमा जन्म लिने बालकहरुको नाम '**सोणुत्तर**' राख्न थाले ॥५४॥

महादयालु बुद्धको आकर्षण तथा अमृत समानको प्राप्त (निर्वाण) सुखलाई पनि छोडेर उनीहरुले त्यहाँ मानिसहरुको हित गरे भने त्यसपछि अरु कसले पो लोकहितमा प्रमाद (लापर्वाही) गर्ला र ?

सज्जनहरुको प्रसाद र वैराग्यको लागि रचित महावंशको 'नाना देश प्रचार' नामको द्वादश परिच्छेद ।

---

**१. स्वर्णभूमि -पेगु (लोअर बरमा ।**

**२. ब्रह्मजाल सुत्त -दीघ निकाय १ -१ ।**

Downloaded from http://www.dhamma.digital

# त्रयोदश परिच्छेद

## महेन्द्रागमन

महामति **महेन्द्र** स्थविरको त्यो समयमा प्रव्रजित भएको बाह्र वर्ष भइसकेको थियो ॥१॥ उनले आफ्नो उपाध्याय र संघको आज्ञाअनुसार **लंकालाई** बुद्धभक्त बनाउनको लागि समयको प्रतीक्षा गर्दै सोच्नुभयो "त्यो समयमा बुढो **मुटसीव** राजा छ । उनको छोरो राजा हुन देऊ" ॥२॥

यसै बीचमा सम्बन्धीहरु (जातिगणहरु) हेर्ने विचारले उपाध्याय र संघलाई वन्दना गरेर तथा राजा अशोकलाई सोधेर महेन्द्र स्थविरले अरु चारजना स्थविर तथा **संघमित्रा**को छोरो षडभिज्ञ **सुमन** सामणेरलाई साथमा लिएर सम्बन्धिहरुलाई भेट्नको लागि **दक्षिणगिरि जानुभयो** ॥५॥ त्यसपछि विस्तार विस्तार आफ्नी आमा 'देवी' को **विदिशागिरि**[२] नगर पुगेर उनको दर्शन गरे । **देवीले** आफ्नो प्यारो छोरोलाई साथीहरुसहित देखेर आफ्नै हातले भोजन बनाएर खुवाइन् अनि सुन्दर **विदिशागिरि**[३] मा स्थविरलाई घुमाइन् ॥६–७॥

बाबुले दिएको अवन्ती राज्यको शासन गर्नको लागि **उज्जयनी** पुग्नुभन्दा पहिले **अशोककुमार** मार्गको **विदिशानगरमा** बसेका थिए । त्यहाँ एउटा साहूकी 'देवी' नाम गरेकी छोरीसित भेट भयो । कुमारको सहवासबाट उसको गर्भ बस्यो अनि उज्जयनीमा त्यसबाट शुभ महेन्द्र कुमारको जन्म भयो । त्यसको दुई वर्षपछि, त्यो देवीबाट **संघमित्रा** जन्मियो । त्यो समयमा त्यो (देवी) त्यहाँ **विदिशा नगरीमै** बस्थी ॥८–१२॥

देशकाल जान्ने स्थविरले त्यहाँ बसेर सोच्यो –"मेरो बाबुले जुन अभिषेक महोत्सवको आज्ञा दिनुभएको छ, महाराज **देवानाप्रियतिष्य**लाई त्यो अभिषेक गर्न देऊ अनि दूतहरुबाट त्रिरत्न[४] को महिमा सुनेर ज्ञान प्राप्त गर्न देऊ ।

---

१. **दक्षिणागिरि -भिलसा नजिकको पर्वत ।**

२. **विदिशागिरि -भिलसाबाट झण्डै तीन माइल परको वर्तमान वैसनगर ( जिल्ला गवालियार ) ।**

३. **विदिशागिरि -विदिशा नगरीको एउटा विहार ।**

४. **त्रिरत्न - बुद्ध , धर्म र संघ ।**

Downloaded from http://www.dhamma.digital

त्यो ज्येष्ठ महिनाको पूर्णिमाको दिन **मिश्रक पर्वत**[1] मा पुग्दा उही दिन हामी सुन्दर **लंकामा** पुग्नेछौं" ॥१३–१४॥ **इन्द्रले** श्रेष्ठ **महेन्द्र** स्थविरकहाँ गएर भन्यो, "तपाई लंकामा अनुग्रह गर्नको लागि जानुहोस्, भगवान बुद्धले पनि यो तपाईको लंका गमनको भविष्यवाणी गर्नुभएको छ । हामी पनि त्यहाँ तपाईको सहायक हुनेछौं" ।

**देवी**की बहिनीकी छोरीको **भण्डुक** नामको छोरो देवीको लागि दिएको स्थविरको उपदेश सुनेर, अनागामी फल प्राप्त गरेर स्थविरको सान्निध्यमा बस्न थाल्यो ॥१५–१७॥

त्यहाँ महिनाभरि बसेर जेठ महिनाको उपोसथको दिन महातेजस्वी स्थविर चारैजना स्थविर **सुमन** र **भण्डुक**को साथ लागेर जनतालाई बताउनको लागि त्यो विहारबाट आकाशद्वारा उडेर त्यहाँ लंकामा रमणीय **मिश्रक पर्वत**को मनोहर **अम्बस्थल**[2] मा **शीलकूट** नामको शिखरमा आएर ओर्लिए ॥१८–२०॥

अन्तिम शचयामा सुत्नुभएको लंकाहितैषी मुनि बुद्धले **लंका**को हितको लागि, जसको बारेमा भविष्यवाणी गरेका थिए, त्यही लंकाको लागि दोस्रो बुद्ध, लंकावासी देवताहरुद्वारा पूजित महेन्द्र लंकाको हितको लागि त्यहाँ जानुभयो ॥२१॥

सज्जनहरुको प्रसाद र वैराग्यको लागि रचित महावंशको **'महेन्द्रागमन'** नामको त्रयोदश परिच्छेद ।

---

**१. मिश्रकपर्वत - मिहिन्तले अनुराधपुरदेखि ७ माइल पर अवस्थित पर्वत ।**

**२. अम्बस्थल - मिहिन्तले पर्वतको उत्तरतर्फको शिखरको नाम नागशील कूट हो । त्यसैको मुन्तिर अम्बस्थल नामको स्थान छ ।**

Downloaded from http://www.dhamma.digital

# चतुर्दश परिच्छेद

## नगर प्रवेश

राजा **देवानांप्रियंतिष्यले** नगरवासीहरुलाई जलक्रीडामा लगाएर आफू शिकार खेल्न गयो ॥१॥ चालीस हजार मानिसहरुसित पैदल दगुर्दै राजा **मिश्रक पर्वतमा** आए ॥२॥ राजालाई स्थविरहरु देखाइदिने इच्छाले देव इन्द्रले मृगको रुप धारण गरेर पर्वतमा चर्न लाग्यो ॥३॥ राजाले मृगलाई देख्यो अनि सजग नगराईकन मार्न अनुचित सम्झियो र त्यसलाई सतर्क गराउनको लागि धनुको टङ्कारको आवाज दियो । मृग पर्वततिर भाग्यो ॥४॥

राजा पनि पछिपछि दौडियो । मृग दगुर्दै दगुर्दै गएर स्थविर भएको ठाउँमा पुग्यो अनि जब राजाले स्थविरलाई देख्यो, त्यतिबेला देव स्वयम् अन्तर्धान भयो ॥५॥ राजाले धेरैजनालाई देखेर शंका गर्नेछ भनी सोचेर स्थविर आफू एक्लै सामु भए । राजाले उनलाई देखेर सशंक खडा भए । स्थविरले भन्यो, "**तिष्य** आऊ" । "**तिष्य**" भनेको सुन्दा राजाले उनलाई यक्ष ठाने ॥५-७॥ स्थविरले भन्यो, "महाराज हामी धर्मराज (बुद्ध) को अनुयायी (श्रावक) हौं अनि तपाईकै अनुग्रह गर्नको लागि **जम्बूद्वीप**बाट यहाँ लंकामा आएका हौं ।" यो कुरो सुनेर राजाको शंका मेटियो । उसले आफ्नो मित्र अशोकको समाचार सम्झना गरेर निश्चय गऱ्यो । "यहाँ भिक्षु हुनुहुन्छ" । त्यसपछि धनुष र वाण राखेर स्थविरलाई योग्यताअनुसारको कुशल समाचार सोधेर राजा उनको नजिकै बस्यो ॥८-१०॥

राजाका मानिसहरु पनि आएर चारैतिर उभिए ॥ त्यतिबेला महास्थविरले आफ्नो बाँकी साथीहरुलाई प्रकट गर्नुभयो ॥११॥ उनीहरुलाई देखेर राजाले सोध्यो, "यहाँहरु कहिले आउनु भएका हुन् ?" स्थविरले जवाफ दिनुभयो, "मसँगै आएका हुन् ।" राजाले फेरि सोध्यो, "के जम्बूद्वीपमा यहाँहरुजस्ता अरु पनि यतिहरु छन् ?" स्थविरले जवाफ दिनुभयो, "जम्बूद्वीप काषाय (वस्त्र) ले प्रकाशमान् छ । त्यहाँ यो समयमा धेरै जसो त्रैविद्य (तीनै विद्या जान्ने) ऋद्धि प्राप्त मनको कुरो जान्ने, दिव्य श्रवन शक्ति

---

१. **मिश्रकपर्वत - द्रष्टव्य १३-१४ ।**

२. **त्रैविद्य - पूर्वनिवास ज्ञान, च्युतिप्रतिसंधि ज्ञान र आस्रवक्षय ज्ञान ।**

Downloaded from http://www.dhamma.digital

भएका, अर्हंत् **बुद्ध भिक्षुहरु** हुनुहुन्छन्" ॥१४॥ राजाले "कसरी पुग्नु भए ?" भनेर सोध्दा, स्थविरले भन्नुभयो, "न स्थलमार्गबाट न जलममार्गबाट" । यो कुरोले राजाले आकाश मार्ग भएर आएका रहेछन् भनेर जान्यो ॥ १५॥

महाबुद्धिमान् स्थविरले राजालाई जाँच्नको लागि उसलाई सानासाना प्रश्नहरु सोध्नुभयो । राजाले पृथक पृथक ती प्रश्नहरुको उत्तर दियो ॥१६॥

स्थविरले सोध्नुभयो, "राजा ! यो रुखको नाम के हो ?"

राजाले भन्यो, "यो रुखको नाम आँप हो ।"

"यो छोडेर अरु पनि आँपका रुख छन् ?"

राजाले भन्यो, "धेरै आँपका रुख छन्" ॥१७॥ स्थविरले सोध्नुभयो, "यो आँपको रुख र त्यो आँपको रुख छोडेर धरतीमा अरु पनि आँपका रुखहरु छन् ?"

राजाले भन्यो, "भन्ते[1] ! धेरै रुखहरु छन् । तर ती अनाम्र (=आँपको रुख होइन्) हुन् ।"

स्थविरले फेरि सोध्नुभयो, "त्यो आँप र गैर आँप (=अनाम्र) को रुख छोडेर पृथ्वीमा अरुपनि रुखहरु छन् ?"

राजाले भन्यो, "भन्ते ! हो, यै आँपको रुख छ ॥१८-१९॥ त्यतिबेला स्थविरले भन्नुभयो, राजा तिमी पण्डित हौ ।"

स्थविरले फेरि सोध्नुभयो, "राजा ! तिम्रा जातभाइहरु छन् ?"

राजाले भन्यो, "छन्, भन्ते ! धेरै छन् ।"

अनि गैर जातभाइहरु पनि छन् ?

राजाले भन्यो, "तिनीहरु त जातभाइहरुभन्दा पनि बढी छन् !"

"यी जातभाइहरु र गैर जातभाईहरु छोडेर अरु पनि छन् ?"

राजाले भन्यो, "भन्ते ! म नै हुँ ।"

स्थविरले भन्नुभयो, "ठीक भन्यौ राजा ! तिमी पण्डित हौ ।" "राजा पण्डित हो ।" भन्ने बुझेर, स्थविरले त्यो महामति राजालाई **चूलहत्थिपदोपम**[2] सुत्तको उपदेश दिनुभयो ॥२०-२२॥ उपदेशको अन्त्यमा चालीस हजार मानिसहरु र राजा बुद्ध, धर्म र संघको शरणमा आए ॥२३॥

साँझको समयमा मानिसहरुले राजाको लागि भोजन ल्याए । स्थविरहरुले साँझपख भोजन ग्रहण गर्दैनन् भन्ने कुरा थाहा पाएर, राजाले सोध्न उचित सम्झिएर

---

**१. भन्ते - भिक्षुको लागि सम्मान सूचक शब्द हो जस्तो 'स्वामी' ।**
**२. चूलहत्थिपदोप - मज्झिम निकाय १३७ ।**

Downloaded from http://www.dhamma.digital

ती ऋषिहरुलाई भोजनको लागि भन्यो । उहाँहरुले भने, "हामी यो समयमा भोजन गर्दैनौं ।" त्यतिबेला राजाले भोजनको समय सोध्यो ॥२४–२५॥

उनीहरुले भोजनको समय भनेपछि राजाले उनीहरुलाई नगरमा जानको लागि भन्यो । उनीहरुले भने, "तपाई जानुहोस्, हामी यहीं बस्छौं" ॥२६॥ "यदि यस्तै कुरो हो भने "राजाले भन्यो" यो कुमार मसित जाओस् ।" (स्थविरले भन्नुभयो) "राजा ! यो कुमार अनागामी फल[१] पाएको, अनि धर्मबारे जान्नेवाला हो । भिक्षु हुने इच्छाले हामीसँग बस्छ । उसलाई हामी प्रव्रजित गर्छौं । त्यसैले राजा ! तिमी मात्रै जाऊ" ॥२७-२८॥

"विहानीपख रथ पठाइनेछ, तपाई त्यसमा बसेर नगरमा आउनुहोस्" भन्यो र वन्दना गरेर राजाले भण्डुलाई एकतिर लगेर उसलाई स्थविरको उद्देश्य सोध्यो । उसले राजालाई सबै कुरा बताइदियो । राजाले स्थविरको उद्देश्य जानेर बडो खुशी भयो अनि सोच्न लाग्यो – अहोभाग्य ॥२९-३०॥

भण्डु गृहस्थ हुँदादेखि नै राजाले कुनै शंकाबिना सबै वृतान्त जान्न सकेका थिए । "त्यसलाई पनि भिक्षु बनाउनुपर्छ," यो कुरो सोचेर स्थविरले त्यही गाउँको सिमानामा र उही गण[२] मा **भण्डुकुमारलाई** एकैपटकमा प्रव्रज्या[३] र उपसम्पदा[४] दिने काम भयो । उसलाई उही समयमा अर्हत्पद प्राप्त भयो ।

त्यतिबेला स्थविरले **सुमन** सामणेरलाई बोलाएर धर्म श्रमण काल[५] को घोषणा गर्नको लागि भन्यो । उसले सोध्यो, "भन्ते ! म कति ठाउँमा सुन्न सक्ने घोषणा गरुँ" । स्थविरले भन्यो, "जुन सम्पूर्ण **ताम्रपर्णीमा** सुन्न सक्नेहोस्" । त्यतिबेला उसले आफ्नो योगबलले यस्तो घोषणा गऱ्यो जुन घोषणा सम्पूर्ण लंकाले सुन्यो ॥३१-३५॥

---

१. अनागामी फल - जसलााई निर्वाण प्राप्त गर्ने काममा यो लोकमा एउटै पनि र अरु जन्मको आवश्यक नहोस् ।

२. गण - भिक्षु बनाउनको लागि मध्यमण्डल (उत्तर प्रदेश र विहार) बाहिर कम्तिमा पनि पाँच भिक्षुको समूह (गण) हुनु जरुरी छ अनि मध्यमण्डलमा दसको ।

३. प्रव्रज्या - गृहस्थ वस्त्र त्यागेर त्रिशरण र दस शील सँगसँगै भिक्षु भेष धारण गर्ने कामलई प्रव्रज्या ग्रहण भन्दछ ।

४. उपसम्पदा - उमेर बीस वर्षभन्दा माथिको भएपछि भिक्षुको सम्पूर्ण अधिकार र नियमहरुसँगै उसम्पदा दिने काम हुन्छ ।

५. धर्म श्रवण काल - धर्मोपदेशको सुरुमा धर्म सुन्ने समयको घोषणा ।

Downloaded from http://www.dhamma.digital

सोण्डीको छेउमा **नागचतुष्क**[1] मा बसेर भोजन गर्दै रहँदा, त्यो शब्द सुनेर राजाले स्थविरलाई सोध्न लगायो" कुनै उत्पात मच्चिएको त होइन ?" स्थविरले भन्नुभयो," यो कुनै उत्पात होइन, बुद्धवचन सुन्नको लागि समयको घोषणा गराउन लगाएको हो" ।

**सामणेर**को शब्द सुनेर भूमिको देवताहरुले घोषाणा गरेको हो । त्यसपछि यसरी क्रमैसित त्यो घोषणा ब्रह्मलोकसम्म पुग्यो ॥३८॥ त्यो घोषणा सुनेर सबै देवताहरु एकत्र भए । स्थविरले त्यो भेलामा समचितसुत्त[2]को उपदेश दिनुभयो जसको कारण धेरै देवताहरुलाई धर्मचक्षु प्राप्त भयो ॥३९॥ धेरै नाग र गरुड (सुपर्ण) पनि त्रिशरणमा प्रतिष्ठित भए । **सारीपुत्त** स्थविरको त्यो भाषणको समयमा देवताहरु जसरी भेला भएका थिए **महेन्द्र** स्थविरको यो भाषणको समयमा पनि त्यसरी नै भेलाभए ॥४१॥

राजाले एकाविहानै रथ पठायो । सारथीले आएर भन्यो, "तपाई रथमा चढनुहोस, हामी नगरतर्फ जान्छौं । रथमा चढदिनँ (म) तिम्रो पछि आउँदैछु," भनेर सारथीलाई अगाडि पठाएर आफू सुन्दर मनोरथ भएको सिद्ध आकाश मार्ग भएर नगरको पूर्वतर्फको प्रथमस्तूप[3] भएको ठाउँमा ओर्लियो ॥४३-४४॥

स्थविरहरु पहिले यही ठाउँमा आएर ओर्लिएका थिए । त्यसैले यो ठाउँमा बनाएको चैत्य (स्तूप) लाई आजसम्म पनि **प्रथमचैत्य** भन्ने गरेको छ ॥४५॥

राजाले स्थविरको गुण सुनेर, राजाका अन्त:पुरका रानी (स्त्रीहरुले) हरुले पनि स्थविरको दर्शन गर्ने इच्छा गरे । त्यसको लागि राजाले राजमहलभित्र सेतो कपडाले ढाकेर तथा फूलहरुले सजाएर सुन्दर मण्डप बनाउन लगायो ॥४७॥ स्थविरको मुखबाट उनले अग्लो आसनमा नबस्ने भन्ने कुरो सुनिसकेको थियो । त्यसैले स्थविर अग्लो आसनमा बस्नहुन्छ कि बस्नुहुन्न ? भनेर राजालाई शंका भयो । यसै बीचमा सारथीले स्थविर पहिले नै आउनुभएर नगरको बाहिर उभिएरै चीवर पहिरनु भइरहेको देख्यो । त्यो चकित भयो अनि राजाकहाँ गएर भन्यो । राजाले सबै कुरा सुनेर निश्चय गऱ्यो । उनी कुर्सीमा बस्नुहुन्न । त्यसैले भुइँमा सुन्दर ओछ्यान लगाउन आज्ञा दिएर राजा स्थविर हुनुभएको ठाउँमा गयो । स्थविरहरुलाई आदरपूर्वक अभिवादन गरिसकेपछि उसले **महेन्द्र** स्थविरको हातबाट भिक्षापात्र लिएर पूजा सत्कारको साथमा नगर प्रवेश गराए ॥४९–५२॥

---

**१. नागचतुष्क - मिहिन्तलेमा अम्बत्थलको तल केही पर वर्तमान 'नागपोकुणि' ।**

**२. समचित्तसुत्त - अंगुत्तर निकाय २-४-६ ।**

**३. प्रथमस्तूप - जहाँ पछि सर्वप्रथम प्रथम स्तूपको स्थापना भयो ।**

Downloaded from http://www.dhamma.digital

आसन राखिदिएको देखेर ज्योतिषीहरुले भविष्यवाणी गरे, "यहाँले पृथ्वी लिईसक्नुभएको छ अब यो लंकाद्वीपको स्वामी हुनुहुनेछ" ॥५३॥

राजाले स्थविरलाई बडो सम्मानपूर्वक अन्तःपुरमा लिएर गयो । त्यहाँ दुशाला (ओछ्याउने बाक्लो तन्ना ?) को आसनमा योग्यताअनुसार बस्नुभयो ॥५४॥ राजा आफैंले उहाँलाई खीर आदि खाद्य पदार्थको भोजन गरायो । भोजन गराउने काम सकिएपछि राजाले छेउमा बसेर आफ्नो कान्छो भाइ उपराज **महानागकी** श्रीमती **अनुला** जो राजमहलमै बस्थिन्, उनलाई बोलायो ॥५५-५६॥

पाँच सय महिलाहरुका साथमा **अनुलादेवी** आइन् अनि स्थविरलाई पूजा र वन्दना गरेर एकातिर बसिन् ॥५७॥ स्थविरले **पेतवत्थु**[१], **विमानवत्थु**[२] **र सच्चसंयुक्त**[३] को उपदेश दिनुभयो जसको कारण उनलाई स्रोतापत्तिफल प्राप्त भयो ॥५८॥

पहिलो दिन दर्शन गर्नेहरुबाट स्थविरको गुण सुनेर धेरैजसो नगरवासीहरु स्थविरको दर्शन गर्ने इच्छाले एकत्र भए अनि राजदरवारको ढोकामा ठूलो होहल्ला गर्न लागे । राजाले हल्ला भएको सुनेर त्यसको कारण सोध्यो अनि कारण बुझेर लोकहितैषी राजाले भन्यो – "सबैको लागि ठाउँ पुग्दैन, त्यसैले मंगल हात्ती बस्ने घर सफा गराऊ । त्यसो भए त्यहाँबाट सबै नगरवासीले स्थविरको दर्शन गर्न सक्नेछन्" ॥५९-६१॥

हात्तीसार सफा गरेर त्यसमा कपडाले सजाएर योग्यताअनुसारको आसन राख्न लगाए ॥६२॥ स्थविरहरुसहित महास्थविर त्यहाँ जानुभयो । त्यसपछि त्यहाँ महोपदेशकले त्यहाँ बसेर देवदूतसुत्त[४] को उपदेश दिनुभयो ॥६३॥ जुन उपदेश सुनेर त्यहाँ आएका नागरिकहरु धेरै खुशी भए अनि तिनीहरुमध्ये एक हजारलाई स्रोतापत्ति फल[५] प्राप्त भयो ॥६४॥

बुद्धको समान, अनुपम, द्वीपको दीपक स्थविरले लंकाद्वीपमा दुई ठाउँमा **लंकाद्वीपकै** भाषामा उपदेश दिनुभई सद्धर्मको स्थापना गर्नुभयो ॥६५॥

सज्जनहरुको प्रसाद र वैराग्यको लागि रचित महावंशको 'नगर प्रवेश' नामको चतुर्दश परिच्छेद ।

---

**१. पेतवत्थु - खुद्दक निकाय, सप्तम पुस्तक ।**

**२. विमानवत्थु - खुद्दक निकाय, षष्ठ पुस्तक ।**

**३. सच्च संयुत्त - संयुत्त निकाय, ५, १२ ।**

**४. देवदूत सुत्त - अंगुत्तर निकाय, ३ .४ .५ मज्भिम निकाय ३ . ३ . १० ।**

**५. स्रोतापत्तिफल - द्रष्टव्य १४–६४ ।**

Downloaded from http://www.dhamma.digital

# पञ्चदश परिच्छेद

## महाविहार परिग्रहण

हात्तीसारको ठाउँ पनि साँघुरो भयो । त्यसैले त्यहाँ आएका मानिसहरुले दक्षिणपट्टिको ढोकाबाहिर हरियो भरिलो, शीतल छायाँ भएको, रमणीय राजोद्यान **नन्दनवनमा** स्थविरहरुलाई बस्नको लागि सम्मानपूर्वक आसन राख्न लगायो । स्थविर दक्षिण ढोकाबाट बाहिर आएर त्यहाँ बस्नुभयो ॥१–३॥ त्यहाँ धेरैजसो ठूला घरका महिलाहरु आएका थिए अनि उद्यान भरिंदै जाँदा स्थविरको छेउमा बसे । स्थविरले उनीहरुलाई **बालपंडित सुत्त**[1] को उपदेश दिनुभयो ।४॥ ती महिलाहरुमध्येमा एक हजारलाई स्रोतापत्ति फल प्राप्त भयो । यसरी त्यो उद्यानमा बसेर सुन्दा साँझ भयो ॥५॥

त्यतिबेला स्थविर पहाडमा बस्न जानको लागि बाहिर निक्लिनुभयो । मानिसहरुले राजालाई यसबारे सूचना दिए । राजा तुरुन्त स्थविर हुनुभएको ठाउँमा आयो र भन्यो, "अब साँझ भयो पहाड टाढो छ, त्यसैले यहाँ **नन्दनवनमा** बस्नुमा नै सुखकर छ" ॥६-७॥ स्थविरले भन्नुभयो, – "यो नगरको धेरै नजिक हुनाले हाम्रो अनुकूलको छैन " । त्यतिबेला राजाले भन्यो, "त्यसो भए **महामेघवन** उद्यान[2] नगरदेखि धेरै टाढो पनि छैन नजिक पनि छैन । त्यो रमणीय छ तथा छायाँ र पानी भएको ठाउँ हो । नजानुहोस्, भन्ते ! यहीँ वास बस्नुहोस्" । यसो भनेपछि स्थविर त्यहीँबाट फर्किनुभयो ॥८–९॥ कदम्ब नदीको छेउबाट फर्किएको ठाउँमा बनाएको चैत्य (स्तूप) लाई निवत्तचैत्य भन्दछ ॥१०॥

राजा आफैँले स्थविरलाई **नन्दनवन**को दक्षिण पूर्वपट्टिको ढोकामा अवस्थित **महामेघवन** उद्यानमा लिएर गयो ॥११॥ त्यहाँ रमणीय राजकीय गृहमा राम्रो खाट र पिरा राख्न लगाएर उसले भन्यो" यहाँ तपाईं आरामसित बस्नुहोस्" ॥१२॥ त्यसपछि राजाले स्थविरलाई अभिवादन गरेर मन्त्रीहरुको साथमा नगर फर्कियो । स्थविर त्यो रात त्यहीँ बस्नुभयो ॥१३॥

एकाविहानै राजा स्थविर हुनुभएको ठाउँमा फूल लिएर पुग्यो अनि फूलहरुले उनको पूजा गरेर उसले सोध्यो– आनन्दपूर्वक बस्नु भयो त ? उद्यान अनुकूल (सुबिधायुक्त) कै थियो त ?"

---

१. **बालपंडित सुत्त - मज्झिम निकाय ३.३.९ ।**

२. **महामेघवन उद्यान - द्रष्टव्य १.८० ।**

Downloaded from http://www.dhamma.digital

स्थविरले भन्नुभयो, “महाराज ! म आरामसित बसैं । उद्यान यतिहरुको अनुकूल छ” ॥१४–५॥ त्यतिबेला राजाले सोध्यो, “(के) संघको लागि आराम (विहार) ग्रहण गर्न योग्य छ ?” योग्य र अयोग्य जान्ने स्थविरले (बुद्धद्वारा) **वेणुबनाराम**[1] को प्रतिग्रहणको वर्णन गरेर भन्नुभयो, “हो योग्य छ” । यो कुरो सुनेर राजा र अरु मानिसहरु खुशी भए ॥१६–१७॥

त्यतिबेला स्थविरलाई वन्दना गर्न पाँच सय महिलाहरुसहित **अनुलादेवी** पनि आइन । उनलाई सकृदागामी फल प्राप्त भयो ॥१८॥ ती पाँच सय महिलाहरुसहित **अनुला**देवीले राजालाई भनिन् “हे देव ! हामी भिक्षुणी बन्न चाहन्छौं” । राजाले स्थविरलाई प्रार्थना गऱ्यो,” तपाईंले यिनीहरुलाई भिक्षुणी बनाउनुहोस्” । स्थविरले राजालाई जवाफ दिनुभयो,” म महिलाहरुलाई भिक्षुणी बनाउन योग्य छैन” ॥१९–२०॥ **पाटलिपुत्र**मा संघमित्रा नामले विख्यात मेरी बहिनी, बहुश्रुत भिक्षुणी छिन् । तपाईले हाम्रा बुबा राजा अशोकलाई संघमित्रासित (यतिराज) बुद्धको ठूलो पिपलको रुखको दक्षिण ( दायाँपट्टिको) हाँगा तथा श्रेष्ठ भिक्षुणीहरु लिएर यहाँ लंका पठाइदिनुहोस् भनेर खबर पठाउनुहोस् ॥ उनै स्थविरी आएर यी महिलाहरुलाई भिक्षुणी बनाउनेछिन्” ॥२१–२३॥ “धेरै राम्रो कुरा” भनेर राजाले आफ्नै हातले गंगा सागर लियो अनि “**महामेघवन** उद्यान संघ समर्पित गर्छु” भनेर **महामहेन्द्र** स्थविरको हातमा दानको पानी खसायो । पानी भुईंमा पर्ने बित्तिकै पृथ्वी डगमगायो ॥२४–२५॥

राजाले स्थविरलाई सोध्यो, “पृथ्वी किन डगमगाउँछ ?” स्थविरले भन्नुभयो, “लंकाद्वीपमा धर्मको स्थापना हुने हुनाले” ॥२६॥

कुलीन राजाले स्थविरलाई जूहीको फुल समर्पित गऱ्यो । स्थविरले राजमहलको दक्षिणतर्फ उभिएर पिचुल रुखमा आठ मुठी फूल फ्याँक्यो । त्यहाँ पनि पृथ्वी डगमगायो । पृथ्वी कम्पन भएको कारण सोध्दा स्थविरले भन्नुभयो, “राजन ! तीनजना बुद्ध[2] को समयमा यो ठाउँमा मालक[3] थियो अनि संघको कामको लागि अब फेरिपनि बन्नेछ” ॥२७–२९॥

---

**१. वेणुबनाराम - राजगृहमा राजा बिम्बिसारको बगैंचा । भगवान् गौतम बुद्धले सबैभन्दा पहिले यही बगैंचा ग्रहण गरेका थिए ।**

**(विनयपिटक ,महावग्ग)**

**२. तीन बुद्ध - (१) ककुसन्ध (२) कोणागमन र (३) कश्यप ।**

**३. मालक - चारैतिर पर्खालले घेरेको जसको भित्र भिक्षुसंघको धार्मिक कृत्य हुने गर्थ्यो ।**

Downloaded from http://www.dhamma.digital

त्यसपछि स्थविर राजमहलको उत्तरतर्फ सुन्दर पोखरी भएको ठाउँमा जानुभयो । त्यहाँ पनि त्यति नै फूल छर्नुभयो ॥३०॥ त्यतिबेला पनि पृथ्वी डगमगायो । सोध्दाखेरि स्थविरले त्यसको कारण भन्नुभयो, "राजन ! यो पुष्करिणी तातो पानीले नुहाउने **स्नानागार**[1] बन्नेछ" ॥३१॥

त्यसपछि ऋषिले त्यो राजमहलको द्वारकोठामा जानुभई त्यहाँ पनि त्यति नै फूलले पूजा गर्नुभयो ॥३२॥ त्यतिबेला पनि पृथ्वी कम्पन भयो । राजाले अत्यन्त गद्गद् हुँदै त्यसको कारण सोध्यो । स्थविरले भन्नुभयो, "राजन ! यही कल्पमा तीन बुद्धहरु बसेको दाहिने हाँगा ल्याएर यहाँ रोपेका थिए । हाम्रा तथागत बुद्ध बस्नु भएको पिपलको रुखको दाहिने हाँगा पनि यहाँ रोपिनेछ" ॥३३–३५॥

त्यहाँदेखि महास्थविर **महामुचल** मालक भन्ने ठाउँमा जानुभयो । त्यहाँ त्यो ठाउँमा पनि स्थविरले त्यतिनै फूल छर्नुभयो ॥३६॥ पृथ्वी त्यहाँ पनि डगमगायो । त्यसको कारण सोध्दा स्थविरले भन्नुभयो – "यहाँ संघको लागि उपोसथागार बन्नेछ" ॥३७॥

त्यहाँदेखि महामति स्थविर **प्रश्नाम्रमालक** (पञ्हम्बमालक) भएको ठाउँमा जानुभयो ।

बगैंचाको मालीले राजालाई एउटा राम्ररी पाकेको उत्तम रङ्गको रसिलो, वासयुक्त ठूलो खालको आँप दियो । राजाले त्यो स्थविरलाई अर्पित गऱ्यो ॥३८–३९॥ जनहितैषी स्थविरले बस्ने इच्छा प्रकट गर्नुभयो । राजाले त्यहीँ ठाउँमा सुन्दर आसन राख्न लगायो ॥४०॥ स्थविर बस्नुभएपछि राजाले उहाँलाई आँप दियो । स्थविरले आँप खाएर त्यसको कोया रोप्नको लागि राजालाई दिनुभयो । राजाले त्यो कोया आफैंले त्यहीँ रोप्यो । त्यो चाँडो उमार्नको लागि स्थविरले त्यो कोयामाथि हात धुनुभयो । उसै क्षण कोयाबाट टुसो निस्कियो । अनि विस्तारै विस्तारै त्यो टुसा फल र पातसहितको भीमकाय रुख भयो ॥४१–४३॥ यस्तो चमत्कार देखेर राजासहित सारा समूह हर्षले रोमाञ्चित भएर विन्ती गरे अनि हात जोडेर उभिरहे ॥४४॥

स्थविरले त्यहाँ पनि आठ मुठी फूल छर्नुभयो । त्यहाँ पनि भुइचालो गयो । सोध्दा त्यसको कारण भन्नुभयो –"राजन ! संघलाई जुन विभिन्न वस्तुहरु प्राप्त हुन्छन्, उहाँहरुले एकत्रित भएर यो वितरण गर्ने ठाउँ बनाउनुहुनेछ" ॥४५–४६॥

त्यहाँबाट **चतुश्शाला** भएको ठाउँमा जानुभई त्यहाँ पनि त्यति नै फूल छर्नुभयो । त्यहाँ पनि भुईंचालो गयो ॥४७॥ राजाले भुईंचालो जानको कारण सोध्यो ॥ स्थविरले भन्नुभयो –"पहिलेका तीन बुद्धले राजोद्यान ग्रहण गरेको समयमा लंकावासीहरुले चारैतिरबाट आएको भोजन दानको वस्तुहरु यहीँ राखेर संघसहित तीनैजना बुद्धहरुलाई भोजन गराएका थिए ।

---

**१. स्नानागार - जन्ताघर ।**

Downloaded from http://www.dhamma.digital

अब त्यसपछि यहीँ **चतुश्शाला** (सभा भवन, दलान) बन्नेछ । अनि यसै ठाउँमा संघको भोजन गर्ने काम हुनेछ " ॥४७-५०॥

राम्रा नराम्रा स्थानबारे जान्ने, लंकाद्वीपलाई वृद्धि गर्ने महास्थविर **महेन्द्र** त्यसपछि महास्तूप (रुवनवैलि) जानुभयो ॥५१॥

त्यहाँ राजोद्यानलाई चारैतिरबाट घेरेको पर्खालको भित्र **ककुध** नामको एउटा सानो सिँढी भएको तलाउ थियो । त्यसको मास्तिर पानीको छेउमा स्तूपको योग्य सम्मजग्गा थियो । स्थविर त्यहाँ पुग्नुभएको समयमा राजालाई आठ दुना चाँपको फूल ल्याएर दिएर गए । ती चाँपको फूल राजाले स्थविरलाई समर्पित गऱ्यो । स्थविरले चाँपको फूलले त्यो ठाउँमा पूजा गर्नुभयो ॥५२–५४॥ त्यहाँ पनि भुइँचालो गयो । राजाले भुईचालो गएको कारण सोध्यो । स्थविरले क्रमैसित भूइँचालो जाने कारण भन्नुभयो :–

"महाराज ! चारजना बुद्धको वासले पवित्र भइसकेको यो स्थान प्राणीहरुको हित र सुखको लागि योग्य छ" ॥५६॥

यही कल्पमा सबै धर्मको बारेमा जान्ने र सबै मानिसहरुलाई दया गर्नुहुने **ककुसन्ध** बुद्ध हुनुभयो । त्यो समयमा यो **महामेघवन**को नाम **महातीर्थ** थियो अनि यसको पूर्व दिशामा **कदम्ब नदी**को पारि **अभय** नामको नगर थियो जुन ठाउँमा **अभय** नामको राजा थियो । त्यो समयमा यो द्वीपको नाम **ओजद्वीप** थियो ॥५७–५९॥

राक्षसहरुको रिसको कारण यहाँका मानिसहरुमा **महामारी** फैलियो । दशबलधारी **ककुसन्धले** यो उत्पात मच्चिएको देखेर प्राणीहरुको दुःख निवारण गर्नको लागि र यो द्वीपमा धर्मको स्थापना गर्नको लागि दया भावनाले प्रेरित भएर चालीस हजार अर्हत्‌हरुसहित आकाश मार्गबाट आउनुभइ **देवकुट पर्वत**मा ओर्लिए ॥६२॥

राजन ! त्यतिबेला सम्बुद्धको प्रतापले सारा द्वीपमा महामारी शान्त भयो ॥६३॥ त्यहाँ पर्वतमा बस्नुभएको महामुनिले संकल्प गर्नुभयो, **ओजद्वीप**का सबै मानिसहरुले मलाई आज हेर्नुहोस् । जो आउन चाहनुहुन्छ ती सबै मानिसहरु म भएकोठाउँमा बिनाकष्टले चाँडो आइपुग्न सकून् ॥६४–६५॥

त्यो पर्वत र मुनिराजलाई तेजले चम्किलो भएको देखेर राजा र नगरवासीहरु तुरुन्तै छेउमा आइपुगे ॥६६॥ देवताहरुलाई पूजा अर्चना गर्नको लागि मानिसहरु त्यहाँ आए अनि उनीहरुले संघसहितको लोकनायकलाई देवता सम्झिए ॥६७॥

राजा अत्यन्त खुशी भएर मुनिराजलाई नमस्कार गऱ्यो अनि भोजनको लागि निम्तो दिएर नगरछेउ ल्यायो । राजाले त्यो ठाउँलाई संघसहित बुद्ध बस्न योग्य, उत्तम, रमणीय र शान्त स्थान सम्झिएर त्यो सुन्दर बनाएको मण्डपमा संघसहित सम्बुद्धलाई सुन्दर आसनमा बसायो ॥७०॥ संघसहित बुद्धलाई यहाँ बसेको देखेर चारैतिरबाट लंकाद्वीपवासीहरुले उपहार लिएर आए ॥७१॥ राजाले आफ्नो र अरु मानिसहरुले ल्याएका खाद्यपदार्थले संघसहित बुद्धलाई सन्तृप्त पारे ॥७२॥

Downloaded from http://www.dhamma.digital

भोजन ग्रहणपछि त्यहाँ बस्नु भएको बुद्धलाई राजाले सुन्दर **महातीर्थ** उद्यान दान गऱ्यो ॥७३॥ जुन समयमा बुद्धले बिनाऋतुको फूलहरुले शोभा दिएको **महातीर्थ** उद्यान ग्रहण गर्नुभयो त्यो समयमा पृथ्वी कम्पन भयो ॥७४॥ त्यहीँ बस्नुभइ बुद्धले धर्मोपदेश दिनुभयो जसले गर्दा चालीस हजार मानिसहरुलाई स्रोतापत्ति फल प्राप्त भयो ॥७५॥

दिनभरि **महातीर्थ** वनमा यताउति घुमफिर गर्नुभइ साँझपख बुद्ध पिपलको रुख भएको उपयुक्त ठाउँमा जानुभयो ॥७६॥ त्यहाँ बस्नुभइ समाधि लगाउनुभयो । त्यसपछि समाधिबाट उठेर बुद्धले लंकावासीहरुको हितकोलागि यो कुरो सोच्नुभयो, "भिक्षुणीहरुको साथमा **रुचानन्द** भिक्षुणीले मेरो सिरिसको बोधिवृक्षको दाहिने हाँगा लिएर यहाँ आऊन्" ॥७७–७८॥

त्यतिबेला बुद्धको मनको कुरा जानेर त्यो थेरी त्यो देशको राजा[1]को साथमा पिपलको रुखको छेउमा गइन् ॥७९॥ महासिद्ध थेरीले पिपलको रुखको दायाँतर्फको हाँगामा **मैनसिल** (धातु) ले धर्को लगाइन्, जसले गर्दा त्यो हाँगा आफैँ छुट्टियो । रुखबाट, छुट्टिएको हाँगालाई "हे राजन ! सुनको गमलामा राखेर पाँच सय भिक्षुणी तथा देवताहरुका साथमा त्यो थेरीले योगबलले त्यहाँ लिएर आइन् । त्यहाँ ल्याएर त्यो सुनको गमलालाई बुद्धले अगाडि पसारेको दाहिने हातमा राखिदिइन् । बुद्धले त्यसलाई लिएर रोप्नको लागि अभय राजालाई दिनुभयो । राजाले त्यसलाई **महातीर्थ** उद्यानमा रोपे त्यहाँबाट बुद्ध उत्तरतर्फ जानुभयो । त्यहाँ रमणीय **सिरिसमालकमा** बसेर बुद्धले मानिसहरुलाई धर्मबारेको उपदेश दिनुभयो । बीस हजार मानिसहरुलाई धर्मचक्षु प्राप्त भयो" ॥८४–८५॥

त्यहाँबाट पनि उत्तरतिर जानुभइ बुद्धले स्तूपाराम भएको ठाउँमा बस्नुभई समाधि लगाउनुभयो । त्यसपछि समाधिबाट उठनुभइ बुद्धले मानिसहरुलाई उपदेश दिनुभयो । त्यहीँ नै दस हजार मानिसहरुलाई मार्गफल प्राप्त भयो ॥८६–८७॥ मानिसहरुलाई पूजा गर्नको लागि आफ्नो कमण्डलु (धर्मकरक) दिनुभइ अनुयायीसहित भिक्षुणीहरुलाई त्यहीँ छोडेर एक हजार भिक्षुहरुसहित महादेव नामको आफ्नो शिष्यलाई पनि त्यहीँ छोडेर बुद्धले त्यहाँबाट पुर्व **रत्नमालकमा** उभिएर मानिसहरुलाई अनुशासित (नैतिक शिक्षा दिनु) गर्नुभयो । त्यसपछि संघसहित आकाश मार्गद्वारा **जम्बूद्वीप** पुग्नुभयो ॥८८–९०॥

यही कल्पमा दोस्रो बुद्धसर्वज्ञ र सबै मानिसहरुमाथि दया गर्नुहुने कोणागमन हुनु भयो ॥९१।

---

**१. राजालाई साथमा लिएर – जम्बूद्वीपको पौराणिक क्षेमवतिको राजा क्षेम (महावंस टीका) ।**

Downloaded from http://www.dhamma.digital

त्यो समयमा यो **महामेघवन**को नाम **महानोम** थियो अनि यसको दक्षिणदिशामा **वर्धमान** नामको नगर थियो ॥०२॥ त्यहाँ त्यो समयमा **समृद्धि** नामको राजा थियो अनि त्यो द्वीपको नाम वरद्वीप थियो ॥९३॥

त्यो समयमा त्यहाँ द्वीपमा दुर्वृष्टि (अनावृष्टि, खडेरीले उत्पात मच्चियो) भयो । बुद्ध **कोणागमन**ले यो उत्पात मच्चिएको देखेर प्राणीहरुको दुःख निवारण गर्न र त्यो द्वीपमा धर्म स्थापना गर्नको लागि दया भावनाले प्रेरित भएर तीस हजार अर्हत्‌सहित आकाश मार्गबाट आएर **सुमनकूट** पहाडमा उत्रिनुभयो ॥९५–९६॥ सम्बुद्धको प्रतापले दुर्वृष्टिको कारण हुन गएको त्यो दुःख निवारण भयो अनि त्यसपछि जबसम्म लंकामा धर्म (शासन) विद्यमान रह्यो तबसम्म राम्रोसित पानी परिरह्यो ॥९७॥

त्यहाँ पहाडमा बस्नुभएको बुद्धले संकल्प गर्नुभयो – "वरद्वीपका सबै मानिसहरुले मलाई आज हेर्नुहोस् । जो म भएको ठाउँमा आउन चाहनुहुन्छ ती सबै मानिसहरु म भएको ठाउँमा बिनाकष्टले चाँडो आइपुग्न सकून्" ॥९८–९९॥ त्यो पहाड र मुनिराजको तेजले उज्यालो भएको देखेर राजा र नगरवासीहरु चाँडै आईपुगे ॥१००॥ देवताहरुको पूजा अर्चना गर्नको लागि त्यहाँ आएका मानिसहरुले संघसहित लोकनायकलाई देवता सम्झिए ॥१०१॥

अत्यन्त मन खुशी भएका राजाले मुनिराजलाई अभिवादन गरे अनि भोजनको लागि निम्तो दिएर नगरको छेउमा ल्यायो । यो ठाउँलाई संघसहित बुद्धलाई बस्न योग्य, उत्तम, रमणीय र शान्त सम्झिएर राजाले त्यहाँ बनाउन लगाएका मण्डपमा संघसहित बुद्धलाई सुन्दर आसनमा बसायो ॥१०२–१०४॥ संघसहित बुद्धलाई त्यहाँ देखेर चारैतिरबाट लंकाद्वीप वासीहरुले सौगात लिएर आए ॥१०५॥ राजाले आफ्नो र अरु मानिसहरुले ल्याएका खाद्य पदार्थहरुले संघसहित बुद्धलाई सन्तृप्त पारे ॥१०६॥ भोजन पश्चात् त्यहाँ बसिराख्नु भएको बुद्धलाई राजाले सुन्दर **महानोम** उद्यान दान दियो ॥१०७॥ बुद्धले जुन समयमा बिनाऋतुको फूलहरुले शोभा दिएको महानोम उद्यान वन ग्रहण गर्नुभयो त्यो समयमा पृथ्वी कम्पन भयो ॥१०८॥ त्यहीँ बसेर बुद्धले धर्मोपदेश दिनुभयो जसले गर्दा तीस हजार मानिसहरुलाई मार्गफल प्राप्त भयो ॥१०९॥

दिनभरि **महानोम** वनमा यताउति घुमफिर गर्नुभइ साँझपख जहाँ पहिले बोधिवृक्ष (पिपलको रुख) थियो त्यहीँ जानुभयो । त्यहाँबसेर समाधि लगाउनुभयो । त्यसपछि समाधिबाट उठेर बुद्धले लंकावासीहरुको हितको लागि यो संकल्प गर्नुभयो, "भिक्षुणीसहित **कन्तकानन्द** भिक्षुणीले मेरो डुम्री (गुलर) को बोधिवृक्षको दाहिने हाँगा लिएर आऊन्" ॥११०–११२॥

बुद्धको मनको कुरा जानेर त्यो थेरी त्यो देशको राजा[1]लाई लिएर रुखको छेउमा गइन् ॥११३॥

---

**१. राजालाई लिएर – पालि टीकाअनुसार (पौराणिक) सोमवतिको राजा सोमन ।**

Downloaded from http://www.dhamma.digital

महासिद्ध स्थविरीले पिपलको रुखको दाहिनेतर्फको हाँगामा मैनसिलले धर्को कोरिन् जसले गर्दा हाँगा आफैं काटिएर छुट्टियो । त्यो छुट्टिएको हाँगालाई सुनको गमलामा राखेर पाँच सय भिक्षुणी तथा देवताहरुको साथमा त्यो थेरीले आफ्नो योगबलले त्यसलाई लंकामा लिएर आइन् । त्यहाँ ल्याएर त्यो सुनको गमला उहाँ बुद्धले फैल्याउनु भएको दाहिने हातमा राखिदिइन् । बुद्धले लिएर रोप्नको लागि समृद्धिलाई दिनुभयो । राजाले त्यसलाई **महानोम** उद्यानमा रोप्यो ॥११४–११७॥

त्यतिबेला बुद्धले **सिरिसमालक**बाट ओर्लिएर त्यहाँ नागमालकमा बसेका मानिसहरुलाई धर्मोपदेश दिनुभयो ॥११८॥ राजन ! त्यो धर्मोपदेश सुनेर बीस हजार प्रांणीहरुलाई धर्मचक्षु प्राप्त भयो ॥११९॥ त्यहाँबाट ओर्लिएर त्यो ठाउँमा जहाँ पहिलेको सम्बुद्ध बस्नुभएको थियो । त्यस स्थानमा जानुभई समाधि लगाउनुभयो । त्यसपछि समाधिबाट उठनुभई मानिसहरुलाई धर्मोपदेश दिनुभयो । त्यहाँ पनि दस हजार मानिसहरुलाई मार्गफल प्राप्त भयो ॥१२०–१२१॥

मानिसहरुलाई पूजा गर्नको लागि आफ्नो कम्मरमा बाँध्ने डोरी (कायबन्धन) दिनुभइ अनुयायीहरुसहित भिक्षुणीहरुलाई त्यहीँ छोडेर तथा एक हजार भिक्षुहरुसहित **महासुम्ब** नामको आफ्नो शिष्यलाई पनि त्यहीँ छोडेर स्थविरले **रतनमालको यतातिर सुदर्शनमाल**मा उभिएर मानिसहरुलाई अनुशासित (नैतिक शिक्षा) गर्नुभयो । त्यसपछि संघसहित आकाश मार्गद्वारा **जम्बूद्वीप** जानुभयो ॥१२२–१२४॥

यही कल्पमा सर्वज्ञ र सबै मानिसहरुलाई दया गर्नुहुने काश्यप गोत्रको तेस्रो बुद्ध हुनुभयो ॥१२५॥ त्यो समयमा यो **महामेघवनको** नाम **महासागर** थियो अनि पश्चिम दिशामा **विशाल** नामको एउटा नगर थियो ॥१२६॥ त्यो समयमा त्यहाँ **जयन्त** नामको राजा थियो अनि त्यो द्वीपको नाम **मण्डद्वीप** थियो ॥१२७॥ राजा जयन्त र उसको भाइ आपस्तमा डरलाग्दो प्राणी संहारक लडाईमा उत्रिए ॥१२८॥

त्यो लडाईमा प्राणीहरुलाई धेरै दुःख हुन गएको देखेर महादयावान् **काश्यप बुद्ध** प्राणीहरुको दुःख निवारण गर्न र धर्मको स्थापना गर्नको लागि दया भावनाले प्रेरित भएर बीस हजार अर्हत्‌हरुसहित आकाश मार्गबाट **शुभ्रकूट** पहाडमा उत्रिनुभयो ॥१२९–१३१॥

त्यहाँ पहाडमा बस्नुभएको बुद्ध (मुनीश्वर) ले "हे राजन ! यो लंकाद्वीपका सबै मानिसहरुले आज मेरो दर्शन गरुन् । जो म भएको ठाउँमा आउन चाहन्छ बिनाकष्टले चाँडै आइपुग्न सकून्" भनेर आफ्नो इच्छा प्रकट गर्नुभयो ॥१३२–१३३॥

त्यो पहाड र मुनिराजको तेजले बल्दै गरेको देखेर राजा र नगर वासीहरु चाँडै छेउमा आए ॥१३४॥

Downloaded from http://www.dhamma.digital

आ-आफ्नो पक्षको विजयको लागि बहुसङ्ख्यक मानिसहरुले संघसहित लोकनायकलाई देवता सम्भिएर, देवतालाई पूजा अर्चना गर्नको लागि त्यो पहाडमा आए । त्यो राजा र कुमार चकित भएर लडाइ बन्द गरे ॥१३५–१३६॥

अत्यन्त खुशी भएर त्यो राजाले बुद्धलाई अभिवादन गरेर भोजनको लागि निम्तो दिएर नगरको छेउमा ल्यायो ॥१३७॥ त्यो ठाउँ संघसहित बुद्ध बस्न योग्य, उत्तम, रमणीय, र शान्त सम्भिएर त्यो राजाले त्यहाँ बनाएको मण्डपमा संघसहित बुद्धलाई सुन्दर आसनमा बसायो ॥१३८–१३९॥ संघसहित बुद्धलाई बसेको देखेर चारैतिरबाट लंका वासीहरुले कोसेली लिएर आए ॥१४०॥ त्यतिबेला राजाले आफ्नो र अरु मानिसहरुले ल्याएको खाद्य पदार्थले संघसहित बुद्धलाई तृप्त पारे ॥१४१॥

भोजन पश्चात् त्यहीँ बसिराख्नुभएको बुद्धलाई राजाले सुन्दर **महासागर** उद्यान दियो ॥१४२॥ बुद्धले जुन समयमा बिनाॠतुको फूलहरुले शोभा दिएको **महासागर** वन ग्रहण गऱ्यो त्यो समयमा पृथ्वी कम्पन भयो ॥१४३॥ त्यहीँ बसेर बुद्धले धर्मोपदेश दिनुभयो जसले गर्दा बीस हजार मानिसहरुलाई मार्गफल प्राप्त भयो ॥१४४॥

दिनभरि **महासागर** वनमा घुमेर डुलेर (विहार) साँझपख जहाँ पहिले बोधिवृक्ष थियो, त्यो ठाउँमा जानुभयो ॥१४५॥ त्यहाँ बसेर समाधि लगाउनुभयो त्यसपछि समाधिबाट उठेर बुद्धले लंकावासीहरुको हितको लागि भावना (इच्छा) गर्नुभयो ॥१४६॥ भिक्षुणीहरुसहित **सुद्धम्मा** भिक्षुणीले म बसेको वरको बोधिवृक्षको दाहिने हाँगा लिएर आउनुहोस् ॥१४७॥

बुद्धको मनको कुरा जानेर त्यो थेरी त्यो देशको राजा[1]लाई लिएर बोधिवृक्ष (पिपलको रुख) भएको ठाउँमा गइन् ॥४८॥ महासिद्ध थेरीले (बोधि वृक्षको) दक्षिण हाँगामा मेनसिलले रातो रंगको धर्सो कोरिन् जसले गर्दा हाँगा आफैँ काटियो । त्यो छुट्टिएको हाँगालाई सुनको गमलामा राखेर पाँच सय भिक्षुणीहरुको साथमा त्यो थेरी आफ्नो योगबलले त्यसलाई लिएर आइन् । त्यहाँ ल्याएर त्यो सुनको गमला बुद्धले फैल्याउनु भएको दाहिने हातमा राखिदिइन् । बुद्धले त्यो बोधिवृक्षको हाँगा लिएर राजा **जयन्त**लाई रोप्नको लागि दिनुभयो । राजाले उसलाई **महासागर** उद्यानमा रोप्यो १४९–१५२॥

त्यसपछि स्थविरले **नागमाल**को उत्तरतर्फ जानुभई त्यहाँ **अशोकमालकमा** बस्नुभएका मानिसहरुलाई धर्मोपदेश दिनुभयो ॥१५३॥ त्यो धर्मोपदेश सुनेर राजन ! चार हजार प्राणीहरुलाई धर्मचक्षु प्राप्त भयो ॥१५४॥

---

**१. राजालाई लिएर पालि टीका अनुसार बनारस (वाराणसी) को (पौराणिक) राजा किकी ।**

Downloaded from http://www.dhamma.digital

त्यहाँदेखि अरु उत्तरतर्फ त्यो ठाउँ जहाँ पहिलेको बुद्ध बस्नुभएको थियो, जानुभई समाधि लगाउनुभयो । त्यसपछि समाधिबाट उठ्नुभइ बुद्धले मानिसहरुलाई धर्मोपदेश दिनुभयो । त्यहाँ दस हजार मानिसहरुलाई मार्गफल प्राप्त भयो ॥१५५- १५६॥

मानिसहरुलाई पूजा गर्नको लागि जलशाटिका (नुहाउने लुगा) दिनुभई अनुयायीहरुसहित भिक्षुणीहरुलाई त्यहीं छोडेर अरु दस हजार भिक्षुहरुसहित आफ्नो शिष्य **सर्वनन्दलाई** पनि त्यहीं छोडेर बुद्धले नदी र सुदर्शनमालकदेखि वरतिर **सोमनसमालकमा** उभिएर मानिसहरुलाई अनुशासित (नैतिक आचरण गर्ने) गर्नुभयो । त्यसपछि संघसहित आकाश मार्ग भएर **जम्बूद्वीप** जानुभयो ॥१५७–१५९॥

यही कल्पमा सबै धर्मका ज्ञाता र सबै मानिसहरुलाई दया गर्नुहुने चौथो बुद्ध गौतम हुनुभयो ॥१६०॥ उहाँले यहाँ लंकामा पहिलोपटक आउनुभइ यक्षहरुलाई दमन गर्नुभयो । त्यसपछि दोस्रोपटक आउनुभइ नागहरुलाई दमन गर्नुभयो ॥१६१॥ त्यसपछि तेस्रोपटक **कल्याणी**को **मणिअक्षिक** नागद्वारा निम्तो पाएर आउनुभयो अनि संघसहित त्यहाँ भोजन ग्रहण गरेर, पहिलेको बोधिको स्थान, त्यो स्तूपस्थान र **परिभोग धातु स्थान**[1]मा बस्नुभइ ती स्थानहरुको उपभोग गर्नुभयो । अनि पहिलेको बुद्ध बस्नुभएको स्थानदेखि वरतिर आउनुभइ, त्यो समयमा **लंका**मा मानिसहरु वसोवास नभएकोले द्वीपवासी देवताहरु र नागवासीहरुलाई उपदेश दिनुभयो । त्यसपछि संघसहित आकाश मार्ग भएर **जम्बूद्वीप** जानुभयो ॥१६२–१६५॥

"राजन ! यसरी यो स्थान चारै बुद्धहरुको आगमनले पवित्र भइसकेको छ । त्यसैले यो स्थानमा भविष्यमा बुद्धको शरीरको **दोण**[2] भरको धातुहरु (हड्डिहरु) को स्थापनामा हेममाली नामले प्रख्यात एक सय बीस हात[3] को स्तूप बन्नेछ" ॥१६६–१६७॥

राजाले भन्यो, "मैले नै यो स्तूप बनाउँछु ।" महास्थविरले भन्नुभयो, "राजन ! तिम्रो लागि यो भन्दा पनि अरु धेरै गर्नुपर्ने कामहरु छन् । तिमीले ती काम गराउनू । यसलाई तिम्रो नातिले बनाउन लगाउने छ । भविष्यमा तिम्रो भाइ उपराज महानागको छोरो जटाल **यट्ठालायक** तिष्य राजा हुनेछ । त्यसपछि **गोट्ठाभय** नामको उसको छोरो राजा हुनेछ । गोट्ठाभयपछि उसको छोरो **काकवर्ण तिष्य** राजा हुनेछ । त्यसपछि त्यो राजाको छोरो एउटा ठूलो राजा हुनेछ । उसको नाम अभय हुनेछ ।

---

**१. परिभोग धातुस्थान - त्यो ठाउँ जहाँ बुद्धद्वारा उपयुक्त चीजहरु स्मृति चिन्हको दृष्टिकोणले राखिएको थियो ।**

**२. दोण - नाप वा परिमाण विशेष ।**

**३. एक सय बीस हात - शिखर (टुप्पो) लाई छोडेर मुख्य रुवनवैलि स्तूपको उचाई ठीक यति नै (१८० फुट) छ ।**

Downloaded from http://www.dhamma.digital

तर त्यो **दुष्टग्रामिणी** (दुट्ठगामणी) नामले विख्यात हुनेछ । उही महातेजस्वी प्रतापी राजाले यो स्तूप बनाउन लगाउनेछ" ॥१६८–१७२॥

स्थविरको यो कुरा सुनेर राजाले ती सब समाचार कुँद्न लगायो अनि त्यो ठाउँमा एउटा शिला स्तम्भ गाड्न लगायो ॥१७३॥

महामति महासिद्ध **महेन्द्र** स्थविरले **महामेघवन** नामको **तिष्याराम** ग्रहण गर्दै गरेको समयमा पृथ्वीको **आठ स्थान**[1]मा डगमगाउने बनायो । त्यसपछि सागरजस्तो देखिने नगरमा भिक्षाटन (पिण्डपात) को लागि प्रवेश गर्नुभई राजाको महलमा भोजन गरेर त्यहीँबाट निक्लिएर **नन्दन वनमा** बसेका मानिसहरुलाई **अग्निस्कन्धोपम**[2] (अग्निखन्धोपम) सुत्तको उपदेश दिनुभयो । त्यहाँ एक हजार मानिसहरुलाई मार्गफल प्राप्त भयो । त्यसपछि महास्थविर **महामेघवनमा** जानुभई बस्नुभयो ॥१७४–१७७॥

तेस्रो दिन स्थविरले राजमहलमा भोजन गरिसकेपछि नन्दन वनमा बसेर **आसिविसूपम**[3] सुत्तको उपदेश दिनुभयो । त्यहाँ एक हजार मानिसहरुलाई धर्मचक्षु प्राप्त भएपछि स्थविर **तिष्याराम** जानुभयो ।

धर्मोपदेश सुनिसकेपछि राजाले स्थविरको छेउमा बसेर सोध्यो, "भन्ते ! अब बुद्ध ( जिन) धर्म (शासन) स्थापना भइसक्यो ?" स्थविरले भन्नुभयो, राजन ! अहिले भइ सकेको छैन, बुद्धको आज्ञाअनुसार उपोसथ आदि कर्मको लागि नियमद्वारा स्थिर गरेपछि मात्र धर्मको स्थापना हुनेछ" ।

राजाले भन्यो, "हे प्रकाश स्वरुप ! म बुद्धको आज्ञा पालन गर्छु । त्यसैले तपाईले नगरलाई सीमाको भित्र राखेर चाँडै नियम स्थिर गरिदिनुहोस् । राजाले यसो भनेपछि स्थविरले भन्नुभयो, "यदि यस्तै कुरो हो भने राजन ! तिमीले नै सीमाको मार्ग निश्चय गर, म त्यो नियम गरिदिन्छु," ॥१७८–१८४॥ "धेरै राम्रो" भनेर राजा **नन्दनवनबाट** जसरी इन्द्र निक्लियो त्यसै गरी निक्लिएर आफ्नो महलमा प्रवेश गर्‍यो ॥१८५॥

चौथो दिन स्थविरले राजाको घरमा भोजन गरी **नन्दन वनमा** बसेर **अनमतग्ग**[4] सुत्तको उपदेश दिनुभयो ॥१८६॥ त्यहाँ एक हजार मानिसहरुलाई अमृत पान गराएर महास्थविर **महामेघवनाराम** जानुभयो ॥१८७॥

---

१. **आठ स्थान - द्रष्टव्य १५–२५, २८, ३१, ३३ , ३७ ४५, ४७ , ५५ ।**

२. **अग्निस्कन्धोपम - द्रष्टव्य १२–३४ ।**

३. **आसिविसूपम - द्रष्टव्य १२–२६ ।**

४. **अनतमतग्ग सुत्त - द्रष्टव्य १२–३१ ।**

Downloaded from http://www.dhamma.digital

विहान नगरमा ढोल पिट्न लगाएर नगर, विहार जाने मार्ग र विहार सिगार्न लगाएर आफ्ना मन्त्रीहरु र अन्तःपुरका मानिसहरुसहित राजा रथमा बसेर हात्ती, घोडा र फौजको ठूलो लस्करको साथमा विहार आयो । पूजनीय स्थविरको दर्शन र वन्दना गरेर राजाले **कदम्ब नदी**को घाटदेखि हलो तान्न सुरु गरेर त्यसपछि उही नदीमै ल्याएर तान्ने काम समाप्त गऱ्यो ॥१८८–१९१॥ राजाले दिएको चिन्हमा सीमा स्थापना गरेर बत्तीस माल (वनं) को पनि सीमाङ्कन गरी त्यसपछि महामति, जितेन्द्रिय महास्थविरले विधिपूर्वक भित्रको पनि सीमाङ्कन गरेर उही दिन सारा सीमाहरु तोकिदिनुभयो । सीमाङ्कनको काम सकिएपछि पृथ्वी डगमगायो ॥१९२–१९४॥

पाँचौ दिन स्थविरले राजाको घरमा भोजन गरी **नन्दन वनमा** बसेर खज्जनीय सुत्त[1] को उपदेश दिनुभयो । त्यहाँ हजार मानिसहरुलाई अमृतपान गराएर त्यसपछि **महामेघवनाराम**मा जानुभई बास वस्नुभयो ॥१९५–१९६॥

छैठौं दिन पनि स्थविरले राजाको घरमा भोजन गरी नन्दन वनमा बसेर गोमयपिण्ड सुत्त[2] को उपदेश दिनुभयो । त्यसपछि धर्मदेशनाको ज्ञाताले एक हजार पुरुषहरुलाई धर्मचक्षु प्राप्त गराएर **महामेघवनारम**मा वास वस्नुभयो ॥१९७–१९८॥

सातौं दिन पनि स्थविरले राजाको घरमा भोजन गर्नुभयो अनि नन्दन वनमा बुस्नभइ धर्मचक्र प्रवर्तन सुत्त[3] को उपदेश दिनुभएर एक हजार मासिहरुलाई धर्मचक्षु प्राप्त गराउनुभयो अनि महामेघवनमा जानुभइ वास बस्नुभयो ॥१९९–२००॥ यसरी सातै दिनमा प्रकाशस्वरुप महेन्द्रले साढे आठ हजार मानिसहरुलाई धर्मचक्षु प्राप्त गराउनुभयो ॥२०१॥ त्यो ज्योतिको स्थान महानन्दनवनलाई उही दिनदेखि ज्योतिवन भन्ने गरेको छ ॥२०२॥

सुरुमै राजाले छिटो छिटो (वायुवेग) माटो खन्न लगाएर स्थविरको लागि तिष्यारामा एउटा प्रासाद बनाउन लगाएको थियो । त्यो प्रासाद कालो रङको थियो । त्यसैले त्यसको नाम **कालप्रासादपरिवेण**[4] भयो ॥२०३-२०४॥ त्यसपछि महाबोधिगृह **लोहप्रासाद**[5], **शलाकागृह**[6] र एउटा राम्रो भोजन गृह (शाला) बनाउन लगायो ॥२०५॥

---

**१. खज्जनीय सुत्त - संयुत्त ३ .१.८७ ।**

**२. गोमयपिण्ड सुत्त - संयुत्त ३ १ १० ४ ।**

**३. धर्मचक्र, प्रवर्तन सुत्त - संयुत्त १२ ४१ ।**

**४. कालप्रासाद परिवेण - बीचमा ठुलो आँगन राखेर चारैतिर भिक्षुहरु बस्नको लागि भित्ताले बारेका साना साना कोठाहरु बनाइन्थे । यसैलाई परिवेण भनिन्छन् । नालन्दा र अरु ठाउँहरुमा उत्खनन् गर्दा यस्ता धेरै पक्का घरहरु निक्लिएका छन् ।**

**५. लोहाप्रसाद - आधुनिक लोवा महा पाय ।**

**६. शलाकागृह - निमन्त्रणको टिकटको दृष्टिकोणबाट त्यो समयमा शलाकाहरु व्यवहारमा ल्याइन्थे । जुन घरमा भिक्षुहरुलाई एक ठाउँमा भेला गरेर शलाका बाँडिन्छ त्यसलाई पालिमा सलाकग्ग भन्दछ ।**

Downloaded from http://www.dhamma.digital

राजाले धेरै परिवेण, सुन्दर पोखरीहरु तथा रात र दिनको विहारको लागि भिन्न भिन्न स्थान बनाउन लगायो ॥२०६॥ उहाँ पापरहित स्थविर नुहाउने पुष्करिणीको किनारमा भएको परिवेणको नाम **सुस्नात (सुन्हात)** परिवेण रह्यो ॥२०७॥ उहाँ द्वीप दीपक साधु महेन्द्र लाई विस्तारी विस्तारी हिँडने (चंक्रमण) ठाउँमा बनेको परिवेणको नाम दीर्घचंक्रमण परिवेण रह्यो ॥२०८॥ जुन स्थानमा स्थविरले अर्हतहरुको समाधि लगाउनुभयो त्यो स्थानमा बनेको परिवेणको नाम **फलथग्ग परिवेण** रह्यो ॥२०९॥ जुन स्थानमा स्थविर आश्रयको सहाराले गृहको आडभरोसामा बस्नुभएको थियो त्यो स्थानमा बनेको परिवेणको नाम स्थविरापाश्रय (**थेरापस्सय**) परिवेण रह्यो ॥२१०॥ जुन स्थानमा धेरै देवतागणले आएर स्थविरको उपासना गरेका थिए । त्यो स्थानमा बनेको परिवेणको नाम **मरुद्गण परिवेण** रह्यो ॥२११॥

राजाको दीर्घस्यन्दन नामको सेनापतिले स्थविरको लागि आठवटा ठूला खाँबामा एउटा सानो प्रासाद बनाउन लगायो ॥२१२॥ त्यो प्रधान पुरुषको निवास प्रधान परिवेणलाई त्यो समयदेखि नै **'दीर्घस्यन्दन परिवेण'** भनिएको छ ॥२१३॥

**देवानांप्रिय** उपनाम भएको त्यो बुद्धिमान राजाले सुन्दरमति **महामहेन्द्र** स्थविरको लागि **लंकामा** यो पहिलो **महाविहार**[१] बनाउन लगायो ॥२१४॥

सज्जनहरुको प्रासाद र वैराग्यको लागि रचित महावंशको 'महाविहार प्रतिग्रहण' नामको पञ्चदश परिच्छेद ।

---

**१. महाविहार यसपछि अब हामेघवनारामको नाम विहार नै हो ।**

Downloaded from http://www.dhamma.digital

# षोडश परिच्छेद

## चैत्य-पर्वत-विहार प्रतिग्रहण

नगरमा पिण्डपातको लागि यताउति घुमेर मानिसहरुलाई दया गर्दै तथा राजगृहमा भोजन गरेर राजालाई दया गर्दै स्थविर छब्बीस दिनसम्म **महामेघवनमा** बस्नुभयो। त्यसपछि असार शुक्लपक्षको तेर्‍हौं दिन महमति (महेन्द्र) राजमहलमा भोजन गरेर अनि राजालाई महा अप्रमाद (महाप्पमाद) सुत्त[1]को उपदेश दिएर चैत्य पर्वतमा विहार बनाउने इच्छाले पूर्वतिरको ढोकाबाट निक्लिएर **चैत्यपर्वतमा** जानुभयो ॥१–४॥

स्थविर त्यहाँ जानुभएको कुरो सुनेर राजाले दुई देवीलाई साथमा लिएर रथमा चढेर स्थविरलाई खोज्दै गयो ॥५॥ त्यहाँ **नागचतुष्क**[2] नामको तलाउमा नुहाएर पर्वतमा उक्लिनको लागि स्थविर एउटा लाममा उभिनुभएको थियो ॥६॥ राजा रथबाट ओर्लिएर स्थविरलाई अभिवादन गरेर (एकातिर) उभियो। स्थविरले सोध्नुभयो, "राजन! तातो घामले शिथिल हुनुभएको यहाँ कसरी आउनुभयो ?" ॥७॥ राजाले भन्यो, "तपाईं यहाँ आउनुभएको होला कि भनेर शंका लिदैं म आएको हुँ"। "म यहाँ वर्षावासको लागि आएको हुँ" भनेर **खन्धक**[3] बारे जान्ने (स्थविर) ले **वस्सुपनायिका**[4] (वर्षावास सम्बन्धी) खन्धक राजालाई सुनाउनुभयो जुन सुनेर आफ्ना साना ठूला पचपन्न भाइहरुसहित राजाको छेउमा उभिएको राजाको भानिज महामात्य **महारिष्ठले** राजाबाट आज्ञा लिएर स्थविरबाट प्रव्रज्या ग्रहण गरे। तिनीहरु सबै बुद्धिमानहरुलाई मुण्डन गरेको ठाउँमै अर्हत्पद प्राप्त भयो ॥८-११॥

त्यहाँ **कण्टकचैत्य** भएको स्थानमा उही दिन अरसट्ठी गुफाहरु बनाउनको लागि काम सुरु गराएर राजा नगरमा फर्किएर आयो। स्थविर त्यहीं बस्नुभयो। पिण्डपात (भिक्षा) को समयमा दयावान् 'स्थविर' नगरमा आउने गर्दथे ॥१२–१३॥

---

**१. महाप्पमाद सुत्त - संयुत्त १ ३ २ ८, ५ १ ६ ६।**

**२. नागचतुष्क - मिहिन्तलेमा अम्बत्थलको तल केही टाढामा रहेको वर्तमान नाग पोकुणि।**

**३. खन्धक - विनय पिटकको महावग्ग र चुल्लावग्ग लाई खन्धक भन्दछन्।**

**४. वस्सुपनायिका - विनय पिटक, महावग्ग ३।**

Downloaded from http://www.dhamma.digital

गुफा बनाउने काम सकिएपछि आषाढ पूर्णिमाको दिन राजा त्यहाँ गएर विहार स्थविरहरुलाई दान गऱ्यो ॥१४॥ उही दिन (संसार) सीमा पारि स्थविरले बत्तीसवटा वनहरुको र त्यो विहारको सीमाङ्कन गरेर सर्वप्रथम बनेको तुम्बरुमालकमा ती सबै प्रव्रजितहरुलाई उपसम्पदा दिनुभयो ॥१५–१६॥

यी बासट्ठी अर्हत्‌हरुले वर्षाऋतुमा **चैत्यपर्वत**मै बास गरेर राजाको अहित हुने कुराको निवारण गरिदिए ॥१७

त्यो संघपति (गणी) र आफ्ना गुणहरुद्वारा नाम कमाएका भिक्षुगण नजिक देवताहरु र मानिसहरुको समूह आएर पूजा गरेर धेरै पुण्य सञ्चय गरे ॥१८॥

सज्जनहरुको प्रसाद र वैराग्यको लागि रचित महावंशको 'चैत्यपर्वत विहार प्रतिग्रहण' नामको षोडष परिच्छेद ।

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# सप्तदश परिच्छेद

## धातु आगमन

वर्षावासपछि **प्रवारणा**[1] गरेर कार्तिक पूर्णिमाको दिन महामति महास्थविरले महाराजालाई भन्नुभयो, "राजन ! चिरकालदेखि मैले आफ्ना शास्ता (सम्बुद्ध) लाई देखिनँ। म यहाँ अनाथजस्तो भएर बसेको छु। (किनकि) यहाँ मेरो कोही पूज्य छैन" ॥२॥

राजाले "भन्ते ! तपाईले भन्नुभएको थियो, सम्बुद्धले निर्वाण पाईसक्नु भयो," भनेर सोध्दा स्थविरले भन्नुभयो "सम्बुद्ध (को) धातुलाई दर्शन गर्दा सम्बुद्धको दर्शनगरे समान हुन्छ" ॥३॥ राजाले भन्यो, "मेरो स्तूप बनाउने अभिप्राय तापईलाई विदितै छ। म स्तूप बनाएरै छाड्छु, (तर) धातुको (विषयमा) भने तपाई नै जान्नुहोस्" ॥४॥ स्थविरले राजालाई भन्नुभयो, "सुमनसित सल्लाह गर्नुहोस् ।" राजाले सुमन सामणेरलाई सोध्यो – "धातु कहाँ पाउनुहुन्छ ?"॥५॥ त्यो सफा मन भएको सुमन सामणेरले भन्यो – "राजन ! नगर र हिँड्ने बाटा सजाउन लगाएर पविारसहित व्रत धारण गरेर बाजागाजाको साथमा श्वेतछत्र लिएको आफ्नो मंगल हात्तीमा चढेर साँझपख **महानागवन** उद्यानमा जानुहोला। धातु (=पञ्च स्कन्ध) निरोधको ज्ञाता (बुद्ध) को धातु त्यहाँ पाइनेछ" ॥६–८॥

त्यसपछि स्थविरले राजमहलदेखि **चैत्यपर्वतमा** गएर मनको सुन्दर गति भएको **सुमन** सामणेरलाई बोलाएर भन्नुभयो" भद्र **सुमन** ! तिमी सुन्दर **पुष्पपुर** (पटना) गएर त्यहाँ आफ्नो बाजे महाराज (अशोक) लाई हाम्रो यो कुराभन्नू – "महाराज ! तपाईको मित्र महाराजा **देवानांप्रिय** बुद्धधर्मप्रति अत्यन्त श्रद्धालु हुनुहन्छ र स्तूप बनाउन लगाउन चाहनुहुन्छ। तपाईसित सम्बुद्धको शरीरको धेरै धातु छन् भनिएको छ । त्यसैले तपाईले सम्बुद्धको धातु र सम्बुद्धको भिक्षापात्र पठाईदिनुहोस्" ॥९–१२॥

---

**१. प्रवारणा – वर्षाऋतुमा बौद्ध भिक्षुहरु अरु हिन्दू साधुहरुले जस्तै यात्रा नगरेर कुनै एक ठाउँमा बस्ने गर्छन्। (फेरि) वर्षावासपछि पहिलो पुर्णिमामा सबै भिक्षु एकत्रित भएर जुन पातिमोक्ख (अपराधको स्वीकृति) गर्छन्। त्यसलाइ महाप्रवारणा भन्दछ।**

Downloaded from http://www.dhamma.digital

त्यहाँदेखि पात्रभरि धातु लिएर त्यसपछि देवलोकमा देवताहरुका राजा **इन्द्र**छेउ गएर उनलाई मेरो कुरा भन्यो" देवराज ! तपाईसित तीन लोकमा पूज्न योग्य दायाँपट्टिको बुद्धिबाङ्गरा र दायाँपट्टिको घाँटीको हड्डी (हँसुलि धातु) छन् । बुद्धको दन्तधातु तपाईले पूजा गर्नुहोस्, मलाई घाँटीको हड्डी दिनुहोस् । **लंका द्वीप**को यो काममा प्रमाद (उपेक्षा) नगर्नुहोस्" ।

"धेरै राम्रो कुरा, भन्ते !" भनेर त्यो महासिद्ध सामणेर (आफ्नो योगबलले) उसै क्षण धर्माशोक भएको ठाउँमा पुग्यो । त्यहाँ उसले (अशोकलाई) सालको रुखको जरामा शुभ महाबोधि राखेर कार्तिक महोत्सवको पूजा गर्दै गरेको देख्यो ॥१६–१७॥ सामणेरले स्थविरको खबर भनेर राजाबाट पात्रभरि धातु लिएर हिमालयतर्फ प्रस्थान गर्‍यो ॥१८॥ त्यो उत्तम धातुले भरिएको पात्र **हिमालय**मा राखेर त्यहाँदेखि देवराज (इन्द्र) भएको ठाउँमा गएर स्थविरको समाचार भन्यो ॥१९॥

देवताहरुको मालिक (**इन्द्र**) ले **चूडामणि** नामको चैत्यमा भएको दक्षिण (दाहिनेतिरको) घाँटीका धातु निकालेर सामणेरलाई दियो ॥२०॥ त्यो धातु र धातुको पात्र ल्याएर यति सामणेरले **चैत्यगिरिमा** (बस्नुभएका) स्थविरलाई दियो ॥२१॥

साँझपख राजा पूर्वकथनानुसार राजकीय सेनाको साथमा **महानागवनउद्यानमा** आयो । स्थविरले सबै धातुहरु त्यो पर्वतमा राख्नुभएको थियो । त्यसले गर्दा त्यो मिश्रक पर्वतको नाम **चैत्य पर्वत** रह्यो ॥२२–२३॥ धातु पात्रलाई **चैत्य पर्वतमा** राखेर घाँटीको हड्डीमात्र लिएर संघसहित स्थविर निश्चित स्थानमा जानुभयो ॥२४॥

राजाले मनमा सोच्यो, "यदि उहाँ मुनि (सम्बुद्ध) को धातु हो भने मेरो छत्र आफैं झुक्छ, घुँडा टेकेर उभिन्छ अनि धातुसहित यो धातुको कँडाली (चंगेरी) आएर आफैं मेरो टाउकोमा बस्छ" । जस्तो राजाले सोचेको थियो, त्यस्तै भयो ॥२५–२६॥ राजा अमृतले अभिषिक्त भएको जस्तो प्रसन्न भयो अनि धातुको कँडाली आफ्नो टाउकोबाट उतारेर आफैंले हात्तीको पीठमा राख्यो ॥२७॥

हात्ती प्रसन्न भएर कुँज्यो अनि पृथ्वी कम्पन भयो । त्यसपछि त्यहाँबाट हात्ती फर्किएर स्थविरहरु तथा सेना र सवारीहरुसहित पूर्वद्वारबाट सुन्दर नगरमा प्रवेश गरेर दक्षिणद्वारदेखि बाहिर निक्लियो । त्यसपछि त्यहाँबाट स्तूपारामचैत्यको पश्चिमपट्टि बनेको **महेज्या वस्तु**[1] मा गएर (अनि त्यहाँबाट फेरि) बोधिस्थानमा फर्किएर पूर्वतिर मुख गरेर उभियो ।

---

**१. महेज्या वस्तु – बलिकर्मको स्थान दे० १०-९० ।**

Downloaded from http://www.dhamma.digital

त्यो समयमा त्यो स्तूप भएको ठाउँ कदम्ब फूल र आदार नामको लहराले ढाकेको थियो ॥२८-३१॥

देवताहरुले सुरक्षित त्यो स्थानलाई सफा गर्न तथा सजाउन लगाएर जब राजाले हात्तीको काँधबाट धातु उतार्न लाग्यो त्यो हात्तीले उतार्न दिएन । राजाले स्थविरसित हात्तीको मनको कुरा सोध्यो ॥३२-३३॥ स्थविरले भन्नुभयो, "त्यो यसलाई आफ्नो काँध बराबरको उच्च स्थानमा स्थापना गर्न चाहन्छ । त्यसैले यसले (आफ्नो काँधबाट) धातुलाई उतार्न नदिएको हो" ॥३४॥ उसै क्षण आज्ञा दिएर सुकेको **अभय[1]वापी**लाई सुकेको माटाको चपरी राखेर (त्यो स्थानलाई) हात्तीको उचाइ बराबरको उठाएर अनि राम्रोसित सजाउन लगाएर राजाले हात्तीको काँधबाट धातु उतारेर त्यसलाई स्थापित गऱ्यो ॥३५- ३६॥

त्यो हात्तीलाई त्यहाँ धातुको रक्षा गर्नको लागि नियुक्त गरेर अनि धेरै मानिसहरुलाई चाँडो गरेर ईंटा बनाउने काममा लगाएर धातुस्तूप बनाउनको लागि धातु सम्बन्धी कामको विचार गर्दै राजा, मन्त्रीहरुसहित नगरमा प्रवेश गरे ॥३७-३८॥ **महामहेन्द्र** स्थविरले संघसहित सुन्दर **महामेघवनमा** जानुभइ वास बस्नुभयो ॥३९॥

रातको समयमा हात्ती त्यहाँ धातु भएको स्थानको चारैतिर घुमिरहन्थ्यो अनि दिउँसो बोधिस्थानको नजिकैको घरमा धातुको रक्षा गरेर उभिएर बस्थ्यो ॥४०॥

स्थविरको मतअनुसार त्यो मण्डप चारकुना परेको उच्च ठाउँमा **कैही** दिनभित्रै जाँघसम्म आउने माटाको अरु थुप्रो उठाउन लगाए तथा धातु स्थापना (को उत्सव) घोषणा गर्न लगाएर राजा त्यहाँबाट हिँड्यो । सबै ठाउँबाट धेरै मानिसहरु आएर एक ठाउँमा भेला भए ॥४१-४२॥ त्यो भेलामा धातु हात्तीको काँधबाट उठेर आकाशमा गयो । अनि सातवटा ताडको उचाइ बराबरमा गएर आकाशमा देखिन थाल्यो ॥४३॥

यो यमक प्रातिहार्यले मानिसहरुलाई त्यसरी नै छक्क पाऱ्यो जसरी बुद्धले गण्डम्ब रुखको फेदमा (यही यमक प्रातिहार्यबाटै) मानिसहरुलाई छक्क पार्नुभएको थियो ॥४४॥ यो धातुबाट निक्लिएको ज्वाला र पानीको धाराले सम्पूर्ण लंकाभूमि प्रकाशित र सिञ्चित भयो ॥४५॥

परिनिर्वाणको खाटमा ढल्किनुभएका पाँच दिव्यचक्षु[2] भएको भगवान् (बुद्ध) ले पाँचवटा संकल्प गर्नुभयो । बोधिवृक्षको दक्षिण शाखा (हाँगा) (वृक्षबाट) आफैं छुट्टियोस् र अशोकले ग्रहण गरेर दिएपछि गमलामा प्रतिष्ठित होस् ॥४६–४७॥ प्रतिष्ठित भएर त्यो शाखा आफ्नो फल पातहरुबाट निक्लिने छ रंगका किरणले सम्पूर्ण

---

१. अभयवापी –द्रष्टव्य १०-८४ ।
२. दिव्यचक्षु –द्रष्टव्य ३-१ ।

Downloaded from http://www.dhamma.digital

दिशाहरु प्रकाशित (उज्यालो) गरोस् । (त्यसपछि) त्यो मनोहर शाखा सुनको गमलासहित माथि गएर एक हप्तासम्म, हिमगर्भभूमि मा अदृश्य भएर बसोस् ॥४८-४९॥ स्तूपाराममा स्थापित भएको मेरो घाँटीको दाहिनेपट्टिको धातु आकाशमा गएर यमक प्रातिहार्य देखाओस् ॥५०॥ मेरो दोण (नाप) भरिको निर्मल धातु **लंकामा** गहनाको स्वरुप **हेममालक** चैत्यमा स्थापित भएर रहोस् । त्यसपछि सम्बुद्धको रुप धारण गरेर आकाशमा जाऊन् र त्यहाँ बसेर यमक प्रातिहार्य देखाऊन्" ॥५१-५२॥ तथागत ( बुद्ध) ले यसरी यी पाँच संकल्प गर्नुभयो । त्यसैले त्यो धातुले प्रातिहार्य देखायो ॥५३॥

आकाशबाट उत्रिएर त्यो (धातु) राजाको शिरमा बस्यो । राजाले अत्यन्त खुशी भएर त्यसलाई चैत्यमा बसायो ॥५४॥ त्यो धातु चैत्यमा स्थापित हुँदा आश्चर्य लाग्दो रौं ठाडो हुने भूकम्प भयो ॥५५॥

यसरी बुद्धहरुको महिमा अचिन्त्य छ । बुद्धहरुका धर्म पनि अचिन्त्य छ । अनि जसले यो अचिन्त्यमा श्रद्धा राख्छ, त्यसको फल पनि अचिन्त्य नै हुन्छ ॥५६॥

त्यो प्रातिहार्य देखेर मानिसहरुलाई सम्बुद्धप्रति श्रद्धा जाग्यो । राजाको भाइ राजकुमार **मत्ताभयले** सम्बुद्धप्रति श्रद्धावान् भएर राजाबाट आज्ञा लिएर एक हजार मानिसहरुसँगै प्रव्रज्या ग्रहण गऱ्यो ॥५७-५८॥ **चेतावी ग्राम, द्वारमण्डल**[1], **विहारवीज, गल्लकपीठ र उपतिष्यग्राम**[2] बाट पाँच पाँच सय युवकहरु बुद्ध (तथागत) प्रति श्रद्धावान् भएर प्रव्रज्या ग्रहण गरे ॥५९-६०॥ यसरी नगरको भित्र र बाहिरबाट सम्बुद्धको शासनमा तीस हजार भिक्षुहरु प्रव्रजित भए ॥६१॥

थूपाराम (स्तूपारामं) मा सुन्दर स्तूप बनेपछि राजाले धेरै रत्नादिले सँधै त्यसको पूजा गराउँदै रह्यो ॥६२॥ राजाका अन्तःपुरका महिलाहरु (क्षत्रानीहरु,) मन्त्रीहरु, नागरिकहरु, गाउँका मानिसहरुले छुट्टाछुट्टै पूजा गरे ॥६३॥ त्यसपछि स्तूप बनाउन लगाएपछि राजाले त्यहाँ एउटा विहार बनाउन लगायो । त्यसैले यो विहार थूपाराम नामले प्रसिद्ध भयो ॥६४॥

यसरी (जब) परिनिर्वाण प्राप्त लोक नाथ (बुद्ध) ले आफ्नो शरीरको धातुले नै जनताको हित सुखको काम गर्नुभयो भने उनको जीवनकालको त बयान नै के गर्न सकिन्छ र ? ॥६५॥

सज्जनहरुको प्रसाद र वैराग्यको लागि रचित महावंशको धातु आगमन नामको सप्तदश परिच्छेद ।

---

१. **द्वारमण्डल –द्रष्टव्य १-१० ।**
२. **उपतिष्यग्राम –द्रष्टव्य ७-४४ ।**

Downloaded from http://www.dhamma.digital

# अष्टादश परिच्छेद

## महाबोधि ग्रहण

महाबोधि र थेरी ल्याउने सम्बन्धमा स्थविरको आज्ञा सम्झना गरेर उही वर्ष एक दिन आफ्नो नगरमा स्थविरको छेउमा बसिरहेको बेला राजाले मन्त्रीहरुसित सल्लाह गरेर आफ्नो भानिज अरिष्ठ मन्त्रीलाई त्यो कामको लागि खटाउने विचार गऱ्यो । यस्तो विचार गरेर राजाले उसलाई बोलाएर सोध्यो, "बाबु ! महाबोधि र **संघमित्रा** थेरी ल्याउनको लागि धर्माशोक हुनुभएको ठाउँमा जान सक्छौ" ॥४॥

मन्त्रीले जवाफ दियो, "हे सम्मानदाता ! उनलाई यहाँ ल्याउन जान सक्छु । तर त्यहाँबाट यहाँ फर्किएर आएपछि मलाई प्रव्रजित हुन आज्ञा मिलोस्" ॥५॥ "त्यस्तै होस्" भनेर राजाले उसलाई त्यहाँ पठायो । स्थविर तथा राजाको समाचार लिएर उनलाई वन्दना गरेर त्यो मन्त्री आश्विन महिनाको शुक्ल पक्षको दोस्रो दिन **जम्बूकोल** बन्दरबाट नाउमा चढेर स्थविरको संकल्पको प्रेरणाले महासमुद्र पार गरेर विदाई भएको दिनमै रमणीय पटना नगर (**पुप्फपुर**) पुग्यो ॥५-८॥

पाँच सय कन्येकेटी र अन्तःपुरका पाँच सय महिलाहरुसाथै शुद्ध, संकल्प गर्नुभएकी (व्रती) **अनुलादेवीले** दसशील[1] र काषाय वस्त्र लगाएर प्रव्रज्या पाउने इच्छाले थेरीको आगमनको प्रतीक्षा गर्दै नगरको एक ठाउँमा राजाद्वारा बनाइएको भिक्षुणीहरुको निवास स्थानमा बस्न थालिन् ॥९-११॥ त्यो भिक्षुणी आश्रम उपासिकाहरुको निवास स्थान भएको हुनाले '**उपासिका विहार** ' नामले प्रसिद्ध भयो ॥१२॥

**महाअरिष्ठ** भान्जाले राजा **धर्माशोक**कहाँ पुगेर राजाको समाचार अर्पण गरेर त्यसपछि स्थविरको समाचार सुनायो ॥१३॥

---

**१. दसशील - द्रष्टव्य १-६२ । यीबाहेक पाँच शील अरु पनि छन् : १. विकाल (मध्यान्हपछि) भोजन नगर्नु, २. नृत्य, गीत इत्यादिबाट टाढा बस्नु, ३. माला, सुगन्धित वस्तु लेप इत्यादि नलगाउनु, ४. सुन, चाँदी इत्यादि नलिनु र ५. अग्लो खाट ओछ्यानमा नसुत्नु ।**

Downloaded from http://www.dhamma.digital

"राजाश्रेष्ठ ! तपाईंको मित्र देवानांप्रियतिष्यको भाइकी श्रीमती प्रव्रज्याको इच्छा गरेर सँधै संयमपुर्वक बस्छिन् । उसलाई प्रव्रजित गर्नको लागि भिक्षुणी **संघमित्रा**लाई र ऊसित महाबोधिको दक्षिण शाखा पनि पठाइदिनुहोस्" ॥१४–१५॥ उसले स्थविरको यो कुरा थेरी संघमित्रालाई पनि भन्यो । थेरीले स्थविरको यो विचारं राजा अशोकलाई गएर भनिन् ॥१६॥ राजाले भन्यो, "माता (अम्म) तिमीलाई (पनि) देख्न नपाउँदा र छोरो तथा नाति[1]को विछोडले उत्पन्न शोक म कसरी सहन सकूँला र ?" ॥१७॥ थेरीले भनी, "महाराज ! (एक त) भाइको भनाई महत्वपूर्ण छ, दोस्रो पव्रजित हुन चाहनेहरु धेरै छन् । त्यसैले म त्यहाँ जानु नै उचित छ" ॥१८॥

राजाले सोच्यो, "धेरै ठूलो पिपलको रुखमा हतियारले चोट पुऱ्याउनु उचित छैन त्यसकारण अब मैले हाँगा कसरी प्राप्त गर्नुपर्ला ?" ॥१९॥ **महादेव** नामको मन्त्रीको सल्लाहले राजाले भिक्षुसंघलाई निमन्त्रणा गरेर भोजन गराएर सोध्यो, "भन्ते ! **लंकामा** पिपलको रुखको हाँगा पठाउनुपर्छ कि पर्दैन ?" **स्थविर मोग्गालिपुत्र**ले "पठाउनुपर्छ" भनेर राजालाई पञ्चदिव्य चक्षु भएको (सम्बुद्ध)को पाँच संकल्प सुनाउनुभयो जुन सुनेर राजा सन्तुष्ट भयो ॥२०–२२॥

उसले पिपलको रुख भएको ठाउँमा जाने सात योजन (५६ माइल लामो) सडक सफा गर्न लगाएर त्यसलाई धेरै प्रकारले सजाएर अनि गमला बनाउन सुन मगायो । **विश्वकर्मा** सुनारको रुप धारण गरेर आयो अनि सोध्यो, "गमला कत्रो बनाऊँ ?" राजाले जवाफ दियो, "प्रमाणको निश्चय तिमी आफैं गरेर बनाइदिनु" ॥२३-२५॥ यसो भन्दा उसले सुन लिएर हातले घुमाएर उति नै बेला गमला बनाई दियो र गयो ॥२६॥

नौ हातको गोलाइ, पाँच हात गहिराइ, तीन हात एकछेउदेखि अर्कोछेउसम्मको, आठ अंगुल मोटाइ, जवान हात्तीको सुँडको समानको जसको मुखको छेउ, यस्तो, विहानको घामको समान चम्किदै, गमला लिएर राजा, आफ्नो सात योजन लामो तीन योजन चौडाको चतुरंगिनी सेना र भिक्षुहरुको महासंघको साथ धेरै अलंकारहरुले सजिएका, धेरै बस्त्रले चम्किलो पार्दै, धेरै प्रकारका झण्डाहरु, मालाहरु र फूलहरुले विभूषित पिपलको रुखको छेउमा आयो । त्यसपछि राजाले धेरै प्रकारका बाजागाजाको साथ सेना खडा गरेर, कपडाले बार्न लगाएर महासंघका एक हजार, प्रमुख स्थविरहरु र हजारभन्दा पनि बढी अभिषिक्त राजाहरुको साथ लिएर हात जोडेर पिपलको रुखमाथि हेऱ्यो ॥२७–३३॥

---

१. **सम्राट अशोकको नाति –संघमित्राको छोरो सुमन सामणेर ।**

Downloaded from http://www.dhamma.digital

त्यतिबेला पिपलको रुखको दायाँ हाँगा चार हात छोडेर सानासाना हाँगाहरु अन्तर्धान भए ॥३४॥

यो प्रातिहार्य देखेर राजाले अत्यन्त प्रसन्न भएर ठुलो स्वरले घोषणा गऱ्यो, “म आफ्नो राज्यमा पिपलको पूजा गर्छु ।” अनि त्यसो भनेर पिपललाई आफ्नो महान् राज्यमा अभिषिक्त गऱ्यो । फूल आदिले पिपलको पूजा तथा तीनपटक प्रदक्षिणा गरेर आफ्नो ठाउँमा हात जोडी वन्दना गरेर सुनले लिखित, धेरै रत्नहरले सजाएका आसनमा सुनको गमला राख्न लगाएर, त्यसपछि राम्रो हाँगा लिनको लागि हाँगाको उचाई बराबरको अग्लो आसनमा चढेर, राजाले सुनको सिन्को र मैनसिलले रेखा कोरेर शपथ खायो । “यदि पिपलको रुखलाई लंका जानु छ, यदि म बुद्धको शासनमा दृढ छु भने पिपलको दायाँतर्फको हाँगा आफैं रुखबाट अलग भएर यो सुनको गमलामा प्रतिष्ठित होस्” ॥३५-४१॥ रेखा कोरेको ठाउँबाट हाँगा आफैं अलग भएर, मिठो वासना भएको माटोले भरेको त्यो गमलामा स्थापित भयो ॥४२॥

राजाले पहिलो धर्सोको माथि तीन तीन अंगुलको टाढामा मैनसिलले अरु दसवटा रेखा कोऱ्यो ॥४३॥ पहिलो धर्सोबाट दसवटा मोटो जरा र अरु धर्साहरुबाट पनि दसदस जराहरु फुटेर जालोजस्तो निक्लिएर आए ॥४४॥ त्यो चमत्कार देखेर राजा अति प्रसन्न भएर आफ्ना मानिसहरुसहितले त्यहाँ पनि जयजयकार गरे । भिक्षुसंघ (पनि) सन्तुष्ट भएर ठूलो स्वरले साधुवाद घोषणा गरे । चारैतिर हजारौं झण्डाहरु हावामा उड्न थाल्यो ॥४५–४६॥ यसरी धेरै मानिसहरुलाई खुशी पार्दै सय जराहरुसहितको त्यो पिपलको हाँगा वासना आउने माटोमा प्रतिष्ठित भयो ॥४७॥ दस हात लामो फेद, चार चार हात लामो, पाँच पाँचवटा फल भएका पाँच स्वस्थ (राम्रा) हाँगाहरुमा जसमा प्रत्येक हाँगाहरुमा हजारौं हाँगाबिँगा भएका यस किसिमको मन आकर्षित गर्ने, शोभा दिने पिपलको बोट थियो ॥४७–४९॥ गमलामा पिपलको बोटमा जरा लागेर स्थापना भएको समयमा भूमिकम्प भयो, साथै धेरै प्रकारको चमत्कार भयो ॥५०॥

देवलोक र मनुष्यलोकमा आफैं बाजाहरुको आवाज घन्किँदा देवताहरु र ब्रह्मगणको साधुवादको आवाजले बादलको गड्याङगुडुङ आवाजले, मृग, पन्छी र यक्ष आदिका स्वरले तथा भूमिकम्पको शब्दले ठूलो कोलाहल भयो ॥५१–५२।

ठूलो पिपलको फल र पातहरुबाट छ रङ्गका सुन्दर किरणहरु निक्लिएर सारा ब्रह्माण्डको घेराको सुन्दरता बढायो ॥५३॥ त्यसपछि गमलासहित पिपलको बोट आकाशमा गएर एक हप्तासम्म हिमगर्भ (हिउँभित्र) मा अदृश्य भएर बस्यो ॥५४॥ राजा मञ्चबाट ओर्लिएर एक हप्तासम्म त्यहीं बसेर सँधै धेरै प्रकारले पिपलको पूजा गऱ्यो ॥५५॥ साताको अन्तिममा सम्पूर्ण वरफ भएको बादल र किरण पिपलको बोटसित टाँसिएर एउटै भयो ॥५६॥

यसरी आकाश सफा भएपछि सबै मानिसहरुले गमलामा प्रतिष्ठित पिपलको बोटमा हाँगा लागेको देख्न पाए ॥५७॥ विभिन्न प्रकारको चमत्कारले जनतालाई छक्क पार्दै पिपलको बोट भुँईमा आयो ॥५८॥ धेरै प्रकारको चमत्कारले खुशी भएर महाराजले

Downloaded from http://www.dhamma.digital

आफ्नो ठूलो राज्यको तर्फबाट पिपलको पूजा गऱ्यो । राज्यमा पिपललाई अभिषिक्त गरेर धेरै प्रकारले त्यसको पूजा गर्दै महाराज एक हप्तासम्म त्यही बस्नुभयो ॥५९–६०॥

आश्विन शुक्लपक्षको पुर्णिमाको उपोसथको दिन पिपलको बोट ग्रहण गऱ्यो । फेरि दुई हप्तापछि आश्विन कृष्णपक्षको चतुर्दशीको उपोसथको दिन, राजाले पिपललाई सुन्दर रथमा स्थापित गरेर, पूजा गरेपछि उसै दिन आफ्नो नगरमा लिएर आयो । त्यसपछि एउटा सुन्दर मण्डप बनाइ सजाउन लगाएर कार्तिक शुक्लपक्षको पहिलो दिन ठूलो सालको रुखको तलतिर पूर्वतर्फ पिपलको बोटलाई स्थापना गरेर प्रत्येक दिन पूजा गर्दै बस्यो । पिपलको बोट ल्याएको सत्रौँ दिनमा त्यसमा टुसो निस्कियो, जुन देखेर राजा खुशी भएर राजाले फेरि एकपटक आफ्नो राज्यको तर्फबाट पूजा गऱ्यो । राजाले पिपलको बोटलाई (आफ्नो) विशाल राज्यमा अभिषिक्त गरेर नाना प्रकारले त्यसको पूजा गराए ॥६१–६७॥

कुसुमपुर (पटना) रुपी सरोवरमा किरणसहितको सूर्य समान, धेरै प्रकारका मन आकर्षित गर्ने झण्डाहरुले सुसज्जित, विशाल, सुन्दर श्रेष्ठ पिपलको पूजा देवताहरु र मानिसहरुको चित्त विकसित गर्ने खालको भयो ॥६८॥

सज्जनहरुको प्रसाद र वैराग्यको लागि रचित महावंशको 'माहबोधि ग्रहण' नामक अष्टादश परिच्छेद ।

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# एकोनविंश परिच्छेद

## बोधि आगमन

महाराज अशोकले पिपलको बोटको रक्षाको लागि अठार[1] क्षत्रिय परिवार, देवकुल, मन्त्रीहरु, ब्राह्मणहरु, र व्यापारिहरुका आठ आठ परिवार, ग्वालाहरु, काष्ठकर्मीहरु, कालिगडहरु र यसरी तन्तुकार (लुगा बुन्ने मान्छे), कुमाले, तथा अरु शिल्पीहरुका परिवार, यस्तै प्रकारको नाग र यक्षहरुको परिवार, आठ आठ सुन र चाँदीको गाग्रा दिएर एघार भिक्षुणीहरुसहित, **संघमित्रा** महाथेरी तथा **अरिष्ठ** आदिलाई **गंगामा** नाउमा चढायो ॥१५॥

राजा आफैं नगरबाट निक्लिएर स्थलमार्ग भएर विन्ध्याको जंगल पार गरेर एक हप्तामै **ताम्रलिप्ति** पुग्यो ॥६॥ देवता, नाग र मानिसहरु पनि समारोहको साथ पिपलको बोटलाई पूजा गर्दै एक हप्तामै त्यहाँ पुगे ॥७॥ पिपलको बोटलाई समुद्रको किनारमा राख्न लगएर राजाले फेरि एकपटक आफ्नो राज्यको तर्फबाट त्यसको पूजा गऱ्यो ॥८॥ कामना पूरा गर्ने अशोकले पिपलको बोटलाई आफ्नो विशाल राज्यमा अभिषिक्त गरेर मङ्सिर महिनाको शुक्लपक्षको पहिलो दिन आज्ञा दियो, "उही असल घरका तिनै आठ आठ मानिसलाई जो सालको रुखको फेदमा पिपलको बोटलिएर नियुक्त गरेको थियो त्यतिबेला पनि पिपलको बोट उठाएर घाँटीसम्म आउने पानीमा डुबेर नाउमा राम्रोसित राखे ॥९-११॥

त्यसपछि थेरीहरुसहित महाथेरी संघमित्रा र **महारिष्ठ** मन्त्रीलाई नाउमा चढाएर राजाले भन्यो, "मैले आफ्नो राज्यमा तीनपटक पिपलको बोटको पूजा गरें । यसरी नै मेरा मित्र देवानांप्रियतिष्यले पनि राज्यको तर्फबाट पिपलको बोटको पूजा गरुन्" ॥१२-१३॥ यति भनेर पिपलको बोटलाई जाँदै गरेको देखेर समुद्रको किनारमा हात जोडेर उभिएको बेलामा राजाको आँखाबाट आँसु खस्यो ॥१४॥

---

**१. आठ – द्रष्टव्य ११–३८ । अन्य सिंहाली ग्रन्थहरुमा बोधिको साथमा आएका यी आठ राजकुमारहरु पनि उल्लेख छ । १) बगुत २) समित्त ३) सन्द गोत्र ४) देव गोत्र ५) दाम गोत्र ६) हिरु गोत्र ७) सिसि गोत्र र ८) जुतिन्धर ।**

Downloaded from http://www.dhamma.digital

अहो ! सुन्दर किरणहरुको जाल छर्दै दशबल भएको सम्बुद्धको पिपलको बोट आउँदैछ ॥१५॥ पिपलको बोटको विरहले शोकाकुल **धर्माशोक** रुँदै विलाप गर्दै आफ्नो नगरमा फर्कियो ॥१६॥

पिपलको बोट चढाएको नाउ समुद्रमा बग्न थाल्यो । चारैतिर योजनभरसम्म समुद्रको लहर शान्त भयो ॥१७॥ चारैतिर पाँच रङ्गका कमलको फूल देखा परे, आकाशमा धेरै प्रकारका बाजा बज्न लागे ॥१८॥ देवताहरुले धेरै प्रकारले पिपलको पूजा गर्न सुरु गरे अनि नागले त्यसलाई उडाएर लैजान प्रयास गर्न लाग्यो ॥१९॥ छ अभिज्ञा र योगबलमा पारंगत **संघमित्रा** महाथेरीले **गरुड**को रुप धारण गरेर ती महानागहरुलाई डर लाग्ने बनाइन् । त्यतिबेला भयभीत भएर ती महानागहरुले थेरीसित याचना गरे (अनि उनैको आज्ञाले) पिपलको बोटलाई नागभवनमा लगेर त्यहाँ नागराज्यको तर्फबाट र दोस्रो धेरै प्रकारले पिपलको बोटको पूजा गर्दै रहे । पुनः एक हप्तापछि उनीहरुले पिपलको बोटलाई ल्याएर नाउमा राखे ॥२१–२२॥ उही दिन पिपलको बोट त्यहाँ (लंका) **जम्बूकोल** पुग्यो ।

लोकहितमा लागेको राजा **देवानाप्रियतिष्यले सुमन** सामणेरभन्दा पहिले नै पिपलको बोट आउने खबर सुनेर मङ्सिर महिनाको सुरुको दिनदेखि नै उत्तरपट्टिको ढोकादेखि लिएर **जम्बूकोल**सम्मका सबै सडकहरु सिँगार्न लगाएको थियो । समुद्रको किनारमा त्यहाँ **समुद्रपर्णशाला**[1] भएको ठाउँमा पिपलको बोट आईपुग्ने आशा गर्दै उभिएर राजाले महास्थविरहरुको सिद्धि बलले पिपलको बोट आउँदै गरेको देख्यो ॥२३–२६॥ त्यो चमत्कारलाई प्रसिद्ध गर्नको लागि त्यो ठाउँमा बनाइएको घर **समुद्रपर्णशाला** नामले प्रसिद्ध भयो ॥२७॥ महास्थविरको प्रतापले सेनासहित राजा र अरु स्थविर उही दिन जम्बूकोल पुगे ॥२८॥

पिपलको बोट आइपुग्दा प्रेमको आवेगले उत्साहित भएर मानिसहरुले जयजयकार गरे ॥ अत्यन्त बुद्धिमान् राजाले सोन्ह कुलकासहित गरेर घाँटीसम्म आउने गहिरो पानीमा पसेर पिपलको बोटलाई शिरमा राखेर किनारमा ल्यायी सुन्दर मण्डपमा राखे । त्यसपछि लंकेश्वरले **लंका** राज्यको तर्फबाट पूजा गर्‍यो । आफ्नो राज्यका ती सोन्ह कुललाई सुम्पिएर राजाले स्वयम् ढोका पाले भएको ठाउँमा उभिएर तीन दिनसम्म विविध प्रकारले पिपलको बोटको पूजा गर्न लगायो ॥२९–३२॥

दशमीको दिन स्थान र अस्थानबारे जान्ने राजाले वृक्षराज पिपलको बोटलाई सुन्दर रथमा राखेर पूर्वविहार भएको ठाउँमा स्थापित गर्‍यो अनि सबै मानिसहरुसहित संघलाई भोजन गरायो ॥३३–३४॥

---

**१. समुद्रपर्णशाला –द्रष्टव्य १९–२७ ।**

Downloaded from http://www.dhamma.digital

**महामहेन्द्र** स्थविरले राजालाई सम्बुद्धले त्यो ठाउँमा नागहरुलाई दमन गरेको बारेको कथा[1] सुनाउनुभयो ॥३५॥ राजाले स्थविरबाट सम्बुद्धको बसाइ आदिले सबै ठाउँ पवित्र भएको सुनेर ती ती ठाउँहरुमा स्मृति चिन्ह बनाइदियो ॥३६॥

त्यसपछि राजाले पिपलको बोटलाई **तिवक्क** ब्राह्मणको गाउँको ढोकामा राख्न लगाएर त्यहींबाट ठाउँ ठाउँमा शुद्ध बालुवा राख्न लगाएर धेरै प्रकारका उत्तम फूलहरु र झण्डाहरुले बाटो सिगार्न लगाई अल्छी नमानी दिन रात पिपलको पूजा गर्दै चौधौं दिनमा **अनुराधपुरको** नजिक ल्यायो ॥३७–३९॥ त्यहाँबाट त्यो समयमा जब छायाँ बढ्न थाल्यो राम्रोसित सजाइएका नगरको उत्तरपट्टिको ढोकाबाट पसेर दक्षिणपट्टिको ढोकाबाट निक्लिएर चार बुद्धहरुको आगमनले पवित्र **महामेघवनाराममा** प्रवेश गऱ्यो ॥४०–४१॥

सुमन सामणेरको भनाईअनुसार राम्रोसित सजाएको पहिलेका बुद्धहरु बस्नुभएको सुन्दर ठाउँमा पुगेर राजकीय गरगहना लगाएर सजेका ती सोन्ह कुलसहित राजाले पिपलको बोटलाई उठाए अनि त्यसपछि स्थापित गर्नको लागि राखे ॥४२–४३॥ हातबाट छुट्नेबित्तिकै त्यो पिपलको बोट आकाशमा अस्सी हात उचाइमा पुग्यो अनि त्यहाँ बसेर छ रङ्गका किरण छोड्न थाल्यो ॥४४॥ लंकाद्वीपमा फिजिएर ब्रह्मलोकसम्म पुगेका ती सुन्दर किरणहरु सूर्यास्त हुँदासम्म रहे ॥४५॥

त्यो चमत्कार देखेर दस हजार मानिसहरु खुशी हुँदा दिव्य-दृष्टि र अर्हत्पद पाएर प्रव्रज्या ग्रहण गरे ॥४६॥ त्यतिबेला सूर्यास्तको समयमा रोहिणी (नक्षत्र) मा उत्रिएर (महाबोधि) पृथ्वीमा स्थापित भयो। त्यो समयमा भूमि कम्प भयो ॥४७॥

पिपलको बोटको जराहरु गमलाको मुखदेखि बाहिर निक्लिएर गमलालाई पनि ढाकेर माटोभित्र पस्यो ॥४८॥ पिपलको बोटले जरा हाल्दा चारैतिरबाट आएर एकत्र भएका मानिसहरुले सुगन्धित वस्तु र माला आदि पूजाको सामग्रीले पिपलको पूजा गरे ॥४९॥ घनघोर वर्षा भयो। चारैदिशाबाट हिमगर्भबाट (निक्लिएर) चिसो बादलले पिपलको बोटलाई छोप्यो ॥५०॥ मानिसहरुलाई खुशी बनाउने पिपलको बोट सात दिनसम्म त्यही हिउँभित्र अदृश्य भएर बस्यो ॥५१॥ हप्तादिनको अन्तिममा सबै बादल फाट्यो। त्यो समयमा छ रङ्गको किरणसँगै पिपलको बोट देखापऱ्यो ॥५१॥

**महामहेन्द्र** स्थविर र **संघमित्रा** भिक्षुणी आफ्ना अनुगामीहरुसहित तथा राजा पनि आफ्ना मानिसहरुसहित त्यहाँ आए ॥५३॥

---

**१. कथा - द्रष्टव्य १-४४-७० ।**

Downloaded from http://www.dhamma.digital

**काजरग्राम**[1] र **चन्दनग्रामका** क्षत्रिय, **तिवक्क ब्राह्मण** र अरु लंका वासीहरु पनि जो पिपलको बोटको महोत्सवको लागि धेरै उत्सुक थिए देवताहरुको प्रतापले त्यहाँ आए । त्यो चमत्कारले अचम्ममा परेका त्यो ठुलो भेलामा सबैले हेर्दाहेर्दै पूर्वदिशाका हाँगाहरुमध्येबाट एउटा सिँगो पाकेको फल तल झऱ्यो । त्यो झरेको फल उठाएर रोप्न भनेर स्थविरले राजालाई दिनुभयो ॥५४–५६॥ राजाले त्यसलाई **महाआसन**[2] को ठाउँमा राखिएको वासना आउने माटोले भरेको सुनको गमलामा रोप्यो ॥५७॥ सबैले हेर्दाहेर्दै त्यसमा आठवटा टुसा देखापऱ्यो अनि ती टुसाहरु बढेर चार चार हात लामो पिपलको बोट भए ॥५८॥

राजाले त्यो सानो बोट देखेर अचम्म मानेर श्वेत छत्र राखेर पूजा गऱ्यो अनि साथै त्यसको राज्याभिषेक पनि गऱ्यो ॥५९॥ त्यसपछि एउटा एउटा पिपलको बोटबाट उम्रिएको बेर्ना निम्नलिखित आफ्नो ठाउँमा रोप्यो – एउटा **जम्बुकोल** पट्टनमा, एउटा पिपलको बोटलाई नाउबाट ओरालेर राखेको ठाउँमा, एउटा **तिवक्क** ब्राह्मणको गाउँमा, एउटा स्तूपाराममा, एउटा **ईश्वरश्रमणाराम**[3] मा, एउटा प्रथम **चैत्य**[4] को आँगनमा, एउटा **चैत्यपर्वताराम**मा, एउटा **काजरग्राममा** र एउटा **चन्दनग्राममा** ॥६०–६१॥

बाँकी चार पाकेका फलबाट उम्रिएका बत्तीसवटा पिपलका विरुवाहरुलाई चारैतिर योजन योजनको फरकमा सर्वत्र विहारहरुमा रोप्न लगाए ॥६२॥ यसरी लंका वासीहरुको हितको लागि सम्यक् सम्बुद्धको प्रभावले वृक्षराज पिपलको स्थापना हुँदा आफ्नो समूहसहित **अनुला** देवीले **संघमित्रा** थेरीबाट पव्रज्या ग्रहण गरेर अर्हत्पद प्राप्त गरिन् ॥६४–६५॥ पाँच सय मानिसहरुसहित त्यो क्षत्रिय **अरिष्ठले** पनि स्थविरबाट प्रव्रज्या ग्रहण गरेर अर्हत्पद प्राप्त गऱ्यो ॥६६॥

जो आठ साहूपरिवारले पिपलको बोटलाई जम्बूद्वीपबाट त्यहाँ लंका ल्याएका थिए उनीहरु 'बोधाहार कुल' नामले प्रसिद्ध भए ॥६७॥

संघसहित **संघमित्रा** महाथेरी **उपासिका विहार** नामले विख्यात भिक्षुणी आश्रममा बस्न थालिन् ॥६८॥

---

**१. काजरग्राम – तिष्यमहारामदेखि १० माइल उत्तर दक्षिण लंकामा अवस्थित मैनक गंगाकिनारको आधुनिक कतरग्राम ।**

**२. महाआसन – जहाँ पछि गएर महाआसन बनाइएको थियो ।**

**३. ईश्वरश्रमणाराम – महाविहारदेखि १ माइल दक्षिणमा अवस्थित आधुनिक इस्सुरुमुनिगल ।**

**४. प्रथम चैत्य – द्रष्टव्य १४-४५ ।**

Downloaded from http://www.dhamma.digital

त्यहाँ उनले बाह्रवटा बस्ने घर बनाउन लगाए जसमा तीन मुख्य थिए । ती तीनमध्ये एउटा घरमा पिपलको बोटको साथमा आएको जहाजको मस्तुल, एउटा घरमा कर्ण (पतवार) र एउटा घरमा पाल राख्न लगाए । तिनीहरुको अनुसार ती घरहरुको नाम[1] रह्यो ॥६९- ७०॥ अन्य निकायहरु[2] बने (उत्पन्न भए) पनि ती बार घर सदासर्वदा **हत्थाढक** भिक्षुणीहरुको अधीनमा रह्यो ॥७१॥

राजाको मंगल हात्ती स्वेच्छाले घुम्दै फिर्दै नगरको एकतिर ओडारको छेउमा शीतल कदम्बफूलहरुको घना झाडीमा उभिएर चरिरहने गर्थ्यो । हात्तीलाई त्यो ठाउँ मन परेको जानेर राजाले त्यहाँ किला गाड्न लगायो ॥७२-७३॥

एक दिन हात्तीले आफ्नो आहारा खाएन । राजाले द्वीपमा दया गर्नहुने स्थविरसित यसको कारण सोध्यो ॥७४॥ महास्थविरले महाराजलाई भन्नुभयो "कदम्बफूलको झाडीमा स्तूप बनोस्, भन्ने हात्तीको चाहना छ" ॥७५॥ सदासर्वदा मानिसहरुको हितमा लागेको राजाले अविलम्ब त्यहाँ धातुसहितको स्तूपको लागि घर बनाइदियो ॥७६॥

आफू बसेको विहारमा भीड हुने गरेकोले एकान्तवासको इच्छुक, पण्डिता, ध्यानमा प्रवीन, सफा मनकी **संघमित्रा** महाथेरीले शासन (धर्म) को उन्नति र भिक्षुणीहरुको हितको लागि एउटा अर्को भिक्षुणी आश्रम बनाउने इच्छाले, ध्यानको योग्य त्यो सुन्दर चैत्यमा गएर दिउँसो त्यहीँ ध्यान गर्न सुरु गरिन् ॥७७-७९॥

थेरीलाई वन्दना गर्ने इच्छाले राजा एक दिन भिक्षुणी आश्रम गयो । थेरी त्यहाँ गएको सुनेर त्यहीँ पुगेर वन्दना गर्‍यो । सञ्चो बिसञ्चोबारे सोधि सकेपछि त्यहाँ आउनाको कारण सोध्यो । त्यसपछि आउनु परेको अभिप्राय थेरीलाई थाहा भएपछि अभिप्रायविद् महाराज **देवानांप्रियतिष्यले** स्तूपको चारैदिशामा सुन्दर भिक्षुणीआश्रम बनाउन लगायो ॥८०-८२॥

**हत्थाल्हक** (हात्ती बाँध्ने ठाउँ) नजिकै बनेको कारण त्यो भिक्षुणी आश्रम हत्थाल्हक विहारको नामले प्रसिद्ध भयो ॥८३॥

प्राणीहरुको कल्याण मित्र, महामति, महाथेरी, **असंघमित्राले** त्यो रमाइलो भिक्षुणी आश्रममा वसोवास गरिन् ॥८४॥

यसरी **लङ्का** वासीको हित र धर्मको वृद्धि गर्दै धेरै चमत्कारले भरिएको वृक्षराज पिपलको बोट लकांद्वीपको रमाइलो महामेघवनमा चिरकालदेखि अवस्थित छ ॥८५॥

सज्जनहरुको प्रसाद र वैराग्यको लागि रचित महावंशको 'बोधि आगमन' नामको एकोनविंश परिच्छेद ।

---

**१. नाम – टीकाअनुसार ती तीन घरका नाम चूलगण, महागण तथा सिरिवड्ढ थियो ॥ पछि रहेको तिनका नाम कुपयट्ठिठपितघर, पियठपितघर र अरित्तठपितघर हुन् ।**

**२. अरु निकायहरु – उदाहरणार्थ धिम्मरुचक आदि (टीका)**

Downloaded from http://www.dhamma.digital

# विंश परिच्छेद

## स्थविर परिनिर्वाण

**धम्माशोक** राजाको शासनकालको अठारौं वर्षमा **महामेघवनाराममा** पिपलको बोट रोपियो ॥१॥ रोपेको बान्हौं वर्षमा राजाकी प्यारी रानी बुद्धभक्त **असंधिमित्रा**को मृत्यु भयो । त्यसको चौथो वर्षमा राजा **धम्माशोकले** खराब विचारकी **तिष्यरक्षिता**लाई आफ्नी रानी बनायो ॥२-३॥ त्यसपछि तेस्रो वर्ष त्यो अनर्थकारिणी, रुपगर्विताले के बुझी भने राजाले उसलाई भन्दा पिपलको बोटलाई बढी माया गर्छ भनेर रिसाएर गइन् र मण्डु कण्टक[1] (काँढा ?) ले पिपलको बोट मासिदिइन् ॥४-५॥ त्यसको चौथो वर्ष महाराज **धम्माशोकको** स्वर्गवास भयो । कुल मिलाएर सैतीस वर्ष भयो ॥६॥

**चैत्य पर्वतको महाविहारमा** र स्तूपाराममा भवनको काम राम्रोसित सकेर धर्मको बाटोमा लागेको, प्रश्न गर्नमा चतुर राजा **देवानांप्रियतिष्यले** लंका द्वीपमाथि दया गर्नुहुने स्थविरलाई सोध्यो, "भन्ते ! म यहाँ सबै ठाउँमा विहार बनाउन लगाउन चाहन्छु । स्तूपमा स्थापित गर्नको लागि धातु कहाँ पाइन्छ ?" ॥७ –९॥

स्थविरले भन्नुभयो, "राजन ! सम्बूद्धको पात्र भरेर सुमन सामणेरले ल्याएको धातु यहाँ **चैत्य पर्वतमा** राखेको छ । हात्तीको काँधमा राखेर ती धातुहरु यहाँ लिएर आऊ" । स्थविरले यसो भनेपछि राजाले ती धातुहरु लिएर आयो ॥१०–११॥ राजाले प्रत्येक योजनको फरकमा विहार बनाउन लगायो र स्तूपहरुमा योग्यताअनुसार धातु राख्न लगायो ॥१२॥

सम्बुद्धको भोजनपात्र चाहिँ राजाले आफ्नो सुन्दर राजमहलमै राख्यो । त्यहाँ धेरै प्रकारका पूजा सामग्रीले त्यसको पूजा गर्दै बस्यो ॥१३॥

जुन ठाउँमा महास्थविरबाट पाँच क्षत्रियहरु (इस्सर) ले प्रव्रज्या ग्रहण गरेका थिए त्यसै ठाउँमा **ईश्वर श्रमणक**[2] (विहार) रह्यो ॥१४॥

---

१. **मण्डुकण्टक – यसको वर्णन दधिवाहन जातकमा उल्लेख छ ।**
२. **ईश्वर श्रमणक – द्रष्टव्य १९- ६१ ।**

Downloaded from http://www.dhamma.digital

जुन ठाउँमा महास्थविरबाट पाँच सय वैश्यहरुले प्रव्रज्या ग्रहण गरेका थिए त्यो ठाउँको नाम वैश्यगिरी[1] विहार रह्यो ॥१५॥ **चैत्यपर्वतको** विहारहरुमा जुन जुन गुफामा स्थविर **महामहेन्द्र** बस्नुभएको थियो ती गुफाहरुको नाम महेन्द्र गुफा रह्यो ॥१६॥

प्रथम महाविहार[2], द्वितीय **चैत्य नामको** (विहार), तृतीय **स्तूपाराम**[3] जुन स्तूप बनिएपछि चतुर्थ महाबोधिको स्थापना, पञ्चम महाचैत्यको ठाउँमा स्तूप स्थानको निर्देशन गर्नको लागि सुन्दर शिला (ढुंगा) को स्थापना[4] तथा सम्बुद्धको घाँटीको धातु (हड्डी) को स्थापना[5], षष्ठ **ईश्वरश्रमण** (विहार), सप्तम **तिष्यवापी**, अष्टम **प्रथम चैत्य**[6], नवम **वैश्यगिरि** नामको (विहार), भिक्षुणीहरुको सुखको लागि **उपासिका विहार** तथा **हत्थाड्हक** नामको (विहार) – यी दुई भिक्षुणीहरुको आश्रम बनेका थिए ॥१७–२१॥

हत्थाड्हक विहार बनिसकेपछि, भिक्षुणी आश्रममा गएर भिक्षुसंघ भोजन गर्नको लागि **महापाली** नामको सुनिर्मित, सुन्दर, सबै उपकरणहरुले युक्त, सेवकहरुसित बसेर भोजन गर्ने घर, हजार भिक्षुहरुको प्रवारणाको लागि प्रत्येक वर्ष **परिष्कार सहित**[7] उत्तम दान, **नागद्वीपमा** उत्रिने ठाउँमा **जम्बूकोल विहार, तिष्यमहाविहार**[8] र **प्राचीन विहार**[9] – यी सबै काम **लंकावासीहरुको** हितेच्छुक, प्रज्ञावान् तथा पुण्यवान्, गुणप्रिय लंकेश्वर **देवानाप्रियतिष्य**ले आफ्नो शासनकालको पहिलो वर्षमै गऱ्यो । बाँकी जीवनमा अरु पनि धेरै धेरै पुण्य कर्म गऱ्यो ॥२२–२७॥ उसको राज्यमा यो द्वीप निकै समृद्धिशाली भयो । उसले चालीस वर्षसम्म राज्य गऱ्यो ॥२८॥ यसपछि राजाको आफ्नो छोरो नभएकोले उसको भाइ उत्तिम राजकुमारले धेरै राम्रोसित राज्य गऱ्यो ॥२९॥

सम्बुद्धको कल्याणकारी धर्म, बुद्ध वाक्य[10] तदनुसारको आचरण[11] र निर्वाण[12] आदि फलहरुको प्राप्तिले लंकाद्वीपमा प्रकाश छरेर यसरी लंकवासीहरुको धेरै हित गरेर लंकादीपक, लंकाको लागि बुद्ध सदृश्य स्थविर महामहेन्द्रले साठी वर्षको अवस्था

---

**१. वैश्यगिरि – अनुराधपुरको नजिक ।**
**२. प्रथम महाविहार – द्रष्टव्य १५-२१४ ।**
**३. स्तूपाराम – द्रष्टव्य १५-१७३ ।**
**४. शिलाको स्थापना – द्रष्टवय १५-१७३ ।**
**५. हँसूली धातुको स्थापना – द्रष्टव्य १७-६२-६४ ।**
**६. प्रथम चैत्य – दष्टव्य १-३७ ।**
**७. परिष्कारसहित उत्तम दान – भिक्षुहरुका आठ परिष्कार ।**
**८. तिष्य महाविहार – दक्षिण लंकाको अम्बन्तोटको उत्तर पूर्व ।**
**९. प्राचीन विहार – अनुराधपुरको पुब्बाराम ।**
**१०. बुद्धवाक्य – परियत्ति ।**
**११. तदानुसार आचरण – पटिपत्ति ।**
**१२. निर्वाण – पटिवेध ।**

Downloaded from http://www.dhamma.digital

(आयु, उमेर) मा **उत्तिय** राजाको आठौं राज्यवर्षमा **चैत्यपर्वतमा** वर्षावास गर्दै बस्दा अश्विन पुर्णिमाको आठौं दिनमा निर्वाण प्राप्त गर्नुभयो । यसैले यस दिनको नाम यो रह्यो ॥३०-३३॥

यो कुरो सुनेर **उत्तिय** राजा गएर स्थविरलाई वन्दना गरेर धेरै रोयो ॥३४॥ त्यसपछि तुरुन्तै स्थविरको शरीर सुगन्धित तेलले भिजाएर सुनौलो पात्रमा राख्न लगायो । त्यो पात्र राम्रोसित बन्द गर्न लगाएर, सुनको रङ्ग राखेर, (त्यसपछि अर्को) अलंकृत **विमान** ( रथ, सवारी साधन) मा राख्न लगाएर धेरै प्रकारका नाच र गीतसहित सिँगारेको बाटो भएर, चारैतिरबाट आएका महान् जनसमुदाय (वृहत जनसमूह) र ठुलो सेनाको साथ पूजा गर्दै विभिन्न प्रकारले सजाएको नगरमा ल्याए । अनि फेरि नगरका राजमार्गहरु हुँदै **महाविहारमा** ल्याएर त्यहाँ **प्रश्नम्बमालक**[1]मा एक हप्तासम्म राख्यो । विहार र चारैतिर तीन योजनसम्म (को प्रदेश) तोरण, ध्वजा, फूल तथा सुवास चल्ने जलपात्रले भरियो । राजा र देवताहरुको प्रतापले सम्पूर्ण लंकाद्वीप यसरी सिंगारियो ॥३५–४१॥

एक हप्तासम्म धेरै प्रकारले पूजा गरेर राजाले थेरहरुको **बन्धमालक** (थेरानांबन्धमालके)को पूर्वतर्फ सुगन्धित चिताको लागि छुट्याएर महास्तूपको स्थानलाई प्रदक्षिणा गर्दै त्यो मनोरम विमान (कुटागार, अरथी) लाई त्यहाँ लगेर चितामा राख्न लगाएर अन्तिम सत्कार गरे । त्यसपछि अस्थि बटुल्न लगाएर राजाले त्यही ठाउँमा चैत्य (स्तूप) बनाउन लगायो ॥४२–४४॥ क्षत्रिय राजाले तीमध्येबाट आधा धातु लिएर **चैत्यपर्वतमा** र अरु विहारहरुमा स्तूप बनाउन लगायो ॥४५॥

जुन ठाउँमा ऋषि (महेन्द्र) को देहको अन्तिम संस्कार गर्ने काम भएको थियो । त्यो ठाउँको ठूलो सम्मान हुनाको कारण **ऋषिभूमि अंगन** (इसिभुमंगन) भनिन्छ । त्यो समयदेखि नै चारैतिर तीन योजनसम्मका आर्यहरुको मृत देह ल्याएर त्यो ठाउँमा जलाउने काम हुन्छ ।

धार्मिक कार्य र मानिसहरुको हितसाधन गरेर महासिद्ध, महामति, **संघमित्रा** महाथेरी उनान्साठी (५९) वर्षको उमेरमा, **उत्तिय** राजा भएको नवौं **वर्षमा हत्थाड्हक** विहारमा रहँदा परिनिर्वाण प्राप्त गर्नुभएकी थिइन् । राजाले स्थविरलाई जस्तै एक हप्तासम्म राखेर उनको पनि पूजा सत्कार गऱ्यो । अनि स्थविरलाई जस्तै सम्पूर्ण **लंकालाई** सिगार्ने काम भयो । साता दिनमा अरथीमा राखेको थेरीको शरीर नगरदेखि बाहिर, स्तूपारामको पूर्वतर्फ **चित्रशालाको** नजिक, पिपलबोटको अगाडि थेरी आफैंले

---

**१. प्रश्नम्बमालक –द्रष्टव्य १५-३८ ।**

Downloaded from http://www.dhamma.digital

नजिक, पिपलबोटको अगाडि थेरी आफैंले बताउनुभएको ठाउँमा दाह-संस्कार गऱ्यो। महामति उत्तिय राजाले त्यहाँ पनि स्तूप बनाउन लगायो ॥४८–५३॥

पाँचैंजना महास्थविर, **अरिष्ठ** आदि स्थविर, हजारौं क्षीणास्रव भिक्षु, **संघमित्रा** इत्यादि बाऱ्ह थेरी अनि हजारौं क्षीणास्रव भिक्षुणीहरु – यी सब बहुश्रुत, महाप्रज्ञावान्, विनय आदि बुद्ध शास्त्रलाई बाहिर प्रकाशमा ल्याएर अन्तिम घडीमा अनित्यताको बशीभूत भए। **उत्तिय** राजाले दस वर्ष राज्य गऱ्यो। यो अनित्यता यस्तो सर्वविनाशी छ ॥५४- ५७॥

ती मानिसहरु जो अनित्यतालाई अति निडर, शक्तिशाली र अनिवार्यलाई जान्दाजान्दै पनि यो अनित्य संसारबाट विरक्त हुँदैनन्, अनि विरक्त भएको पापले विमुख र पुण्यमा लाग्ने नहुनु – त्यसैको ठूलो मोह-जाल हो। यो बुझेर पनि मोहमा फँस्छन् ॥५८॥

सज्जनहरुको प्रसाद र वैराग्यको लागि रचित महावंशको स्थविर परिनिर्वाण नामको विंश परिच्छेद।

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# एकविंश परिच्छेद

## पाँच राजा

**उत्तिय**पछि उसको भाइ सुजनसेवक **महासिव**ले दस वर्ष राज्य गऱ्यो ॥१॥ उसले **भद्दसाल** स्थविरको श्रद्धालु बनेर पूर्वदिशामा **नगरांगण** विहार बनाउन लगायो ॥२॥

**महासिव**पछि उसको भाइ **सूरतिस्स**ले आदरपूर्वक पुण्य कर्म गर्दै दश वर्ष राज्य गऱ्यो ॥३॥ त्यो पृथ्वीपतिले दक्षिणदिशामा **नगरांगण** विहार, पूर्वदिशामा **हत्थिकखन्ध** (हस्तिस्कन्ध) र **गोण्णगोगणगिरिक, वगुंत्तर** पर्वतमा **पाचीनपब्बत**, रहेको नजिक **कोलम्ब हालक**[1], **अरिट्ठपाद** (पर्वतमा **मकुलक**, पूर्वमा **अच्छगल्लक**, **गिरिनेल वाहनक** र उत्तरमा **कण्डनगर** यसरी लंकामा गंगाको यो छेउ र त्योछेउ तथा ठाउँ ठाउँमा पाँच सय विहार बनाउन लगायो ॥४–७॥

प्राचीनकालमा त्यो त्रिरत्न भक्तले रमणीय नगरमा साठी वर्षसम्म राम्रोसित धर्मपूर्वक राज्य गऱ्यो ॥८॥ राज्य पाउनुभन्दा पहिले उसको नाम **सुवर्णपिण्डतिष्य** थियो । **सूरतिस्स** नाम त उसले राज्य प्राप्त गरेपछि मात्र भएको हो ॥९॥

**सेनगुत्तक** नामका दुई महाशक्तिशाली दमिड (द्रविड) सार्थीपुत्रहरु[2] ले **सूरतिस्स** राजालाई समातेर कैदी बनाएर बाईस वर्ष धर्मपूर्वक राज्य गरे । तत्पश्चात् नौजना सहोदर दाजुभाइहरुमध्ये[3] नवौं भाइ **असेल** नामक **मुटसिव** पुत्रले अनुराधपुरमा दस वर्ष राज्य गऱ्यो ॥१०–१२॥

सोझो स्वभावको **एडार** नामको द्रविड राजा **चोड**[4] देशदेखि यहाँ (लंका) आयो र **असेल** राजालाई समातेर कैदी बनाएर चवालीस वर्ष राज्य गऱ्यो ॥ न्यायको समयमा शत्रु मित्रमा समान भावना राख्थ्यो ॥१३–१४॥ न्याय चाहनेले बजाउन सकोस् भनेर उसले आफू सुत्ने खाटमा तकियाको छेउमा डोरीले बाँधेको घन्टा झुण्ड्याएर राख्ने गर्थ्यो ॥१५॥

---

**१. कोम्बहालक – अथवा कोलम्बालक (३३–४२) – अनुराधपुरको उत्तरतर्फको ढोकाको नजिक ।**

**२. सार्थीपुत्रहरु – अस्सनाविकपुत्र ।**

**३. सहोदर दाजुभाइ – एडारका आठ भाइहरुका नाम यी हुन्: अभय, देवानांप्रियतिस्स, उत्तिय, महासिव, महानाग, मत्ताभय, सूरतिस्स र कीर (म० टी०) ।**

**४. चोड – दक्षिण भारत ।**

Downloaded from http://www.dhamma.digital

राजाको एउटा छोरो र एउटी छोरी थियो । राजपुत्र रथमा चढेर तिष्यवापी गइरहेको थियो । बाटोमा घोडी माउसित एउटा जवान बछेडो सुतिरहेको थियो । अनजानमा गर्धन चक्काको मुनि पर्दा त्यो बछेडो मऱ्यो । माउले घन्टी बजाउनको लागि घन्टी रगड्यो । राजाले त्यही चक्काले उसले आफ्नो छोरोको शिर काटन लगायो ॥१६–१८॥

एउटा साँपले ताडको रुखमा बसेको एउटा चरोको बचेरो खाइदियो । त्यो बचेरोको माउले गएर घन्टी बजायो । राजाले त्यो साँप ल्याउन झिकाई पठायो र त्यसको पेट चिरेर त्यसमा भएको बचेरो निकाल्न लगायो अनि साँपलाई ताडको रुखमा राख्न लगायो ॥१९–२०॥

रत्नत्रयमा सर्वश्रेष्ठ रत्न (बुद्ध) को गुणले अपरिचित पनि त्यो राजा (श्रेष्ठ) चरित्रानुकूलको आचरण गर्थ्यो । चेतिय पर्वतमा गएर भिक्षुसंघलाई निम्तो दिएर रथमा बसेर फर्किएको समयमा रथको जुवाको छेउले बुद्धको स्तूपको एउटा कुना भत्कियो । मन्त्रीहरुले राजालाई भने, "महाराज ! तिमीले गर्दा हाम्रो स्तूप भाँचियो" ॥२१-२३॥ हुन त थाहा नभएर भाँचिएको थियो तापनि राजा रथबाट ओर्लिएर बाटोमा सुत्यो अनि भन्यो "चक्काले मेरो पनि शिर काटिदेऊ" । मन्त्रीहरुले राजालाई भने, "हाम्रा शास्ता अरुलाई हिँसा गरेको मन पराउनुहुन्न । स्तूप मरमत गराउन लगाएर, (आफ्नो अपराध) क्षमा गराऊ" ॥२४-२५॥ राजाले पन्ध्रवटा खसेको ईंटा राख्न लगाउन पन्ध्र हजार कार्षापण[1] दियो ॥२६॥

एउटी बूढीमान्छेले सुकाउनको लागि घाममा धान फिँजाइ, कुबेलामा पानी पर्नाले उसको धान भिज्यो । त्यो धान लिएर गइ र घन्टी, बजाइ । कुबेलामा परेको पानीले भिजेको जानेर राजाले बूढीमान्छेलाई विदा दिएर पठायो । "राजाले धर्माचरण गऱ्यो भने मात्र मौसम अनकूलको वर्षा हुन्छ" । त्यसकारण न्यायको लागि राजाले केही नखाई व्रत बस्यो ॥२७-२९॥

बलि स्वीकार्ने देवपुत्रले राजाको तेज बलले उडेर चतुर्महाराजिक[2] (देवताहरु) लाई निवेदन गऱ्यो । उनीहरुले उसलाई साथै लगेर शक्रलाई निवेदन गरे । राजाले वर्षाको देवतालाई बोलाएर समयानुकूल पानी पार्ने आज्ञा दियो ॥३०-३१॥ बलि स्वीकार्ने देवताले त्यसको कारण राजालाई भन्यो । त्यो समयदेखि उता त्यो राज्यमा दिउँसो पानी परेन ।

---

१. कार्षापण – हेर्नुहोस् ४-३० ।

२. चातुर्महारिजक धतरट्ठ (पूर्व), विरुल्हक (दक्षिण), विरुपक्ख (पश्चिम), वेस्सवग्ग (उत्तर) ।

Downloaded from http://www.dhamma.digital

वर्षा प्रत्येक हप्ता राती आधा रातको समयमा हुन थाल्यो । सबै साना साना छ्यानासम्म पानीले भरियो ॥३२-३३॥

कुदृष्टि[1] सर्वथा नहटेपनि अगतिगमन[2] मात्रले विमुक्त हुँदा उसले सिद्धि प्राप्त गर्‍यो । त्यतिबेला शुदृष्टि भएका बुद्धिमान् पुरुषले अगतिगमन दोषलाई किन छोडेन ?

सज्जनहरुको प्रसाद र वैराग्यको लागि महावंशको 'पंचराजक' नामको एकविंश परिच्छेद ।

Dhamma.Digital

---

१. दृष्टिको अर्थ सिद्धान्त अथवा मत ।

२. अगतिगमन – कुमार्गगामी हुनुका चार कारण हुन सक्छन् १. छन्द (राग), २. दोसो (द्वेष) ३. मोहो (मूढता) तथा ४. भय ।

Downloaded from http://www.dhamma.digital

# द्वाविंश परिच्छेद

## ग्रामणीकुमारको जन्म

एडारलाई मारेर **दुष्टग्रामणी** राजा भयो । कसरी ? यसलाई प्रस्ट पार्नको लागि क्रमानुसार कथा यस किसिमको छ – राजा **देवानांप्रियतिस्स**को **भ्रातृप्रिय महानाग** नामको अर्को भाइ उपराज थियो ॥१–२॥

आफ्नो छोरोको लागि राज्यको इच्छा गर्ने राजाकी मूर्खदेवी (रानी) उपराजलाई मार्न लगाउन सँधै चिन्तित रहन थाली ॥३॥ (उसले) **तरच्छ** नामको वापी (पोखरी) बनाउन लगाउँदै गरेको समयमा (**उपराज**) कहाँ आँपमाथि विष राखेको एउटा आँप पठायो । उपराजसित गएको उसको (आफ्नै) छोरोले पात्र खोल्नेबित्तिकै त्यो आँप खाएर मऱ्यो ॥४–५॥

उपराज त्यहाँबाट आफ्नो प्राण, रक्षाको लागि आफ्नी श्रीमती, सेना र वाहन लिएर **रोहण**[1] प्रदेशतिर हिँड्यो ॥६॥ उसकी गर्भिणी रानीले **यट्ठाल** विहारमा छोरोलाई जन्म दिई । राजाले त्यो छोरोको नाम आफ्नो भाइको नाम **तिस्स** राख्यो ॥७॥

त्यहाँबाट महाभाग क्षत्रियले **रोहण** गएर अखिल **रोहण** प्रदेशको स्वामी भएर राज गऱ्यो ॥८॥ उसले आफ्नो नामानुसार **नागविहार** बनाउन लगायो अनि **उद्धकन्दरक** आदि धेरै विहार बनाउन लगायो ॥९॥ त्यसपछि उसको छोरो **यट्ठालयकतिस्स**ले राज्य गऱ्यो । **यट्ठालयकतिस्स**को छोरो अभयले पनि त्यसै गऱ्यो ॥१०॥

**गोट्ठाभय** मरेपछि उसको नाम कहलाएको छोरो क्षत्रिय काकवण्णतिस्सले त्यहाँ रोहण प्रदेशमा राज्य गऱ्यो ॥११॥ श्रद्धालु कल्याणी राजाकी श्रद्धा सम्पन्न **महादेवी** पुत्री त्यो (**काकवण्णतिस्स**) राजाकी महिषी थिइन् । कल्याणीमा तिस्स नामको क्षत्रिय राजा थियो । त्यो आफ्नी देवीसित (अनुचित) सम्बन्ध भएको कारण धेरै रिस थियो । **अय्योति** नामको उसको सानो भाइ ऊदेखि डराएर भागेर अर्कै ठाउँमा गयो । यसरी त्यो देशको नाम उसको नामअनुसार रह्यो ॥१२-१४॥

---

**१. रोहण –लंका (द्वीप) को दक्षिण र दक्षिणपूर्व भाग ।**

Downloaded from http://www.dhamma.digital

उसले भिक्षु भेषधारी मान्छेलाई गोप्य पत्र दिएर देवी भएको ठाउँमा पठायो । त्यो मान्छे गएर राजदरवारको ढोका अगाडि उभियो । सँधै राजदरवारमा भोजन गर्ने अर्हत् स्थविरसँगै थाहा नदिइ चुपचापसित त्यो पनि राजदरवारमा प्रवेश गऱ्यो ॥१५–१६॥ स्थविरसँगै भोजन गरेर राजासित निस्किदै गर्दा उसले देवीले हेर्दै गरिरहेको बेला त्यो पत्र भुईंमा खसाल्यो ॥१७॥ खसेको **शब्द**[1] सुनेर राजा फर्किएर आयो र त्यो देख्यो चिट्ठीमा लेखेको समाचार थाहा भयो । स्थविरको त्यस्तो काम देखेर रिसायो अनि त्यो दुर्मति राजाले स्थविर र त्यो मान्छेलाई काट्न लगाएर समुद्रमा फ्याँक्न लगायो । देवताहरुले त्यो काम गरेको देखेर रिसाएर त्यो देश समुद्रमा डुबाइदियो । राजाले आफ्नी **देवी** नामको शुद्ध, रुपवती पुत्रीलाई सुनको हलुको ओखलीमा बसाएर 'राजकन्या' लेखेर समुद्रमा छोडिदियो ॥१८–२१॥ राजा **काकवण्णतिस्स**ले त्यो राजकन्यालाई **लंका** नामको विहारमा आएपछि उसकी अभिषेक गऱ्यो । त्यसैले गर्दा उसको नाम विहार पद युक्त[2] भयो ॥२२॥

**तिस्समहाविहार**[3], **चित्तलपर्वत**[4], **गमिट्ठवालि** र **कूटालि** विहार बनाउन लगाएर त्रिरत्नले प्रसन्न चित्त भएका त्यो राजाले चारै प्रत्यय[5]ले सँधै संघको सेवा गर्दै बस्यो ॥२३- २४॥

त्यो समयमा **कोटपर्वत** नामको विहारमा धेरै पुण्य कर्म र शीलव्रत गरेको एक श्रामणेर बस्थ्यो । उसले **आकास चैत्यको** आँगनमा निर्धक्क भएर चढ्नको लागि चारपाटा परेको चप्लेटी ढुंङ्गाले तीनवटा भऱ्याङ स्थापित गऱ्यो ॥२५–२६॥ उसले सबैलाई पानी आदि दिने गर्थ्यो अनि अरुको सेवाको काम गर्थ्यो । सँधैको थकाइले गर्दा उसलाई कडा रोग लाग्यो ॥२७॥ कृतज्ञ भिक्षुले उसलाई डोलीमा राखेर तिस्सारामा लिएर आयो अनि **सिलापस्सय** परिवेणमा उसको स्याहार सुसार गऱ्यो ॥२८॥ राजदरवार सफा सुग्घर पारेर संयमशीला **महादेवी** मध्यान्ह अघि **संघलाई महादान** दिएर मध्यान्ह पछि माला, गन्ध (सुगन्धित वस्तु), औषधी र वस्त्र ल्याउन लगाएर विहारमा जानुभइ यागियताअनुसार सत्कार गर्ने गर्थिन् ॥२९–३०॥

---

१. **शब्द – त्यो समयमा कागजको सट्टा ताडपत्रको व्यवहार हुन्थ्यो ।**

२. **विहार पदयुक्त – विहारदेवी ।**

३. **तिस्समहाविहार – हेर्नुहोस् ५– ८ ।**

४. **चित्तलपर्वत – तिस्स महारामदेखि १५ माइल उत्तरपूर्व ।**

५. **चार प्रत्यय – हेर्नुहोस् ३–१४ ।**

६. **सिलापस्सय परिवेण – बीचमा आँगन राखेर चारैतिर बनेका कोठाहरु अथवा बस्ने घरलाई परिवेण भनिन्छन् ।**

Downloaded from http://www.dhamma.digital

त्यसो गरेर महादेवी संघस्थविरको छेउमा बसिन् । उसलाई धर्मोपदश दिँदै गरेको समयमा स्थविरले यो कुरो भन्यो, "तिमीले यो महासम्पत्तिको पूजा गरेको हुनाले पाएकी छ्चौ । त्यसैले पूजा गर्ने कुरामा कुनै पनि हालतमा बेवास्ता नगर" ॥२१–२२॥

यसो भन्दा महादेवीले भनी, "यो सम्पत्ति के हो ? हामी जसको सम्पत्ति छैन उनकी यो सम्पत्ति बाँझी (निःसन्तान) नै हो" ॥३३॥

षडभिज्ञ स्थविरले भविष्यमा छोरो पाउने देखेर देवीलाई भन्यो, "हे देवी ! तिमीले त्यो रोगी श्रामणेरको रेखदेख गर" ॥३४॥ त्यो मरणासन्न अवस्थामा पुगेको श्रामणेर भएको ठाउँमा गइन् र भनिन्, "मेरो छोरो हुने इच्छा गर । हामीसित धेरैसम्पत्ति छ ॥३५॥ यस्तो कामना गर्न चाहँदैन कि भनेर जानेर त्यो बुद्धिमान् देवीले उसको लागि अति सुन्दर फूलको पूजासामग्री बनाउन लगाएर फेरि विन्ती गरिन् ॥२६॥

यस किसिमले पनि स्वीकार गरेको नदेखेर श्रामणेरको लागि बुद्धिमान् देवीले संघलाई धेरै प्रकारको औषधी वस्त्र दिएर फेरि त्यो श्रामणेरलाई विन्ती गरिन् ॥३७॥ त्योपटक श्रामणेरले राजकुलमा जन्म लिने इच्छा गऱ्यो । देवीले त्यो ठाउँ धेरै किसिमले सजाउन लगाएर, वन्दना गरेर रथमा चढेर विदा भइन् ॥३८॥ त्यहाँ मरेपछि त्यो श्रामणेरले जाँदै गरेकी देवीको कोखमा प्रवेश गऱ्यो । देवीले यो बुझेर फर्किएर आइन् । राजालाई यो समाचार दिएर फेरि राजासँग आइन् । ती दुवैले श्रामणेरको दाहसंस्कार गराए ॥३९-४०॥

त्यो परिवेणमा बसेका शान्तचित्त भएका भिक्षुसंघलाई बराबर महादान दिने गरे ॥४१॥

त्यो महापुण्यवान् देवीलाई यस प्रकारको के इच्छा जाग्यो भने **उसभ**[1] (साढे तीन गज) लामो महको भण्डारमध्येबाट भिक्षुहरुलाई दान दिएर बचेको मह सिरानीमा राखूँ र सुन्दर ओछ्यान लगाएको खाटमा बायाँ कोल्टे फेरेर मनलाग्दी खाऊँ (२) एडार राजाका लडाकुहरुमध्येबाट सर्वश्रेष्ठ लडाकुको टाउको छिनाउने तरवार धुएको पानी टाउकोमा उभिएर खाऊँ (३) अनुराधपुरको कमल भएको ठाउँबाट ल्याएको नओईलिएको माला लगाऊँ । देवीले यो इच्छा राजालाई भनिन् । राजाले ज्योतिषीलाई सोध्यो ॥४२–४६॥

यो कुरो सुनेर ज्योतिषीहरुले भने देवीको छोरोले दमिडहरुलाई मारेर राज्य स्थापित गरी (बुद्ध) को शासनको विस्तार र विकाश गर्छ ॥४७॥

---

**१. उसभ – उसभ नामको एक विशेष नाप । अभिधानप्पदीपिकाको अनुसार बीस पट्टी (लुगाको धरो)**

Downloaded from http://www.dhamma.digital

राजाले घोषणा गऱ्यो – "जसले यस्तो किसिमको मौरीको चाका देखाउँछ उसलाई त्यति नै सम्पत्ति दिईनेछ" ॥४८॥

**गोठ**[1] समुद्रको तटमा महले भरेको पल्टिएको डुङ्गा देखेर नगरवासीहरुले राजाकहाँ गएर भने ॥४९॥ राजाले देवीलाई त्यहाँ राम्रोसित बनेको मण्डपमा लगेर इच्छाअनुसार मह खुवायो ॥५०॥

उसको बाँकी इच्छाहरु पूरा गरिदिनको लागि राजाले **वेलुसुमन** नामको लडाकुलाई नियुक्त गऱ्यो ॥५१॥ उसले अनुराधपुर गएर (**एडार**) राजाको **मङ्गल** नामको घोडाको सइससित मित्रता गऱ्यो अनि सँधै उसको काम गर्दै बस्यो ॥५२॥ आफुसित ऊ विश्वासी पात्र भएको जानेर एकाविहानै कमल र तरवार **कदम्ब** नदीको किनारमा राखरे कुनै शङ्का नलिई घोडा लिएर त्यसको माथि चढेर गयो । त्यहाँ नंदीतटबाट कमल र खड्ग लिएर आफ्नो परिचय दिँदै घोडा वेगले दौडायो ॥५३- ५४॥

राजाले यो खबर सुनेपछि त्यसलाई समात्नको लागि सर्वश्रेष्ठ लडाकु पठाइदियो । सर्वश्रेष्ठ लडाकुअनकूलको दोस्रो घोडामा चढेर त्यसको पछि दौडियो ॥५५॥ त्यो **वेलुसुमन**ले भ्काडीबाट निक्लिएर घोडाको पिठ्यूँमा बस्दैखेरि पछिपछि आउँदै गरेको लडाकुलाई मार्नको लागि तरवार निकालेर पसारी राख्यो ॥५६॥ घोडा वेगले आउँदै गरेको लडाकुको टाउको काट्यो । दुवै घोडा र टाउको लिएर त्यो **वेलुसुमन महाग्राम** आईपुग्यो ॥५७॥

देवीले आफ्नो इच्छाहरु रुचिअनुसार पूरा गरिन् अनि राजाले लडाकुलाई योग्यता अनुसारको सत्कार गऱ्यो ॥५८॥

त्यो देवीले समय पुगेपछि (स्वनाम) धन्य उत्तम पुत्रलाई जन्म दिइन् । त्यो बेलामा महाराजको परिवारमा खुशीको लहर आयो ॥५९॥ त्यो बालकको पुण्यको प्रतापले त्यो दिन धेरै प्रकारका रत्नहरुले भरिएका सातवटा नाउहरु सबै ठाउँबाट आए ॥६०॥ उसैको पुण्यको प्रभावले **छद्दन्त** कुलोत्पन्न[2] (एउटा) ढोई हात्तीले छावा ल्याएर त्यहाँ छोडेर गयो ॥६१॥

त्यो हात्तीको छावालाई घाटपारिको डिलको भ्काडीमा उभिएको देखेर **कंडुल** नामको बल्छीले माछा मार्ने मान्छेले राजालाई आएर भन्यो ॥६२॥ राजाले जान्नेहरुलाई पठाएर त्यसलाई समातेर ल्याउन लगायो र पाल्यो ।

---

१. **गोठ – लंका छेउको समुद्र ।**

२. **छद्दन्त कुलोत्पन्न – हात्तीहरुमा श्रेष्ठ जातिको नाम ।**

Downloaded from http://www.dhamma.digital

**कंडुलले** त्यसलाई पहिले देखेको हुनाले राजाले त्यो हात्तीको नाम पनि **कंडुल** नै राखिदियो ॥६३॥

सुन आदिका पात्रहरुले भरिएको डुङ्गा आयो । मानिसहरुले राजालाई निवेदन गरे । राजाले त्यो मागिपठायो । छोरोको मंगल नाम राख्ने संस्कारको समयमा राजाले बाह्र हजार भिक्षुहरुलाई निमन्त्रण दियो । तर मनमा सोच्यो–"मेरो छोरो सम्पूर्ण लंकाद्वीपको राजा हुनु छ र राज्य प्राप्त गरेर सही शासनको विस्तार र विकास गर्नु छ भने खालि एक हजार आठ भिक्षुहरु मेरो घरमा प्रवेश गरुन् अनि ती सबै भिक्षुहरुले पात्र घोप्टाएर तथा चीवर लगाएर पहिले दाहिने खुट्टा ढोकाको संघारभित्र राखून[1] अनि एउटा छाता (छत्र) र **धर्मकरक**[2] लिएर जाऊन् । मेरो छोरोलाई **गोतम** नामको स्थविरले ग्रहण गरुन् र उनैले शरण[3] शिक्षा दिऊन् । ती सबै त्यस्तै भयो ॥६५–६९॥

सबै शकुनहरु हेरेपछि सन्तुष्ट मन भएको राजाले संघलाई खीर खुवायो र छोरोको नामकरणको संस्कार गऱ्यो । **महाग्रामको** नेतृत्व र आफ्नो बाबुको नाम दुवै शब्द मिलाएर **ग्रामणी अभय** नाम राख्यो । ॥७०–७१॥

सुत्ने कोठामा पसेर राजाले नवौं दिनमा देवीसित सम्भोग गऱ्यो । राजाबाट देवीको गर्भ बस्यो । समयमा छोरोको जन्म भयो । राजाले छोरोको नाम तिस्स राख्यो । ठूलो परिवारमा दुवै बालक बढ्न लागे ॥७२- ७३॥

अन्न प्राशन संस्कारको समयमा दुवै छोराहरुका आदरका पात्र राजा र रानीले पाँच सय भिक्षुहरुलाई खीर खुवाएर उनीहरुले खाएको पुरो भातबाट अलिकति भात सुनको थालमा लिएर 'हे छोराहरु हो ! यदि बुद्धधर्म छोड्यौ भने तिमीहरुलाई यो भात नपचोस् भनेर उनीहरुलाई भात खानदियो ॥७४–७६॥

त्यो भनाइको अर्थ बुझेर ती दुवै राजकुमारले त्यो खीर चित्त बुझ्ने गरी अमृत मानेर खाए ॥७७॥

विस्तार विस्तार दस र बाह्र वर्षको उमेर भएपछि परीक्षा लिने इच्छाले राजाले पहिलेजस्तै भोजन गराएर उनीहरुले खाएको पुरो भात थालमा मागिपठायो र त्यो बालकहरुको छेउमा राख्न लगाएर तीन भागमा बाँडन लगायो र भन्यो, "आफ्नो कुल

---

**१. घरको संघारको भित्र राख्नु – बायाँ खुट्टा पहिले राख्ने काम आजसम्म (अहिले) पनि लंकामा अपशकुन मानिन्छ ।**

**२. धर्मकरक – त्योभाँडा जसमा पानी छान्ने लुगाको टुक्रा राखिएको हुन्छ ।**

**३. शरण – त्रिशरण र दस शीलको दान ।**

Downloaded from http://www.dhamma.digital

देवताहरुदेखि र भिक्षुहरुदेखि कहिले उदासीन हुनेछैनौं' भनी सोचेर तथा 'हामी दुई भाइ सँधै एक अर्काको डाह नगरी बस्नेछौं' भनी सोचेर त्यो दोस्रो भाग खाऊ" ॥७८-८१॥

ती दुवैले त्यो दोस्रो भाग अमृत समान सोचेर खाइदिए । "हामी द्रविडहरु (दमिडहरु) सित कहिले लडाइँ गर्नेछैनौं, भनी सोचेर यो तेस्रो भाग खाऊ" भन्दा **तिस्स**को हातले भोजन छोड्यो भने **ग्रामणीले** त भातको गाँस फ्याँकेर खाटतिर गयो र हात खुट्टा खुमच्याएर खाटमा सुतेर बस्यो ॥८२-८३॥

**विहारदेवी** गइन् र **ग्रामणी**लाई शान्त पार्दै यसो भनिन्, "नानी छोरा हात खुट्टा पसारेर खाटमा आरामसँग किन सुतिरहेको छैनौ ?" ॥८४॥

उसले जवाफ दियो, "**गङ्गा**[1]पारि दमिडहरु छन्, अनि यता **गोठ** समुद्र[2] छ, शरीर फैलाएर कहाँ सुतूँ ?"

त्यो ग्रामणीको अभिप्राय सुनेर राजा चूप भयो ॥८५-८६॥

त्यो पुण्यवान्, यशवान्, धृतिमान् र तेज बल पराक्रमयुक्त **ग्रामणी** बिस्तार बिस्तार बढ्दै गएर सोह्र वर्षको भयो ॥८७॥

प्राणीहरुको यो अस्थिर गतिमा आदरवान् पुण्यले इच्छानुसार परिणाम प्राप्त हुन्छ । यो सोचेर बुद्धिमान् पुरुष सदैव पुण्य सञ्चयमा लाग्छन् ॥८८॥

सज्जनहरुको प्रसाद र वैराग्यको लागि रचित महावंशको 'ग्रामणीकुमार प्रसुति' नामको द्वाविंश परिच्छेद ।

---

१. **गङ्गापारि – हेर्नुहोस् १०-४४ ।**

२. **गोठ समुद्र – हेर्नुहोस् २२-४९ ।**

Downloaded from http://www.dhamma.digital

# त्रयोविंश परिच्छेद

### योद्धाहरु (लडाकुहरु) को प्राप्ति

बल, लक्षण, रुप, तेज, वेग आदि गुणहरुले युक्त त्यो सर्वश्रेष्ठ ठूलो शरीरको **कंडुल** हात्ती थियो ॥१॥

त्यो दुष्ट ग्रामणीसित ती दस धेरै शक्ति भएका ठूला लडाकु थिए– नन्धिमित्त, सूरनिमित्त, महासोण, गोठम्बर, थेर (स्थविर) पुत्रअभय, भरण, वेलुसुमण र त्यस्तै खञ्जदेव , फुस्सदेव र लभियवसभ ॥२–३॥

**एडार** राजाको **मित्र** नामको सेनापति थियो । उसको **पूर्वखंडको** राज्यको 'खेत के ग्राम' मा **चित्त पर्वत**को छेउमा एकजना भानिज थियो । त्यसकी बहिनीको छोरोको गुप्तेन्द्रिय अण्डकोषले छोपेको थियो । उसको नाम र मामाको नाम पनि **मित्र** नै थियो ॥४-५॥

टाढा टाढा जाँदा सानो बालकलाई कम्मरमा डोरीले बाँधी जाँतोमा बाँधेर राख्ने गऱ्यो ॥६॥ जाँतो तान्दै भुँईमा हिँड्दै ढोकाको संघार नाघेर जहाँतहाँ जाने गर्दा डोरी चुँडिन्थ्यो । त्यसकारण त्यसको नाम **'नन्धिमित्र'** रह्यो । त्यसको बल दस नागको बराबर थियो । ठूलो भएपछि त्यो नगरमा आएर मामासित बस्न थाल्यो ॥७–८॥

त्यो समयमा त्यो वीर्यवान् स्तूप आदिको अनादर गर्दै द्रविडहरुलाई एउटै तिघ्रा र खुट्टाले थिचेर अर्को हातले समातेर च्यात्ने गर्थ्यो अनि बाहिर फ्याँक्ने गर्थ्यो । देवताले उसको फालेको मृत शरीर गायब गरिदिन्थ्यो ॥९–१०॥

दमिडहरु घट्दै गएको देखेर मानिसहरुले राजालाई भने । "त्यो दोषीलाई समात भन्दा" मानिसहरुले त्यसो गर्न सकेनन् । **नन्धिमित्र**ले सोच्यो, "मैले यसो गर्दा जनसंख्या घटेर जान्छ, बुद्धको धर्म प्रकट हुँदैन । **रोहण**[1] प्रान्तमा त्रिरत्न प्रेमी क्षत्रियहरु बस्छन् । ती क्षत्रियरुको सेवा गरेर सबै दमिडहरु समातेर तिनीहरुको राज्य क्षत्रियहरुलाई दिएर बुद्धशासनलाई प्रकट गरुँ" भनेर आफ्नो यो विचार उसले कुमार **ग्रामणी**लाई गएर भन्यो ॥११–१४॥

---

**१. रोहण –हेर्नुहोस् २२ –७ ।**

Downloaded from http://www.dhamma.digital

कुमार **ग्रामणी**ले आफ्नी आमासित अनुमति लिएर उसलाई सत्कार गऱ्यो । सत्कारप्राप्त **नन्धिमित्र ग्रामणी** लडाकुसित बस्यो ॥१५॥

**काकवर्णतिष्य** राजाले द्रविडहरुलाई रोक्नको लागि महावैलि **गंगा**को सबै घाटहरुमा पाले पहरो राखेको थियो ॥१६॥

राजाकी दोस्रो श्रीमतीतर्फको छोरो **दीर्घाभय** गंगा नदीको **कच्छक घाट**[1]को रक्षक थियो ॥१७॥

यसरी चारैतिर दुई योजनसम्म रक्षाको लागि राजाले ठूला घरानाहरुबाट एउटा एउटा छोरो माग्न भनेर पठायो ॥१८॥

**कोट्ठि वाल** देशको **खड्कविट्ठिक** गाउँमा सात छोराहरुका बाबु कुलको पति तथा ऐश्वर्यशाली **संघ नामको** थियो । छोरोको इच्छा गर्ने राजपुत्रले उसकहाँ पनि दूत पठायो । दसवटा हात्तीको बराबरको सामर्थ्य भएको **निमिल**[2] नामको सातौं छोरो थियो । उसको निकम्मापनले गर्दा चिढिएकोले उसको भाईहरुछेउमा जान मन पराउँदैनथ्यो । तर आमा बाबुछेउ होइन ॥१९–२१॥

**सबै** भाइहरुदेखि रिसाएर एकाविहानै तीन योजन हिँडेर घाम उदाएको समयमा उसले त्यो राजपुत्रको दर्शन गऱ्यो ॥२२॥

उसको परीक्षा लिनको लागि उसलाई टाढाको काममा खटायो – **चेतिय पर्वत**को छेउमा रहेको **द्वारमंडल** गाउँमा मेरो मित्र **कुंडली** नामको ब्राह्मण छ । उसित समुद्रपारिबाट ल्याएका केही वस्तुहरु छन् । तँ गएर उसले दिएका चीजहरु लिएर आउनू । यसो भनेर खाना खुवाएर साथमा चिट्ठी दिएर पठायो ॥२३–२५॥

त्यहाँबाट ऊ बाह्र बजे अगाडि नै नौ योजन (टाढा) रहेको **अनुराधपुर** पुगेर ब्राह्मणलाई भेट्यो । ब्राह्मणले भन्यो, "बाबु ! वापी (पोखरी) मा नुहाएर यहाँ आऊ ।" यहाँ **अनुराधपुरमा** पहिलोपटक आएको हुनाले उसले **तिस्सवापीमा** नुहाएर **थूपाराममा** महाबोधि र चैत्यको पूजा गऱ्यो । त्यसपछि नगरमा प्रवेश गरेर, सबै नगर हेरेर, पसलबाट सुगन्धित वस्तु किनेर, उत्तरपट्टिको ढोकाबाट निक्लिएर पानी कमल भएको ठाउँबाट कमल ल्याएर त्यो ब्राहमणकहाँ पुग्यो । त्यो ब्राह्मणले सोध्दा उसले सबै वृतान्त भन्यो ॥२६-२९॥

त्यो ब्राह्मण ऊ पहिलोचोटि यहाँ **अनुराधपुर** आएको सुनेर छक्क पऱ्यो अनि सोच्न लाग्यो यहाँ पुरुषश्रेष्ठ हुनुहन्छ ।

---

**१. कच्छकघाट – हेर्नुहोस् १०-५८ ।**

**२. निमिल - सुरा निमिल (रसवाहिनी) । सम्भवत : सुरापानको अभ्यासी थियो ।**

Downloaded from http://www.dhamma.digital

यदि **एडार** राजाले यसलाई चिन्यो भने उसको आफ्नो अधीनमा राख्छ । त्यसैले यो दमिडको नजिक बस्न उचित छैन । राजपुत्र ग्रामणीको बाबुसित बस्न उचित छ ॥३०–३२॥

त्यसैले यही अभिप्रायको पत्र लेखेर उसलाई सुम्पियो । भोजन खुवाएर पूर्ण वर्धन वस्त्र र धेरै खालका उपहार दिएर उसलाई मित्रकहाँ पठायो । विहानीपख तेस्रो पहरमा राजपुत्रकहाँ पुगेर पत्र र उपहार राजपुत्रलाई समर्पित गर्‍यो । राजपुत्रले खुशी भएर भन्यो, "यसलाई हजार मुद्रा दिएर सन्तुष्ट गराऊ" ॥३३–३५॥

राजपुत्रका अरु सेवकहरुले ईर्ष्या गर्न लागे । उसले त्यो बालकलाई दस हजार मुद्रा दिएर खुशी हुने बनायो ॥३६॥

राजपुत्र क्षत्रियले त्यो लडाकुको केश काट्न लगाएर त्यसलाई गंगामा नुहाउन लगाइ पुर्ण वर्धन वस्त्रको जोडा र मिठो वासना भएको मालासहित टाउकोमा मिहिन वस्त्र बाँध्न लगाएर मागिपठायो । आफूले खाने भोजनबाट उसको लागि भात दिन लगायो । आफ्नो दस हजार मुद्रा पर्ने सुन्दर खाट त्यो लडाकुलाई सुत्नको लागि दियो ॥३७–३९॥

ती सब्रै एकत्रित गरेर आमाबाबुकहाँ लगेर आमालाई दस हजार मुद्रा र बाबुलाई खाट दियो । अनि उसै रात फर्किएर रक्षा स्थानमा आएर आफू देखापर्‍यो । विहान राजपुत्रले त्यो कुरो सुनेर खूब खुशी भयो । अनि उसलाई वस्त्र, सेवक र दस हजार मुद्रा (पैसा) दिएर बाबुकहाँ पठायो ॥४०–४२॥ त्यो लडाकुले दस हजार पैसा आमाबाबुकहाँ लगेर उनीहरुलाई दिएर राजा **काकवर्णतिष्य** कहाँ पुग्यो ॥४३॥

राजाले त्यो लडाकु **ग्रामणी** कुमारलाई अर्पण गर्‍यो । सत्कार प्राप्त सूरनिमल लडाकु ग्रामणीसित बस्न थाल्यो ॥४४॥

**कुलम्बरिकण्णिका**[1] देशको **हुंडरवापि** गाउँमा **तिस्सको सोण** नामको आठौँ छोरो थियो ॥४५॥ सात वर्षको उमेरमा उसले ताडको सानो रुख उखेलेर फाल्यो । दस वर्षको हुँदा त्यसले बलिया ताडको रुख पनि उखेल्न सक्ने भयो ॥४६॥

त्यो **महासोण** पनि समयमा दस हात्तीको बराबरको बल भएको भयो । राजाले त्यो त्यस्तो भएको सुनेर उसको बाबुको काखबाट ल्याएर पालन पोषण गर्ने राजाले त्यो लडाकु ग्रामणी कुमारलाई दियो । त्यो सत्कार प्राप्त लडाकु **ग्रामणीसित** बस्ने गर्‍यो ॥४७-४८॥

**गिरिनाम** देशको **निठ्ठुलविठ्ठिक** गाउँमा **महानागका** दस हात्तीको बराबरको बल भएको छोरो थियो ।

---

**१. कुलम्बरिकण्णिका –कदलुम्बरिकण्णिका (रसवाहिनी) ।**

Downloaded from http://www.dhamma.digital

पुड्को भएको हुनाले उसको नाम **गोठ्ठक** थियो । उसका छ जना दाइले उसलाई हाँसोको पात्र बनाउँथे ।४९–५०॥

उनीहरुले कालोदालको खेती गर्नको लागि ठूलो जंगल फँडानी गर्ने कुरा हुँदा गोठ्ठकको भागको जंगल उसैले काटोस् भनेर उसको भागको जंगल छोडेर उसलाई गएर भन्यो ॥५१॥ उसले उत्तिनैखेर गएर **इम्बर** नामको रुख उखेलेर भुँईको सतह बराबर गरिदियो अनि गएर निवेदन गऱ्यो ॥५२॥ उसका भाइहरुले गएर त्यो अद्भुतको काम गरेको देखेर उसलाई भेटेर उसको प्रशंसा गर्दै तिनीहरु उसको छेउमा आए ॥५३॥ यही कारणले उसको नाम **गोठ्ठविम्बर**[1] रह्यो । राजाले उसलाई पनि त्यसरी नै **ग्रामणी भएको ठाउँमा** राखिदियो ॥५४॥

कोट पर्वत नजिकैको **कित्तिग्राममा रोहण** नामको घरमूली थियो । (उसले) आफ्नो छोरोको नाम **गोठ्ठकाभय** राजाको नामको समान राख्यो । दस बान्ह वर्षको केटो समानको हुँदा त्यो बालक यति शक्तिशाली भएर निक्लियो कि जुन ढुङ्गालाई चार पाँचजना मान्छेले उठाउन सक्दैन थियो । त्यसलाई उसले खेल्ने भकुण्डो जस्तो टाढो हानि पठाउँथ्यो ॥५५–५७॥

त्यो सोन्ह वर्षको केटोको लागि उसको बाबुले अड्तीस अंगुल गोलाइको सोन्ह हात लामो गदा (पहिलेको लडाईको हतियार) बनाउन लगायो ॥ त्यो गदाले उसले नरिवल र ताडको रुखमा प्रहार गरेर ढालिदियो । यो कामले गर्दा त्यो लडाकु प्रसिद्ध भयो ॥५८–५९॥ राजाले उसलाई पनि **ग्रामणी**सित राख्न पठायो । लडाकुको बाबु (**महासुम्म**) स्थविरको उपस्थापक[2] थियो । त्यो गृहस्थलाई **महासुम्म** स्थविरको धर्मोपदेश सुनेर **कोट पर्वतमा स्रोतापत्तिफल** प्राप्त भयो । त्यसपछि वैरागी भएर उसले राजालाई भनेर आफ्नो कुटुम्ब पुत्र सुम्पिएर, स्थविरकहाँ गएर प्रव्रजित भयो । त्यसपछि भावना गरेर अर्हत्व प्राप्त गऱ्यो । यसले गर्दा उसको छोरो थेर (स्थविर) पुत्र अभय नामले प्रसिद्ध भयो ॥६०–६३॥

**कप्पकन्दर**[3] गाउँमा कुमारको **भरण** नामको छोरो थियो । उसले दश बार वर्षको उमेरमा अरु बालकहरुको साथमा वनमा गएर खरायो लखेट्थ्यो । फेरि खुट्टाले हिर्काएर ठक्कर दिइ दुई टुक्रा पारेर तिनलाई भुइँमा फालिदिन्थ्यो । त्यसपछि सोन्ह वर्षको उमेरमा गाउँका मानिसहरुसित वनमा गएर उसले सजिलैसँग मृग, सर्प र सुंगुर माऱ्यो ॥६६॥ त्यसो गर्दा त्यो **भरण** (श्रेष्ठ लडाकु) प्रसिद्ध भयो । राजाले उसलाई पनि त्यसरी नै **ग्रामणी**सित बस्ने व्यवस्था गरिदियो ॥६४–६७॥

---

**१. गोठ्ठविम्वर – रसवाहिनीमा गोठम्बरको बल परीक्षाकथा यो भन्दा भिन्न छ ।**

**२. उपस्थायक – दायक (यजमान) ।**

**३. कप्पकन्दर - महावंश २४–२२ मा यही नामको नदीको वर्णन छ ।**

Downloaded from http://www.dhamma.digital

**गिरि** नामको देशको **कुटुम्बियङ्गन** गाउँमा **वसभ**नामको मानिसहरुद्वारा आदर पाएको कुटुम्बेरी (गृहस्थ) थियो ॥६८॥

जानपदिक[1]**वेल** र गिरिभोजक सुमन दुवैले त्यो वसभ मित्रको छोरो जन्मिँदा उपहार लिएर गएर बालकको आफ्नो नाम **वेलुसुमन** राखिदिए । त्यो बालक ठूलो भएपछि गिरिभोजकले उसलाई आफ्नो घरमा लगेर राख्यो ॥६९–७०॥

त्यो गिरिभोजकको सैंधव[2] घोडा थियो । त्यसले कसैलाई पनि (आफूमाथि) चढ्न दिँदैन्थ्यो । **वेलु सुमन**लाई देखेर "यो सवार (चढ्ने व्यक्ति) मेरो योग्य छ" भनी सोचेर हिनहिनायो ॥ यो बुझेर **भोजकले** त्यो बालकलाई भन्यो, "घोडामाथि चढ" । बालकले घोडामा चढेर त्यसलाई वेगले वरिपरि घुम्न लगायो । त्यो घोडाले पूरा चक्कर लगाउँदा एकाबद्धजस्तो देखिन्थ्यो । दगुर्दै गरेको घोडाको पिठ्यूँमा बसेको वेलुसुमन पुरुषहरुको लाममा बसेको बराबर देखिन्थ्यो । त्यो निर्धक्क भएर आफूले लगाएको बाहिरी वस्त्र खोल्थ्यो पनि र बाँध्दै पनि जान्थ्यो ॥७१-७४॥

त्यो देखेर पूरै परिषद्ले ताली लगायो । **गिरिभोजक**ले उसलाई दस हजार **मुद्रा** दियो । त्यसपछि 'त्यो राजाको अनुकूल छ' भनी सोचेर त्यो लडाकु राजालाई दियो । राजाले त्यो **वेलुसुमन**लाई निकै सत्कार गरेर धेरै सम्मान दिएर आफूसँग राख्यो ॥७५–७७॥

**नकुल** पर्वत नजिकैको **महिस दोणिक** गाउँमा **अभय**को अन्तिम शक्तिशाली छोरोको नाम 'देव' थियो । तर अलिक लंगडोजस्तो हुनाको कारण त्यसलाई **'देव' खञ्जदेव** भन्दथ्ये ॥७८॥ गाउँलेहरुको साथमा शिकार गर्न जाँदा त्यो मान्छेले धेरै ठुला र अग्ला अग्ला अर्ना समात्थ्यो । त्यसपछि हातले ती अर्नाहरुको खुट्टा समातेर टाउको घुमाइ भुइँमा पछारेर तिनका हड्डीहरु धूलोपिठो पारिदिन्थ्यो ॥७९–८०॥ त्यस्तो समाचार सुनेर राजाले **खञ्जदेव** झिकाइ पठाएर ग्रामणीकहाँ राखिदियो ॥८१॥

चित्तल पर्वतको नजिक गविट नामको गाउँमा उत्पलको फुसदेव नामको छोरो थियो । अरु कुमार केटाहरुको साथमा त्यो कुमार विहारमा गएर त्यो पिपलको रुखमा चढाएको शंख जोडसित फुक्यो ॥८३॥ वज्र परेको जस्तो त्यो शंखको ठूलो आवाज निस्कियो । ती सबै केटाहरु डरले बौलाहा (उन्मत्त) जस्तै भए ॥८४॥

---

**१. जानपदिक – जनपदको अधिकारीलाई भनिन्थ्यो । जनपद केही गाउँहरु मिलेर बनेको समुदाय हुन्थ्यो । ग्रामको अधिकारीलाई ग्रामभोजक भन्ने गर्थ्यो ।**

**२. सैधव घोडा - सिन्धु पिंडदादनखाँ, देश (पञ्जाब) को घोडा ।**

**३. चित्तलपवर्त - हेर्नुहोस् २२ –२३ ।**

Downloaded from http://www.dhamma.digital

त्यसले गर्दा त्यो **उन्माद फुस्सदेव** नामले प्रसिद्ध भयो । त्यसको बाबुले पुर्खाहरुले गर्दै आएको धनुको पेशा गर्थ्यो । त्यसउसले गर्दा ऊ शब्दवेधी (शब्दमा वाण चलाउने), विद्युतवेधी (विजुलीको प्रकाशमा वाण चलाउने) र बालवेधी (केश छेंड्ने) भयो । त्यसले तीरले बालुवाले भरेको गाडा, एकसाथ बाँधेको सयवटा छाला, आठ अंगुल मोटो आसन, सोन्ह अंगुल मोटाइको डुम्रीको रुख, त्यस्तै दुई अंगुल मोटाइको फलामको पातो र चार अंगुल मोटाइको लोह (तामा ?) को पातो छेंडिदिन सक्थ्यो । उसले हानेको तीर माटोमा आठ उसभ[1] तल जान्थ्यो तर पानीमा एक उसभ मात्र जान सक्थ्यो ॥८५–८८॥

यस्तो समाचार सुनेर राजाले उसको बाबुलाई समाचार पठायो अनि त्यसलाई पनि मागिपठाएर **ग्रामणी**सित राखिदियो ॥८९॥

**तुलाधर पर्वत** नजिकैको **विहारवापी** गाउँमा **मत्तकुटुम्बि**को **वसभ** नामको छोरो थियो । सुन्दर शरीर भएको हुनाले ऊ **लभियवसभ** नामले प्रसिद्ध भयो । बीस वर्षको उमेरमा त्यो ठूलो जीउको बल भएको भयो ॥९०–९१॥ खेतको लागि केही मानिस लगेर उसले ठूलो पोखरी खनाउन सुरु गऱ्यो । काम गर्दा त्यो महावलवान् दस बान्हजनाले उठाउने 'धूलोको रास' लाई ऊ एक्लैले उठाएर छिटोछिटो काम गरेर तुरिदियो ॥९२-९३॥ त्यसैले त्यो प्रसिद्ध भयो । राजाले उसलाई पनि सत्कार गरेर **ग्रामणी**लाई सुम्पिदियो ॥९४॥ त्यो क्षेत्र वसभको 'उदक वार' नामले प्रसिद्ध भयो । यसरी **लभिवसभ** ग्रामणीकहाँ बस्न थाल्यो ॥९५॥

त्यतिबेला राजाले यी दस सर्वश्रेष्ठ लडाकुहरुलाई छोरा समान सत्कार गऱ्यो ॥९६॥

राजाले ती दस लडाकुहरुलाई बोलाएर भन्यो, "प्रत्येक लडाकुले दसदस लडाकु खोज्नू" ॥९७॥ ती लडाकुहरुले उस्तै प्रकारको लडाकुहरु लिएर आए । त्यतिबेला राजाले फेरि भन्यो, "ती सय लडाकुहरुले पनि त्यस्तै दसदस लडाकुहरु खोज्नू" ॥९८॥ तिनीहरुले पनि उस्तै प्रकारको लडाकुहरु लिएर आए । राजाले उनीहरुलाई पनि भन्यो, "हजार योद्धाले (फेरि) त्यस्तै प्रकारको दसदस लडाकुहरु खोज्नु ।" सबै लडाकुहरु एकत्र गर्दा ती एघार हजार एक सय दस भए ॥९९–१००॥

ती सबैले राजाबाट सत्कार पाएर राजकुमार **ग्रामणी**को सेवक भएर बस्न थाले ॥१०१।

सुखार्थी बुद्धिमान् पुरुष त्यो अद्भुत सच्चरित समूहबारे सुनेर अकुशल मार्गबाट विमुख भएर सदैव कुशल मार्ग मै अभिरमण गर्नुहोस् ॥१०२॥

सज्जनहरुको प्रसाद र वैराग्यको लागि महावंशको योद्धालाभ नामको त्रयोविंश परिच्छेद ।

---

१. उसभ - हेर्नुहोस् २२–४२ ।

Downloaded from http://www.dhamma.digital

# चतुर्विंश परिच्छेद

### दुई भाइको लडाइँ

त्यो समयमा हात्ती, घोडा, तरवार चलाउने विद्यामा कुशल, सिद्धहस्त **ग्रामणी** राजकुमार **महाग्राममा** बस्थ्यो ॥१॥

राजाले राजकुमार **तिस्स** (तिष्य) लाई सेना र वाहनले भरिपूर्ण देश रक्षाको लागि **दीर्घवापी**[१]मा राख्यो ॥२॥

समय आएपछि आफ्नो शक्ति देखेर कुमार **ग्रामणी**ले बाबुलाई भनिपठायो, "हामी दमिडहरुसित युद्ध गर्छौं" ॥३॥ बाबुले त्यसको रक्षाको लागि "**गङ्गा**[२] यतावारिको देश पर्याप्त छ" भनेर उसलाई रोक्यो । उसले तीनपटक बाबुलाई यही कुरो भनेर पठायो ॥४॥ चौथोपटक उसले बाबुकहाँ महिलाहरुको गहना पठाउन लगायो अनि त्योसँगै "यदि मेरो बाबु पुरुष हो भने यस्तो कहिले भन्नुहुन्थेन । त्यसैलै ती महिलाहरुको गहना लगाउनुहोस्" भनेर पठायो ॥५॥ राजा ग्रामणीको त्यस्तो व्यवहारले रिसाएर भन्यो," एउटा सुनको हतकडी बनाउन लगाउनू । त्यो हतकडीले त्यसलाई बाँध्नेछु । किनकि अरु कुनै उपायले त्यसको रक्षा गर्न सकिंदैन" ॥६॥ बाबुसँग रिसाएर ग्रामणी भागेर **मलय**[३] प्रान्ततिर गयो । बाबुसितको यो दुष्ट्याइँको कारणले उसको नाम **दुष्टग्रामणी (दुट्ठग्रामणी)** रह्यो ॥७॥

राजाले **महानुग्गल चैत्य** बनाउन लगाउन सुरु गऱ्यो । चैत्य बनाउने काम सकिएपछि राजाले भिक्षुसंघलाई एकत्रित गऱ्यो । **चित्तल पर्वत**देखि बाऱ्ह हजार भिक्षु र अरु ठाउँदेखि पनि बाऱ्ह हजार भिक्षु आए ॥८-९॥

चैत्यको पूजा गरेर राजाले सबै लडाकुहरुलाई संघको सामु बोलाएर उनीहरुलाई शपथ खान लगायो, "छोराहरुले गरेको लडाइँमा हामी जानेछैनौ ।" उनीहरु सबैले शपथ खाए । त्यसैले तिनीहरु त्यो भाइको लडाइँमा गएनन् ॥१०-११॥

---

**१. दीर्घवापी - हेर्नुहोस् १-७८ ।**

**२. गङ्गा - महागंगाको यता वारि महागामवंश र उता पारिदमिडले राज्य गर्दै बसे ।**

**३. मलय - हेर्नुहोस् ७-६८ ।**

Downloaded from http://www.dhamma.digital

त्यो राजाले चौसठी वटा विहार बनाउन लगायो । उत्तिनै वर्ष जीवित रहेर मऱ्यो ॥१२॥ रानीले राजाको शरीर गाडीमा राखी बन्द गरेर त्यो **तिस्समहाराम** विहार लगेर संघलाई निवेदन गरिन् । त्यो कुरो सुनेर **तिस्स कुमारले दीर्घवापीदेखि** त्यहाँ गएर बाबुको देहसंस्काररुपी सत्कृत्य गर्न लगायो । त्यसपछि त्यो महाबलवान् तिस्सले आमालाई **कंडुल** हात्तीमाथि चढायो अनि भाइ **ग्रामणीको** डरले तुरुन्तै **दीर्घवापी** फर्कियो ॥१३–१५॥

सबै एकत्र भएका मन्त्रीहरुले ग्रामणीलाई समाचार निवेदन गर्नको लागि चिट्ठी दिएर एउटा कुनै मान्छेलाई पठायो ॥१६॥ उसले **गुप्तहाल**[1] पुगेर त्यहाँ गुप्तचर छोड्यो । **महाग्राम** पुगेर उसले आफ्नो राज्याभिषेक गऱ्यो ॥१७॥

आमाको लागि र कंडुल हात्तीको लागि ग्रामणीले भाइलाई चिट्ठी लेखेर पठायो । तीनपटक पत्र लेखेर पठाउँदा पनि जवाफ नपाउँदा त्यो युद्धको लागि भाइ भएको ठाउँमा पुग्यो ॥१८॥

**चूलङ्गणियपिट्ठिमा** दुई भाइको ठूलो लडाइँ भयो । त्यो लडाइँमा राजाका हजारौं मानिस काम लाग्यो ॥१९॥ राजा **दुष्टग्रामणी**, तिष्य मन्त्री र दीर्घथूनिका घोडी– तीनैजना भागे । कुमार **श्रद्धातिष्य** उनीहरुको पछि लाग्यो । भिक्षुहरुले दुई भाइ बीचको लडाइँ रोक्यो । त्यो देखेर 'भिक्षुसंघको कर्म हो' भनी सोचेर राजा रोकियो ॥२०–२१॥

**कप्पकंदर** नदीदेखि हिँडेर जब तिनीहरु **जबमालतित्थ** आए तब राजाले **तिस्स** मन्त्रीलाई भन्यो, "हामी भोकाएका तिर्खाएका छौं" भन्दा उसले राजालाई सुनको कचौरामा राखेको भात बाहिर निकाल्यो । संघलाई दिएपछि खान्छु, त्यसैले भोजन गर्ने समयमा, चार भाग गर्न लगाएर 'समयको घोषणा' गर्नको लागि भन्यो । तिस्स मन्त्रीले समयको घोषणा गऱ्यो । राजाको शिक्षक **पियंगदीप स्थित** स्थविरले दिव्यश्रोतद्वारा सुनेर **कुटुम्बिपुत्र तिस्सस्थविरलाई** पठायो । तिस्स स्थविर आकाश मार्ग भएर आयो । त्यो तिस्स मन्त्रीले तिस्स स्थविरको हातबाट पात्र लिएर राजालाई दियो । राजाले संघलाई बराबरको भाग र आफ्नो भाग पात्रमा राख्न लगायो । तिस्सले पनि आफ्नो बराबरको भाग पात्रमा राखिदियो । घोडीले पनि आफ्नो बराबरको भाग लिन चाहेन । तिस्सले उसको भाग पनि पात्रमा राखिदियो ॥२२–२७॥ राजाले भातले भरिएको पात्र स्थविरलाई दियो । स्थविरले तुरुन्त आकाश मार्गबाट गएर त्यो पात्र **गोतम** स्थविरलाई दियो ॥२८॥

त्यो स्थविरले भोजन ग्रहण गर्ने भिक्षुहरुलाई एक एक गाँसको परिमाणले बाँड्यो । फेरि ती भिक्षुहरुले बचाएको प्राप्त भागले भरिएको पात्र राजाको लागि

---

**१. गुप्तहाल –महागामदेखि ३५ माइल पर उत्तरको वर्तमान वुत्तल ।**

Downloaded from http://www.dhamma.digital

आकाशमा फ्याँकिदियो । जाँदै गरेको पात्र देखेर त्यसलाई समातेर तिस्सले राजालाई भोजन गरायो । आफूले भोजन गरेर घोडीलाई पनि खुवायो । राजाले आफ्नो वस्त्रको बिँडा बनाएर पात्र फर्काइ पठायो ॥२९– ३१॥

त्यो **दुष्टग्रामणी** महाग्राम पुगेर फेरि लड्नको लागि साठी हजार सेना भेला गरेर भाइसित गएर लडाइँ गऱ्यो ॥३२॥

राजा घोडीमा र तिस्स कण्डुल हात्तीमा चढेर दुई भाइ लडाइँ गर्दै लडाइँको मैदानमा आइपुगे ॥३३॥ राजाले हात्तीलाई घेर्दै घोडीबाट चक्कर लगायो । त्यसरी मौका नपाएको देखेर उसले हात्तीलाई नाँघ्ने विचार गऱ्यो ॥३४॥ घोडीद्वारा हात्तीलाई नाघेर, भाइको पिठ्यूँको छाला छेंड्न भाला फ्याँक्यो ॥३५॥ लडाइँमा लड्दालड्दै कुमारको केही हजार मानिस ढले । दुवैका श्रेष्ठसेना यताउति ढले ॥३६॥

"घोडचडीको बेवास्ताले घोडीले मलाई नाघेर गयो," त्यसैले – रिसाएको हात्तीले त्यो घोडचढीलाई हल्लाउँदै एउटा रुखको छेउमा आयो । कुमार रुखमा चढ्यो । हात्ती मालिक **दुष्टग्रामणी** भएको ठाउँमा पुग्यो । त्यसपछि राजा त्यो हात्तीमा चढेर भाग्दै गरेको कुमारलाई खेद्यो ॥३७–३८॥ भाइको डरले कुमार विहारभित्र पस्यो । महास्थविरको घरमा गएर खाटमुनि लुकेर बस्यो ॥३९॥ महास्थविरले खाटमाथि चीवर फिँजायो । राजाले उत्तिनै खेर पुगेर सोध्यो, "तिस्स कहाँ छ ?" ॥४०॥ स्थविरले भन्यो, "महाराज खाटमा छैन ।" "खाटमुनि छ," – यो कुरो थाहा पाएर राजा त्यहाँबाट निक्लिएर चारैतिरबाट विहार घेऱ्यो । **तिस्स**कुमारलाई खाटमा सुताएर माथिबाट चीवरले छोपेर चारजना बालक सन्न्यासीले खाटको खुट्टाहरु समातेर उठाई मरेको भिक्षुलाई जस्तो बाहिर निकालेर हिँडे ॥४१–४३॥

उसलाई लग्दै गरेको बुझेर राजाले भन्यो । "तिस्स तँ कुल देवताहरु (भिक्षुहरु) को शिरमा बसेर बाहिर जाँदैछस् । कुल देवहरुबाट बल प्रयोग गरेर खोस्नेकाम गर्नु मबाट हुन सक्दैन । कहिले तैँले कुल देवताहरुको गुण सम्झना गर्छस् ?" ॥४४–४५॥

त्यहाँबाट राजा महानाम ग्राम गयो । मातृभक्त राजाले आफ्नी आमालाई पनि त्यहीँबाट झिकाई पठायो ॥४६॥ धर्ममा लागेको राजा महाग्रामणी अड्सट्ठी वर्ष बाँच्यो । उसले अड्सट्ठीवटा विहार बनाउन लगायो ॥४७॥

भिक्षुहरुको सहयोगले बाहिर निकालेको राजकुमार तिस्स त्यहाँबाट लुकेर दीर्घवापी आयो ॥४८॥

Downloaded from http://www.dhamma.digital

कुमारले गोधगत तिष्य स्थविरलाई भन्यो, "भन्ते म अपराधी हूँ । भाइसित माफी माग्छु" ॥४९॥ स्थविर पाँच सय भिक्षुहरुको साथमा गृहस्थ सेवकको रुपमा कुमारलाई लिएर राजा **दुष्टग्रामणी** कहाँ पुग्यो ॥५०॥ राजपुत्रलाई भऱ्याङमा उभाई राखेर संघसहित स्थविर भित्र पस्नुभयो ॥५१॥ राजाले सबैलाई बसाएर खिचडी आदि खाद्यपदार्थ मागिपठायो । स्थविरले पात्र एकछेउमा राख्नुभयो । "किन ?" भनेर सोध्दा स्थविरले भन्नुभयो, "तिस्सलाई लिएर आएका छौं" ॥५२॥ राजाले भन्यो, त्यो चोर (विद्रोही) कहाँ छ ?" स्थविरले उसको बसेको ठाउँ भनिदियो । **विहारदेवी** गएर छोरोलाई छोपेर उभिरह्यो ॥५३॥ राजाले भन्यो, "तपाइँले हाम्रो दास भाव (अभिप्राय) अब जान्नुभयो, यदि तपाईंले सात वर्ष उमेर पुगेको श्रामणेर पठाईदिनुहुँदो हो त यतिका मानिस नमर्दै हाम्रो झगडा रोकिन्थ्यो" । स्थविरले भन्नुभयो, "राजा यो संघको दोष हो । यसको लागि संघले दण्ड भोग्नुपर्नेछ"। राजाले भन्यो, "यहाँ आउनुको उद्देश्य पूरा हुनेछ । तपाईं खिचडी आदि ग्रहण गर्नुहोस् ।" त्यसपछि राजाले खिचडी आदि संघलाई दिन लगाएर भाइलाई बोलाएर त्यहाँ संघको माझमा बसेर भाइसित एउटै थालमा खायो । त्यसपछि संघलाई विदाई गऱ्यो ॥५४-५७॥

राजाले खेतबारीको काम गराउनको लागि तिस्सलाई त्यहीं दीर्घवापी पठायो अनि आफू पनि घोषणा गराएर खेतीको काम गर्न थाल्यो ॥५८॥

सत्पुरुषले धेरै कल्पदेखि सन्चित धेरै किसिमको वैर शान्त गरिदिनुहुन्छन् । यो सोचेर कुन बुद्धिमान् पुरुष अरुहरुप्रति शान्त मनको नहोला र ? ॥५९॥

सज्जनहरुको प्रसाद र वैराग्यको लागि रचित महावंशको 'दुई भाइको युद्ध' नामको चतुर्विंश परिच्छेद ।

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# पञ्चविंश परिच्छेद

## दुष्टग्रामणीको विजय

त्यसपछि राजा दुष्टग्रामणीले जन संग्रह[१] (मानिस जुटाएर) सर्वज्ञ धातुलाई भालामा राख्न लगाई, रथ, सेना अनि वाहनसहित तिस्समहाराम पुग्यो । त्यहाँ संघलाई प्रणाम गरेर उसले भन्यो, "म बुद्ध शासनको प्रकाश र विस्तार गर्नको लागि गंगा[२] पारि जानेछु । त्यहाँ पूजा गर्नको लागि हाम्रो साथमा जान दुई भिक्षुहरु दिनुहोस् । भिक्षुहरुको दर्शन हाम्रा मंगल र रक्षाको लागि हुनेछन् ॥१ ३॥

संघले राजालाई दण्डकर्मको लागि[३] पाँच सय भिक्षु दियो । भिक्षुसंघलाई लिएर राजा त्यहाँबाट विदा भयो ॥४॥

राजाले **मलयबाट** यहाँ (**अनुराधपुर**) जाने बाटो सफासुग्घर गर्न लगायो । त्यसपछि लडाकुहरुलाई साथमा लिएका राजा (कण्डुल) हात्तीमा चढेर ठूलो सेनासहित लडाइँको लागि निक्लियो । **महाग्रामसित** सम्बद्ध (सम्बन्ध भएको) सेना **गुत्तहालकसम्म** गयो ॥५-६॥

**महियंङ्गण** पुगेर छत्र (नामको) दमिडलाई समात्यो । त्यहाँ दमिडहरु मारेर फेरि **अम्बतीर्थ**[४] पुग्यो । गंगा (रुपी) खाडलभएको तीर्थ (नगर) को महाबलवान् दमिडसित चार महिनासम्म लडाइँ गर्दा अन्तमा आमालाई देखाएको[५] बहानामा त्यसलाई समात्यो । त्यहाँ लडाइँ गरेर महाबलवान्ले धेरै बल भएका सात दमिड राजाहरुलाई एकैदिनमा समातेर शान्ति(खेम) स्थापित गऱ्यो । त्यसपछि सेनालाई धन दियो । यसैले **खेमाराम** भनिएको हो ॥७-१०॥

**अन्तरासोभ** गाउँमा **महाकोट्ट** (दमिड), **दोणगाउँमा गवर** दमिड, **हालकोलगाउँमा**

---

**१. जनसंग्रह – जनतालाई खान र पिउन दिएर ।**

**२. गंगा – हेर्नुहोस ३४ ४ ।**

**३. दण्डकर्मको लागि – हेर्नुहोस् २४ ५५ ।**

**४. अम्बतीर्थ – महावैलि (महावली) – गंगाको एउटा घाट ।**

**५. आमालाई देखाएको – म० टीकाअनुसार मातासित विवाह गर्ने लोभ देखाएर ।**

Downloaded from http://www.dhamma.digital

**हस्सरिय** दमिड र **नीलसोभ** गाउँमा **नालिक** दमिड समातिए ॥११॥ **दीघाभयगल्लकमा दीघाभय** दमिड समातियो र चार महिनामा कच्छतीर्थमा **कपिसीस** पनि समातियो ॥१२॥

**कोट** नगरमा **कोट** दमिड र त्यसको साथै **हालवाहनक** दमिड, **वहिट्ठ**गाउँमा **वहिट्ठ** दमिड, **गामणी** नगरमा **ग्रामणी, कुम्ब** गाउँमा **कुम्ब** दमिड, **नन्दि** गाउँमा **नन्दि** दमिड, **खानु** गाउँमा **खानु** र **तम्बु** तथा उन्नम नामका दुई मामा भान्जा **तम्बु** र **उन्नम** नामका गाउँहरुमा समातिए । **जम्बु** नामको गाउँमा **जम्बु** समातियो । पछि ती गाउँहरुको नाम उनीहरुकै नामअनुसार रह्यो ॥१३-१५॥

राजाले यो के कुरो सुनेर भने उसको सेना चिन्न नसकेर, आफ्नै मानिसहरुलाई मार्छन् भनेर शपथ खायो – "मेरो यो काम आदि राज्य सुखको लागि होइन बरु सदाको लागि सम्बुद्धको शासन स्थापनाको लागि हुन्छ भने यो सत्यको कारण मेरा सैनिक जवानहरुको शरीरको लुगा आगोको ज्वालाजस्तो रातो रङ्गको हुनसकोस् ।" त्यो समयमा वास्तवमा त्यस्तै भयो ॥१६–१८॥

**गंगा** नदीको तटमा मर्नबाट बाँचेका सबै दमिडहरु आफ्नो रक्षाको लागि विजित[1] नामको नगरमा पसे ॥१९॥ त्यहाँ आनन्द दिने खुला आँगनमा खन्धावार (छाउनी) खडा गरे । त्यसैले त्यो ठाउँको नाम **खन्धावार पिट्ठि** नामले प्रसिद्ध भयो ॥२०॥

विजित नगर जित्ने विचार गरिरहँदा राजाले **नन्धि मित्त लडाकु**लाई आउँदै गरेको देखेर कण्डुल हात्ती पठायो । **नन्धिमित्तले** त्यो हात्तीलाई हातले समात्नको लागि आयो र त्यसको दुवै दारा भुईंमा दबाएर त्यसलाई बसाइदियो ॥२१–२२॥ किनकि त्यो ठाउँमा नन्धिमित्तले हात्तीसित लडाइँ गरेको थियो । त्यसैले त्यो ठाउँमा बसेको गाउँको नाम **हत्थिपोर** रह्यो ॥२३॥

दुवैको परीक्षा गरेर, राजा **विजित** नगर गयो । नगरको दक्षिण ढोकामा लडाकुहरुको बीच भीषण लडाई भयो ॥२४॥ पूर्वपट्टिको ढोकामा घोडामा चढेको **वेलुसुमनले** धेरै दमिडहरु मार्‍यो ॥२५॥ दमिडहरुले ढोका बन्द गरे । राजाले लडाकुहरु पठायो । दक्षिणपट्टिको ढोकामा **कंडुल, नन्धिमित्त र सुरनिमिल**, बाँकी तीन ढोकामा **महासोण, गोट्ठ** र **स्थविरपुत्र** यी तीनैजनाले ठूलो काम गरे ॥२६–२७॥

तीन खाडल र अग्लो पर्खालले घेरेको त्यो नगर फलामले बनेको ढोका बलियो र शत्रुहरुद्वारा नभाँचिने खालको थियो ॥२८॥

---

**१. विजित - अनुराधपुरदेखि २४ माइल पर कालवापी (कलुवैध) किनारमा पर्ने स्थान ।**

Downloaded from http://www.dhamma.digital

हात्तीले घुँडा टेकेर ढुङ्गा, चून र इँटा भत्काएर ढोकामा पुग्यो ॥२९॥ नगरको ढोकामा बसेका दमिडहरुले लडाईंको धेरै हतियार फ्याँके । ताता फलामका गोला फ्याँके । उमालेको तातो झोल औषधी र तातो पेय पदार्थ फ्याँके ॥३०॥

बलेको तातो झरिलो फलाम पिठ्यूँमा पर्दा वेदनाले पीडित त्यो **कंडुल** हात्तीले पानीमा गएर डुबुल्की लगायो ॥३१॥ त्यतिबेला **गोट्ठम्बर**ले भन्यो, "एइ हात्ती ! यो रक्सी पिउने कामको समय होइन । फलामको ढोका भएको ठाउँमा जाऊ र ढोका भत्काऊ" ॥३२॥

त्यो अभिमानी ठूलो हात्तीले स्वाभिमान जनाएर कुँज्यो त्यसपछि पानीबाट उठेर जमिनमा आएर उभियो ॥३३॥ त्यतिबेला हात्तीको वैद्यले तातो पेय पदार्थले धुएर हात्तीको औषधी उपचार गऱ्यो । राजा हात्तीमा चढेर हात्तीको टाउको छुएर "पूज्य **कंडुल**! तिमीलाई सम्पूर्ण **लंकाद्वीप**को राज्य दिन्छु" भनेर हात्तीलाई खुशी पारेर उसलाई राम्रो मिठो भोजन खुवाएर, वस्त्रले लपेटेर, कवच लगाइदिएर, भैंसीको सात पत्र बाक्लो छाला पिठ्यूँमा बाँधिदिएर त्यसको माथि तेलले भिजेको छाला ओढाइदिएर पठायो । **वज्र**जस्तो ( चट्याँङ परेझैं ) गर्जन गर्दै तथा मच्चिएको उत्पात सहँदै उसले गएर दाऱ्हाले ढोकाको तख्ता र खुट्टाले ढोकाको चौखट भत्काईदियो । चौखटसहित पूरै ढोका भुईमा लड्यो ॥३४–३८॥

नगरको ढोकामा हात्तीको पिठ्यूँमा खसेको औषधी सामग्री हातले पन्छाएर **नन्धिमित्र** फर्कियो ॥३९॥ त्यो **नन्धिमित्र**को त्यस्तो काम गरेको देखेर मन खुशी भएको कंण्डुल हात्तीले जमिनमा दारा दबाएर बसाई दिएको पहिले गरेको शत्रुता त्यागिदियो ॥४०॥

त्यो गजश्रेष्ठ कण्डुलले पछाडिपट्टिबाट नगरमा पस्नको लागि फर्किदा लडाकुलाई देख्यो ॥४१॥ "हात्तीले बनाएको बाटो भएर म पस्नेछैन" भनी सोचेर **नन्धिमित्र**ले हातले पर्खाल भत्कायो । अठार हात उचाईको चारतिरको आठ उसभ[1] पर्खाल ढल्यो । सूरनिमिलतिर हेऱ्यो । ऊ पनि त्यो बाटो भएर जान इच्छुक थिएन । त्यसैले पर्खाल नाघेर नगरभित्र पस्यो । गोट्ठ र सोनले पनि एक एकवटा ढोका भत्काएर पस्यो ॥४२–४४॥

हात्तीले रथको चक्का मित्रले गाडाको खाका, गोट्ठले नरिवलको बोट **निमिल**ले उत्तम तरवार **महासोन**ले ताडको रुख र स्थविरपुत्रले ठूलो गदा लिएर अलग अलग गल्लीमा पसेका दमिडहरुलाई धूलोपिठो बनाए ॥४५ ४६॥

राजाले चार महिनामा विजित नगर ध्वंस पारेर त्यहाँबाट गिरलक गएर गिरिय दमिडलाई माऱ्यो ॥४७॥

---

१. उसभ -हेर्नुहोस् २३– ५८ ।

Downloaded from http://www.dhamma.digital

त्यतिबेला राजाले तीन ठूला खाडल भएका, चारैतिर कदम्बको फूल र लहराले घेरिएका एक ढोकाको दुईवटा पस्ने दैलो भएको **महेल नगर**मा पुगेर त्यहाँ चार महिना बास बस्यो अनि **महेल** राजालाई युक्तिको लडाइँ (=मन्त्रयुद्धले, दाउपेच) गरेर समात्यो । त्यहाँबाट राजाले **अनुराधपुर** गएर **कासपर्वत**[१]को यतावारि छाउनी खडा गऱ्यो ॥४८॥

जेठ महिनामा राजाले त्यहाँ तलाउ बनाउन लगाएर जलक्रीडा गऱ्यो । त्यो ठाउँको नाम **पज्जोत** गाउँ भयो ॥५१॥

राजा **दुष्टग्रामणी** लडाइँको लागि आएको सुनेर एडार राजाले मन्त्रीहरुलाई बोलाएर भन्यो, "त्यो राजा आफैँ लडाकु छ । अनि उसका लडाकुहरु पनि धेरै छन् । मन्त्रीहरु ! हामीले के गर्नुपर्ला ? हाम्रा मन्त्रीहरुले के विचार गरिरहनुभएको छ" ॥५२–५३॥

एडार नरेशको **दीघजन्तु** आदि लडाकुहरुले "हामी भोलि युद्ध गर्नेछौँ" भनेर यस्तो निश्चय गरे । ॥५४॥ **दुष्टग्रामणी** राजाले पनि आफ्नी आमासित सल्लाह गरेर उनैको सल्लाहअनुसार लडाईंको हातहतियारले सजिएका **बत्तीस सैन्य** टुकडी तयारी हालतमा राख्यो । राजाजस्तै रुपको छत्रधारी प्रत्येक टुकडीमा **राख्न** लगाए राजा स्वयम् भित्रको टुकडीमा उभियो ॥५५- ५६॥ योग्य सेना र वाहनसहित एडार राजा तयार भएर **महापर्वत** नामको हात्तीमा चढेर त्यहाँ आयो ॥५७॥

लडाइँको समयमा भयानक लडाइँ गर्ने महाबलवान् **दीघजन्तुले खड्ग फलक** लिएर आकाशमा अठार हात माथि उचाइमा गएर त्यो राजको प्रतिमा नष्ट गरेर सुरुको सेना व्यूह (खटिएका पंक्तिबद्ध सेना) नष्टभ्रष्ट पाऱ्यो ॥५८–५९॥ यसरी त्यो **बलवान्**ले बाँकी सेना व्यूह पनि नष्ट गरेर राजा दुष्टग्रामणीको व्यूह भएको ठाउँमा आइपुग्यो ॥६०॥ राजामाथि आक्रमण गर्न जाँदै गर्दा त्यो लडाकुलाई महाबलवान् सूरनिमिल लडाकुले आफ्नो नाम सुनाएर आह्वान गऱ्यो ॥६१॥ दीघजन्तुले "त्यसलाई बध गरेरै छोड्छु" भनी सोचेर आकाशमा दगुऱ्यो । तर सूरनिमिलले तल ओर्लिंदै गरेको **दीघजन्तु**को अगाडि ढाल तेर्सायो ॥६२॥ "यसलाई ढालसहित छेँडिदिनेछु" भनी सोचेर **दीघजन्तुले** खड्गले ढालमा प्रहार गऱ्यो । तर अर्कोले ढाल छोड्यो ॥६३॥ छोडेको ढाललाई काट्दा दीघजन्तु त्यहीँ लड्यो । **सूरनिमिल**ले उठेर शक्ति शस्त्रले त्यो लडेकोलाई मारिदियो ॥६४॥ **फुस्सदेव**ले शंख बजायो । दमिड सेना भागाभाग भयो । राजा एडार पनि फर्कियो । धेरैजसो द्रमिड सेना मारियो ॥६५॥ त्यहाँ पोखरीको पानी मरेकाहरुको रगतले रगताम्मे भयो । त्यसैले त्यो पोखरी **कुलत्थवापी**[२] नामले प्रसिद्ध भयो ॥६६॥

---

**१. कासपर्वत - हेर्नुहोस् १०-२७ ।**
**२. कुलत्थवापी - कुलवन्तवापी भन्ने पनि पाठ छ ।**

Downloaded from http://www.dhamma.digital

राजा **दुष्टग्रामणीले** नगरा बजाउन लगायो, "मलाई छोडेर अर्को कुनै **एडारलाई** नमार्नू ।" फेरि स्वयम् सन्नद्ध कवच आदि लगाएर **कण्डुल** हात्तीमा चढेर राजा **एडारलाई लखेट्दै** नगरको दक्षिणतर्फको ढोकामा आइपुग्यो ॥६७–६८॥ दक्षिणतर्फको ढोकाको अगाडि दुवै राजा लडे । **एडारले दुष्टग्रामणी**तिर भाला फ्याँक्यो । **दुष्टग्रामणीले** त्यसको निशाना खेरजाने बनाइदियो । त्यसपछि आफ्नो हात्तीको दाऱ्हाले त्यो **महापर्वत** हात्तीलाई लडाइदियो अनि एडार भएतिर भाला फ्याँक्यो । **एडार** र हात्ती त्यो लडाइँमा मारियो ॥६९–७०॥

रथ, सेना र वाहनका साथ लिएर राजाले लडाइँमा जिती सम्पूर्ण **लंकाद्वी**पलाई एक छत्र बनाएर नगर प्रवेश गऱ्यो ॥७१। नगरमा ढोल पिटन लगाएर चारैतिरका एक योजनसम्मका मानिस एकत्र गर्न लगाएर उसले एडारलाई सत्कार गर्न लगायो ॥७२॥ उसको शरीर ढलेको ठाउँलाई कूटागार (कोठा) ले ढाक्न लगायो । त्यहाँ चैत्य बनाउन लगायो र पूजा गर्न लगायो ॥७३॥ त्यो पूजा गरेको ठाउँ भएकोले आजसम्म पनि यो ठाउँको नजिक भएर जाँदा लंकाको राजाले बाजा बजाउन लगाउँदैन ॥७४॥

यसरी **दुष्टग्रामाणी**ले बत्तीस दमिड राजाहरुलाई समातेर लंकामा **एकछत्र** राज्य गऱ्यो ॥७५॥

विजित नगर अलग अलग भएर छुट्टिदा त्यो **दीघजन्तु** लडाकुले आफ्नो **भल्लुक** नामको भान्जाको लडाकु गुणबारे **एडारलाई** निवेदन गरेर त्यो भल्लुककहाँ आउनको लागि मान्छे पठाउन लगाएको थियो । उसले आएको सुनेर **एडार**को दाह संस्कार गरेको सातौं दिनमा साठी हजार मानिसहरुको साथमा **भल्लुक** जहाजबाट त्यहाँ ओर्लियो ॥७६–७८॥ यद्यपि उसले जहाजबाट उत्रिने बित्तिकै राजा मरेको सुनिसकेको थियो, तथापि लज्जावश "लडाइँ गर्छु" – यो निश्चय गरेर त्यो **महातीर्थ**बाट यहाँ आयो ॥७९॥

उसले **कोलम्बहालक**[1] गाउँमा आफ्नो छांउनी खडा गऱ्यो । त्यो यहाँ आउने सुनेर राजा दुष्टग्रामणी लडाइँको उपकरणले सुसज्जित भएर कण्डुल हात्तीमा चढेर हात्ती, घोडा, रथ र लडाकु तथा पर्याप्त सेनाका साथ लडाईंको लागि निक्लियो ॥८०–८१॥ लंकाद्वीपको सर्वश्रेष्ठ धनुर्धारी पाँच अस्त्रशस्त्रले सुसज्जित **उम्मादफुस्स** देवकोसाथ हिँड्यो । बाँकी लडाकुहरु पनि पछि लागे ॥८२॥

घमसान लडाइँको समयमा सुसज्जित भल्लुक आक्रमण गर्नको लागि राजाको अघाडि आयो । तर कण्डुल हात्ती त्यो **भल्लुक**को वेग मत्थर पार्नको लागि विस्तार विस्तार पछाडि सर्न थाल्यो । सेना पनि त्यो सँगसँगै विस्तारी विस्तारी पछि सऱ्यो ॥८३–८४॥ राजाले सोध्यो – "ए **फुस्सदेव** ! पहिले पहिलेको अठाईस लडाइँमा यो हात्ती यसरी कहिले पनि पछि सरेको थिएन ।

---

**१. कोलम्बहालक – ३२-४२ को कोलम्बालक । अनुराधपुरको उत्तरतर्फको ढोकाको नजिक ।**

**२. पाँच आयुध - हेर्नुहोस् ७-१६ ।**

Downloaded from http://www.dhamma.digital

तर आज के कारणले पछि सऱ्यो ? " ॥८५॥ "महाराज ! हाम्रो ठूलो विजय हुनेछ । हात्तीले विजयको अवस्था केही क्षणपछि हुने देखेर पछि सरिरहेको हो । विजयसूचक स्थानमा रोकिनेछ" ।८६॥ हात्ती पछि सरेर नगरदेवताको सामुको **महाविहार**को सीमामा स्थिर भएर उभिरह्यो ॥८७॥

जब हात्ती त्यहाँ उभिरह्यो त्यतिबेला दमिड **भल्लुक**ले राजाको सामुमा आएर राजासित ठट्टा गऱ्यो ॥८८॥ राजाले आफ्नो मुख सामु तरवार ठाडो पारेर उसरी नै जवाफ दियो । "राजाको मुखमा गएर लागोस्" – भनी त्यो विचारले त्यो **भल्लुक**ले तीर हान्यो । तीर तरवारको तलतिर लागेर भुईंमा खस्यो । "मुखमा लाग्यो" भनी सम्झिएर भल्लुकले विजयको घोषणा गऱ्यो ॥८९–९०॥

राजाको पछाडि बसेको महाबलवान् **फुस्सदेवले भल्लुक**को मुखमा पर्ने गरी तीर हान्यो । राजाको **कुण्डल**मा रगडिदै गएको तीरले लाग्नाले त्यो राजा भएतिर खुट्टामा पर्ने गरी ढल्न थाल्यो । सिद्धहस्त फुस्सदेवले दोस्रोपटक तीर हान्यो, उसको तिघ्रा छेंडेर उसलाई राजा भएतिर टाउको पर्ने गरी ढलायो । त्यतिबेला भल्लुक ढल्दा विजयको घोषणा गऱ्यो ॥९१– ९३॥

त्यही समयमा फुस्सदेवले आफ्नो दोष प्रकट गर्नको लागि कान छेंडेर जाँदा बगिरहेको रगत राजालाई देखायो । त्यो देखेर राजाले उसलाई सोध्यो; "यो के ?" उसले राजालाई जवाफ दियो ।" मैले आफैलाई राजदण्ड दिएँको हुँ" ॥९४–९५॥ "तेरो दोष के हो ?" भनेर सोध्दा भन्यो, "कुण्डलमा रगडिनु" । राजाले भन्यो, "निर्दोषलाई दोष मानेर, भाइ यस्तो किन गऱ्यौ ?" ॥९६॥ यसो भनेर कृतज्ञ भएको महाराजले त्यसपछि भन्यो, "तीरको अनुसार नै तेरो ठूलो सत्कार हुनेछ" ॥९७॥

सबै दमिडहरु मारेर त्यो विजय गरेको राजाले आफ्नो राजभवनको **छत**मा चढेर नर्तक र मन्त्रीहरुको माझ सिंहासनमा बसेर **फुस्सदेव**को त्यो तीर ल्याउन लगाएर त्यो पुछरतिरबाट भुईंमा ठाडो पारेर राख्न लगायो । त्यसपछि तीरको माथि कहापण[1] (तामाको पैसा, सिक्का) राख्न लगाएर (त्यो सिक्का) उसै क्षण **फुस्सदेव**लाई दिलाउन लगायो ॥९८–१००॥

अलंकृत (सजाएको) सुगन्धादिले धपधप बलेको (उज्यालो), राजप्रासादको मुख्य तलामा बसेको, नाच्ने र अप्सराहरु सहितको अमूल्य, सुन्दर, मृदु (नरम) ओछ्यानमा सुते पनि (राजा) लाई अकूत (महान्) श्रीसम्पत्ति भएको देखे पनि अक्षौहिणी (सेना) लाई घात गर्दाको सम्झनाले सुख मिलेन ॥१०१- १०३॥

---

**१. कहापण –हेर्नुहोस् ४ १३ ।**

Downloaded from http://www.dhamma.digital

**पियङ्गु दीप**[1]का अर्हत्हरुले राजाको सन्ताप थाहा पाएर उनलाई आश्वासन दिन आठजना अर्हत्हरु पठाए ॥१०४॥ तिनीहरु मध्यरातको समयमा आइपुगेर राजदरवारमा प्रवेश गरे । आकाशमार्गबाट आफूहरु आएको निवेदन गरेर दरवारको मूख्य तलामा जान चढे ॥१०५॥ राजाले उनीहरुलाई प्रणाम गरेर आसनमा बसाएर धेरै प्रकारले सत्कार गरेर आउनाको कारण सोध्यो ॥१०६॥

"राजन ! हामीलाई **पियंङ्गुद्वीप**को संघले तिमीलाई आश्वासन दिनको लागि पठाएको छ" । त्यतिवेला राजाले भन्यो -"भन्ते ! मैले कसरी शान्ति पाउँछु र जसले गर्दा मैले" अक्षौहिणी सेनामाथि घात गर्न लगाएँ" ॥१०७–१०८॥ "राजन् ! तिम्रो यो कर्मले स्वर्गको मार्गमा बाधा छैन । तिमीबाट यहाँ केवल धेरै मानिसहरु मारिएका छन् । एकले त्रिशरण प्राप्तगरेको छ, अर्कोले पाँच शील[2] ग्रहण गरेको छ । बाँकी मिथ्यादृष्टि भएका र दुश्शीलहरु त पशुसमान मरेका छन्" ॥१०९-११०॥

"हे महाराज ! किनकि तिमीले बुद्धशासनलाई चम्किलो बनाउनु छ । त्यसैले तिमीले यो मनको क्लेश (मनको खराब विचार) हटाऊ" ॥१११॥

उहाँहरुले यसो भन्दा राजालाई सन्तोष भयो । उहाँहरुलाई प्रणाम गरेर विदा गरेपछि सुतेको समयमा राजाले सोच्न लाग्यो "बाल्यकालमा भोजनको समयमा आमाबाबुले, 'संघलाई नदिइकन कुनै पनि चीज कहिले नखानू भनेर हामीलाई शपथ खुवाउनु भएको थियो । संघलाई नदिइकन मैले कहिले कुनै चीज खाएको त थिइनँ ?" विहान भोजनको समयमा संघको लागि भनेर नराखी भूलले एक ढेंडी खोर्सानी खाएको थिएँ । त्यतिबेला उसले सोच्यो, "यसको लागि मैले आफूलाई दण्डित गर्नुपर्छ" ॥११२–११५॥

यदि मानिसले यो लोकमा यस प्रकारले यी धेरै करोड मानिसहरुको हत्या हुनुबारे सोची, कामनाहरुको कारण र खराब परिणाम राम्रोसित मनमा विचार गरेर तथा सबैलाई घात गर्ने त्यो अनित्यतालाई राम्रोसित सोचेर थोरै समयमै दुःखबाट मुक्ति अथवा उत्तम गति प्राप्त गर्नुहोस् ॥११६॥

सज्जनहरुको प्रसाद र वैराग्यको लागि रचित महावंशको 'दुष्टग्रामणी विजय' नामको पञ्चविंश परिच्छेद ।

---

१. **पियङ्गु दीप – हेर्नुहोस् २४- २५ ।**

२. **पाँचशील – हेर्नुहोस् १- ३२ ।**

Downloaded from http://www.dhamma.digital

# षड्विंश परिच्छेद

## मरिचवट्टी विहार पूजा

लंकामा एकछत्र राज्य स्थापित गरेर त्यो महायशस्वी राजाले लडाकुहरुलाई योग्यताअनुसारको स्थान दियो ॥१॥

थेरपुत्ताभय लडाकुले दिएको (स्थान) लिन चाहेन । कति कारणले ? भनेर सोध्दा, "लडाइँ छ," भनेर उत्तर दियो ॥२॥ एउटा राज्य गरेपछि लडाइँ कसरी ? भनेर सोध्दा "म दुर्जय, क्लेश (वासना) रुपी विद्रोहीहरु सित लडाइँ गर्नेछु" ॥३॥ राजाले उसलाई प्रव्रजित हुनबाट पटकपटक मनाइ गऱ्यो । तर उसले राजालाई पटकपटक प्रार्थना गरेर राजाबाट अनुमति लिएर प्रव्रज्या ग्रहण गऱ्यो ॥४॥ प्रव्रजित भएर समयमा उसले त्यो अर्हत्पद पाप्त गऱ्यो । ऊसित पाँच सय क्षीणास्रव भिक्षुहरु बस्दथे ।

छत्र मंगल सप्ताह[1] नामको उत्सवको औसर गएपछि त्यो निर्भय **अभय** राजाले बडो धूमधामसित राज्याभिषेक गरायो । हर्षबडाइ गर्दै त्यो राजा पहिलेका अभिषिक्तहरुको मर्यादाको रक्षा र हर्षबडाइको लागि राम्रोसित सजाएर तिस्सवापी तर्फ गयो ॥६–७॥

मानिसहरुले राजाको वस्त्र र सयकडौं उपहार **मरिचवट्टी** विहार[2] भएको ठाउँमा राखे । अनि त्यस्तै प्रकारले राजपुरुषहरुले स्तूपको ठाउँमा धातुसहितको उत्तम भाला ठाडो पारेर खडा गऱ्यो ॥८–९॥

दिनभरि महलका महिलाहरुसहित पानीमा खेलेर साँझपख राजाले भन्यो, "अब हामी जान्छौं, भाला अगाडि बढाइओस्" । त्यसको अधिकारीले भुईंमा गाडिएको त्यो भाला हल्लाउन सकेन । त्यतिबेला राजाको सेना आएर धूप बालेर र फूलले पूजा गऱ्यो ॥११॥ यस्तो आश्चर्य देखेर प्रसन्न चित्त भएको राजाले त्यो भालाको रक्षाको लागि मानिसहरु नियुक्त गरेर आफू नगरमा पसी भालालाई चारैतिरबाट घेरेर विहार बनाउन लगायो ॥१२– १३॥

---

**१. छत्रमंगल सप्ताह – राज्यछत्र धारणसम्बन्धी उत्सव ।**

**२. मरिचवट्टी विहार – अनुराधपुरको दक्षिणपश्चिममा अवस्थित आधुनिक मिरिसवट्टी ।**

Downloaded from http://www.dhamma.digital

त्यो विहारको निर्माणको काम तीन वर्षमा सकियो । राजाले विहार पूजा गर्नको लागि भिक्षुहरुलाई निमन्त्रण गऱ्यो । त्यो समयमा एक लाख भिक्षु र नब्बे हजार भिक्षुणीहरु एकत्र भए ॥१४–१५॥ त्यो सभामा राजाले भन्यो, "भन्ते ! संघलाई बिर्सिएर (=नदिएर) मैले एउटा ढेंडी खोर्सानी खाएको थिएँ । आफ्नो त्यो दोषको लागि दण्ड स्वरुप मैले यो सुन्दर विहार र चैत्य बनाउन लगाएँ । संघले ती स्वीकार गर्नुहोस्" । त्यसपछि त्यो प्रसन्न चित्त भएको राजाले दक्षिणाको पानी हातमा खन्याएर त्यो विहार संघलाई चढायो ॥१६-१८॥

विहारमा र विहारको चारैतिर ठूलो सुन्दर मण्डप बनाउन लगायो । त्यो मण्डप अभयवापी[1]को पानीको पींधसम्म खाँबा गाड्न लगाएर बनाएको थियो । खाली ठाउँको त भन्नुपर्ने कुरै के छ र ? ॥१९-२०॥

राजाले हप्ता दिनसम्म अन्न पान आदि दिएर अन्तमा भिक्षुहरुलाई सबै महामूल्यवान् परिष्कार[2] उपहार चढायो ॥२१॥ सुरुमा ती परिष्कार एक लाखको मूल्यको थियो । अन्तमा एक हजार मूल्यको, ती सबै संघले पायो ॥२२॥

लडाइँ र दानमा वीर, त्रिरत्नका श्रद्धालु, प्रसन्न, निष्कलंक चित्त भएको, कृतज्ञ राजाले बुद्धशाासनलाई, चम्किलो पार्नको लागि स्तूप बनाउन लगाउने कामदेखि सुरु गरेको विहार पूजाको कामसम्म त्रिरत्नको सत्कार गर्नको लागि धेरै अमूल्य वस्त्रहरुको अतिरिक्त अरु जति त्याग गऱ्यो ती सबै एकत्र गऱ्यो भने तिनका मूल्य उन्नाईस करोडको हुन आउँछ ॥२३–२५॥

भोगको पदार्थ यद्यपि पाँच दोष[3]ले दूषित छ । तर विशेष प्रज्ञावान् मानिसहरुसित हुँदा पाँच गुण[4]हरुको सारले युक्त हुन्छन् । त्यसैले बुद्धिमान् पुरुषले सार ग्रहण गर्नको लागि कोसिस गर्नुहोस् ॥२६॥

सज्जनहरुको प्रसाद र वैराग्यको लागि रचित महावंशको 'मरिचवट्टी' विहार पूजा नामको षडविंश परिच्छेद ।

---

१. अभयवापी – हेर्नुहोस् २५-१ ।

२. परिष्कार – हेर्नुहोस् १०-८४ ।

३. पाँच दोष – अग्नि (आगो), पानी आदिले नाश हुने डर (महावंश टीका) ।

४. पाँच गुण – मानिसहरुको आदर[1], कीर्ति[2], यश[3], गृहस्थ धर्मको पूर्तिमा ऋजु भाव[4], मरेपछि स्वर्गलोकको प्राप्ति[5] । (महावंश टीका )

Downloaded from http://www.dhamma.digital

# सप्तविंश परिच्छेद

## लोह प्रासाद पूजा

त्यो समयमा राजाले विश्रुत, सुश्रुत, तथाश्रूत, (अनुश्रुति) को विषयमा सोच्न थाल्यो– महापुण्यवान्, सदैव पुण्य कर्ममा लागेको प्रज्ञामा स्थिरतायुक्त अनि द्वीपलाई श्रद्धालु बनाउने स्थविरले मेरा बाजे राजा (=गोठाभय) लाई यसो भनेको थिए–"राजन् ! तिम्रो महाप्रज्ञावान् नाति दुष्टग्रामणीले भविष्यमा **स्वर्णमाली**[1] नामको एक सय बीस हात अग्लो सुन्दर महास्तूप बनाउन लगाउने छ अनि फेरि नाना प्रकारका रत्नहरुले भरिएको नौ तलाको उपोसथागार बनाउन लगाएर लोहाप्रसाद बनाउन लगाउनेछ ॥१–४॥

यो सोचेर राजाले यसरी लेखेर कँडालीमा राख्न लगाएको स्वर्णपत्र राजगृहमा खोज्न लगाएर लेखोट पढ्न लगायो ॥५॥ एक सय छत्तीस वर्ष बितेपछि भविष्यमा **काकवर्णको** छोरो राजा **दुष्टग्रामणीले** 'यो', 'यो' र यस्तै प्रकारले गराउनेछ' भनेर पढिदियो ॥६–७॥ राजाले सुनेर प्रसन्न्न भएर आफ्नो उत्साहलाई उदान[2] द्वारा प्रकट गरेर ताली बजायो । त्यसपछि एकाविहानै सुन्दर महामेघवन गएर त्यहाँ भिक्षुहरु- लाई निमन्त्रित गरेर भिक्षुंसघलाई भन्यो –"म तपाईहरुको लागि विमान[3] समानको महल बनाउन लगाउनेछु । कसैलाई दिव्यविमान भएको ठाउँमा पाएर मलाई त्यसको चित्र उपलब्ध गराइदिनु भनिदिनुहोस्" । भिक्षुसंघले त्यहाँ आठजना क्षीणास्रव पठायो ॥८–१०॥

**काश्यप**[4] मुनिको समयमा अशोक नामको ब्राह्मणले संघलाई आठ शलाका भोजन[5] समर्पित गरेर संघलाई प्रत्येक दिन भोजन दिने काम वीरणी नामको दासीलाई सुम्पिदियो । जीवन रहेसम्म श्रद्धापूर्वक शलाक भोजन दिने गर्दा ऊ मरेपछि आकाशमा रहेको सुन्दर विमान (महल) मा जन्म भयो । एक हजार अप्सरा उसकी सेविका थिए ॥११– १३॥

---

**१. स्वर्णमाली – आधुनिक रुवनवैलि ।**

**२. उदान – हृदयोल्लासको समयमा निक्लिएको वाणी (वचन) ।**

**३. विमान – देवताहरुको चल्ने (गतिमान्) महल ।**

**४. काश्यप – गौतम (बुद्ध) भन्दा पहिलको बुद्ध ।**

**५. शलाक भोजन – हेर्नुहोस् १५–२०५ ।**

Downloaded from http://www.dhamma.digital

उसको रत्नप्रासाद बाह्र योजन अग्लो र घेरा अठचालीस योजनको थियो । एक हजार कूटागार (को, देवालय) ले भरेको नौ तलाको एक हजार कोठा भएको आनन्ददायक चारवटा ढोका भएका, हजार शंख मालाहरु भएका आँखाजस्तो झ्याल भएको, ससना घण्टी भएको जालले सजाएको वेदिका (मण्ढप ) सहितको थियो ॥१४–१६॥ त्यो महलको बीचमा सुन्दर **अम्बलट्ठिक** महल थियो जुन चारैतिरबाट देखिन्थ्यो र झुण्डिरहेका ससना झण्डाहरु थिए ॥१७॥

तावतिंस (त्रयस् त्रिशं, तेत्तीस) लोकमा जाँदै गरेका स्थविरहरुले त्यो विमानलाई देखेर त्यो विमानको चित्र गेरुवा वस्त्रमा बनाएर फर्किएर आइ त्यो चित्र (पट्ट) संघलाई देखायो । संघले त्यो चित्र लिएर राजाकहाँ पठायो ॥१८–१९॥ त्यो देखेर मन खुशी भएको राजाले उत्तम आराम (विहार) मा पुगेर त्यसमा चित्र बनाए अनुसार उत्तम **लोहप्रसाद** बनाउन लगायो ॥२०॥

महल बनाउने कामको सुरुमै त्यो त्यागी राजाले चार ढोकामा आठ आठ हजार सुनको सिक्का, हजार हजार रेशमको वस्त्र, गुड, तेल, सक्खर र महले भरिएका धेरै माटाको घडा राख्न लगायो । यहाँ 'कसैले पनि बिनापैसा काम नगर्नूहोला' भनेर लेखायो तथा गरेको कामको पारिश्रमिक अड्कल्न लगाएर उसको पैसा दिन लगायो ॥२१–२३॥ ती चार ढोका भएको महलको प्रत्येकको छेउ सय सय हात लामो थियो अनि उचाई पनि सय हातको नै थियो ॥२४॥ यो सुन्दर महल नौ तलाको थियो अनि प्रत्येक तलामा सय सय देवालय (देवगृह) थिए ॥२५॥

सबै देवालय चाँदीले चित्रित थिए अनि ती कूटागारहरुका मूगाका वेदिकाहरुलाई धेरै प्रकारका रत्नहरुले सजाएका थिए । ती वेदिकाहरुका कमल नाना प्रकारका रत्नहरुले चित्रित थिए अनि ती वेदिकाहरु चाँदीका स-साना घण्टीहरुले घेरिएका थिए । त्यो महलमा नाना रत्नहरु लेखचित्र (चित्रित) झ्यालहरुले शोभा बढाएको एक हजार अति उत्तम तरिकाले सजाएको काठेहरु थिए ॥२८॥

वैश्रवन[1] देवताको नारी वाहन यानको बारे सुनेर उसले महलको बीचमा उस्तै आकारको रत्न मण्डप बनाउन लगायो ॥२९॥ यो रत्न मण्डप सिंह, बाघ, आदिको रुप भएको र देवताहरुको रुप भएको रत्नमय स्तम्भहरुले विभूषित थियो । मण्डपको अन्तमा चारैतिरबाट मोतीहरुको जालले घेरेको माथि पहिले भनेको प्रकारको मूगाहरुका वेदिका थिए । सात रत्नहरुले सजाएको मण्डपको बीचमा स्फटिक (पारदर्शक ढुंगा) छापेको हात्तीको दाह्राको सुन्दर सिंहासन थियो ।

---

**१. वैश्रवण -हेर्नुहोस् १०-८९ ।**

Downloaded from http://www.dhamma.digital

हात्तीको दाह्रा भएको तर्फ स्वर्णमय सूर्य, चाँदीको चन्द्रमा र मोतीहरुको तारा जडेका थिए । योग्यताअनुसारको स्थानमा सबै ठाउँमा नाना प्रकारका रत्नहरुको कमल राखेका थिए अनि सुनको लहराहरुको बीचमा जातक कथाहरु पनि चित्रित थिए ॥३०–३४॥

अत्यन्त मनोहर सिंहासनमा अति मूल्यवान् आस्तरण (तन्ना) मा हात्तीको दाह्राको सुन्दर पंखा थियो । फलेकमा राखेका मूगाको खराऊ (अनि) खाटमा राखेको, चाँदीको समात्ने डण्डी भएको श्वेतछत्रले शोभा दिएको थियो ॥३५–३६॥ सात रत्नले सजाएका आठ मंगल चित्र[1] र मणिमुक्ताहरुको बीचमा पशुहरुको लहर थियो ॥३७॥ छाताको टाउकोमा झुण्डिराखेको चाँदीका घण्टीहरुको पंक्ति थियो । महल, छाता, खाट र मण्डप अमूल्यका थिए ॥३८॥ उसले योग्यताअनुसारको महामूल्यवान् खाट र पिरा राख्न लगायो अनि उस्तै किसिमको महामूल्यवान् कम्बल र दरी ॥३९॥ जब त्यहाँ मुख पुछ्ने तौलिया (कडछी ?) र हात, खुट्टा धुने पात्र सुनको थियो भने महलको काममा आउने बाँकी पात्रबारे भन्नु के छ र?॥

सुन्दर चारैतिर पर्खालले घेरेको अनि चारैवटा द्वार कोट्ठले ? सजेका महल **त्रयस्त्रिंश** (इन्द्रलोक) को सभाको समान सुशोभित थियो ॥४१॥ त्यो महल तामाजस्तो रातो फलामको ईँटाले छाएको थियो । त्यसले गर्दा त्यो प्रासाद (महल)को नाम **लोह प्रासाद** भयो ॥४२॥

**लोह प्रासाद** बनाउने काम सकिएपछि राजाले संघलाई एकत्रित गऱ्यो । **मरिचवट्ट** विहारको पूजा हुँदाको समयको जस्तो संघ एकत्रित भयो ॥४३॥ पृथकजन भिक्षु प्रथम भूमि (पहिलोतला)मा, त्रिपिटकज्ञ दोस्रो तलामा, **स्रोतापन्नआदि**[2] तेस्रो (चौथो) आदि एकएक भूमि (तला) मा खडा भए । तर अर्हत् सबैभन्दा माथिको चार भूमि(तला) मा खडा भए ॥४४–४५॥

संघलाई दक्षिणाको पानीसहित महल दिइसकेपछि राजाले पहिलेजस्तै एक हप्तासम्म महादान गऱ्यो ॥४६॥

महात्यागी राजाले महलको लागि धेरै अमूल्यवस्तुहरुको अतिरिक्त अरु जो दान गऱ्यो तिनीहरुको मूल्य तीस करोडको थियो ॥४७॥

जो प्रज्ञावान् पुरुषहरु हुनुहुन्छन् वहाँहरु सम्झिनु हुन्छन्, यो निस्सार धन संग्रह भएकोमा दान दिनुमा नै विशेष सारयुक्त छ । त्यसैले प्राणीहरुको लागि निस्पृह (लोभ नगरी) चित्तले अगाध दान दिन्छन् ॥४८॥

सज्जनहरुको प्रासाद र वैराग्यको लागि रचित महावंशको 'लोहप्रासाद पूजा' नामको सप्तविंश परिच्छेद ।

---

**१. आठ मंगल चित्र - सिंह, वृषभ, हस्ति, जलपात्र, आदि आठ माङ्गलिक वस्तुहरु ।**

**२. स्रोतापन्न आदि - स्रोतापन्न तेस्रोमा, सकृदागामी चौथोमा अनागामी पाँचौं भूमिमा ।**

Downloaded from http://www.dhamma.digital

# अष्टविंश पचिच्छेद

## महास्तूपको साधन प्राप्ति

राजाले फेरि एकलाख खर्च गरेर धेरै राम्रो तरिकाले महाबोधिको पूजा गर्न लगायो ॥१॥

त्यसपछि नगरमा प्रवेश गरेका राजाले भावी स्तूपको ठाउँमा गाडेको शिलास्तम्भ हेऱ्यो अनि पहिलेको कुरा सम्झेर "म **महास्तूप** बनाउँछु," भनी मनमा सोचेर खुशी भयो । त्यसपछि महलको छतमाथि चढेर भोजन गरिसकेपछि ढल्किएको समयमा उसले सोच्यो "दमिडहरु (द्रविढहरु)लाई दमन गरेको समयमा मैले मानिसहरुलाई दुःख दिएको छु । त्यसैले म यिनीहरुबाट कर असुल गर्न सक्तिनँ । अनि कर नउठाइकन यदि मैले महास्तूप बनाउने हो भने महास्तूपको लागि ईंटा कहाँबाट प्राप्त गरुँ ?" यसरी सोचेर बस्दा राजाको छातामा बस्ने देवताले कुरो बुझ्यो । यो कुरोको हल्ला भयो । **शक्रइन्द्र** देवताले यो समाचार थाहा पाएर विश्वकर्मालाई भन्यो –"राजा **ग्रामणी** चैत्यको लागि ईंटाबारे चिन्ता गरिरहेको छ । तिमी नगरदेखि बाहिर योजन टाढा गएर ईंटा पार"। शक्रले यसो भनेपछि विश्वकर्मा त्यहाँ गएर त्यो ठाउँमा ईंटा बनायो ॥२–८॥

विहानीपख एउटा शिकारी कुकुर लिएर वनमा गयो । त्यहाँ उसको अघि छेपारोको रुपमा पृथ्वी देवता देखा पऱ्यो । त्यो छेपारोलाई लखेट्दै जाँदा शिकारीले ईंटा देख्यो । त्यो ठाउँमा छेपारो अलप हुँदा शिकारीले सोच्न थाल्यो –"राजाले महास्तूप बनाउन लगाउने विचार गरिरहेको छ । यो उसैको सामग्री हो" । यो कुरो उसले गएर राजालाई निवेदन गऱ्यो ॥९–११॥ उसको त्यो प्रिय वचन सुनेर खुशी भएर मानिसहरुको हित चाहने राजाले त्यो शिकारीको ठूलो सत्कार गऱ्यो ॥१२॥

नगरको पूर्वोउत्तर दिशामा तीन योजन टाढा आचारपिट्ठि ग्राममा सोन्ह करीष बीउ जाने क्षेत्रमा फैलिएको अलग अलग आकारको सुनौलो बीउ उत्पन्न भयो । ठूलोभन्दा ठूलोबीउ तकियाजत्रो र सानोभन्दा सानोबीउ औंलो जत्रो थियो । भुइँ सुनले भरिएको देखेर त्यहाँका गाउँलेहरुले एउटा भरिएको सुनको पात्र लगेर यो कुरो राजालाई निवेदन गऱ्यो ॥१३–१५॥

Downloaded from http://www.dhamma.digital

नगरको पूर्वदिशामा, सात योजन टाढा **गंगा** नदीपारि **तम्बपिट्ठ** नगरमा तामा उत्पन्न भयो । त्यहाँका गाउँलेहरुले भाँडोमा तामाको बीउ लिएर राजाकहाँ गएर यो कुरो राजालाई निवेदन गऱ्यो ॥१६–१७॥

नगरको पूर्वदक्षिण दिशामा, चार योजन टाढा **सुमनवापी** नामको गाउँमा धेरै किसिमका मणि उत्पन्न भए । त्यहाँका गाउँलेहरुले ती राता रत्नहरुसित मिसिएका मणिहरुको एउटा भाँडो राजाकहाँ लगेर (यो समाचार) निवेदन गऱ्यो ॥१८–१९॥

नगरको दक्षिणदिशामा, आठ योजन टाढा **अम्बट्ठकोलगुफा**[1]मा चाँदी उत्पन्न भयो ॥२०॥

एकजना व्यापारी **मलयबाट** अदुवा इत्यादि ल्याउनको लागि धेरै गाडीहरु लिएर मलय गयो । बाटोमा गुफादेखि केही टाढा गाडीहरु रोकेर त्यो व्यापारी कोर्रा लिनको लागि पहाड चढ्यो । त्यो कटहर पाकेको हुनाले टाउको निहुराएर ढुंगामा बस्यो । गाग्रो जत्रो ठूलो कहटरको फल देख्यो । चक्कुले फलको सानो हाँगा काटेर 'अग्र (उत्तम, श्रेष्ठ) दान गर्नेछु' भनी यो सोचेर उसले श्रद्धापूर्वक दानको समय घोषणा गऱ्यो । चार अनास्रव भिक्षु आइपुगे । खुशी भएर उसले ती भिक्षुहरुलाई प्रणाम गरेर आदरपूर्वक बस्ने आसन दियो । फलको बाहिरको बोक्रा हटाएर तलबाट चक्काजस्तो काटेर रसिलो फलको कोयाले चारवटा पात्र भरेर ती भिक्षुहरुलाई दियो ॥२१-२६॥

ती भिक्षुहरु फल भएको पात्र लिएर हिँडे । त्यो व्यापारीले भोजनको समय घोषणा गऱ्यो । अरु चार क्षीणास्रव स्थविर त्यहाँ आए । उसले उनीहरुको पात्र कोया भएको फलले भरेर उनीहरुलाई दियो । ती तीन क्षीणास्रव स्थविर गए । एकजना क्षीणास्रव गएन ॥२७-२८॥

त्यो व्यापारीलाई चाँदी देखाउनको लागि त्यो क्षीणास्रव स्थविर त्यहाँबाट माथि चढेर गुफाको छेउमा गएर बस्यो र त्यहाँ बसेर कोया खायो । त्यो व्यापारीले पनि इच्छा लाग्दो फल खाएर बाँकी थैलीमा राखेर स्थविरलाई सम्झिँदा स्थविरलाई देखेर प्रणाम गऱ्यो । स्थविरले गुफातिर जाने ढोकाको बाटो उसको लागि खुला छोडिदियो अनि भन्यो, "हे उपासक ! तिमी अब यो बाटो भएर जाऊ ।" स्थविरलाई प्रणाम गरेर त्यो बाटो भएर जाँदा उसले गुफा देख्यो ॥२९–३२॥ गुफाको ढोकामा पुगेर उभिंदा चाँदी देखेर त्यो व्यापारीले हाते बञ्चरोले बिगार्दा चाँदी हो भनेर निश्चय गऱ्यो । त्यसपछि चाँदीको एउटा ढिको लिएर गाडी भएको ठाउँमा गयो ।

---

**१. अम्बट्ठकोल गुफा - कुरुनैगल देखि उत्तर पूर्व, अनुराधपुरदेखि ५५ माइल पर अवस्थित रिदि विहार । सिंहल भाषामा रिदि शब्दको अर्थ चाँदी हो ।**

Downloaded from http://www.dhamma.digital

गाडी रोकेर त्यो श्रेष्ठ व्यापारी चाँदीको ढिको लिएर तुरुन्तै **अनुराधपुर** आयो अनि राजालाई चाँदी देखाएर सबै वृतान्त सुनायो ॥३३–३५॥

नगरदेखि पाँच योजन पर पश्चिम दिशामा **उरुवेल पत्तन**[1] मा साठी गाडा ठूलो खालको अमला समानको मूगासहित मोती भएको ठाउँ स्थलमा आयो ॥ माझीहरुले ती मोतीहरु एक ठाउँमा बटुले । त्यसपछि मूगाहरुसहित मोतीहरुले भरिएको एक भाँडा राजाकहाँ लिएर गए अनि त्यो वृतान्त राजालाई भन्यो ॥३६–३८॥

नगरदेखि सात योजन टाडा उत्तरदिशामा **पोलिवापिक**[2] गाउँको तलाउको नजिक गुफाको बालुवामा चक्का समानको आलसको फूलजस्तो सुन्दर चम्किलो चारवटा उत्तम मणि उत्पन्न भए ॥३९–४०॥

एकजना कुकुर भएको शिकारीले ती देखेर 'मैले यस्ता मणिहरु देखेको छु' भनेर गएर राजालाई निवेदन गऱ्यो ॥४१॥

महापुण्यवान् राजाले एक दिन महास्तूपको लागि ईंटा र दोस्रो रत्नादि उत्पन्न भएको सुन्यो । त्यो उदारहृदय भएको राजाले समाचार दिनेहरुलाई योग्यता अनुसार सत्कार गरेर त्यसपछि उनीहरुलाई नै रक्षक पदमा नियुक्त गरेर ती सबै चीजहरु मागि पठायो ॥४२–४३॥

सहन नसकिने दु:ख सहेर पनि प्रसन्न चित्तले सञ्चय गरेको पुण्यले सयौं सुख दिने साधनहरु उत्पन्न गर्छ । त्यसैले प्रसन्न चित्तले पुण्य गर्नुहोस् ॥४४॥

सज्जनहरुको प्रसाद र वैराग्यको लागि रचित महावंशको 'महास्तूप साधन लाभ' नामको अष्टाविंश परिच्छेद ।

Dhamma.Digital

---

१. **उरुवेल पत्तन - अनुराधपुरदेखि ४० माइल पर कल ओय (नदी) छेउ ।**

२. **पोलिवापिक - अनुराधपुरदेखि ५० माइल पर आधुनिक ववुनिक कुलम् ।**

Downloaded from http://www.dhamma.digital

# एकोनविंश परिच्छेद

## महास्तूपको काम आरम्भ

यस किसिमले सबै सामग्री एकत्र भएपछि **वैशाख**[1] महिनाको पूर्णिमाको दिन **वैशाख** नक्षत्रमा राजाले **महास्तूप**को काम सुरु गऱ्यो ॥१॥ स्तूपको खम्बा (थूप) मगाएर राजाले स्तूपलाई सबै प्रकारले स्थिर राख्नको लागि सात हात गहिरो खाल्डो खनाउन लगायो । आफ्ना लडाकुहरुद्वारा गोलो ढुंगा मगाएर घनले टुक्रा टुक्रा बनाएर कुन उचित, अनुचित हो भन्नेबारे जान्न राजाले भुइँको स्थिरताको लागि ती टुक्राहरुलाई हात्तीहरुका पैतलामा छाला बाँधेर हात्तीद्वारा कुल्चन लगायो ॥२–४॥

**आकाश गङ्गा**खस्ने ठाउँको चारैतिर तीस योजनसम्मको गिलो ठाउँको माटो सदैव असल हुने हुनाले घिउमाटो नामले प्रसिद्ध छ । क्षीणास्रव श्रामणेरहरुले त्यहाँबाट माटो ल्याए ॥५–६॥

राजाले चारकुना परेको अग्लो ठाउँमा माटो राख्न लगायो, माटोमाथि ईंटा, त्यसको माथि गारो त्यसको माथि गहत त्यसको माथि फलामको जाली, त्यसको माथि श्रामणेरहरुले हिमालय प्रदेशबाट ल्याएको बास्ना आउने बालुवा राख्न लगायो । त्यसको माथि राजाले (पारदर्शी ढुंगा छाप्न लगायो पारदर्शी ढुंगाको बीचमा शिला (ढुंगा) छाप्न लगायो । माटोको आवश्यकता पर्दा सबै ठाउँमा घिउमाटो नै काममा ल्यायो ॥७-१०॥

राजा (रथेश) ले ढुंगामाथि रस उत्पन्न भएर मिलेको बेलको गुँदले आठअंगुल मोटाईको (तामा) फलामको पत्र (पातो) छाप्न लगायो । त्यसको माथि तिलको तेलमा मिलेको मैनसिल (माटोजस्तो पहेंलो धातु) को सहयोगले सात अँगुल मोटाइको चाँदीको पत्र छाप्न लगायो ॥११- १२॥

महास्तूप स्थापना गरेको ठाउँमा परिक्रमा गरेर प्रसन्न चित्त भएको राजाले आषाढ शुक्लपक्षको चतुर्दशीको दिन भिक्षुसंघलाई भेला गरेर निवेदन गऱ्यो – भदन्तगण ! भोलि म महाचैत्य स्थापनाको मंगल ईंटाको जग (आधार शिला) राख्नेछु, त्यसैले बुद्ध पूजाको निमित्त भोलि यहाँ सारा संघ एकत्र हुनुहोस् । महाजनहरुको हित चाहने महाजनहरु उपोसथको भेषमा सुगन्धित

---

१. **वैशाख - हेर्नुहोस् १-१२ ।**

Downloaded from http://www.dhamma.digital

धूप र फूल आदि लिएर महास्तूप स्थापना गर्ने ठाउँमा आउनुहोस्" । त्यसपछि चैत्य भएको ठाउँ सजाउनको लागि अमात्यहरु[1]लाई खटायो । मुनि बुद्धको लागि प्रेम र गौरव राख्ने अमात्यहरुले राजाको आज्ञा पाएर त्यो ठाउँ धेरै प्रकारको गहनाले सजाए ॥१३–१८॥

राजाले सबै नगर र यहाँ महास्तूप आउने बाटाहरु धेरै किसिमले सजाउन लगायो । विहान नगरका चारै ढोकाको छेउमा नुहाउनेहरुको लागि नुहाइदिने र नापित राखिदियो । जनताको हित चिन्तक राजाले जनताको लागि वस्त्र, बास्ना चल्ने धूप फूल र मिठो रसिलो भोजन चारवटै ढोकामा राख्न लगायो । राखिएका चीजहरुमध्ये बाट रुचिको अनुसार लिएर नागरिक र गाउँलेहरु स्तूप भएको ठाउँमा आए ॥१९–२२॥

आ-आफ्नो पदअनुसार उभिएका आ-आफ्नो पदवीअनुकूलको वस्त्रले सजेका धेरै मन्त्रीहरुबाट सुरक्षित, देवकन्याहरु समानका सुन्दर धेरै नर्तकीहरुले घेरेका दरवारमा शरीक हुँदा सदस्यले लगाउने पहिरन पहिरेका, चालीस हजार मानिसहरुले घेरेका, तुरही बाजाको ध्वनिको बीच, देवराज इन्द्रसमानको योग्य अयोग्य स्थान चिन्ने राजाले मानिसहरुलाई खुशी बनाउँदै तेस्रो पहरमा **महास्तूप** स्थापना गरेको ठाउँमा पुग्यो ॥२३–२६॥

राजाले बीचमा एकहजार आठ कुम्लो लुगा राख्न लगायो अनि त्यसपछि त्यसको चारैतिर धेरै वस्त्रको डङ्गुर राख्न लगाएर उत्सवको लागि मह, घिउ र खुदो इत्यादि चीजहरु राख्न लगायो ॥२७–२८॥

यो **लंकाद्वीप**को भिक्षुसंघ आउने बारेको कुरो भन्नु नै के छ र, धेरै देशहरुबाट धेरैको संख्यामा भिक्षुहरु त्यो समयमा आए ॥२९॥ **राजगृह**[2]को छेउबाट महागणनायक **इन्द्रगुप्त** स्थविरले अस्सी हजार भिक्षु लिएर आयो अनि **ऋषिपतन**[3] (इसिपतन) बाट **धम्मसेन**ले बाह्र हजार भिक्षु लिएर चैत्य स्थापना गरेको ठाउँमा आयो । **जेतवनाराम**[4] विहारबाट प्रियदर्शी स्थविरले साठी हजार भिक्षु लिएर अनि **वैशाली**[5]को **महावनाराम**बाट **उरुबुद्धरक्षित**स्थविरले आठ हजार भिक्षु लिएर आयो ॥३०–३३ ॥ **कौशाम्बी**[6] बसेको घोषितारामबाट उरुधम्मरक्खित स्थविरले तीस हजार भिक्षु लिएर

---

**१. मन्त्री - विसाखा र श्रीदेव नामको अमात्य ।म० टी० ।**

**२. राजगृह - हेर्नुहोस् २-६ ।**

**३. ऋषिपत्त - सारनाथ (जिल्ला बनारस) ।**

**४. जेतवनाराम - हेर्नुहोस् १-४४ ।**

**५. वैशाली - हेर्नुहोस् ४-९ ।**

**६. कौशाम्बी - हेर्नुहोस् ४-१७ ।**

Downloaded from http://www.dhamma.digital

यहाँ आयो ॥३४॥ **संघरक्षित** स्थविरले **उज्जयिनी**[1]बसेको **दक्षिणगिरि** विहारबाट चालीस हजार भिक्षु लिएर आयो । **मितिरण्ण** नामको स्थविरले **पुष्पपुर**[2] (पटना) **अशोकारामबाट** एक लाख साठी हजार भिक्षु लिएर यहाँ आयो ॥३५–३६॥ **काश्मिरमण्डल**बाट दुई लाख अस्सी हजार भिक्षु लिएर उतिण्ण स्थविर, **पल्लव**[3] राज्यबाट चार लाख अड्सट्ठी हजार भिक्षु **महामति** स्थविरले, यवनहरुको **अलसन्दा**[4] नामको नगरबाट तीस हजार भिक्षुहरुको साथ **योनमहाधम्म** रक्खित स्थविर आयो ॥३७–३९॥ **विन्ध्यावन**[5]को बाटो भएर आफू बसेको ठाउँबाट उत्तरस्थविरले साठी हजार भिक्षु लिएर आयो ॥४०॥ **बोधि मण्ड**[6] विहारबाट **चित्तगुत्त**स्थविर तीस हजार भिक्षुहरुको साथ आयो ॥४१॥ **वनवास**[7] प्रदेशबाट **चन्द्रगुप्त**महास्थविर अस्सी हजार भिक्षु साथमा लिएर आयो ॥४२॥ **केलासबाट सुरयिगुत्त** महास्थविर छयानब्बे हजार भिक्षुको साथमा आयो ॥४४॥

त्यो समयमा एकत्र भएका लंकाद्वीप वासी भिक्षुहरुको गणना पूर्वजहरुले गरेनन् । त्यो सम्मेलनमा आएका सबै भिक्षुहरुमध्ये छयानब्बे करोड त क्षीणास्रव भिक्षुहरु नै थिए ॥४५॥॥

ती भिक्षुहरु क्रमैसित महाचैत्य स्थापना गरेको ठाउँलाई चारैतिरबाट घेरेर बीचमा राजाको लागि ठाउँ छोडेर उभिए ॥४६॥ राजा त्यहाँ पसेर भिक्षुसंघलाई लाममा उभिएको देखेर खुशी भएर प्रणाम गऱ्यो । त्यसपछि सुगन्धित वस्तु र फूलले भिक्षुहरुलाई सत्कार गरी अनि तीनपटक प्रदक्षिणा गरेर बीचमा मांगलिक पूर्णघट भएको ठाउँमा पुग्यो । ठूलो चैत्य बनाउने इच्छाले शुद्ध प्रेमशक्तिले प्रेरित सबै प्राणीहरुको हितमा लागेको राजाले शुद्ध चाँदीबाट निर्मित, सुनको किलाले अड्काएको वरिपरि घुम्ने डण्डी आफ्नो श्रेष्ठकुलमा जन्मिएको सुन्दर वस्त्र लगाएको, मांगलिक मन्त्रीको हातले तयार पारेको भुइँमा घुमाउन सुरु गऱ्यो ॥४७–५१॥

दीर्घदर्शी, महासिद्ध **सिद्धत्थ** महास्थविरले राजा यसो गर्नबाट रोक्नुभयो ॥५२॥ यदि राजाले यति ठूलो स्तूप बनाउन लगाउन सुरु गऱ्यो भने स्तूप बनाउने काम सकिन

---

१. **उज्जयिनी - हेर्नुहोस् ५-३९ ।**

२. **पुष्पपुर - हेर्नुहोस् ४-३० ।**

३. **पल्लव - फारस । संस्कृत पहलव ।**

४. **अलसन्दा - अलेकजैन्ड्रिया ।**

५. **विन्ध्यावन - हेर्नुहोस् १९-६ ।**

६. **बोधिमण्डप - बोधगयामा बनाएको विहार ।**

७. **वनवास - हेर्नुहोस् १२-३१ ।**

Downloaded from http://www.dhamma.digital

अगाडि नै यिनको मृत्यु हुनेछ अनि यति ठूलो स्तूप मर्मत गराउन पनि गाऱ्हो हुनेछ – यो सोचेर दीर्घदर्शी स्थविरले स्तूपको महानता रोकिदियो ॥५३–५४॥

महान् स्तूप बनाउन लगाउने इच्छा भएर पनि राजाले स्थविरको मान राख्नको लागि अनि संघको पनि आज्ञा हुनाले स्थविरको कुरो स्वीकार गऱ्यो अनि स्थविरको आज्ञाअनुसार मध्यम आकारको चैत्यको लागि जग राख्न ईंटा बनाउन लगायो ॥५५–५६॥

उत्साही राजाले आठवटा सुनको र आठवटा चाँदीको कलश बीचमा राख्न लगाएर तिनका छेउछेउमा चारैतिर एक हजार आठवटा नयाँ कलश राख्न लगायो ॥५७–५८॥ आठवटा सुन्दर ईंटा परस्परमा नटाँसिने गरी छुट्टा छुट्टै राख्न लगायो । तीमध्येबाट एउटा ईंटा लिएर धेरै प्रकारले सजाएका मान गर्न योग्य मन्त्रीको हातबाट नाना प्रकारको मांगलिक संस्कारले सुसंस्कृत पूर्वखण्डमा मिठो बास्ना चल्ने गारोमा पहिले मांगलिक ईंटा राख्न लगायो । त्यतिबेला त्यो ठाउँमा जूहीको फूल चढाउने समयमा भुईंचालो गयो ॥५९–६१॥ बाँकी सात ठाँउमा पनि यसरी नै सात मन्त्रीहरुद्वारा स्थापित गराउन लगायो अनि मांगलिक संस्कार (कर्म) गर्न लगायो ॥६२॥ यसरी आषाढ महिनाको शुक्लपक्षमा उपोसथको दिन पूर्णिमामा आधार ईंटा स्थापना भयो ॥६३॥

चारैदिशामा उभिएका अनास्रव महास्थविरहरुलाई पूजा र वन्दनाद्वारा क्रमैसित सत्कार गरेर राजा पूर्वोत्तर दिशामा अनास्रव **प्रियदर्शी** महास्थविर रहनुभएको ठाउँमा गएर बस्यो ॥६४–६५॥ स्थविरले मंगल वृद्धि गर्दै राजालाई महास्थविरले धर्मोपदेश दिनुभयो । महास्थविरको उपदेश मानिसहरुको लागि उपकारी भयो ॥६६॥ त्यो समयमा चालीस हजार मानिसहरुलाई धर्म अवबोध भयो । चालीस हजार मानिसहरुलाई स्रोतापत्ति फल प्राप्त भयो । एक हजारलाई 'सकृदागामी' फल र एक हजारलाई 'अनागामी' फल प्राप्त भयो । त्यो समयमा एक हजार गृहस्थहरुलाई अर्हत् फल पनि पाप्त भयो ॥६७–६८॥

अठार हजार भिक्षु र चौध हजार भिक्षुणीलाई पनि अर्हत्भाव (गुण) प्राप्त भयो ॥६९॥

यसरी त्रिरत्नमा प्रसन्न चित्त भएको पुरुषले श्रद्धा भावले जनताको हित गर्दा लोकमा परमार्थ सिद्धि हुन्छ भन्ने कुरा सम्भिन्छन् ॥७०॥

सज्जनहरुको प्रसाद र वैराग्यको लागि रचित महावंशको 'महास्तूपारम्भ' नामको एकोनत्रिंश परिच्छेद ।

Downloaded from http://www.dhamma.digital

# त्रिंश परिच्छेद

## धातु गर्भको रचना

महाराजले सबै संघलाई प्रणाम गरेर चैत्य बनाउने काम नसकिदाँसम्म "मेरो यहाँ दरवारबाट भिक्षा ग्रहण गर्नुहोस्" भनेर निमन्त्रणा दियो ॥१॥ संघले त्यो निमन्त्रणा स्वीकार गरेन । राजाले क्रमैसित (=निमन्त्रणको सीमा घटाउदै) एक हप्तासम्म भिक्षा ग्रहण गर्न याचना गऱ्यो । आधा भिक्षुहरुले एक हप्तासम्मको निमन्त्रण स्वीकार गरे । भिक्षुहरुबाट निमन्त्रणा स्वीकार भएपछि प्रसन्न चित्त गरेको राजाले स्तूप रहेको स्थानको चारैदिशामा र अट्ठार ठाउँमा अट्ठार मण्डप बनाउन लगाएर संघलाई हप्ता दिनसम्म महादान गऱ्यो । त्यसपछि संघलाई विदा दियो ॥२–४॥

त्यसपछि त्यही समयमा घोषणा गरेर राजहरु बोलाउन लगायो । पाँच सय राजहरु एकत्रित भए ॥५॥ राजाले सोध्यो, "चैत्य कस्तो बनाउछौ ? राजले भन्यो, सय जना श्रमिक र एक गाडी बालुवा पाइएमा म एकै दिनमा तुर्छु" । राजाले त्यो राजलाई पन्छायो । त्यसपछि अर्को राज आयो उसले त झन् आधा (यहाँ सम्म कि) दुई अम्मण[1] बालुवा (ले काम गर्ने कुरो) भन्यो । राजाले ती चारै राजहरुलाई पन्छायो । एकजना चलाख, सिपालु राजले राजालाई भन्यो –"म बालुवालाई ओखलीमा कुटेर, चाल्नीले चालेर (फेरि) जाँतोमा पिँधेर एक अम्मण मात्र काममा ल्याउँछु" । यसो भन्दा त्यो इन्द्र समानको पराक्रमी राजाले "त्यहाँ हाम्रो चैत्यमा घाँस आदि उम्रिनु हुँदैन नि" भनेर चैत्य बनाउने आज्ञा दियो ॥६–१०॥

त्यसपछि राजाले सोध्यो, "तैँले चैत्य कस्तो बनाउँछस् ?" उत्तिनै खेर विश्वकर्मा देवताले त्यो राजलाई आदेश दियो । राजले पानीले भरेको सुनको थालबाट हातमा पानी लिएर पानीमा फ्याँक्यो । रातो मणिको गोलासमानको एउटा ठूलो बुलबुले फोका उत्पन्न भयो । राजले बुलबुले फोकातिर देखाएर भन्यो, "म यस्तो बनाउँछु ।" राजा खुशी भएर राजलाई हजार मुद्रा पर्ने मूल्यको लुगाको जोडी, एउटा अलंकृत जूत्ता र बाह्र हजार कार्षापण दियो ॥११-१४॥

---

**१. दूई अम्मण – एघार दोण, १ दोण ६४ मुट्ठीको बराबर (अभिधानप्पदीपिका)**

Downloaded from http://www.dhamma.digital

रात परेपछि राजले सोच्यो 'मानिसहरुलाई दु:ख नदिइकन मैले ईंटा कसरी बोकानी ढुवानी गर्नुपर्ला ?' देवताहरुले राजले यस्तो चिन्ता गरेको बुझेर चैत्यका चारवटै ढोकामा प्रत्येक रात एक एक दिनको लागि पर्याप्त ईंटा ल्याएर राखिदियो ॥१५–१६॥

यो कुरो सुनेर सन्तुष्ट चित्त राजाले चैत्य बनाउन लगाउने काम सुरु गऱ्यो अनि घोषणा गऱ्यो, 'यहाँ पारिश्रमिक नदिइकन काममा नलगाउनुहोला' ॥१७॥

राजाले एक एक ढोकामा सोह्र लाख कार्षापण, धेरै किसिमको वस्त्र, धेरै प्रकारको गहना, खाद्य, भोज्य, पेय पदार्थ, सुगन्धित वस्तु, फूलमाला, खुदो आदि मुखको वासको लागि पाँच पदार्थ राख्न लगायो अनि आज्ञा दियो ।" कार्यकर्ताले रुचिअनुसार काम गरिसकेपछि तीमध्येबाट यथारुचिको चीज लिनुहोस्" । राज्यका कर्मचारीहरुले त्यहाँ कामको अनुसार ती श्रमिकहरुलाई त्यो वस्तु दिए ॥१८-२०॥

स्तूप बनाउने काममा सहयोग गर्ने इच्छाले एकजना भिक्षुले आफैंले बनाएको माटोको ईंटा ल्याएर चैत्य बनाएको ठाउँमा गएर राजकर्मचारीहरुको आँखा छलेर राजलाई दियो । राजले हातमा ईंटा लिनेबित्तिकै अर्कै आकारको ईंटा भनेर थाहा पायो । यो देखेर ऊ आश्चर्यमा पऱ्यो । राजाले एकाएक कुरा सुनेर त्यहाँ आएर राजलाई सोध्यो । राजले जवाफ दियो, "महाराज ! भिक्षुले एउटा हातमा फूल र अर्को हातमा माटाको डल्लो ढिको ल्याएर मलाई दिनुहुन्छ । यहाँ भिक्षु आगन्तुक हुनुहुन्छ र यहाँ यहींको निवासी हुनुहुन्छ यति कुराचाहिँ मलाई थाहा छ" । यो कुरो सुनेर राजाले राजलाई माटोको ईंटा दिने भिक्षु देखाइदिन एकजना पहरादिने पाले दियो । राजले पालेलाई त्यो भिक्षु देखाइदियो । पालेले राजालाई निवेदन गऱ्यो ॥२१–२६॥

राजाले ठूलो पिपलको रुखको आँगनमा राखिएका फूलहरु र तीनवटा गाग्रा पालेद्वारा उठाउन लगाएर भिक्षुलाई दिन लगायो[1] ॥२७॥ फूलको बारेमा नजानेको भिक्षुले ती फूलहरुले पूजा गऱ्यो । पालेले भिक्षुलाई फूल दिएको कारण बतायो । त्यतिबेला भिक्षुलाई थाहा भयो ॥२८॥॥

**कोट्ठिवाल** देशमा अवस्थित **पियङ्गल्ल** गाउँले स्थविर जसको चैत्य बनाउने व्यक्तिको राजसित जातियसम्बन्ध थियो, चैत्य बनाउने काममा सहयोगी बन्ने इच्छाले त्यहाँ आयो अनि ईंटाको परिमाण थाहा गरेर त्यही आकारको ईंटा बनाएर श्रमिकहरुलाई छलेर ती ईंटाहरु राजलाई दियो । राजले ती ईंटाहरुले चैत्यमा भित्ता उठायो । यसो गर्दा खैलाबैला मच्चियो ॥२९–३१॥

---

**१. दिन लगायो - भिक्षुले स्तूप निर्माणमा जुन सहयोग गर्नुभयो त्यस्को पारिश्रमिक दिन लगायो ।**

Downloaded from http://www.dhamma.digital

राजाले खैलाबैला मच्चिएको सुनेर, राजलाई सोध्यो, "तिमीले त्यो ईंटा चिन्न सक्छौ ?" चिनेर पनि राजले राजालाई "म चिन्न सक्तिनँ" भन्यो ॥३२॥ 'तिमीले त्यो स्थविरलाई चिन्छौ त ?' भनेर सोध्दा उसले भन्यो "चिन्छु" । राजाले त्यो स्थविर चिनाईदिनको लागि राजलाई एकजना पाले दियो । पालेले राजको सहयोग लिएर स्थविर चिनाइदिएर राजासित **कट्ठहाल परिवेण** पुग्यो । त्यहाँ स्थविरसित भेटेर कुराकानी गरेर स्थविर जाने दिन र स्थान थाहा गरेर "म पनि तपाईसितै आफ्नो गाउँ जान्छु" भनेर राजालाई सबै कुरा विदित गरायो । राजाले त्यो पालेलाई हजार मुद्रा पर्ने मूल्यको एक जोर वस्त्र, एउटा रातो रङ्गको मूल्यवान कम्बल, श्रमणहरुलाई धेरै किसिमको परिष्कार, सक्कर सुगन्धित तेलको नाली[1] दिन लगाएर आज्ञा दियो ॥३३–३७॥

स्थविरसित जाँदा त्यो पालेले **पियगल्लक**लाई हेर्दै गरेको देखेर पानीसहित शीतल छायाँमा स्थविरलाई बसाएर पिउनकोलागि सरवत दिएर, गोडामा तेल धसेर जुत्ता लगाइदियो । त्यसपछि परिष्कार ल्याएर अगाडि राखिदियो अनि भन्यो, "पुत्रको लागि दुई वस्त्रको अतिरिक्त, बाँकी सबै वस्त्र मैले कुल स्थविरको लागि भनेर लिएको छु । अब यी सबै परिष्कार तपाईंलाई दिन्छु," भनेर उसले ती परिष्कार स्थविरलाई दियो । परिष्कार दिएर विदा हुँदै गर्दा स्थविरलाई प्रणाम गर्ने समयमा त्यो पालेले राजाको आज्ञाले राजाको समाचार सुनायो ॥३८–४१॥ चैत्य बनाएको समयमा ज्यामी ज्याला लिएर काम गर्ने अनगिन्ती मानिसहरु खुशी भएर सुगति पाए ॥४२॥ सुगत (बुद्ध) मा चित्त प्रसादमात्रको उत्पत्तिले पनि उत्तमगति पाइन्छ भनेर बुद्धिमान् पुरुषले बुझेर चैत्यको पूजा गर्छन् ॥४३॥

यही चैत्य भएको ठाउँमा पारिश्रमिक (ज्याला) लिएर काम गर्ने दुईजना स्वास्नी-मान्छे महास्तूपको काम सकिएपछि **तावतिंस** (त्रयस्त्रिंश) इन्द्रको लोकमा उत्पन्न भए । आफूले पहिले गरेको कर्मबारे विचार गर्दा उनीहरुले पहिले गरेको कर्मको फल देखे अनि सुगन्धित वस्तु र फूल आदिले स्तूपको पूजा गर्न आए । त्यही समयमा **मातिवङ्क**वासी **महासिव** नामको स्थविरले रातको समयमा चैत्यलाई वन्दना गर्ने विचारले त्यहाँ आउनुभयो । ती स्वास्नीमान्छेहरुलाई देखेर **महाशतपर्ण** रुखको छेउमा उभिएको स्थविर लुकेर ती स्वास्नीमानिसहरुको अद्भुत रुपसम्पत्ति हेर्नुभयो । ती स्वास्नीमानिसहरुको चैत्य वन्दनाको काम नसकेसम्म उभिइरह्यो र पछि

१. तेल नाप्ने नाली –नाप विशेष ।

Downloaded from http://www.dhamma.digital

सोध्यो – "तिमीहरुको शरीरको प्रकाशले सम्पूर्ण लङ्काद्वीप झलमल्ल छ । यो कस्तो किसिमको कर्म हो ? जुन गर्दा तिमीहरुले देवलोक प्राप्त भयो ?" देवताले त्यो स्थविरलाई स्वास्नीमानिसहरुको महास्तूप सम्बन्धीको कर्तव्य भनिदियो । यसरी तथागतप्रति प्रसन्न चित्त हुनुको यो महाफल हो ॥४४–५०॥

ऋद्धिमान् स्थविरहरुले चैत्यमा ईंटाले बनेका तीनवटै फूलदानी तल भुईंमा ल्यायो । ती फूलदानी हप्ता दिनमा भुईं समानभए । यसरी उनीहरुले फूलदानीलाई नौ पटक भुईं समान पारिदिए । त्यो देखेर राजाले भिक्षुसंघ सम्मेलन गर्न लगायो । त्यो सम्मेलनमा अस्सी हजार भिक्षु एकत्रित भए । राजा संघछेउ पुगेर अभिवादन र सत्कार गरेर संघलाई चैत्यको ईंटा जमिनभित्र पस्नको कारण सोध्यो । संघले जवाफ दियो" महाराज ! ऋद्धिमान् भिक्षुहरुले स्तूप पछि आफैं जमिनभित्र पस्न नदिनको लागि भनेर यसो गरेका हुन् । अब उहाँहरुले गर्नुहुनेछैन । मनमा अरु केही कुरा न सम्झिकन् तपाईंले महास्तूपको काम सक्नुहोस्" ॥५१–५५॥

यो कुरो सुनेर मन खुशी भएको राजाले स्तूपको काम गरायो । दसवटा फूलदानी बनाउन दस करोड ईंटा लाग्यो । भिक्षुसंघले उत्तर र सुमन नामका दुई श्रामणेरलाई चैत्य-धातु-गर्भको निमित्त बोसो रङ्गको पत्थर ल्याउनको लागि पठायो । ती दुई श्रामणेर उत्तरकुरु[1] पुगे अनि अस्सी रत्न लम्बाइ चौंडाइको, सूर्य समानको प्रकाश भएको पत्थरले, गिर्खा भएको फूलको समानको चम्किलो, आठ आठ अंगुलको छवटा बोसो रंङ्गको पत्थर लिएर आए ॥५५–५९॥

एउटा पत्थर फूल गमलाको ठीक माथि बीचमा राखेर अनि चारैतिर चारवटा पत्थर एउटा बाकसको ढंगले राखी महाऋद्धिमान् स्थविरहरुले बाँकी एउटा पत्थर बिर्कोको लागि लुकाएर राखे ॥६०–६१॥

राजाले त्यो धातुगर्भको बीचमा सबै प्रकारले मनोरम रत्नमय पिपलको रुख बनाउन लगायो । पिपलको रुखको फेद अठार रत्न उचाईको थियो अनि त्यसको पाँचवटा हाँगा थियो । त्यसको जरा मूगाले बनेको थियो अनि इन्द्रनील मणिमा बसाएको थियो । शुद्ध चाँदीबाट निर्मित, मणिका पातहरुले सुन्दरता दिएको फेद, पहेंलो रङ्गको सुनौला पातहरु तथा फलहरुसहितको मूंगाको अंकुर (टुसो) हरुले युक्त थियो ॥६२– ६४॥ यो फेदमा आठ मांगलिक चिन्ह[2], फूलको लहरा, चारखुट्टे जन्तुको लस्कर र हाँसहरुको पनि सुन्दर लस्कर थियो ।

---

१. उत्तरकुरु - हेर्नुहोस् १-१८ ।

२. आठ मंगलचिन्ह - हेर्नुहोस् २७-३७ ।

Downloaded from http://www.dhamma.digital

माथि वितान (सफा कपडा) चारैतिर छेउमा सबै ठाउँमा मोतीका स-साना घण्टीहरुको जाली, सुनौलो घण्टीको मालाहरुको पंक्ति थियो अनि वितानको चारै कुनामा पनि नौ नौ लाख मूल्य पर्ने मोतीको मालाहरुको गुच्छा झुण्डि रहेको थियो ॥६५–६७॥

रत्ननिर्मित सूर्य, चन्द्रमा, ताराहरु अनि अनेक प्रकारका कमलहरुको चित्र पनि वितानमा जडेको थियो । विविध प्रकारको एक हजार आठ भिन्न भिन्न रङ्गको बहुमल्य वस्त्र त्यो वितानमा झुण्डिरहेका थिए ॥६८–७९॥ पिपलको रुखको चारैतिर नाना प्रकारका रत्नहरुको वेदिका, भित्ताभित्र महामालक (?) मोतीहरुको सम्म सतह अनि पिपलको जरा चार प्रकारको वास आउने पानीले केही भरेका केहीखाली रत्न निर्मित कलशहरु राख्न लगायो ॥७०–७१॥

राजाले पिपलको रुखको पूर्वदिशामा ओछ्याएको एक करोड मूल्य पर्ने सिंहासनमा सुनले बनेको चम्किरहने बुद्धमूर्ति स्थापित गर्न लगायो । त्यो मूर्तिको भिन्न भिन्न अंग योग्यता अनुसारको नाना प्रकारको सुन्दर रत्नहरुले बनेका थिए ॥७२–७३॥

चाँदीको छाता लिएको **ब्रह्मा**, विजयुत्तर सङ्खसहित अभिषेक गर्ने व्यक्ति **इन्द्र**, हातमा वीणा लिएको **पञ्चसिख**, नाच्ने महिलाहरु सहितको **कालनाग** अनि आफ्ना नोकरहरु र हात्तीका साथमा हजार हात भएका **मार** त्यो समयमा त्यहीँ खडा थिए ॥७४–७५॥

पूर्वदिशामा बसेको हेर्दा आसनजस्तो, बाँकी सात दिशामा पनि एक एक करोड मूल्य पर्ने आसन राख्न लगाएको थियो । यस्तो ढंगले जसमा पिपलको रुख सर्वोपरि रह्यो, एक करोड मूल्यको एउटा रत्न जडेको ओछ्याउना लगाएको थियो ॥७६–७७॥ श्रद्धावान् राजाले सात हप्ता[1] मा घटेका घटनाहरु योग्यता अनुसारको ठाउँहरुमा सबै ठाउँमा नाटकको ढंगमा नाटक गराउन लगायो । ब्रह्मयाचना पनि गराउन लगायो । धर्मचक्र प्रवर्तन, यशको प्रव्रज्या[2], भद्रवर्गीयको प्रव्रज्या, जटिलहरुको सुधार, राजा **बिम्बिसार** कहाँ जानु, **राजगृहमा** प्रवेश गर्नु, **वेणुवन** ग्रंहण, अस्सी श्रावकसहित **कपिलवस्तु** गमन, अनि त्यहाँ रत्न चंक्रमण (प्रातिहार्य देखाउनु), **राहुल** र **नन्दको** प्रवज्या, **जेतवन** ग्रहण, **अम्बवृक्ष**को फेदमा प्रतिहार्य देखाउनु, त्रयस्त्रिंश लोकमा धर्मोपदेश, देवताहरु तल ओर्लदाखेरिको प्रतिहार्य तथा स्थविरलाई प्रश्नहरुको भेटी[3], महासमय सुत्त[4], राहुललाई दिएको उपदेश,

---

**१. सात सप्ताह - बुद्धत्व प्राप्तिपछि सात हप्तासम्म भगवान् बोधिवृक्ष र त्यसैको वरिपरि बस्नुभएका थिए ।**

**२. प्रव्रज्या - भगवान्को जीवनको भिन्नभिन्न घटनाहरु ।**

**३. भेटी - दीघनिकायको बीसौं सुत्त ।**

**४. महासमय सुत्त - सुत्तनिपातको सोन्हौं सुत्त ।**

Downloaded from http://www.dhamma.digital

**महामंगलसुत्त**[1], **धनपाल** हात्तीसित भेट, **आलवक** यक्ष, **अंगुलीमाल** डांकु र **अपलाल** नागराजको दमन, पारायनक ब्राह्मणहरुसित भेट, जीवन त्याग, सूकर मद्दव ग्रहण, दुई सुनौलो वस्त्र ग्रहण, पवित्र जल पिउने काम, महापरिनिर्वाण, देवताहरु र मानिसहरुको विलाप, **काश्यप** स्थविरको चरणवन्दना, अग्नि दहन क्रिया, निर्वाण, पूजा, द्रोण ब्राह्मण द्वारा बुद्धधातु (=भगवान्‌को शरीरको अस्थिहरु) बाँड्ने काम अनि धेरै किसिमका श्रद्धा जगाउने जातक कथाहरु भन्न लगायो ॥७८–८७॥ वेस्सन्तर जातक त बढी विस्तारले भन्न लगायो अनि यसरी तुषित लोकबाट सुरु गरेर बोधिमण्डपसम्मको लीला गर्न लगायो ॥८८॥

तुषित लोकका चार महाराज[1], तेत्तीस देवपुत्र र बत्तीस देवकन्याहरु, अठाईस यक्ष सेनापति जसका माथि हात उठाई राखेको देवता, फूलले भरेको कलश, नाच्ने देवता, तुरही बाजा बजाउने देवता, हातमा ऐना भएको देवता, फूल र हाँगाहरु बोकेका देवता, कमल इत्यादि लिएको देवता, अरु पनि अनेक प्रकारका देवता, रत्न मालाहरुको पंक्तिहरु, धर्मचक्रका पंक्तिहरु, खड्ग लिएका देवताहरुको लाइन अनि पात्र धारी देवताहरुको पंक्ति चित्रित थिए ॥८९—९२॥

तिनका माथि पाँच पाँच हात उचाईका सुगन्धित तेलले भरिएका पात्र थिए जसमा सलेतोको बत्ती सँधै बलिरहन्थ्यो । स्फटिक मणिको धनु अकारको खाकाको चारै कुनामा एक एकवटा महामणि र चार कुनामा सुन, मणि, मोती र हीराका चारवटा चम्किने थुप्रा थिए । बोसो रङ्गको पत्थरको भित्ताहरुमा धातुगर्भलाई (भित्रका कोठाहरु) सजाउने, चट्याङ पर्दा हुने सेतो विजुलीको जस्तो बाङ्गा टिङ्गा धर्काहरु कोरिएका थिए । राजाले त्यो सुन्दर धातुगर्भमा खँदिलो सुनले सबै प्रकारका मुर्तिहरु बनाउन लगायो ॥९३–९७॥

Dhamma.Digital

महामतिमान्, षडभिज्ञ **इन्द्र गुत्त** स्थविरले कर्माधिष्ठाता भएर यी सबै काम यसरी उचित रीतले गरायो ॥९८॥ यी सबै काम राजा, देवताहरु अनि आर्यपुरुषहरुको ऋद्धिबलले बिनाबाधा सकियो ॥९९॥

पूजनीय, लोकुत्तर, अन्धकाररहित जीवमान् तथागतको पूजा गरेर तथा जनहितको लागि फैलाएको उनको धातुको पूजा गरेर श्रद्धागुणले युक्त, बुद्धिमान् पुरुषले उनको शरीरको धातुको पूजाको तथा उनको पूजाको पुण्य एक समान छन् भनि सम्भिएर जीवित सुगतलाई जस्तै उनको शरीर धातुलाई सम्यक् पूजा गर्नूहोस् ॥१००॥ सज्जनहरुको प्रसाद र वैराग्यको लागि रचित महावंशको 'धातु गर्भरचना' नामको त्रिंश परिच्छेद ।

---

**१. महामंगल सुत्त -हेर्नुहोस् वेस्सन्तर जातक ( ५३८ ) ।**

**२. चार महाराजा -हेर्नुहोस् १-३२ ।**

Downloaded from http://www.dhamma.digital

# एकत्रिंश परिच्छेद

## धातु निधान

धातुगर्भ[1] सम्बन्धी कामको समाप्तिपछि शत्रुहरुलाई दमन गर्ने राजाले संघलाई एकत्र गरेर यस्तो निवेदन गर्‍यो" भन्ते ! मैले धातुगर्भ सम्बन्धी काम सक्न लगाएँ अब भोलि धातु स्थापन गराउन लगाउनेछु । धातुहरु पाउनेबारे चाँहि तपाई जान्नुहोस्" ॥१–२॥

यसो भनेर महाराजले नगरमा प्रवेश गर्‍यो अनि भिक्षुसंघले धातु ल्याउन सक्ने योग्य भिक्षुबारे विचार गर्‍यो । उनले पूजा **परिवेण निवासी षडभिज्ञ सोनुत्तर** नामको सन्न्यासीलाई धातु ल्याउने काममा खटाउनुभयो ॥३–४॥

नाथ (= बुद्ध ) लोक हितार्थ घुमेर हिँड्दाको अवस्थामा **नन्दुत्तर** नामको विद्यार्थीले भगवान् बुद्धलाई संघसहित **गंगातटमा** निमन्त्रित गरेर भोजन गरायो । संघसहित शास्ता (बुद्ध) **प्रयाग**[2]को घाटमा नाउ चढ्नुभयो ॥५–६॥

त्यो समयमा महाऋद्धिमान् षडभिज्ञ भद्दजी स्थविरले पानीको भुमरी पर्ने ठाउँ देखेर भिक्षुहरुलाई भन्यो "**महापनाद**राजा को नामले म पूर्वजन्ममा जुन महलमा बस्थेँ त्यो पच्चीस योजनको स्वर्णमय महल त्यहाँ डुबेको छ । त्यो ठाउँमा पुग्दा गंगाको पानी भुमरी पर्छ" । भिक्षुहरुले उसको विश्वास नगरेर यो कुरो शास्ता बुद्धलाई निवेदन गर्‍यो ॥७–९॥ शास्ताले भन्नुभयो, "भिक्षुगण शंका निवारण गर" । त्यो **भद्दजी स्थविरले बह्मलोकमा** पनि आफ्नो वंशको सामर्थ्यमा प्रकट गर्नको लागि **ऋद्धि** बलद्वारा आकाशमा गएर त्यहाँ सातवटा ताडको उचाईमा बसेर, ब्रह्मलोकमा भएको **दुस्सस्तूप**लाई आफुले बढाएको हातमा राखेर त्यो पृथ्वीमा ल्याएर मानिसहरुलाई देखायो । फेरि त्यसलाई त्यहीँ लगेर पहिलेको उही ठाउँमा राखेर त्यो स्थविर ऋद्धि बलले गंगामा ओर्लियो । त्यहाँ खुट्टाको बूढीऔंलाले महलको कलश समातेर महलजतिकै अग्लो उठाएर मानिसहरुलाई देखाएर फेरि त्यसलाई उनले त्यहीँ फ्याँकिदिए ॥१०–१३॥

---

**१. धातुगर्भ - स्तूपभित्र धातु (अस्थि) राख्ने माटोभित्र बनाएको घर वा कोठा ।**

**२. प्रयाग - गंगा र यमुना नदीको पानी मिसिएको दोभान, वर्तमान इलाहावाद ।**

Downloaded from http://www.dhamma.digital

विद्यार्थी **नन्दुत्तर**ले त्यो चमत्कार देखेर इच्छा गऱ्यो "म अरुको अधीनको धातु ल्याउन समर्थ हुन सकूँ" । त्यसैले सोन्ह वर्ष उमेर पुगेको मात्र भए पनि संघले **सोणुत्तर** यतिलाई नै त्यो धातु ल्याउने काममा खटायो ॥१४–१५॥

उसले संघलाई सोध्यो, "धातु कहाँबाट ल्याउनुपर्ने हो ?" संघले त्यो स्थविरलाई ती धातुहरुको बारेमा भन्नुभयो, परिनिर्वाणको समयमा खाटमा ढल्किएको लोकनायक बुद्धले आफ्नो शरीरको धातुले पनि लोक हित गर्नको लागि देवेन्द्रलाई भन्नुभयो, "हे देवेन्द्र ! मेरो शरीर धातुको आठ दुना (दोण) मध्ये एक दुना शरीरधातु पहिले **रामगाम**वासी **कोलियहरु**द्वारा सत्कृत (सत्कार गरिनु) होस् त्यसपछि **नागलोक**मा नागहरुद्वारा आदृत (पूजित) भएपछि मात्र अन्तमा लंका द्वीपको महास्तूपमा प्रतिष्ठित हुनेछ" ॥१६–१९॥

दीर्घदर्शी महामति **महाकाश्यप**[1] स्थविरले भविष्यमा राजा **धर्माशोक**द्वारा गरिने धातु विस्तारको कारण राजा अजातशत्रुको मुख्य नगर **राजगृह**को नजिक एउटा राम्रोसित सुरक्षित महाधातु निधान बनाउन लगायो । बुद्धका सातै दुना भिन्न भिन्न ठाउँबाट मागिपठायो । शास्ता (बुद्धलाई मनको कुरा थाहा हुने हुनाले रामग्रामको मात्र दुना मागिपठाएन । त्यो महाधातु निधान देखेर महाराज धर्माशोकले **रामगामबाट** आठौँ दुना पनि माग्ने विचार गऱ्यो । त्यो समयमा क्षीणास्रव यतिहरुले धर्माशोकलाई भने, "यो **धातु (लंका**को) महास्तूप निधान गर्नको लागि जिन बुद्धले नियम बनाइदिई सक्नु भएको छ" । उनीबाट धातु मागि पठाउने कुरो रोकिदियो ॥२०–२४॥

**रामग्राम**को स्तूप **गंगा** नदी[2]को किनारमा बनाएको थियो । त्यो गंगा नदीमा बाढी आउँदा भत्कियो । चम्किलो धातुको बाकस (पेटारो, करण्ड) बगेर गई समुद्रमा पस्दा दुई भागमा भङ्गालो बनेको ठाउँमा नाना रत्न जडित सिंहासनमा आएर स्थिर भएर बस्यो ॥२५–२६॥

नागहरुले त्यो धातुको बाकस देखेर राजा **कालनाग**को **मंजेरिक** नागभवनमा पुगेर राजालाई निवेदन गऱ्यो । राजाले दस हजार करोड नागसहित त्यो धातुको पूजा गरेर त्यसलाई आफ्नो भवनमा लिएर गएर त्यहाँ सबै प्रकारका रत्नहरुले भरेको स्तूप बनाउन लगायो । त्यो (स्तूप)मा एउटा घर बनाईदिएर उसले नागहरुसहित सँधै आदरपूर्वक सर्वज्ञ धातुको पूजा गराउँदै बस्यो ॥२७–२९॥

---

**१. महाकाश्यप - भगवान् (बुद्ध) को परिनिर्वाणपछि पहिलो संगीतिको अध्यक्षता गर्नुहुने व्यक्ति ।**

**२. गङ्गा नदी - ह्यूनसाङले रामग्राम कपिलवस्तुदेखि ६०० ली (७५ माइल) पूर्व पर्छ भनेर लेखेको छ । यो कुराले रामग्राम गंगानदीको किनारमा थियो भन्न सकिन्न । तर पालीमा गंगा नदीको नजिक पर्छ भनेर उल्लेख गरेका छन् ।**

Downloaded from http://www.dhamma.digital

"त्यहाँ **नागलोक**मा बढी नै रक्षा गर्ने काम हुन्छ । त्यहाँ गएर धातु लिएर आऊ । राजाले भोलि धातु स्थापना गर्नेछ" ॥३०॥

यसरी संघबाट आज्ञा पाएर त्यो यतिले 'साधु' (राम्रो) भनेर जानको लागि उपयुक्त समय विचार गर्दै आफ्नो परिवेणमा गयो । राजाले सबै नगरमा ढोल बजाएर घोषणा गर्न लगायो, 'भोलि धातु स्थापना हुनेछ' । त्यही घोषणाद्वारा सबै आवश्यक कामको विधान गर्न लगायो । सबै नगर र त्यहाँ महाविहारसम्म आउने सोझोसडकहरु राम्रो तरिकाले सिँगार्ने काम लगाएर, नागरवासीलाई पनि गरगहनाले सिगार्ने कामगराए । देवेन्द्र **शक्र**ले **विश्वकर्मा**लाई निमन्त्रित गरेर ऊद्वारा अनेक प्रकारले सम्पूर्ण **लंका**द्वीप सिँगार्न लगायो ॥३१–३४॥ राजाले नगरको चारै ढोकामा जनसाधारणको लागि उपयोगी वस्त्र खाद्यपदार्थ राख्न लगायो ॥३५॥

पन्ध्रौं अथवा उपोसथको दिन अपरान्ह समय राजकाजमा दक्ष प्रसन्न मनको, सम्पूर्ण गरगहना लगाएर सिगारिएको राजा सबै नर्तकीहरु, हात हतियारसहितका लडाकुहरु सेनासहित सबै प्रकारले सिँगारेका हात्ती, घोडा, र रथहरुले चारैतिरबाट घेरिएका, चारवटा सेतो सैन्धव[1] घोडा भएका सुन्दर रथमा चढेर, गहनाले सजाएका शुभ **कण्डुल** नामको हात्तीलाई अघाडि राखेर, श्वेत छत्रको मुनि, सुनको कँडाली लिएर धातुको प्रतीक्षा गर्दै बसिरह्यो ॥३६–३९॥ पानीले भरिएका सुन्दर कलश बोकेका एक हजार आठ नागरिक महिलाहरु रथको चारैतिर खडा भए । त्यति नै संख्याको महिलाहरुले विभिन्न प्रकारका फूलहरुको र त्यति नै महिलाहरुले समात्ने डण्डी भएको दियो बत्ती बोके । राम्रोसित गहनाले सिँगारिएका एक हजार आठ बालक रङ्गीचङ्गी सुन्दर ध्वजाहरु लिएर रथको चारैतिर खडा भए ॥४०–४२॥ धेरै प्रकारका बाजा, हात्ती, घोडा तथा रथको आवाजले धरातल भेद गरेझैं मेघवनतिर जाँदै गरेको राजाले नन्दनवनतिर जाँदै गरेको इन्द्र समानको शोभा प्राप्त गऱ्यो ॥४३–४४॥

राजा जाने बेलामा नगरमा तुरही बाजाको ठूलो आवाज सुनेर परिवेणमा बसिरहेको सन्न्यासी सोणुत्तर जमिनमा डुबुल्की लगाएर नाग मन्दिरमा पुग्यो त्यहाँ तुरुन्तै नागराजको अगाडि प्रकट भयो । नागराजले उठेर अभिवादन गऱ्यो । त्यसपछि सिँहासनमा बसाएर सत्कार गरेर सोध्यो, "कुन देशबाट पाल्नुभयो ?" यो कुरो भनेपछि फेरि स्थविर आउनु परेको कारण सोध्यो । स्थविरले सबै वृतान्त भनेर संघको समाचार भन्यो । "महास्तूप स्थापना गर्नको लागि बुद्धले जुन धातुलाई उपयुक्त ठहऱ्याउनुभयो, त्यो धातु तिमीसित छ । त्यसकारण त्यो धातु मलाई देऊ " ॥४५–४९॥

---

**१. सैन्धव -सिन्धु देशको घोडा ।**

Downloaded from http://www.dhamma.digital

त्यो कुरो सुनेर राजाको चित्त धेरै खिन्न भयो । उसले के बुझे भने श्रमणले बल प्रयोग गरेर भए पनि (धातु) लिन समर्थ छ । त्यो ठाउँबाट कुनै अर्को ठाउँमा लिएर जाने कुरो सोचेर उभिराखेको भानिजलाई संकेत गऱ्यो ॥५०–५१॥

त्यो भानिजको नाम **वासुलदत्त** थियो । संकेत गरेको बुझेर त्यो चैत्य भएको ठाउँमा पुग्यो । त्यो धातु राखेको बाकस निलेर त्यहाँबाट **सिनेरु**[1] पहाडको फेदीमा गएर बिँडाजस्तो एक डल्लो भएर सुत्यो । त्यसको लम्बाई तीन सय योजन र पातोको तिखो भाग योजनभर चौडाईको थियो ॥५२–५३॥

त्यो महा**ऋद्धि**सम्पन्न नागले ऋद्धि बलले हजारौं फना उत्पन्न गऱ्यो अनि ती फनाद्वारा सुतिसुति धूवाँ र आगो निकाल्न थाल्यो । सुतिसुति नागराजले आफूजस्तै हजारौं नाग उत्पन्न गरेर आफ्नो वरिपरि चारैदिशामा सुताइराख्यो । त्यो समयमा दुई नाग[2]को लडाईं हेर्नको लागि धेरै नाग र देवताहरु त्यहाँ ओइरिए ॥५३–५६॥ मामाले धातु भानिजबाट हटाएको छ भन्ने कुरा थाहा पाएर स्थविरलाई भन्यो, "धातु मसँग छैन" । स्थविरले सुरुदेखि धातु आगमनको सबै वृतान्त नागराजलाई सुनाएर भन्यो, "धातु दे" ॥५७–५८॥

अर्को तरिकाले खुशी बनाउने विचारले राजाले स्थविरलाई चैत्य भएको घरमा लिएर गयो । त्यहाँ गएर स्थविरसित कुरा गऱ्यो, "हे भिक्षु ! धेरै प्रकारका धेरै रत्नहरुले बनेको यो चैत्य र यो चैत्य घर हेर्नुहोस् । सम्पूर्ण लंकाद्वीपको सारा रत्न यो चैत्य घरको भऱ्यांगको खुड्किलोको मूल्यको होईन, अरुहरुको त भन्नु नै के छ र ? हे भिक्षु ! यो महा सत्कारको ठाउँबाट हटाएर धातुलाई थोरै सत्कार हुने ठाउँमा लिएर जान उचित छैन " ॥५९–६२॥

"हे नाग ! तिमीहरुलाई चार आर्य सत्य[3] को ज्ञान हुन सक्तैन । त्यसैले धातुलाई त्यहाँ जहाँ मानिसहरुलाई चारआर्य सत्यको अवबोध हुन्छ त्यहाँ लैजानु नै उचित छ । संसारलाई दुःखबाट मुक्त गर्नको लागि नै तथागत उत्पन्न हुन्छन् । यो धातु लैजाने कुरामा तथागतको इच्छा मिलेको छ । त्यसैले म धातु लिएर जानेछु । राजाले आजै धातु स्थापना गर्नेछ । त्यसैले ढिलो नगरी मलाई चाँडो धातु दे" ॥६३–६५॥

नागले भन्यो, "भन्ते ! यदि तिमीले धातु देखेको छौ भने लिएर जाऊ" । स्थविरले नागलाई तीनपटक यो वाक्य भन्न लगायो । त्यसपछि स्थविरले त्यहीँ उभिएर

---

**१. सिनेरु - पौराणिक सुमेरु पर्वत ।**

**२. नाग - नाग शब्द संयमी र सर्प दुवै अर्थमा प्रयुक्त भएको छ ।**

**३. आर्य सत्य - (१) दुःख सत्य, (२) दुःखसमुदय, (३) दुःखनिरोध र (४) दुःखनिरोध गामिनी प्रतिपद ।**

Downloaded from http://www.dhamma.digital

ऋद्धिबलले हात सानो बनाएर त्यो भान्जाको मुखमा हात पसाएर धातुको बाकस निकाल्यो । धातुको बाकस लिएर "बस है" नाग भन्यो अनि पृथ्वीमा डुबुल्की लगाएर परिवेणमा उत्रियो । नागराजाले "भिक्षुलाई हामीले ठग्यौं अनि त्यो हिँड्यो" भनी सम्झिएर भानिजलाई धातु फिर्ता लिएर आउनको लागि खबर पठायो । भानिजले आफ्नो भुँडीमा धातुको बाकस नभएको देखेर रुँदै छाती पिट्दै आएर मामालाई विन्ती चढायो ॥६६–७०॥ "त्यसो भए हामी नै ठगियौं" भनेर थाहा भएपछि नागराज पनि विलाप गर्न लाग्यो । बाँकी नागहरु पनि एकत्रित भएर विलाप गर्न लागे ॥७१॥ भिक्षुनाग[1]को विजयले खुशी भएका देवताहरु धातुको पूजा गर्दै धातुको साथमा आए ॥७२॥ धातु हरणले दुःखी भएका नागहरु संघको नजिक आएर अनेक प्रकारले विलाप गरे । संघले तिनीहरुमाथि अनुकम्पा राखेर उनीहरुलाई अलिकति धातु दिएर पठायो । तिनीहरु त्यसले सन्तुष्ट भए अनि गएर पूजाका चीजहरु लिएर आए ॥७३–७४॥

**शक्रइन्द्र** रत्न सिंहासन र सुनको कँडाली लिएर देवताहरुसहित त्यो ठाउँमा गयो ॥७५॥ स्थविर पृथ्वीबाट माथि आउने ठाउँमा **विश्वकर्मा**बाट बनाइएको शुभ रत्न मण्डपमा सिंहासन स्थापित गर्न लगाएर, स्थविरको हातबाट धातुको बाकस लिएर कँडालीमा राखेर त्यसलाई सिहासनमा स्थापित गऱ्यो । **ब्रह्माले** छत्र धारण गऱ्यो । **सन्तुषित देवपुत्र**ले व्यञ्जन, **सुयाम** देवपुत्रले मणि निर्मित सानो पंखा र शक्रले पानीसहित **शंख**लियो । चारैजना महाराज[2] ले हातमा खड्ग लिएर उभिएका थिए । महाऋद्धि प्राप्त तेत्तीस देवपुत्र हातमा डालो लिएका, पारिजातको फूलले पूजा गर्दै त्यहाँ पुगे । बत्तीसजना कुमारीहरुले समात्ने डण्डी भएको दियोको बत्ती लिएर उभिएका थिए ॥७६–८०॥ बदमास यक्षहरुलाई हटाएर, अठाईस यक्ष सेनापति त्यहाँ रक्षाको लागि उभिएका थिए ॥८१॥ **पञ्चशिख** त्यहाँ वीणा बजाउँदै उभिएको थियो अनि तिम्बरु रंगभूमि (रङमञ्च) बनेपछि बाजा बजाईरहेको थियो । धेरैको सङ्ख्यामा देवपुत्रहरुले राम्रा गीत गाइरहेका थिए अनि महाकाल नागराजले धेरै प्रकारले स्तुति गरिरहेको थियो ॥८२–८३॥ दिव्य बाजाहरु बजिरहेका थिए । दिव्य संगीत भइरहेको थियो अनि देवताहरुले दिव्य सुगन्धित वस्तुहरुको वर्षा गरिरहेका थिए ॥८४॥

**इन्द्रगुप्त** स्थविरले मारलाई हटाउनको लागि घेरा भएको फलामको छाता बनाउन लगायो । भिक्षुहरुले भिन्न भिन्न पाँच ठाउँमा धातुको अगाडि गणस्वाध्याय[3] गरे ॥८५–८६॥

---

**१. भिक्षुनाग - भिक्षुहरुमा जो नागतुल्य थियो ।**

**२. चारै महाराजा - हेर्नुहोस् १- ३२ ।**

**३. गणस्वाध्याय - भिक्षुहरुले एक साथ मिलेर सूत्र पाठ गर्ने काम ।**

Downloaded from http://www.dhamma.digital

मन खुशी भएको महाराज **दुष्टग्रामणी** त्यहाँ आयो अनि टाउकोमा राखेर ल्याएको स्वर्णमय कँडालीमा धातु भएको कँडाली राखेर त्यसपछि त्यसलाई आसनमा राखेर धातुको पूजा र वन्दना गरेर त्यहीँ दुई हात जोडेर उभिरह्यो ॥८७–८८॥

दिव्य छत्र आदि, दिव्य सुगन्धित वस्तु आदि देख्यो अनि दिव्य बाजाहरुको आवाज सुन्यो तर ब्रह्म देवताहरुलाई नदेखेर आश्चर्यचकित र सन्तुष्ट भए । क्षत्रिय राजाले धातुहरुलाई लंका राज्यमा अभिषिक्त गरेर तिनमाथि राजछत्र राख्यो ॥८९–९०॥

"दिव्य छत्र, मनुष्यछत्र र विमुक्ति छत्र धारण गर्ने त्रिछत्रधारी लोकनाथ, शास्ता बुद्धलाई म तीनपटक आफ्नोराज्य अर्पण गर्छु" भनेर त्यो मन खुशी भएको राजाले तीनपटक लंकाको राज्य धातुलाई दियो ॥९१–९२॥

देवताहरु र मानिसहरुसहित राजाले धातुहरुको पूजा गरिएका ती कँडालीसहित टाउकोमा राख्यो । त्यसपछि भिक्खुसंघसित मिलेको राजाले स्तूपको परिक्रमा गरेर पूर्वतिरबाट स्तूपमा चढेर धातुगर्भ भएको ठाउँमा ओर्लियो ॥९३–९४॥ छयानब्बे करोड अर्हत्‌ले स्तूपलाई चारैतिरबाट घेरेर हात जोडेर खडा भएका थिए ॥९५॥ मन खुशी भएको राजाले जुन समयमा सोच्न लाग्यो" म यी धातुहरुलाई सुन्दर, मूल्यवान् सिहासनमा बसाउनेछु" । त्यो समयमा कँडालीसहितको धातु राजाको शिरबाट उडेर आकाशमा सातवटा ताड बराबरको उचाइमा गएर बस्यो । बाकस आफैं खुल्यो । त्यसबाट धातु निक्ले अनि ती धातुहरुले बत्तीस लक्षण तथा अस्सी अनुव्यजनले युक्त सुन्दर बुद्धरुप धारण गरेर, बुद्धजस्तै जीवित अवस्थामा गंडम्बरुखको फेदमा बसेको बुद्धद्वारा आच्छादित **यमकप्रातिहार्य** देखायो ॥९६–९९॥ यो प्रातिहार्य हेरेर खुशी एक चित्त गरेका बाह्र करोड देवताहरु र मानिसहरुले अर्हत्व प्राप्त गरे ॥१००॥ बाँकी देवताहरु र मानिसहरुलाई तीनवटै फल[1] प्राप्त भयो भने मार्गफल प्राप्त गर्नेहरुको सङ्ख्या त गिन्ती नै थिएन । त्यतिबेला ती धातुहरुले बुद्ध भेष त्यागेर बाकसमा गएर स्थापित भए । त्यहाँबाट ओर्लिएर धातुको कँडाली राजाको शिरमा आएर बस्यो ।

**इन्द्रगुप्त** स्थविर र नर्तकीहरुको साथमा धातुगर्भको चारैतिर घुमेर ज्योतिधर राजाले सुन्दर सिहासनको नजिक पुगेर कँडालीलाई सुनको सिहासनमा स्थापित गऱ्यो । त्यसपछि त्यो गौरवयुक्त महाजन हितैषी राजाले बास आउने पानीले हात धुएर चार

---

**१. तीन फल -स्रोतापत्ति, सकृदागामि , अनागामि ।**

Downloaded from http://www.dhamma.digital

प्रकारको सुगन्धित पदार्थ हातमा धसेर बाकस खोली धातु निकालेर सोच्यो "यदि धातुहरुले कुनै बाधा नदिई मानिसहरुको लागि शरण दाताको रुपमा बसे भने यी धातुहरु यहाँ राम्रोसित ओछ्याएको बहुमूल्य शयनासनमा शास्ता बुद्ध महापरिनिर्वाण मण्डपमा सुतेको आकारमा सुतून् ।" यो सोचेर राजाले धातुहरुलाई उत्तम शयनमा राख्यो । धातुहरु ओछ्यानमा त्यही अनुसार सुत्यो ॥१०१–१०८॥

यसरी आषाढ महिनाको शुक्लपक्षको पूर्णिमामा उपोसथको दिन उत्तर आषाढ नक्षत्रको समयमा धातुहरुको प्रतिष्ठा भयो ॥१०९–११०॥

मन खुशी भएको राजाले श्वेतछत्रले धातुको पूजा गऱ्यो अनि सात दिनसम्म सम्पूर्ण लंकाको राज्य धातुलाई अर्पण गऱ्यो ॥१११॥

राजाले शरीरमा भएका सबै गहना धातुगर्भमा चढायो । नाच्ने महिलाहरु, मन्त्रीहरु, अनुयायीहरु र देवताहरुले पनि त्यसै गरे ॥११२॥

संघलाई वस्त्र, खुदो, घिउ आदि चीजहरु दिइसकेपछि राजाले भिक्षुहरुबाट रातभरि 'गण स्वाध्याय' गरायो । त्यसपछि दिउँसो जनहितैषी राजाले 'सबै प्रजाहरुले हप्ता दिनसम्म धातुको पूजा गर्नू' भनेर नगरमा ढोल बजाउन लगाएर घोषणा गरायो ॥११३–११४॥

महाऋद्धिवान् **इन्द्रगुप्त** महास्थविरले संकल्प गऱ्यो "लंकाद्वीपमा जति मानिसहरुले धातु वन्दनाको कामना राखेकाछन् उनीहरु सबै यसैबेला यहाँ आएर धातुलाई वन्दना गरेर आ-आफ्ना घर जाऊन्" । ती सबै संकल्प गरेअनुसार भयो ॥११५–११६॥

महायशस्वी महाराजले महाभिक्षुसंघलाई लगातार हप्तादिनसम्म महादान दिइसके पछि भन्यो, "धातुगर्भको भित्रको मैले गर्नुपर्ने सबै काम सकें अब धातुगर्भ वन्द गर्नेबारे संघले जानून् ॥११७–११८॥

संघले ती दुई श्रामणेर[१] लाई त्यो काममा खटायो । श्रामणेरहरुले ल्याएका पत्थरले धातुगर्भ वन्द गर्ने काम भयो ॥११९॥

त्यो समयमा त्यहाँ बसेका सबै क्षीणास्रवहरुले संकल्प गरे "यी फूलका मालाहरु नओइलिऊन्, सुगन्धित पदार्थहरु नसुकून्, दियो ननिभून् अनि केही पनि नाश नहोस् । यी छ बोसो रङ्गका पत्थरहरु सदा संयुक्तरुपमा रहून्" ॥१२०-१२१।

हितैषी राजाले मानिसरुलाई आज्ञा दियो, "यहाँ ती यथाशक्तिले धातु निधान (स्थापना) गर्नुहोस्" । त्यो महाधातु निधानको माथि प्रजाले यथाशक्तिले हजार

---

**१. दुई श्रामणेर - उत्तर र सुमन (३०-५७) ।**

Downloaded from http://www.dhamma.digital

धातुहरुको निधान गरे ॥१२२–१२३॥ राजाले ती सबैलाई एकसाथ छोपेर स्तूपको निर्माणको काम सक्यो ॥१२४॥ अनि चैत्यको **चतुरसच्चय**[1] निर्माणको काम पनि सक्यो ।

यसरी बुद्ध अचिन्त्य (बुझ्न नसकिने) हुनुहुन्छ, बुद्ध धर्म पनि अचिन्त्य छ अनि अचिन्त्यमा श्रद्धा राख्ने फल पनि अचिन्त्य छ ॥१२५॥

यसरी शुद्ध चित्त, शान्त (पुरुष) सबै विभवहरुमा उत्तम विभव (निर्वाण) प्राप्तिको लागि स्वयम् मल (क्लेश) रहित पुण्य कर्म गर्नुहुन्छन् अनि नाना प्रकारका विशेष जन समाजलाई अनुयायी बनाउनको लागि अरुबाट पनि गराइ रहनुहोस् ।

सज्जनहरुको प्रसाद र वैराग्यको लागि रचित महावंशको 'धातु निधान' नामको एकत्रिंश परिच्छेद ।

Dhamma.Digital

---

१. चतुरस्सचय - चैत्य माथिको चारकुने मण्डप ।

Downloaded from http://www.dhamma.digital

# द्वात्रिंश परिच्छेद

## तुषितपुर गमन

चैत्यको छाता बनाउन लगाउने काम र चूना पोत्न लगाउने काम सकिनुभन्दा पहिले नै राजा **दुष्टग्रामणी**लाई मरणान्तक हुने रोगले नछोड्ने गरी रोगले समात्यो ॥१॥ उसले आफ्नो भाइ **तिस्सलाई दीर्घवापी** बोलाएर भन्यो, "स्तूपको भइसकेको काम सक्न लगाऊ" ॥२॥

भाइको दुर्बलताको कारण **तिस्सले** दमाईबाट सेतो लुगाको खोल बनाउन लगाएर त्यसले चैत्य छोप्न लगायो । चित्रकारहरुले त्यो वस्त्रमा सुन्दर वेदिकाहरु, पूर्णकलशको चित्रको पंक्ति र पाँच औंलाको पंक्तिको चित्र बनाउन लगायो । बाँसको काम गर्नेहरुबाट बाँसको छाता बनाउन लगायो । वेदिकाको माभमा खरपत्र (?) ले चन्द्र र सूर्यबनाउन लगायो ॥३–५॥ चैत्यलाई लाहा र कुंकुट्ठ (?)ले राम्रोसित चित्र बनाउन लगाएर राजालाई निवेदन गऱ्यो – "स्तूपसम्बन्धी काम सकियो" ॥६॥

राजा शिविका (डोली) मा सुतेर त्यहाँ आयो, शिविकामै बसेर चैत्यको वरिपरि **प्रदक्षिणा** गरिसकेपछि दक्षिणपट्टिको ढोकामा पुगेर वन्दना गऱ्यो । त्यसपछि भिक्षुसंघ द्वारा घेरिएका राजा दायाँतर्फ कोल्टो फेरेर सुतेरै उत्तम महास्तूपलाई अनि वायाँतर्फ कोल्टो फेरेर उत्तम लोह प्रासादलाई हेरेर खुशी भयो ॥७–९॥

राजाको स्वास्थ्यबारेको हालत बुभ्नको लागि सबै ठाउँको गरेर छयानब्बे करोड भिक्षु आए । भिक्षुहरुले श्रेणीवद्ध (नियमअनुसार पंक्तिबद्ध) भएर 'गणस्वाध्याय' गरे । त्यहाँ त्यो सभामा **स्थविरपुत्र अभय** स्थविरको उपस्थित भएको नदेखेर राजाले सोच्यो, "यो **स्थविरपुत्र** अभय जो अठाईस महायुद्धमा मेरो साथी भएर नहारिकन लडिरह्यो, पछि हट्तेन । अहिले मृत्यु र लडाईको उपस्थितिमा सम्भवतः मेरो हार हुने देखेर यहाँ नआएको हुन सक्छ । राजाले चिन्ता गरेको जानेर करिन्द नदीको शिरमा बसेको पन्चली पर्वत वासी स्थविर पाँच सय क्षीणास्रव भिक्षुहरुको साथमा ऋद्धिबलले आकाशको बाटो भएर आएर परिषद्को अगाडि देखा पऱ्यो ॥१०–१५॥

---

**१. करिन्द नदी - किरिन्दु ओय ।**

Downloaded from http://www.dhamma.digital

राजाले देखेर खुशी भयो अनि आफ्नो छेउमा बसाएर त्यसपछि भन्यो–"पहिले मैले तिमीहरु दस लडाकु साथमा लिएर लडाइँ गरेँ । अहिले मृत्युसित एक्लै लड्न सुरु गरेँ । यो शत्रुरुपी मृत्युलाई म हराउन सक्तिनँ" ॥१६–१७॥ स्थविरले भन्यो "महाराज ! नडराउनुहोस् शत्रुरुपी क्लेशलाई नजितीकन मत्यु शत्रुलाई जित्न सकिदैन । जति पनि संस्कार प्राप्त (निर्मित) हुन्छन् ती सबै नाशवान् छन् । सबै संस्कार अनित्य छन् । यो उपदेश शास्ता बुद्धले नै दिनुभएको हो ।[1] लाज र डर नभएको यो अनित्यता बुद्धहरुलाई पनि प्राप्त हुन्छ अर्थात् बुद्धहरुले पनि भोग्नुपर्ने हुन्छ । त्यसैले संस्कार अनित्य छ, दुःख छ र अनात्म छ भनेर यो सोच ॥१८–२०॥

"हे राजन् ! पछिल्लो जन्ममा पनि तँ ठूलो धर्मप्रेमी थिइस् । दिव्यलोक प्राप्ति अगाडि हुँदा पनि तैँले दिव्यसुख छोडेर यहाँ यो संसारमा आएर अनेक प्रकारको धेरै पुण्य गरिस् । तेरो एक छत्र राज्य पनि बुद्धशासनको प्रकाशको कारण भयो । हे महापुण्यवान् तैले आजको दिनसम्म पुण्य मात्र गर्दै बसिस् । यो कुरो सम्झना गर । तँलाई सिधै सुख प्राप्त हुनेछ" । स्थविरको वचन सुनेर राजा खुशी भयो अनि भन्यो 'निस्सन्देह यो द्वन्द युद्धमा पनि तपाई मेरो साथी रहनुभयो' ॥२१—२४॥ त्यतिबेला सन्तुष्ट भएको राजाले पुण्य पुस्तक झिकाएर वाचकलाई पढ्नको लागि भन्यो । त्यो वाचक (लेखक) ले पुस्तक पढिदियो ॥२५॥

"महाराजले उनान्सय विहार बनाउन लगायो । उन्नाईस करोड खर्च गरेर **मरीचवट्टी** विहार बनाउन लगायो उत्तम **लोह प्रसाद** तीस करोड खर्च गरेर, बीस करोड खर्च गरेर **महास्तूपसम्बन्धी** बहुमूल्य चीजहरु बुद्धिमान् नरेशले महास्तूप भित्रको अरु चीजहरुको मूल्य त एक हजार करोड लगाएर खर्च गऱ्यो ॥२६–२८॥

त्यसपछि **कोट** नामको पर्वतमा **अक्ख**[2] नामको अनिकालको समयमा प्रसन्न चित्त गरेको राजाले दुईओटा महामूल्यवान् कुण्डल (कानको गहना) दिएर पाँच क्षीणास्रव महास्थविरको लागि उत्तम कंगु-अम्बिल-पिण्ड (?) लिएर उनीहरुलाई दियो ॥२९–३०॥

"राजाले चुलङ्गण-युद्धमा हारेर भागेको समयमा भोजनको समय घोषणा गऱ्यो त्यतिबेला आफ्नो चिन्ता नगरी आकाश मार्ग भएर आउनुभएका क्षीणास्रव स्थविरलाई

---

**१. अनित्य संस्कार - अनिच्चा वत संखारा उप्पादवयधम्मिनो ।**

**उपज्जित्वा निरुज्झन्ति तेसं वुपसमो सुखो ॥ दी० नि० (संस्कार अनित्य छ । उत्पत्ति विनाश उसको धर्म हो । उत्पन्न भएर निरुद्ध हुन्छ । उसको शमन (दमन) सुख हो ।**

**२. अक्ख - जसमा अक्ख नामको अनिकालमा नरिवल खुवाएको छ ।**

Downloaded from http://www.dhamma.digital

पात्रमा ल्याएर भोजन दियो" । यति पढेपछि राजाले (आफैं) भन्यो – "**मिरिचवट्टी** विहारको पूजाको सप्ताहमा, लोहप्रासाद पूजाको सप्ताहमा, **महास्तूप** सुरु गर्दाको सप्ताहमा अनि धातु निधान गर्दाको सप्ताहमा मैले चारैदिशाका भिक्षु र भिक्षुणीसंघलाई कुनै किसिमको भेदभाउ नराखी एउटा बहुमूल्य महादान दिएँ" ॥३१–३४॥ चौबीसपटक महावैशाखको पूजा गराएँ अनि द्वीप भरिको संघ[1]लाई तीनपटक त्रिचीवर दिएँ ॥३५॥ प्रसन्न चित्तले मैले **लङ्का**द्वीपको यो राज्य पाँचपटक सात सात दिनको लागि बुद्ध शासनलाई अर्पित गरें ॥३६॥ सुगत बुद्धको पूजा गर्दा मैले घिउ र उज्यालो बत्तीको एक हजारवटा दियो बाऱ्ह ठाउँमा निरन्तर बाल्न लगाएँ ॥३७॥

"प्रत्येक दिन अट्ठार ठाउँमा मैले बिरामीहरुलाई वैद्यहरुद्वारा नियमित औषधी र उपयुक्त भोजन दिन लगाएँ ॥३८॥ चवालीस ठाउँमा महको खीर, त्यतिनै ठाउँमा तेलमा पकाएको भात, त्यति नै ठाउँमा घिउमा पकाएको महाजाल पूरी त्यसै गरी सँधै भातसित दिन लगाइयो ॥३९–४०॥ प्रत्येक महिना उपोसथको दिनहरुमा लंकाका आठ विहारमा दीप पूजाको लागि तेल दिन लगाएँ" ॥४१॥

"यो के सुनेर भने सांसारिक वस्तुहरुको दानभन्दा धर्मदान श्रेष्ठतर छ । मैले लोह प्रासादको तल संघको बीचमा संघलाई **मङ्गलसूत्र**[2]को उपदेश दिनको लागि आसनमा बसाएँ । तर संघको गौरवको कारण उपदेश दिन सकेन ॥४२–४३॥ त्यो समयदेखि सुरु गरेर मैले धर्मकथिकहरुलाई सत्कार गरेर उनीहरुद्वारा सबै ठाउँको विहारहरुमा धर्मोपदेश दिन लागाएँ । एक एक धर्मकथिकलाई मैले एक एक नाली घिउ, कन्दमूल (तरुल) र शक्खर दिन लगाएँ, चार अंगुल मोटाइको एक बिटो उखुको लाँक्रा र वस्त्र दिन लगाएँ । धन भएको अवस्थामा दिइएको यो सारा दानले पनि मेरो मन खुशी हुँदैन । दुर्गति (आपत्ति) मा प्राणको पनि वास्ता नगरिकन दिइएको दानहरुले मात्र मेरो मन प्रसन्न हुन्छ ।" यो कुरो सुनेर राजाको मन खुशी बनाउनको लागि अभय स्थविरले धेरैपटक ती दुवै दानको वर्णन गऱ्यो ॥४४-४८॥

ती पाँच स्थविरहरुमध्येका एकजना अमिलो भात लिने मलय महादेव स्थविरले सुमनकूट[3] (पर्वत) मा नौ सय भिक्षुहरुलाई भोजन दिएर पछि आफूले

---

१. **संघ - भिक्षुहरु र भिक्षुणीहरु दुवैथरीलाई ।**

२. **मंङ्गल सूत्र - सुत्तनिपातको सोह्रौं सूत्र ।**

३. **सुमनकूट - हेर्नुहोस् १-३३ ।**

Downloaded from http://www.dhamma.digital

भोजन गऱ्यो । पृथ्वी डगमगाईदिने धर्मगुप्त स्थविरले त कल्याणी विहार[1]का पाँच सय भिक्षुहरुलाई बराबर बाँडिसकेर पछि आफूले भोजन गऱ्यो । **तलङ्ग** निवासी **धम्मदिन्न** स्थविरले **पियङ्गुद्वीपका** बाऱ्हहजार भिक्षुहरुलाई भोजन दिएर पछि भोजन गऱ्यो । **मङ्गण** वासी महाऋद्धिमान् **खुद्दतिस्स** स्थविरले **केलाश** विहारका साठी हजार भिक्षुहरुलाई भोजन दिएर पछि आफूले भोजन गऱ्यो । महाव्यग्घ स्थविरले **उक्कनगर** विहारमा सात साय भिक्षुहरुलाई भोजन दिएर पछि आफूले भोजन गऱ्यो । माटाको कचौरामा भात लिने स्थविरले पियङ्गुद्वीपका बाऱ्ह हजार भिक्षुहरुलाई भोजन दिएर पछि आफूले भोजन गऱ्यो ॥४९–५५॥

यसरी वर्णन गरेर **अभय स्थविर**ले राजालाई खुशी पाऱ्यो । प्रसन्न चित्त गरेको राजाले स्थविरलाई भन्यो, "चौबीस वर्षसम्म मैले संघको उपकार गर्दै बसेँ । अब मेरो यो शरीर पनि संघको उपकारको लागि होस् । त्यसैले मलाई संघदास (संघको दास) को यो शरीर संघको कर्म मालक (संघको धार्मिक कार्य गर्ने ठाउँ) मा कुनै यस्तो ठाउँमा दहन गरियोस् जहाँबाट महास्तूप देख्न सकियोस्" ॥५६- ५८॥

त्यसपछि भाइलाई भन्यो, "हे **तिस्स** ! नसकिएको महास्तूपको बाँकी सबै काम आदरपूर्वक **सक्न** लगाउनु । आफैंले विहान त्यसमाथि फूल चढाउनू । अनि प्रत्येक दिनको तीनपटक त्यसको पूजा गर्न लगाउनू । सुगत शासनको सत्कारसम्बन्धी जुन काम मैले निश्चित गरेको छु ती सबै काम हे बाबु ! तिमीले अविच्छिन्नरुपले गर्दै बस्नू । संघसम्बन्धी काममा हे तात ! कहिले पनि अल्छी नमान्नू । यसरी भाइलाई अनुशासित बनाएर राजा चूप लाग्यो " ॥५९–६२॥

त्यो समयमा भिक्षुसंघले मिलेर 'गणस्वाध्याय' गऱ्यो । देवताहरुले छ, छ देवताहरुको साथमा छओटा रथ लिएर आयो । आ-आफ्नो रथमा अलग भएर चढेका देवताहरुले राजालाई भने, "हे राजन् ! तँ हाम्रो सुन्दर देवलोकमा हिँड" । राजाले उनीहरुको कुरो सुनेर हातले संकेत गरेर उनीहरुलाई रोक्यो, "जबसम्म म धर्म श्रवण गर्छु तबसम्म बस्नुहोस्" ॥६३–६५॥

'गणस्वाध्याय' गर्न निषेध गरेको हो कि भनी सम्झिएर भिक्षुसंघले स्वाध्याय गर्ने काम बन्द गऱ्यो । राजाले 'स्वाध्याय' बन्द गर्नको कारण सोध्यो । उनीहरुले जवाफ दिए, 'रोक्ने संकेत गरेको कारणले' । राजाले, 'भन्ते ! यो यसको लागि होईन' भनेर त्यो देवागमनको कुरा गऱ्यो । यो कुरा सुनेर डरले राजा बरबराई रहेको छ भनेर केही मानिसहरुले सोचे ।

---

**१. कल्याणी विहार - हेर्नुहोस् १-६३ ।**

**२. केलाश विहार - केलाश (विहार) दे० २९- ४३ ।**

Downloaded from http://www.dhamma.digital

उनीहरुको शङ्का मेटिदिनको लागि अभय स्थविरले राजालई सोध्यो – "तिम्रो लागि यो रथ आएको छ । यो कुरो कसरी जान्न सकिन्छ ?" ॥६६–६९॥ बुद्धिमान् राजाले आकाशतिर फूलका मालाहरु फ्याँक्न लगायो । ती मालाहरु भिन्न भिन्न रथहरुको बत्तीमा टाँसिएर झुण्डी रह्यो । आकाशमा झुण्डिरहेका ती मालाहरु देखेर जनसमूहको शंका समाधान भयो । राजाले स्थविरलाई सोध्यो, "कुन देवलोक रमणीय छ ?" स्थविरले जवाफ दियो, "राजन् ! सत्पुरुषहरुको मतानुसार तुषित लोक सबैभन्दा बढी रमणीय छ । महादयावान् मैत्रेय बोधिसत्व[1]ले बुद्धत्वको समय पर्खिएर **तुषित लोकमै** बसिरहनुभएको छ " ॥७०–७३॥

स्थविरको वचन सुनेर महाऋद्धिमान् राजाले महास्तूपतिर हेर्दै सुतेको अवस्थामा आँखा बन्द गऱ्यो । शरीर मरेर उसैबेला उत्पन्न भएको जस्तो राजा आफ्नो दिव्यदेह तुषितलोकबाट आएको रथमा उभिएको देखियो । आफूले गरेको पुण्यकर्मको फल सर्वसाधारणलाई देखाउनको लागि राजाले आफैँलाई अलंकारयुक्त अवस्थामा जनतालाई देखायो । त्यसपछि रथमा उभिएर तीनपटक महास्तूपलाई प्रदक्षिणा गरी स्तूप र संघलाई प्रणाम गरेर तुषित लोक गयो ॥७४–७७॥

जुन ठाउँमा नाच्ने महिलाहरुले आ-आफ्ना मुकुटहरु खोले त्यहीँ ठाउँमा **'मुकुट-मुक्त-शाला'** बनाउन लगायो । राजाको शरीर चितामा राख्दा जुन ठाउँमा बसेर सर्वसाधारण रोए त्यो ठाउँमा **'रवि-वट्टी-शाला'** बनाउन लगायो । जुन असीम मालकमा राजाको शरीरको दाहकर्म गऱ्यो त्यही मालकलाई त्यहाँ **राजमालक** भन्दछ ॥७८–८०॥

'राजा' नामको अधिकारी महाराज **दुष्टग्रामणी** भविष्यमा भगवान् मैत्रेय[2]को प्रधान श्रावक (शिष्य) हुनेछ । राजाको बाबु **मैत्रेय**को बाबु हुनेछ । राजाकी आमा मैत्रेयकी आमा हुनेछिन् । अनि राजाको भाइ सद्धातिस्स त झन् मैत्रेयको दोस्रो **प्रधान** शिष्य हुनेछ । राजाको छोरो शालि-कुमार राज त मैत्रेयको छोरै हुनेछ ॥८१–८३॥

---

**१. मैत्रेय बोधिसत्व -गौतम (बुद्ध) पछि आविर्भाव हुनुहुने भावी बुद्ध ।**

**२. भगवान् मैत्रेय -हेर्नुहोस् ३२- ७३**

Downloaded from http://www.dhamma.digital

यसप्रकारले कुशल कर्म गर्ने इच्छाले जसले धेरै अनियत पाप कर्महरु[१]लाई छोपेर लुकाउँदै पुण्यकर्म गर्छ ऊ आफ्नो घरमा गएझैं स्वर्गलोक पाउँछ । त्यसैले प्रज्ञावान् पुरुष निरन्तर पुण्य कर्म गर्न अनुरक्त हुनुहोस् ॥८४॥

सज्जनहरुको प्रसाद र वैराग्यको लागि रचित महावंशको 'तुषितपुर गमन' नामको द्वात्रिंश परिच्छेद ।

१. पापकर्म - पाप कर्म दूई किसिमका हुन्छन् – १. नियत पापकर्म २. अनियत पापकर्म । नियत पापकर्म = निश्चितरुपले पापकर्म । अनियत पापकर्म = पापकर्म हुन सम्भव छ ।

Downloaded from http://www.dhamma.digital

# त्रयस्त्रिंश परिच्छेद

## दश राजा

राजा दुष्टग्रामणीको पालामा राज्यका मानिसहरु बडो खुशी थिए । शालि राजकुमार प्रसिद्धि पाएको पुत्र थियो ॥१॥

ऊ अत्यन्त सम्पत्तिशाली र पुण्य कर्ममा अनुरक्त थियो । ऊ चण्डाल कुलको एउटी विछट्टै राम्री सुन्दरीप्रति आसक्त भयो । त्यो **अशोक मालदेवी** अघिल्लो जन्ममा उसैकी श्रीमती भइसकेकी थिइ । त्यो महिलाको रुप धेरै हितकारी भएकोले उसले राजा हुने इच्छा त्यागिदियो ॥२-३॥

**दुष्टग्रामणी** मरेपछि उसको भाइ **सद्धातिस्स** (श्रद्धातिष्य) ले अभिषिक्त भएर अठार वर्ष राज्य गऱ्यो । श्रद्धावान् हुनाको कारणले श्रद्धातिष्य नाम भएको महास्तूपको छत्र बनाउन लगायो । त्यसमा चूना पोत्न लगायो अनि हात्ती (ठूलो) गारो बनाउन लगायो ।

राम्रोसित बनाएको **लोहमहाप्रासाद** बत्तीले गर्दा जगमग जगमग गर्ने भयो । उसले फेरि नयाँ सात तले **लोहमहाप्रासाद** बनाउन लगायो । त्यो समयमा **लोहमहाप्रासाद**को मूल्य नब्बे हजार थियो । उसले **दक्षिणा गिरि** विहार, **कल्लकालेन** विहार, **कलम्बक** विहार, **पेत्तंगवालिक** विहार बनाउन लगायो तथा **वेलङ्गविट्टिक**[1], **दुब्बलवापितिस्सक**, **दूरतिस्सकवापि**[2] र **मातुविहारक** बनाउन लगायो । यसरी **अनुराधपुरदेखि दीर्घवापी**सम्म प्रत्येक योजनमा विहार बनाउन लगायो ॥४–९॥

चैत्यसहितको **दीघवापी विहार**[3] बनाउन लगायो । त्यो चैत्यमा नाना रत्नले जडेको जाली लगाउन लगायो । त्यो सन्धिस्थान रथको चक्रको आकारको सुन्दर सुनको मालाहरु बनाउन लगाएर झुण्ड्याउन लगायो । राजाले चौरासी हजार धर्म स्कन्धको (सत्कारको लागि) चौरासी हजार पूजा गर्न लगायो । यसप्रकारले धेरै पुण्य गर्दा त्यो राजा मरेपछि तुषित लोकमा जन्म भयो ॥१०–१३॥

---

**१. वेलङ्गविट्टिक - हेर्नुहोस् ३७–७८ ।**

**२. दूरतिस्सकवापी - महागामको नजिक रोहण (प्रान्तमा) अवस्थित दूरतिस्सकवापी ।**

**३. दीघवापी विहार - हेर्नुहोस् १–७८ ।**

Downloaded from http://www.dhamma.digital

महाराज **सद्धा-तिस**को **दीर्घवापी**मा वास गरेको समयमा, उनको जेठो छोरो **लञ्ज-तिस्स**ले **गिरिकुम्भिल** नामको रमणीय विहार बनाउन लगाायो अनि उनको कान्छो छोरो **थूलथनले कंडर** नामको विहार बनाउन लगायो । बाबु **सद्धातिस्स**को भाइ **दुष्टग्रामणी**कहाँ जाने सयममा, **थूलथनक** पनि आफ्नो विहार संघलाई समर्पण गर्नको लागि बाबुसित गयो ॥१४–१६॥

**सद्धातिस्स**को मृत्युपछि सबै मन्त्रीहरु भेला भएर **स्तूपाराममा** सारा भिक्षुसंघलाई निमन्त्रित गरेर, संघको आज्ञाले राष्ट्रको रक्षाको लागि **थूलथन** कुमारको राज्याभिषेक गऱ्यो । यो समाचार सुनेर **लञ्जतिस्स** आएर भाइलाई समातेर आफैंले राज्य गऱ्यो । राजा **थूलथन**ले एक महिना दस दिन मात्र राज्य गऱ्यो ॥१७–१९॥

संघले 'आयुको विचार गरेन' भनी सोचेर **लञ्जतिस्स**ले तीन वर्षसम्म संघलाई अनादर गर्दै संघतर्फ ध्यान नदिइबस्यो । पछि संघसित क्षमा मागेर राजाले दण्डस्वरुप तीन लाख मुद्रा दिएर **उरु चैत्यमा** फूल चढाउनको लागि तीनवटा शिलामय (पूरै ढुंगाको) फूलदानी बनाउन लगायो । त्यसपछि एक लाख मुद्रा खर्च गरेर राजाले **महास्तूप** र **थूपाराम**[१]को बीचको भुँइसम्म गर्न लगायो । यो बाहेक **स्तूपाराममा** स्तूपको लागि उत्तम शिला कञ्चुक, पूर्वतर्फ **शिलाथूप** र भिक्षुसंघको लागि **लञ्जकासनशाला** बनाउन लगायो ॥२०–२४॥

**खन्धक स्तूप**लाई शिलामय कञ्चुक बनाउन लगायो । चैत्य विहार[२] को उत्सवमा एक लाख खर्च गरेर **गिरिकुम्भिल** नामको विहारको उत्सवको अवसरमा साठी हजार भिक्षुहरुलाई छ छवटा चीवर दिन लगायो । उसले **अरिट्ठ विहार** र **कुञ्जरहीनक**[३] विहार बनाउन लगायो । गाउँवासी भिक्षुहरुलाई आवश्यक पर्ने औषधीहरु दिन लगायो । भिक्षुणीहरुलाई इच्छाअनुसार चामल दिन लगायो । राजाले नौ वर्ष पन्ध्र दिन राज्य गऱ्यो ॥२५- २८॥

**लञ्जक तिस्स**को मरेपछि उहाँको सानो भाई **खल्लाटनाग**ले छ वर्ष राज्य गऱ्यो । यो राजाले लोहमहाप्रासादको शोभा बढाउनको लागि त्यसको वरिपरि बत्तीसओटा मनोरम प्रासाद बनाउन लगायो । सुन्दर **स्वर्णमाली** महास्तूपको चारैदिशामा बालुवाको आँगनको सिमाना र पर्खाल बनाउन लगायो ॥२९–३१॥ त्यो राजाले **कृरुन्दवासोक** विहार बनाउन लगायो र अरु पनि धेरै पुण्य कर्म गर्न लगायो ॥३२॥

---

१. **थूपाराम - रुवनवैलिदेखि भण्डै ४०० गज उत्तर ।**

२. **चैत्य विहार - चेतिय पब्बत अथवा मिस्सक पब्बतमा अवस्थित विहार । हेर्नुहोस् २०–१६ ।**

३. **कुञ्जरहीनक - हेर्नुहोस् १५- १६७ ।**

Downloaded from http://www.dhamma.digital

**कम्महारत्तक** नामको सेनापतिले **खल्लाटनाग** राजालाई नगरमै समात्यो । राजाको सानो भाइ **वट्टगामणी**ले त्यो बदमास सेनापतिलाई मारेर राज्य गऱ्यो ॥३३॥ उसले आफ्नो भाइ **खल्लाटनाग** राजाको **महाचूलिक** नामको छोरोलाई आफ्नो छोरो बनायो अनि उसकी आमा **अनुलादेवी**लाई बडा महारानी बनायो । बाबुको स्थान ग्रहण गरेको हुनाले उसलाई 'पितृराज' (बालक जन्मेपछि बाबुको मृत्यु हुनु) भनियो ॥३४–३६॥

यसप्रकारले राज्याभिषिक्त भएको पाँचौ महिनामा कुल नगर रोहणमा मूर्ख ब्राह्मण गुलाम **तिस्स** नामको ब्राह्मणको कुरो सुनेर चोर (विद्रोही) भयो । त्यो विद्रोहीको धेरै साथी भयो ॥३७–३८॥

त्यो समयमा सात दमिड (द्रविड) पनि आफ्नो सेनासहित **महातीर्थ**[1] भन्ने ठाउँमा ओर्लिए । त्यतिबेला तिस्स ब्राह्मण र ती सात दमिडले पनि राज्यको छत्र दिनको लागि राजालाई पत्र लेखेर पठाए । नीतिमान् राजाले ब्राह्मणलाई पत्र लेखेर पठायो, "राज्य अब तेरै हो, तैंले दमिडहरुलाई अधीनमा राख" । 'बडो राम्रो कुरो भनेर' त्यो दमिडहरुसित लड्यो तर दमिडहरुले नै उसलाई जित्यो । त्यतिबेला दमिडहरुले राजासँग युद्ध गऱ्यो । **कोलम्बालक**[2] भन्नेठाउँमा राजा युद्धमा हाऱ्यो ॥३९–४२॥

राजा भाग्दै गएको देखेर **गिरि** नामको **निगन्ठ** जोडसित करायो, "**महाकाल** सिँहल भाग्दैछ" । यो सुनेर राजाले सोच्यो "यदि मेरो मनोरथ सिद्ध भयो भने म यो ठाउँमा विहार बनाउन लगाउँछु" । 'रक्षनीय' सम्भेर उसले दुई जीउकी **अनुलादेवी** तथा **महाचूल** र **महानाग** कुमारलाई आफ्नो साथमा लियो । उसले रथमा धेरै बोझ नपरोस् भनेर **सोमदेवी**लाई उसैको अनुमतिले उसलाई शुभ चूडामणि दिएर रथबाट ओराल्यो ॥४३–४६॥

दुई छोरा र देवीलाई साथमा लिएर राजा युद्धको लागी निक्लियो । शंकालु मनको भएकोले हाऱ्यो । भगवान् **बुद्ध**द्वारा प्रयोग गरेको पात्र शत्रुबाट फिर्ता लिन असमर्थ भयो । त्यतिबेला भागेर **वेस्सगिरि**[3] वनमा गएर लुक्यो ॥४७–४८॥

**कुपिक्कल** विहारको महास्थविरले राजालाई त्यहाँ देखेर अछुतो पिण्डदानबाट बचाएर[4] भात दियो । मन खुशी भएको राजाले क्योडा (केत्तुकी) को पातमा लेखेर विहारको लागि सघं भोग[5] दियो ॥४९–५०॥

---

**१. महातीर्थ - हेर्नुहोस ७-५८ ।**

**२. कोलम्बालक - कोलम्बकहालक हेर्नुहोस् २५-८० ।**

**३. वेस्सगिरि - अनुराधपुरदेखि दक्षिणदिशामा ।**

**४. बचाएर - भिक्षुले आफ्नो भिक्षुपात्रमा भएको कुनै चीज आफूले नखाईकन कुनै गृहस्थलाई दिने आज्ञा छैन ।**

**५. संघभोग - संघको उपयोगको लागि विहारलाई भूमि दान ।**

Downloaded from http://www.dhamma.digital

त्यहाँबाट हिँडेर **सिलासोब्भकटकमा** बस्यो । फेरि त्यहाँबाट हिँडेर **सामगल्लको** नजिक **मातुवङ्ग** पुग्यो । त्यहाँ पहिले देखेको (**कुपिक्कल महातिस्स**) स्थविरलाई देख्यो । स्थविरले राजालाई आफ्नो उपस्थाक (=सेवक) **तनसीवलाई** राम्रोसित सम्झाएर सुम्पियो । राजा आफ्नो राष्ट्रवासी **तनसीवबाट** सेवा पाएर ऊसित चौध वर्षसम्म बस्यो ॥५१- ५३॥

सात दमिडमध्येका एकजना विषयलम्पट दमिडले **सोमदेवीलाई** लिएर तुरुन्तै समुद्र पारि गयो । एकजना दमिडले **अनुराधपुरमा** राखेको भगवान् **बुद्धको** पात्र लिएर खुशी भएर तुरुन्त अर्को किनारमा गयो । **पुडहत्थ** दमिडले **वाहिय** नामको दमिडलाई आफ्नो सेनापति बनाएर तीन वर्षसम्म राज्य गऱ्यो । पुडहत्थलाई उसैका सेनापति वाहियले समातेर दुई वर्ष आफैंले राज्य गऱ्यो । **वाहियको** सेनापति **पनयमार** थियो । वाहियलाई मारेर **पनयमार** राजा भयो । उसले सात वर्ष राज्य गऱ्यो । उसको सेनापति पिलयमार थियो । **पनयमारलाई** मारेर **पिलयमार** राजा भयो । ऊ सात महिना राजा भयो । उसको सेनापति **दाठिक** थियो । यो **दाठिक** दमिडले पनि **पियलमारलाई** मारेर अनुराधपुरमा दुई वर्ष राज्य गऱ्यो । यसप्रकारले यी पाँच दमिड राजाहरुले राज्य गरेको चौध वर्ष सात महिना हुन्छन् ॥५४–६२॥

**तनसीवकी** श्रीमतीले **मलयमा** खाद्यसामग्री खोज्नको लागि गएकी **अनुलादेवीको** डालो खुट्टाले हिर्काएर हटाईदियो । रिसाएर, रुँदै राजाछेऊ गइन् । यो कुरो सुनेर **तनसीव** घरबाट धनु लिएर बाहिर निक्लियो । देवी रानी को कुरा सुनेर **तनसीव** आउनभन्दा पहिले नै राजा आफ्ना दुवै छोरा र देवीलाई लिएर त्यहाँबाट हिड्यो । महाशीव राजाले धनु र वाण तानेर आउँदै गरेको **तनसीवलाई** तीरले हानेर छेडिदियो । त्यसपछि राजाले आफ्नो नाम बताएर मानिसहरु भेला गऱ्यो । उसले आठ नाम कहलाएका लडाकु र मन्त्री भेट्यो । ऊसित सेना र लडाईंको सामग्री निकै भयो ॥६३–६६॥

**कुपिक्कल** (निवासी) **महातिस्स** स्थविरलाई खोजेर महायशस्वी राजाले **अच्छगल्ल** विहारमा बुद्ध पूजा गरायो ॥६७॥

भवन शुद्धिको लागि आकाश चैत्यको आँगनमा माथि चढेको **कपिसीस** नामको मन्त्री तल ओर्लिएको समयमा बाटोमा बसिरहनु भएको देवीसहित (चैत्यको आँगनमा) चढिरहेको राजाको अगाडि नतमस्तक गरेन । त्यसैले राजा रिसाएर कपिसीसलाई पिट्यो ॥६८- ६९॥

बाँकी सात मन्त्री राजाबाट खिन्न भएर ऊबाट भागेर आफूले इच्छा गरेका ठाउँमा गए । बाटोमा चोरबाट लुटिएर उनीहरु **हम्बुगल्लक** विहारमा पस्दा त्यहाँ बहुश्रुत

Downloaded from http://www.dhamma.digital

**तिस्स** महास्थविरलाई देख्यो । **चारै निकाय**[1]का ज्ञाता स्थविरले ती मन्त्रीहरुलाई पाहुनालाई जस्तै यथाप्राप्त वस्त्र, शक्खर, तेल र चामल दियो ॥७०–७२॥ विश्रामको समयमा स्थविरले उनीहरुलाई सोध्नुभयो, "कहाँ जानु हुन्छ ?" आफूहरु स्पष्ट भएर उनीहरुले यो समाचार निवेदन गरे ॥७३॥ त्यसो हो भने "बुद्ध शासनको प्रसार दमिडहरुले गर्न सक्छन कि राजाले ?" यसरी सोध्दा उनीहरुले जवाफ दिए "राजाले" । यसरी सम्झाएर, **तिस्स र महातिस्स** दुवै स्थविरले राजाकहाँ लगेर परस्परमा क्षमा गर्न लगाए । राजा र मन्त्रीहरुले स्थविरसित प्रार्थना गरे, "काम सिद्ध भएपछि दूत पठाउँदा हामीकहाँ आउनुहोस्" । स्थविरले उनीसित आउने प्रतिज्ञा गरेर यथास्थानमा आउनुभयो ॥७४-७७॥

त्यतिबेला **महायशस्वी** राजाले **अनुराधपुर** आएर **दाठिक** दमिडलाई मारेर आफैंले राज्य गऱ्यो । त्यहाँबाट **निगन्ठाराम**[2] पुगेर त्यो विध्वंस गरेर त्यसको ठाउँमा बाह्रवटा परिवेण भएको विहार बनाउन लगायो । **महाविहार** स्थापना भएको दुई सय सत्र वर्ष दस महिना दस दिनपछि राजाले सम्मानपूर्वक **अभयगिरि** विहार स्थापना गर्न लगायो । त्यसपछि माननीय राजाले पूर्वोपकारी **तिस्स र महातिस्स** स्थविरहरुलाई दियो । किनकि त्यो **अभय** राजाले त्यसलाई गिरि नामको जैन साधुको विहारको ठाउँमा बनाउन लगायो । त्यसैले यो विहारको नाम **अभयगिरि** विहार हुन गयो ॥७८–८३॥

राजाले **सोमदेवी**लाई बोलाई पठाएर उसलाई उचित स्थानमा स्थापित गऱ्यो अनि उसको नामअनुसार **सोमाराम** बनाउन लगायो । रथबाट ओर्लिएर त्यो सुन्दरी त्यही ठाउँमा कदम्ब पुष्पकुञ्ज (फूललहरा) ले ढाकेको ठाउँमा अदृश्य भइन् । त्यहाँ उसले एकजना श्रामणेरलाई हातले ढाकेर बाटोमा पिसाब फेर्दै गरेको देखिन् । राजाले उसको कुरो सुनेर त्यहाँ पनि एउटा विहार बनाउन लगायो ॥८४–८६॥

महास्तूप रहेको उत्तरदिशामा अग्लो ठाउँमा सिलासोभकटक नामको चैत्य पनि उही राजाले बनाउन लगायो ॥८७॥

ती सात लडाकुमध्येका **उत्तिय** नामको लडाकुले नगरको दक्षिणको दिशामा **दक्षिण विहार** नामको विहार बनाउन लगायो । त्यहीँ ठाउँमा मूल नामको मन्त्रीले **मूलवोकास** बनाउन लगायो । यो विहारको नाम पनि त्यही मन्त्रीको नामअनुसार रह्यो । **सालिय** नामको मन्त्रीले **सालियाराम** र **पब्बत** नामको मन्त्रीले **पब्बताराम** बनाउन लगायो ।

---

१. चार निकाय - सुत्तपिटकका चार निकाय दीघ , मज्झिम , संयुक्त र अगुंत्तर ।
२. निगन्ठाराम - जैन मठ ।

Downloaded from http://www.dhamma.digital

**तिस्स** मन्त्रीले चाहिँ **उत्तरतिस्सारा**म बनाउन लगायो । रमणीय विहारको समाप्तिमा तिनीहरु **तिस्स** स्थविर भएको ठाउँमा गए । "हामी आफैंले बनाउन लगाएका यी विहारहरु तपाईको सत्करार्थ तपाईलाई दिन्छौं," यसो भनेर उनीहरुले ती विहार सुम्पिदिए ॥८८–९२॥

**स्थविर**ले सबै ठाउँमा  योग्यता अनुसार भिक्षुहरुलाई बसाउनुभयो । मन्त्रीहरुले (संघको) भिक्षुहरुको विविध आवश्यकता पूरा गरिदिए । राजाले आफ्नो विहारमा बस्ने भिक्षुहरुको आवश्यक चीजहरुको कमी हुन दिएन । यसो गर्दा भिक्षुहरुको सङ्ख्या धेरै बढ्यो ॥९३–९४॥

**महातिस्स** नामको प्रसिद्ध स्थविर गृहस्थहरुसित बढी संसर्गमा आउने गरेको दोषको कारण संघले **महाविहार (निकाय)** बाट निकालिदियो । **महातिस्स** स्थविरको **वहलमस्सु-तिस्स** नामको प्रसिद्ध शिष्य रिसाएर अभयगिरि विहार गएर त्यहाँ गुरुको पक्ष लिएर बस्न थाल्यो । त्यसपछि त्यो भिक्षु फेरि महाविहर गएन । यसरी अभयगिरिका भिक्षुहरु **स्थविर**वादबाट अलग भए ॥९५–९७॥

**अभयगिरि**काहरु पछि गएर **दक्षिण विहार** यसरी **स्थविरवादबाट** भिक्षुहरुका दुई अलग अलग भेद (गुट) भए ॥९८॥

विहार र परिवेण एउटा पंक्तिमा हुँदा परस्परमा सत्कार (उत्पन्न) हुन्छ भनेर राजाले त्यसरी बनाउन लगायो ॥९९॥

प्राचीनकालमा पालीत्रिपिटक र त्यसको अर्थकथा (अट्ठकथा) पनि महामतिमान् भिक्षुले कण्ठाग्र गरेरै (सुरक्षित) राखेका थिए । त्यो समयमा प्राणीहरुको हानि भएको देखेर भिक्षुहरु एकत्र भए अनि धर्मलाई चिरस्थाई राख्नको लागि त्यसलाई पुस्तकको रुपमा लेख्न लगायो ॥१००–१०१॥ त्यो **वट्ट ग्रामणी अभय**ले बाह्र वर्ष राज्य गरेको पाँच महिना पहिले लेखिसकेको थियो ॥१०२॥

प्रज्ञावान् मानिसले ऐश्वर्य प्राप्त गरेर आफ्नो र पराइको हित गर्छन् । कुबुद्धि भएको मान्छेले अपरिमित भोगको सामग्री पाएर पनि भोगको लोभी भएर आफ्नो र पराई कसैको हित गर्दैन ॥१०३॥

सज्जनहरुको प्रसाद र वैराग्यको लागि रचित महवंशको 'दस राजा' नामको त्रयस्त्रिंश परिच्छेद ।

Downloaded from http://www.dhamma.digital

# चतुस्त्रिंश परिच्छेद

## एकादश राजा

उसको मृत्युपछि **महाचूली** महातिस्सले चौध वर्षसम्म धर्म र न्यायले राज्य गऱ्यो ॥१॥ आफ्नो हातले कमाएको दानले महाफल हुन्छ भनेको सुनेर राजाले राज्य गरेको पहिलो वर्षमा नै अज्ञात भेषमा गएर शाली धानको बाली काट्ने काम गऱ्यो। अनि उसले पाएको ज्यालाबाट **महासुम्म** स्थविरलाई पिण्ड-पात (= भिक्षा) दियो ॥२–३॥ त्यसपछि त्यो क्षत्रियले **स्वर्णगिरि** गएर त्यहाँ तीन वर्ष सम्म खुदो बनाउने यन्त्रको काम गऱ्यो। त्यहाँ ज्यालाको रुपमा खुदो पायो। नगरमा फर्केर आएर त्यो खुदो झिकाएर राजाले भिक्षुसंघलाई महादान गऱ्यो ॥४–५॥ तीस हजार भिक्षुहरुलाई त्यसरी नै बाह्र हजार भिक्षुणीहरुलाई पनि वस्त्र दान गऱ्यो ॥६॥ त्यो राजाले सुप्रतिठिष्त विहार बनाउन लगाएर साठी हजार भिक्षुहरुलाई छ छवटा चीवर दिन लगायो अनि तीस हजार भिक्षुणीहरुलाई पनि छ चीवर उपलव्ध गराईदिन लगायो। उही राजाले **मण्डवापी विहार**, **अभयगल्लक** विहार, **वङ्कावट्टकगल्ल** विहार, **दीघवाहुगल्लक** विहार र **जाल ग्राम** विहार बनाउन लगायो ॥७–९॥ यसरी श्रद्धापूर्वक धेरै पुण्य कर्म गरेर चौध वर्षपछि राजाको स्वर्गवास भयो ॥१०॥

**वट्टगामणी**को चोरनाग नामको छोरो **महाचूल** विद्रोहीको राज्यमा चोर भएर बस्यो। **महाचूल** मरेपछि उसले आएर राज्य गऱ्यो। चोर (= विद्रोही) ले जीवन बिताएको समयमा जुन जुन विहारमा बस्न पाएको थिएन त्यस्ता अठार विहारलाई दुर्मतिले विध्वंस गरिदियो। **चोर नाग**ले बाह्र वर्ष राज्य गऱ्यो ॥११–१३॥ त्यो पापी निजी श्रीमतीले दिएको विष खाएर मऱ्यो। अनि **लोकान्तरिक** नामको नरकमा जन्म भयो ॥१४॥ उसको मरणपछि **महाचूल** राजाको छोरोले तीन वर्षसम्म राज्य गऱ्यो। त्यो राजा तिस्स नामले प्रसिद्ध भयो ॥१५॥

**चोर-नागकी अनुला** नामकी (कुटिल) देवी ढोकापालेसित लहसिएर आसक्त हुनाको कारण आफ्नो विषम पतिलाई विष खुवाएर माऱ्यो, त्यही ढोकापालेप्रति आसक्त हुनाको कारण **अनुलाले तिस्स**लाई पनि मारेर त्यसको राज्य त्यो ढोकापालेलाई दियो। त्यो **सिव** नामको जेठो ढोकापालेले **अनुला**लाई बडामहारानी बनाएर एक वर्ष दुई महिना नगरमा

Downloaded from http://www.dhamma.digital

राज्य गऱ्यो । **बटुक** दमिड (द्रविड) सितको प्रेमले आसक्त भएर **अनुलाले** त्यो **सिव**लाई विष खुवाएर मारेर बटुकलाई राज्य समर्पण गऱ्यो । नगर काष्ठकर्मी **बटुक** दमिडले **अनुलालाई** बडामहारानी बनाएर नगरमा एक वर्ष दुई महिना राज्य गऱ्यो । त्यसपछि **अनुलाले** त्यहाँ आएको दाउरेलाई देखेर मोहित भई । त्यतिबेला उसले **बटुक**लाई विष दिएर मारेर दाउरेलाई राज्य दियो । त्यो तिस्स दाउरेले **अनुलालाई** बडामहारानी बनाएर एक वर्ष एक महिना नगरमा राज्य गऱ्यो । उसले तुरुन्तै **महामेघवनमा** एउटा पोखरी बनाउन लगायो । त्यसपछि **निलिय** नामको द्रविड ब्राह्मण पुरोहितसितको प्रेममा आसक्त भएर उसित सहवास गर्ने इच्छाले त्यो तिस्स दाउरेलाई विष खुवाएर मारेर निलियलाई राज्य दियो । सँधै देवी रानीबाट सेवा पाएको यो निलिय ब्राह्मणले अनुलालाई बडामहारानी बनाएर **अनुराधपुरमा** छ महिना राज्य गऱ्यो । त्यो **निलिय**लाई पनि विष खुवाएर मारेर **अनुला** आफैँले चार महिना राज्य गरिन् ॥१६–२७॥

**महाचूलिक** राजाको **कुटकण्णतिस्स** नामको माहिलो छोरो त **अनुला** देवीको डरले भागेर प्रव्रज्या ग्रहण गरेको थियो । त्यसपछि उपयुक्त समयमा सेना जुटाएर त्यहाँ **अनुराधपुरमा** पुगेर त्यो पापी मन भएकी अनुलालाई मारेर बाईस वर्ष राज्य गऱ्यो । उसले **चेतिय पर्वत**मा महाउपोसथागार बनाउन लगायो । त्यो घरको अघाडि ढुंगाको चैत्य बनाउन लगायो अनि त्यहाँ चेतिय पर्वतमा पिपलको रुख रोप्न लगायो ॥२८–३१॥

नदीको बीचमा **पेडगाम** विहार बनाउन लगायो । त्यहीँ **वण्णक** नामको ठूलो नहर खन्न लगायो । **अम्बदुग्ग** नामको महावापी र **भयोलुप्पल** बनाउन लगायो । यसरी नगरको चारैतिर सात हात अग्लो पर्खाल र खाडल बनाउन लगायो । महाप्रासाद महलमा संयम नभएकी अनुलाको दाहसंस्कार गरेर त्यो प्रासाद भएको ठाउँबाट अलिकति पर एउटा अर्को महाप्रासाद बनाउन लगायो । उसले नगरमै एउटा **पदुमस्सर वन** नामको उद्यान बनाउन लगायो । उसकी आमाले दाँत माझेर सफा गरे पछि बुद्धशासनमा प्रव्रज्या ग्रहण गरिन् । राजाले पारिवारिक गृहयुद्ध भएको ठाउँमा आमाको लागि भिक्षुणी विहार बनाउन लगायो । त्यसैले त्यो ठाउँ **दन्तगेह** नामले प्रसिद्ध भयो ॥३२–३६॥

उसको मरणपछि उसको छोरो राजा **भातिकाभय**ले अठाईस वर्ष राज्य गऱ्यो । महादाठिक राजाको भाई भएको कारण त्यो धार्मिक राजा द्वीपमा **भातिक राजा**को नामले प्रसिद्ध भयो । त्यहाँ राजाले **लोहप्रासाद** मर्मत गराउन लगायो । **महास्तूपमा** दुईओटा वेदीका (मण्डप) बनाउन लगायो अनि स्तूप (**थूपारामा**)मा उपोसथागार बनाउन लगायो ॥३७–३९॥

Downloaded from http://www.dhamma.digital

आफ्नो लागि लिने गरेको कर रोकेर नगरको चारैतिर एकयोजनसम्म सुमन र उज्जक (?) फूलको बोट रोप्न लगायो। त्यसपछि महाचैत्यको तलको वेदीकादेखि माथिको छानासम्म बास्ना चल्ने पदार्थका चार अंगुल बराबरको बाक्लो लेपराख्न लगाएर त्यसमा डण्डीको छेउदेखि फूललाई राम्रोसित उनेर फूलको थुप्रोजस्तो स्तूप बनाउन लगायो। त्यसपछि एकपटक चैत्यमा पहेँलो माटो रङको धातु (मैनसिल) को आठ अंगुल बराबर मोटाईको तह पोत्न लगाएर त्यसैमा फूल उन्न लगायो। त्यसपछि एकपटक चैत्यमा भऱ्याङदेखि छत्रको टुप्पोसम्म फूल उन्न लगाएर चैत्यलाई फूलको थुप्रोले ढाक्न लगायो ॥४०–४४॥

यन्त्रको मदतले अभयवापीको पानी उठाउन लगाएर त्यसले भिजाउँदै जलपूजा गर्न लगायो। सय गाडी मोतीलाई राम्रोसित तेलमा चुर्ण बनाएर त्यसको लेप (लेदो) ले चैत्यमा लिउन गरायो ॥४५–४६॥

मूगाँहरुको जाली बनाएर त्यसलाई चैत्यमा राखेर त्यसको ग्रन्थिस्थान (गिर्खा)मा चक्रसमानको स्वर्णमय पद्म (कमल) राखेर त्यसपछि तल राखिएका कमल फूलहरुसम्म झुण्डिदै गरेका मोतीहरुका गुच्छ झुण्ड्याउन लगायो ॥ यसरी उसले महास्तूपको पूजा गऱ्यो ॥४७–४८॥

उसले एक दिन धातुगर्भमा अर्हत्‌हरुको 'गण स्वाध्याय' सुनेर निश्चय गऱ्यो, "उहाँहरुलाई नदेखिकन म यहाँबाट उठनेछुइनँ"। अनि पूर्वदिशाको स्तूपको फेदमा केही नखाई भोकै बस्यो। स्थविरहरुले स्तूपमा ढोका बनाए अनि त्यसलाई धातुगर्भमा लिएर गए। राजाले धातुगर्भको भित्र सबै विभूति (अलौकिक शक्ति) देखेर, बाहिर आएर त्यस्तै किसिमको मूर्तिहरु बनाउन लगाएर पूजा गऱ्यो ॥४९–५१॥

राजाले महको चाकाले सुगन्धित वस्तुहरुले, कलशहरुले, रसहरुले, अञ्जनहरताल ( गाजल पहेँलो रङको खनिज तत्व) ले अनि मैनसिलले, चैत्यको आँगनमा कुर्कच्चाजति गहिरो मैनसिलमा उम्रिएका कमलहरुले गर्दा वास आउने गाराले भरेका स्तूपाँगनमा ओछ्याइएको गुन्द्रीको प्वालहरुमा बनाइएका कमलहरुले, पानी बग्ने बाटो थुनेर, त्यसमा घिउ भरेर, त्यसमा रेशमबाट बनाइएका धेरै बत्तीहरुको ज्वालाले, त्यसरी नै महुवा ( *Bassia latifolia*) को तेल र तिलको तेलमा बलेको रेशमको बत्तीहरुको धेरै शाखाहरुले छुट्टाछुट्टै सातपटक महास्तूपको पूजा गऱ्यो ॥५२–५७॥

श्रद्धाप्रेरित राजा ले प्रत्येक वर्ष चैत्यलाई उत्कृष्ट तरिकाले पोत्ने नियम बसाल्यो। बोधिस्नान पूजा (पिपलको रुखलाई नुहाईदिने पूजा) र यस्तै किसिमले महाबोधिलाई अट्ठाईस महावैशाख पूजा र चौरासी हजार साधारण पूजा विविध प्रकारको नाटक गर्ने, नाच देखाउने, नाना प्रकारका बाजाहरुको घोषणा गरायो। राजा दिनको तीनपटक 'बुद्ध-

Downloaded from http://www.dhamma.digital

उपस्थान'को लागि जान्थ्यो अनि दिनमा दुईपटक 'पुष्पपूजा' (फूलपुजा) र 'शब्दपूजा' ( ध्वनिपूजा) गर्ने उसको नियम थियो ॥५८–६१॥

राजाले छन्द-दान र पवारण-दान निश्चित गऱ्यो । यी बाहेक संघलाई तेल, घिउ, वस्त्र, आदि धेरैको सङ्ख्यामा श्रमण योग्य पुरस्कार दियो । चैत्य मर्मतको लागि चैत्यक्षेत्र पनि दियो ॥६२–६३॥

राजाले चैत्यपर्वत विहारमा एक हजार भिक्षुहरुलाई शलाक व्रत[1] भोजन दिन लगायो । धर्मप्रति सदा गौरव राख्ने राजाले **चित्त, मणि र मुचल** नामका तीन उपस्थानमा तथा **पदुमघर** र मनोरम **छत्रप्रासादमा** – (यस्ता प्रकारका पाँच ठाउँमा) धर्म-ग्रन्थ-धुर[2] मा लागेका भिक्षुहरुलाई भोजन गराउँदा आवश्यक वस्तुहरु (प्रत्यय) दान दियो ॥६५–६६॥

पहिलेका राजाहरुद्वारा गरिएका नियमित जुन जुन बुद्धशासन सम्बन्धी पुण्य कर्म थिए, **भातिक राजाले** ती सबै गऱ्यो ॥६७॥ **भातिक** राजा मर्दा उसको भाई **महादाठिक महानागले** नाना प्रकारका पुण्य कर्म गर्दै बाऱ्ह वर्ष राज्य गऱ्यो । महास्तूपको घेरामा **किञ्चिक्ख-पाषाण** छाप्न लगायो । स्तूपाँगनलाई अझ ठूलो पारेर बालुवाको सिमाना राख्यो । **लङ्का**-द्वीपका सबै विहारमा धर्मप्रचारार्थ धर्मासन बनाउन लगायो ॥६८–७०।

राजाले **अम्बस्थल** बनाउन लगायो । महास्तूपको ईंटा खस्ने काम नरोकिदाँ राजाले बुद्धाका गुणहरु सम्झिएर आफ्नो प्राण (मोह, माया) त्यागेर त्यहाँ गएर आफैं सुत्यो । चैत्यको ईंटा खस्नबाट रोकेर चैत्यको काम सकी उसले चारओटै ढोकामा शिल्पकार लगाएर बनाइएका नाना प्रकारका रत्नहरुले झलमल्ल पार्ने रत्न भएको धनु आकारको संरचना बनाउन लगायो । चैत्यको लागि रातो कम्बलको खोल बनाएर त्यसमाथि सुनौलो फूलको चित्र बनाएर मोतीका मालाहरु झुण्डयाउन लगायो ॥७१–७४॥

चैत्य पर्वतको चारैदिशामा योजनभरको ठाउँ सिगार्न लगाएर चार ढोकाको निर्माण र तिनका छेउछेउमा सुन्दर बजार बसाउन लगाई बजारका दुवै किनारमा पसल राख्न लगाई सबै ठाउँमा ध्वजा, माला र तोरणको सजावट र दीपमाला (बत्तीहरुको लहर) ले चारैदिशा उज्यालो पार्न लगाएर नाटक, नाच, गीत र बाजा बजाउन लगायो ॥७५–७७॥

बाटोमा **कदम्ब** नदीदेखि चेतियपर्वतसम्म खालि खुट्टा हिंडेर जानको लागि बाटोमा ओछ्याउने कपडा ओछ्याउन लगायो । देवताहरुले पनि नाच गानसहित त्यहाँ मेला (समाज[3]) भऱ्यो । नगरका चारवटै ढोकामा महादान दिन लगायो ।

---

**१. शलाका व्रत-हेर्नुहोस् ५–२०५ ।**
**२. धर्मग्रन्थ धर -धर्म ग्रन्थको अभ्यासमा लागेका ।**
**३. समाज -अशोकले आफ्नो शिलालेखमा यही समाजको विषयमा लेखेको छ ।**

Downloaded from http://www.dhamma.digital

सम्पूर्ण **लङ्काद्वीपमा** निरन्तर दियो बत्तीको लहर राख्न लगायो । योजनभरको घेराभित्र पर्ने समुद्रमा पनि दियो बत्ती बाल्न लगायो । चैत्योत्सवमा शुभ पूजा गर्न लगायो । यसलाई **महा-पूजा गिरिभण्ड -महापूजा** भन्दछ ॥७८–८१॥

त्यो पूजा सम्मेलनमा आउनुभएका भिक्षुहरुको लागि आठ ठाउँमा भिक्षा दान दिने ठाउँ स्थापना गरेर राजाले आठवटा सुनको नगरा बजाउन लगाएर चौबीस हजार भिक्षुहरुलाई महादान दियो ॥८२–८३॥

भिक्षुहरुलाई छ चीवर दियो । बन्दी कैदीहरुलाई छोडिदियो । चारवटै ढोकामा नापितहरुलाई सँधै नापितको काम गरेर बस्ने आज्ञा दियो ॥८४॥

राजाले पहिलेका राजाहरु भाइ **भातिक राजाद्वारा** स्थापित सबै पुण्यकर्म पूरा रीत पुऱ्याएर गर्न लगायो । संघ नबोलाईकन गर्दा पनि आफैंले संघलाई, देवी, दुई छोरा[1], हात्ती र मंगल घोडालाई दान दियो ॥८५–८६॥

राजाले भिक्षुसंघलाई छ लाख मूल्यको दान र भिक्षुणीसंघलाई एक लाख मूल्यको दान दियो ॥८७॥ यसरी यो विधिको ज्ञाता राजाले संघलाई विविध प्रकारको काम लाग्ने भाँडा दिएर आफूलाई र बाँकी पुत्रादिलाई संघको बन्धनबाट छुटायो ॥८८॥ राजाले **कालायण कण्णिकमा मणि-नाग पर्वत** विहार र **कलन्द** विहार बनाउन लगायो । यस्तै किसिमले **कुबुकन्द नदीको** किनारमा **समुद्र विहार** र **हुवाचकण्णिका**[2] मा **चूल-नाग-पर्वत**विहार बनाउन लगायो ॥८९–९०॥

आफैंले **पाषाणदीपक** विहार बनाएको समयमा उपनीत श्रामणेरले पानी दिएर सहयोग गरेकोले सन्तुष्ट भएर राजाले विहारको चारैदिशाका आधा योजनसम्मको जग्गा संघको भोगको लागि भनेर विहारलाई दियो ॥९१–९२॥ यसरी **मण्डवापी विहार**को श्रामणेरदेखि सन्तुष्ट भएर संघभोगको लागि विहारलाई जग्गा दियो ॥९३॥

यसरी धेरै सम्पत्ति र ठूलो शिक्षा (बुद्धि) पाएर मादकपदार्थ र प्रमादले रहित भएर, कामप्रसंग त्यागेर, पुण्य कर्ममा रुचि लिने सुप्रसन्न पुरुषले मानिसहरुलाई कुनै किसिमको दुःख नदिइ धेरै प्रकारका बढी संख्यामा पुण्य कर्म गर्दछन् ।

सज्जनहरुको प्रसाद र वैराग्यको लागि रचित महावंशको 'एकादश राजा' नामको चतुस्त्रिंश परिच्छेद ।

---

**१. दुई छोरा – आमण्डगामणी अभय र तिस्स ।**

**२. हुवाचकण्णिका – रोहण (प्रान्त) को एउटा जिल्ला ।**

Downloaded from http://www.dhamma.digital

# पंचत्रिश परिच्छेद

## द्वादश राजा

**महादाठिक** मरेपछि उसको छोरो **आमण्डगामणी अभयले** नौ वर्ष आठ महिना राज्य गऱ्यो ॥१॥

उसले सुन्दर महास्तूपको छत्रमा छत्र बनाउन लगायो । अनि त्यहीं पादवेदिका तथा मूर्धवेदिका बनाउन लगायो । यस किसिमले **थूपाराम**को उपोसथागारको लागि र **लोहप्रासादको** लागि एउटा बरण्डा र भित्रको कोठा बनाउन लगायो ॥२–३॥

राजाले दुवै ठाउँमा सुन्दर रत्नमण्डप र **रजतलेन** विहार[1] पनि बनाउन लगायो ॥४॥ पुण्य कर्ममा दक्ष राजाले **अनुराधपुरको** दक्षिणदिशामा **महागामेण्डिवापी** बनाउन लगायो र त्यो **दक्षिण- विहारलाई** दियो ॥५॥ राजाले पूरा द्वीपमा पशुहरुको हत्या बन्द गर्न लगायो ।

**आमण्डीय** राजाले सबै ठाउँमा सबै प्रकारको फल फल्ने लहरा रोप्न लगायो । त्यसपछि खुशी भएर **मंसकुम्बढक** (तरबुज)ले भिक्षुहरुको पात्र भरिदियो, पींधमा राख्नको लागि लुगाको बिंडा (चुम्बट) बनाउन लगाएर सबै संघलाई दान दियो । आमण्डले पात्र भरिदिनाको कारण त्यो राजा **आमण्डगामणी** नामले प्रसिद्ध भयो ॥६–८॥ राजा **कणीरजानु तिस्स** नामको भाईले दाइलाई मारेर तीन **वर्षसम्म** राज्य गऱ्यो ॥९॥

उक्त राजाले **चैत्य** नामको उपोसथ-घर सम्बन्धी झगडा मिलायो । त्यसपछि राज्य अपराधमा संलग्न अपराधी साठी दुःशील भिक्षुहरुलाई अपराधको उपकरणहरु सहित पक्रन लगाएर **चैत्यपर्वतको कणीर** नामको गुफामा राख्न लगायो ॥१०–११॥

**कणीर राजा** मरेपछि **आमण्डग्रामणी**को छोरो क्षत्रिय **चूलाभयले** एक वर्ष राज्य गऱ्यो । यो राजाले नगरको दक्षिणदिशामा पर्ने **होनक**[2] नदीको किनारमा **चूल-गल्लक** विहार बनाउन लगायो ॥१२–१३॥

---

**१. रजतलेन विहार - वर्तमान 'रिदि-विहार' । हेर्नुहोस् २८-२० ।**

**२. होनक - मोणक नदी । वर्तमान कलु-ओय ।**

Downloaded from http://www.dhamma.digital

**चूलाभय** मरेपछि उसैकी बहिनी आमण्डधीता **सीवली**ले चार महिना राज्य गरिन् । **आमण्ड**को इडनाग नामको भानिजले सीवलीलाई राज्यबाट हटाएर आफैँले नगरमा राज छत्र धारण गर्‍यो ॥१४–१५॥

राज्य गरेको पहिलो वर्षमै राजाले **तिस्सवापी** जाँदा **लम्बकर्णक**[1] राजाबाहेक धेरैको संख्यामा अरुलाई भेटेर नगरमा फर्किएर आयो । राजाले उसलाई त्यहाँ नदेख्दा रिसाएर उसलाई वापीको छेउदेखि महास्तूपसम्म सडक बनाउन बाध्य बनायो । अनि त्यसको निरीक्षण गर्नको लागि चण्डालहरुलाई नियुक्त गर्‍यो । यो कुराले रिसाएर सबैलाई लम्बकर्णकले भेला गरेर राजालाई आफ्नो घरमा रोकेर कैदगरेर आफैँले राज्यको विचार गर्न सुरु गर्‍यो । त्यतिबेला राजाकी देवी (रानी)ले **चण्डमुखसिव** नामको आफ्नो छोरोलाई राजा बनाएर, धाईहरुको हातमा दिएर, मङ्गल हात्तीलाई निम्नलिखित समाचार भनेर पठायो । धाईहरुले त्यो बालकलाई त्यहाँबाट लिएर गएर मङ्गल हात्तीलाई देवीको सारा सन्देश भन्यो – "यो तेरो स्वामीको छोरो हो तेरो स्वामी बन्दीगृहमा छ । यो बालक शत्रुहरुको हातबाट मारिनुभन्दा तेरो हातबाट मारिनु श्रेयस्कर छ । त्यसैले तैँले मारेर फाल । यो देवीको भनाइ हो" । यसो भनेर उनीहरुले बालकलाई हात्तीको खुट्टानेर सुताईदियो ॥१६–२३॥

मन दु:खेर हात्ती रोयो । फेरि त्यसले खाँबो भाँचेर महलमा पसेर, ढोका ढलायो, राजा बस्ने गरेको ठाउँको दैलो उखेल्यो, राजालाई काँध बसाएर **महातीर्थ** आयो ॥२४–२५॥ त्यहाँ हात्तीले राजालाई पश्चिम समुद्र[2]को किनारमा जाने नाउमा चढाएर आफू **मलय**तर्फ लाग्यो ॥२६॥

राजा तीन वर्षसम्म अर्को किनारमा बस्यो । त्यसपछि सेना एकत्र गरेर नाउबाट **रोहण** देश गयो ॥२७॥ त्यहाँ **सक्खरसोब्भ** नामको तीर्थ (बन्दरगाह) मा ओर्लिएर **रोहण** देशमा धेरैको संख्यामा सेना जम्मा गर्‍यो । राजाको मङ्गल हात्ती पनि राजाको काम गर्नको लागि दक्षिण **मलय**देखि **रोहण** देश आयो ॥२८–२९॥

**तुलाधरविहार** वासी, **जातक** - वाचक **महापदुम** स्थविरबाट **कपिजातक**[3] सुनेर बोधिसत्वप्रति प्रसन्नचित्त भएर राजाले डोरीबिनाको सयवटा धनुषी[4] जत्रो ठूलो नाग **महाविहार** बनायो ।

---

**१. लम्बकर्णक - लंकाको प्रसिद्ध वंश जसको पूर्वज भारतको पूर्वमा आएर बसेका थिए ।**

**२. पश्चिम समुद्र - भारत र लंका बीचको समुद्र ।**

**३. कपिजातक - कपिजातक (सं० २५० ) ।**

**४. धनुषी - १ धनुष = ४ हात ।**

Downloaded from http://www.dhamma.digital

स्तूपको यथास्थितको आकार बढाउन लगायो । तिस्सवापी[1] र दूरवापी[2] पनि बनाउन लगायो ॥३०–३२॥

राजाले सेना एकत्र गरेर लडाईंको लागि निक्लियो । **लम्बकर्णले** पनि यो समाचार सुनेर लडाईंको लागि एकत्र भयो ॥३३॥ कपल्लक खण्ड द्वारको छेउमा **हङ्कारपिट्ठिक** नामको क्षेत्रमा दुवैतर्फका सेनाहरु एकले अर्कोलाई नाशने मास्ने खालको लडाईं गऱ्यो । नाउमा यात्रा गर्दा थकाइको कारण राजा पक्षका मानिसहरु आत्तिए । त्यतिबेला राजाले आफ्नो नाम सुनाएर आफैं लडाईं गर्न होमियो ॥३४–३५॥

राजालाई देखेर भयभीत भई घोप्टो परेर सुत्यो । तिनीहरुले लम्बकर्णहरुको टाउको काटेर रथको नाभि (Nave – चक्काको मध्य भाग) को उचाई बराबरको थुप्रो लगाईदियो ॥३६–३७॥ तीनपटक यसो गरेपछि राजा करुणाले प्रेरित भएर भन्यो, "यिनीहरुलाई नमारेर प्राण रहेसम्म बन्दी बनाएर राख" ॥३६–३७॥

त्यसपछि त्यहाँबाट संग्रामजित राजा नगरमा आएर राज छत्र धारण गऱ्यो । अनि त्यसपछि तिस्सवापीको उत्सवमा गयो ॥३८॥ जलक्रीडा गरिसकेपछि गरगहना लगाएको राजाले आफ्नो श्रीसम्पत्ति देखेर र आफू हिंडेको बाटोमा बाधा पुऱ्याउने लम्बकर्णलाई सम्झिएर रिसाई तिनीहरुलाई दुई दुईजनाको जोडी बनाएर रथमा जोतायो । यसरी तिनीहरुलाई अघाडि लगाएर नगरमा प्रवेश गऱ्यो ॥३८–४०॥

**महाप्रासाद**को मञ्चमा उभिएर आज्ञा दियो, "यही मञ्चमा यिनीहरुको टाउको काट" । त्यसपछि आमाले भनिन्, "हे रथर्षभ ! यो लम्बकर्ण तेरो रथमा जोतिएको (रथको ऋषभ) गोरु हो । त्यसैले यसको सिङ र खुर काट्न लगाऊ भन्दा राजाले त्यसको टाउको काट्ने काम रोक्यो । खालि उसको नाक र खुट्टाको औंलाहरु कटाउन लगायो ॥४१–४३॥

जुन देशमा हात्तीहरु बस्थे, त्यो देश राजाले हात्तीको लागि भनेर दियो । त्यसैले त्यो देशको नाम 'हस्तिभोग देश' भयो ॥४४॥ यसरी **इडनाग** राजाले **अनुराधपुरमा** पूरा छ वर्ष राज्य गऱ्यो ॥४५॥ **इडनाग** मरेपछि उसको छोरो राजा **चन्दमुखसिवले** आठ वर्ष सात महिना राज्य गऱ्यो ॥४६॥ यो महीपतिले **मणिकार** ग्राममा वापी (पोखरी) बनाउन लगाएर **ईश्वर-श्रमण** नामको विहारलाई दान दियो ॥४७॥ त्यो राजाकी नाम कहलिएकी महिषी **दमिड देवी**ले त्यो **मणिकार** ग्रामको आफ्नो अंश पनि त्यही विहारलाई दिइन् ॥४८॥

---

**१. तिस्सवापी - महागामको नजिकमा पर्ने ठाउँ ।**

**२. दूरवापी - धेरै सम्भव छ यो पनि सद्धातिस्सले बनाउन लगाएको 'दूरतिस्सवापी' हो । हेर्नुहोस् ३३–८ ।**

Downloaded from http://www.dhamma.digital

तिस्सवापीमा जलक्रीडाको समयमा **चन्दमुखसिव**लाई मारेर उसैको भाई राजा **यसलालकतिस्स**ले लंकाको शुभवदन स्वरुप रमणीय **अनुराधपुर**मा सात वर्ष आठ महिनाराज्य गऱ्यो ॥४९–५०॥

**दत्त** नामको ढोकापालेको **सुभ** नामको छोरो – जो आफैं ढोकापाले थियो – जसको रुप हेर्दा राजाको जस्तो थियो । राजा **यञ्जलालक**ले हँसाउनको लागि **सुभ** ढोकापालेलाई राजाको भेष लगाइदिएर सिंहासनमा बसाउँथ्यो । अनि त्यो ढोकापालेको टाउकोको पगरी आफ्नो टाउकोमा लगाएर हातमा सिर्कना (लट्ठी) लिएर ढोकामा उभिन्थ्यो अनि राजाको सिहासनमा बसेको ढोकापालेलाई नमस्कार गर्दै मन्त्रीहरुलाई हेरेर हाँस्थ्यो । उसले समय समयमा यस्तो गर्ने गर्थ्यो ॥५१–५४॥

एक दिन ढोकापालेले हाँसिरहेको राजालाई देखेर त्यो ढोकापालले यो किन मेरो अगाडि हाँस्छ भनेर मार्न लगायो । यो **सुभ** ढोकापालेले त्यहाँ लंकामा छ वर्ष राज्य गऱ्यो । अनि सुभ राजाको नामले प्रसिद्ध भयो ॥५५–५६॥

**सुभराजा**ले दुवै विहारहरु[1]मा **सुभराजा** नामको सुन्दर परिवेण पंक्ति (परिवेणको लाइन) बनाउन लगायो । उसले **उरुवेल**को नजिक **वल्ली- विहार**, पुर्वदिशामा **एकद्वार** विहार र **गञ्जन**दीको किनारमा नन्दिगामक विहार बनाउन लगायो ॥५७–५८॥

उत्तरदिशामा बस्ने **वसभ** नामको लम्बकर्णको एउटा छोरो थियो । त्यसले आफ्नो सेनापति मामाको सेवा गर्थ्यो । "**वसभ** नामको पुरुष राजा हुनेछ "– यो कुरो सुनेर राजाले लंकाद्वीपमा **वसभ** नामको सबै पुरुषहरुलाई, मार्न लगाउँथ्यो । हामी यो **वसभ** राजालाई सुम्पिदिऔं – यसबारेमा श्रीमतीसित सल्लाह गरेर सेनापति विहान राजाको घर (राजकुल)गयो । त्यो सेनापतिको साथमा जाँदै गरेको **वसभ**को रक्षाको लागि सेनापतिकी श्रीमतीले उसको हातमा चुना नहालेको पान दिइन् । राजमहलमा पुगेपछि सेनापतिले चूना नहालेको पान देखेर त्यसलाई चूना लिएर आउन घर पठायो ॥५९–६३॥ सेनापतिकी श्रीमतीले चूना लिन आएको वसभलाई रहस्यले भरिएको कुरा खोलिदियो अनि त्यसलाई एक हजार मुद्रा दिएर भगायो ॥६४॥

**वसभ** भागेर **महाविहार** भएको ठाउँमा गयो । त्यहाँ स्थविरहरुले दुध, अन्न (भात, भोजन) वस्त्र दिए । त्यसपछि एक दिन कुष्ठ रोगीले आफू राजा हुने भविष्यवाणी गरेको सुनेर खुशी भएर चोर (विद्रोही) हुने निश्चय गऱ्यो ॥६५–६६॥

---

**१. दुई विहार – अभयगिरि र महाविहार ।**

Downloaded from http://www.dhamma.digital

यसपछि समर्थ मानिसहरुको साथ लिएर गाउँहरु लूट्दै रोहण प्रान्त पुगेर रोटी (को कथा)[1] को उपदेशअनुसार एकपछि अर्को राष्ट्र जितेर दुई वर्षपछि सेना लिएर राजधानी नगरको नजिक आएर महाबलवान् **वसभ**ले सुभराजालाई लडाईंमा माऱ्यो अनि नगरको राज छत्र धारण गऱ्यो । मामा सेनापति लडाईंमा काम लाग्यो । राजा वसभले मामाकी **पोत्थ** नामधारी श्रीमतीले पहिले उपकार गरेकी हुनाले आफ्नी महिषी बनायो ॥७०॥

राजाले चिना हेर्नेलाई आफ्नो आयु सोध्यो । त्यो चिना हेर्नेले आयु बाह्र वर्ष छ भनेर बतायो । तर गोप्यरुपले राजाले उसलाई यो कुरो गोप्य राख्नको लागि एक हजार मुद्रा दिएर भिक्षुसंघलाई निमन्त्रित गऱ्यो । अनि प्रणाम गरेर सोध्यो, "भन्ते ! के आयु बढाउने कुनै उपाय छ ?" संघले जवाफ दियो जोखिमबाट बच्ने उपाय छ । राजन् ! पानी छान्ने कपडा (परिस्सावन) दान, निवास स्थान दान, रोगीहरुलाई वृत्ति दान दिनुपर्छ । अनि त्यसरी नै पुराना आवासहरु मर्मत सुधार गर्नुपर्छ । पाँच शील ग्रहण गरेर राम्रोसित तिनको रक्षा गर्नुपर्छ अनि उपोसथको दिन उपोसथ उपवास बस्नुपर्छ" । राजाले स्वीकार छ भन्यो र गएर त्यस्तै प्रकारले गर्न थाल्यो ॥७१–७६॥

तीन तीन वर्ष बितेपछि राजाले लंकाद्वीपमा सबै भिक्षुहरुलाई त्रिचीवर दान दियो । जो स्थविर आएन उनको चीवर उनकहाँ पठाइदिने काम भयो । बत्तीस ठाउँमा मह र खीर दान दियो अनि चौध ठाउँमा मिश्रित महादान दियो । **चेतिय पर्वत**, **थुपाराम** चैत्य, **महास्तूप** र **महाबोधि** घर यी चार ठाउँमा हजार बत्ती बाल्न लगायो ॥७७–८०॥

**चित्तलकुट**[2] मा दस सुन्दर स्तूप बनाउन लगायो अनि पुरालंकाद्वीपमा पुराना विहारहरुको मर्मत सुधार गरायो । **वल्लियेर विहार**को स्थविरबाट खुशी भएर त्यहाँ **महावल्लिगोत्त** नामको विहार बनाउन लगायो ॥८१–८२॥

---

**१. रोटीको कथा – एउटी महिलाले आफ्नो छोरोलाई मालपुवा पकाएर दिई । छोरोले मालपुवाको बीच बीचको भाग खाएर छेउछेउ त्यसै छोड्दो रहेछ । त्यो महिलाले भनी 'यो छोरोले पनि चन्द्रगुप्तले राजसी तरिकाले खाए (राजग्रहण) जस्तो गर्दो रहेछ' । छोरोले भन्यो "आमा ! मैले त्यस्तो के गरेको छु र ? अनि चन्द्रगुप्त को हो ?" आमाले भनिन – "छोरा ! तैंले मालपुवाको छेउछेउको छोडेर बीचको मात्र खान जानेको रहेछस् । चन्द्रगुप्तले पनि त्यसरी नै राजेच्छाले किनारका भूभागमा बसेका मानिसहरुलाई नजितिकन बीचका भूभागमा बस्ने मानिसहरुलाई जितेको थियो । त्यसैले गाउँका मानिसहरु एक ठाउँमा भेला भएर चद्रगुप्तलाई बीचमा पारेर उसको सेना नाश गरिदिन्थे । यो उसैको दोष थियो"। म० टी० पृ ० १२३ ।**

**२. चित्तलकूट -चित्तल पर्वत ।** हेर्नुहोस् २२–२३ ।

Downloaded from http://www.dhamma.digital

**महाग्राम**को नजिक **अनुरा** (ला) **राम** बनाउन लगाएर, **हेलिगामको** एक हजार आठ करीस भूमि विहारलाई दान दियो ॥८३॥ **तिस्सवड्ढमानक**[1] मा **मुचेल विहार** बनाउन लगाएर '**अलिसार**'को पानीको एक अंश विहारलाई दियो ॥८४॥

**गलम्बतित्थ** विहारको स्तूपमा ईंटाको (कंचुक) माथिबाट राखिने आवरण बनाउन लगायो । उपोसथागार बनाउन लगायो र त्यहाँको बत्ती र तेल खर्चको लागि हजार करीस (जग्गा सिँचाई हुने) वापी (पोखरी) दान दियो । अनि **कुम्भीगल्लक** विहारमा उपोसथागार बनाउन लगायो ॥८५–८६॥

उही राजाले **इस्सर समण** विहारमा उपोसथागार र **थूपाराममा** स्तूप घर बनाउन लगायो ॥८७॥ महाविहारमा पश्चिमतिर मुख गरेको परिवेणको पंक्ति बनाउन लगायो र पुरानो मण्डप (चतुश्शाला) मर्मत गरायो ॥८८॥ उही राजाले पिपलको रुखको आँगनमा सुन्दर चारवटा बुद्धप्रतिमा र ती प्रतिमाहरुको लागि प्रतिमाघर बनाउन लगायो ॥८९॥ उही राजाकी **पोत्थ** नामकी महिषीले त्यहीँ सुन्दर स्तूप र रमणीय स्तूप घर बनाउन लगाइन् ॥९०॥ **थूपाराममा** स्तूप घर बनाउने काम सकेर राजाले त्यसको समाप्तिको अवसरमा महादान दियो । बुद्धवचनको अध्ययनमा संलग्न भिक्षुहरुलाई चार प्रत्यय र धर्म कथिक भिक्षुहरुलाई घिउ र सक्खर दियो ॥९१–९२॥ नगरका चारैदिशामा गरिबहरुलाई भिक्षा र रोगी भिक्षुहरुलाई रोग लागेको समयको 'आजीविका' दियो ॥९३॥

**चयन्ति (वापी), राजुप्पल (वापी), वह (वापी), कोलम्ब गामक (वापी) महानिक्ख वट्टि (वापी), महारामेत्ति (वापी), कोहाल (वापी),** काली (**वापी), चम्बुटि (वापी), चाथमङ्गण (वापी), अग्गिवड्ठ मानक (वापी)** । यी एघार वापी (पोखरी) र अनिकालको समयमा देशको रक्षा को लागि बाह्रवटा नहर बनाउन लगायो ॥९४–९६॥ चारैवटा नगरद्वार, चार अट्टालिका र महल बनाउन लगायो । उद्यानमा एउटा ताल, बनाउन लगायो अनि त्यसमा हाँस छोडिदियो ॥९७॥ नगरमा ठाउँ ठाउँमा धेरैको सङ्ख्यामा पोखरी बनाउन लगाएर राजाले तिनमा सुरुङबाट पानी पुऱ्यायो ॥९८॥ सदेव पुण्य कर्ममा अनुरक्त वसभ राजाले यसरी पुण्यकर्म गरेर मरिने डरबाट सुरक्षित भएर नगरमा चवालीस वर्ष राज्य गऱ्यो अनि चवालीस वैशाख पूजा पनि गरायो ॥९९- १००॥

सुभ राजाले आफ्नो जीवनमा **वसभ** राजाको डरले शसङ्कित भएर आफ्नी एउटी छोरी राज (=मेमार) लाई दियो ।

---

१ . **तिस्सवड्ढमानक – हेर्नुहोस् ३७–४८ ।**

Downloaded from http://www.dhamma.digital

साथै आफ्नो कम्बल र राजभाण्ड (राजाको सञ्चित धन भण्डार) पनि दियो । **वसभ**द्वारा **सुभ** राजा मारिदा राजाले त्यो बालिकालाई आफ्नो छोरी बनाएर पालन पोषण गऱ्यो । राजले काम गरेको समयमा त्यो बालिकाले उसको लागि भात लिएर जान्थी ॥१०१–१०३॥ एक दिन त्यो मेधाविनीले कदम्ब फूलको झाडीमा सात दिनसम्म निरोध समापत्ति[1] मा लागेको कुनै भिक्षुलाई देखेर ल्याएको भात उसलाई दिई ॥१०४॥ फेरिदोस्रो पटक भात पकाएर बाबुको लागि लिएर गई । बाबुले ढिलो हुनाको कारण सोध्दा उसले बाबुलाई ढिलो हुनाको कारण भनी ॥१०५॥ कुरो सुनेर सन्तुष्ट भएर राजले स्थविरको लागि भात पठाईदिने गऱ्यो । मन खुशी भएको स्थविरले भविष्यको कुरो बुझेर भन्यो–"हे कुमारी ! ऐश्वर्य प्राप्त हुँदा तैंले यो ठाउँको सम्झना गर्नू" । स्थविरलाई त्यही समयमा परिनिर्वाण प्राप्त भयो ॥१०७॥

**वसभ** राजाले आफ्नो **वंकनासिकतिस्स** नामको छोरोको उमेर पुगेपछि उहीअनुरुपको कन्ये केटी खोज्न लगायो । नारीको लक्षण चिन्ने मानिसहरुले राज (=मेमार) को गाउँमा त्यो बालिकालाई देखेर राजालाई निवेदन गरे । राजाले त्यो बालिका झिकाई पठाउन तयार भयो । त्यतिबेला राजाले बालिकालाई राजकुमारित्व भन्यो अनि राजकम्बल आदिले **वसभ** राजाकी कन्या हुने इच्छा प्रकट गरी । त्यतिबेला राजा खुशी भएर आफ्नो छोरोको त्यो बालिकासित राम्रो मङ्गल (संस्कार) गरेर बिहे गरिदियो । वसभ मरेपछि **वंकनासिकतिस्स** नामको छोरोले अनुराधपुरमा तीन वर्षसम्म राज्य गऱ्यो ॥१०८ ११२॥

**वंकनासिकतिस्स** राजाले होन नदीको किनारमा **महामङ्गल** नामको विहार बनाउन लगायो । तर **महामत्ता** नामकी देवीले स्थविरले भनेको वचन सम्झिएर विहार बनाउन धन संकलन गरिन् ॥११३–११४॥ राजा **वंकनासिकतिस्स** मरेपछि उसैको छोरो **गजवाहूक गामणी**ले बाईस वर्ष राज्य गऱ्यो ॥११५॥॥

**गजवाहुक गामणीले** आमाको कुरा सुनेर आमाको लागि कदम्ब फूल भएको ठाउँमा एउटा **मातुविहार** बनाउन लगायो ॥११६॥ विदुषी आमाले जग्गाको लागि महाविहारलाई एक लाख दियो अनि विहार बनाउन लगायो । राजा आफैंले त्यहाँ शिलामय स्तूप बनाउन लगायो । अनि ठाउँ ठाउँमा किनेर भिक्षुसंघलाई संघको सम्पत्तिको रुपमा दियो ॥११७–११८॥

**अभयुत्तर महास्तूप**लाई धेरै बढाएर गारो उठायो अनि चारवटै ढोकामा तोरण बनाउन लगायो ।

---

**१. निरोध समापत्ति - एक प्रकारको समाधि । यदि सात दिनसम्म समाधिमा यही अवस्थामा रहिरह्यो भने मृत्यु हुन्छ ।**

Downloaded from http://www.dhamma.digital

राजाले **गामणीतिस्स** वापी बनाउन लगाएर **अभयगिरि** विहारको भान्साघर नष्ट (भोजन पाकव्यय) गर्नको लागि त्यो वापी विहारलाई दियो ॥११९-१२०॥ मरिचवट्टि स्तूपको लागि आवरण (=कचुक,गिलाफ, ढाक्ने खोल) बनाउन लगायो । साथै एक लाख अरु खर्च गरेर संघलाई संघको सम्पत्तिको रुपमा दियो ॥१२१॥ आफ्नो अन्तिम वर्षमा रामुक नामको विहार बनाउन लगायो र **अनुराधपुर** नगरमा **महेजासन शाला** बनाउन लगायो ॥१२२॥

**गजबाहु** मरेपछि उसको श्वसूरो राजा **महल्लकनागले** छ वर्ष राज्य गऱ्यो ॥१२३॥ पूर्व दिशामा **सजेलक** विहार, दक्षिण दिशामा **गोठपब्बत** विहार, पश्चिम दिशामा **दकपाषाण** विहार, **नागद्वीपसालिपब्बत** विहार, **बीजगाममा तनवेली**विहार, **रोहण** देशमा **तोब्बालनाग - पब्बत** विहार र मध्यदेशमा **गिरिहालिक** विहार – यी सात विहार राजा महल्लभाग (**महल्लकनागक**) ले कम समयमै बनाउन लगायो ॥१२४-१२६॥

यसरी बुद्धिमान् पुरुषले असार धनले सार (पुण्य) गरेर धेरै पुण्य सञ्चय गर्छन् भने मूर्ख मानिसहरु मोहको कारण कामेच्छाले धेरैको सङ्ख्यामा पाप गर्छन् ॥१२७॥

सज्जनहरुको प्रसाद र वैराग्यको लागि रचित महावंशको 'द्वादश राजा' नामको पंचत्रिंश परिच्छेद ।

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# षट्त्रिंश परिच्छेद

## त्रयोदश राजा

**महल्लनाग** मरेपछि उसको छोरो **भातिकतिस्सले** चौबीस वर्ष लंकामा राज्य गऱ्यो। उसले **महाविहार**का चारैदिशामा पर्खाल लगाउन लगायो। त्यसपछि **गवरतिस्स विहार** बनाउन लगायो अनि **महावापी** बनाउन लगाएर विहारलाई दियो। **भातिकतिस्स** नामको विहार पनि बनाउन लगायो ॥१–३॥

राजाले सुन्दर **स्तूपाराम**मा उपोसथागार बनाउन लगायो अनि **रन्धकण्डक वापी** बनाउन लगायो। जीवहरुप्रति कोमलचित्त र संघप्रति तीव्र आदर (गौरव) को भावना राख्ने राजाले दुवै भिक्षु र भिक्षुणी संघहरुलाई महादान दियो ॥४–५॥

**भातिकतिस्स** मरेपछि उसको भाई कनिट्ठतिस्सले अठार वर्ष लंकाद्वीपमा राज्य गऱ्यो ॥६॥

**भूताराम**को महानाग स्थविरदेखि प्रसन्न भएर उसले **अभयगिरिमा** सुन्दर **रत्नप्रासाद** बनाउन लगायो ॥७॥ **अभयगिरि**मा पर्खाल र महापरिवेण बनाउन लगायो अनि **मणिसोम**[1] नामको विहारमा पनि परिवेण बनाउन लगायो। त्यहीं एउटा चैत्यघर र त्यस्तै प्रकारको **अम्बथ्ल** चैत्यघर पनि बनाउन लगायो अनि **नागदीप**को भवन मर्मत गरायो ॥८–९॥

राजाले **महाविहार**को सिमाना भत्काएर त्यहाँ राम्रोसित **कुक्कुटगिरि** नामको परिवेण बनाउन लगायो ॥१०॥ अनि **महाविहार**मा त्यो नरेन्द्रले बाह्रवटा दर्शनीय, मनोरम, चारकुने प्रासाद बनाउन लगायो। **दक्षिण विहार**को स्तूपको आवरण (माथिबाट राख्ने वस्तु) बनाउन लगायो अनि **महामेघवन** विहार सिमाना भत्काएर भोजन दानशाला बनाउन लगायो ॥१२॥ महाविहारको पर्खाल हटाएर दक्षिणविहार जाने बाटो बनाउन लगायो ॥१३॥ **भूताराम** विहार, **रामगोणक** विहार र यस्तै प्रकारले **नन्दतिस्साराम** बनाउन लगायो ॥१४॥

राजाले पूर्वदिशामा पर्ने **गंगाराजीमा अनुलतिस्स पब्बत** विहार, **नियेलतिस्साराम**, **पीलपिट्ठि** विहार र **राजमहाविहार** बनाउन लगायो।

---

**१. मणिसोम विहार - हेर्नुहोस् ॥३३ - ८४॥**

Downloaded from http://www.dhamma.digital

उसैले **कल्याणी विहार**[1], **मण्डलगिरि** विहार र **दुब्बलवापीतिस्स** विहार – यी तीन विहारमा उपोसथागार बनाउन लगायो ॥१५–१७॥

**कनिट्ठतिस्स** मरेपछि उसको **खुज्जनाग** नामको ख्याती प्राप्त छोरोले दुई वर्ष राज्य गऱ्यो ॥१८॥ **खुज्जनाग**को भाइ **कुंचनागले** आफ्नो दाइलाई मारेर एक वर्ष लंका राज्य गऱ्यो ॥१९॥ यो राजाले एक **नालिक**[2] **दुर्भिक्ष**को समयमा पाँच सय भिक्षुहरुलाई अटूटरुपमा महादान दियो ॥ नापको डालो बढायो ॥२०॥ राजा **कुंचनाग**की रानीको भाई **श्रीनाग** सेनापतिले राजासँग विद्रोह गरेर घोडा र सेना लिएर नगरको नजिक गएर राजाको सेनासित युद्ध गर्दा **कुंचनाग**लाई हराएर, सुन्दर **अनुराधपुर**मा उनाईस वर्षसम्म राज्य गऱ्यो ॥२१–२३॥

उत्त**महास्तूप**मा छत्र चढाएर त्यसमाथि दर्शनीय सुन्दर सुनको चित्रकर्म गर्न लगायो ॥२४॥ उसले पाँच तले सानो रुपको **लोहप्रासाद** बनाउन लगायो अनि त्यसपछि पिपलको रुखको चारैवटा ढोकामा सिँढी बनाउन लगायो ॥२५॥ छत्र र प्रासाद बनाउन लगाएर पूजाको **समयमा** पूजा गर्न लगायो अनि त्यो दयावान् राजाले **लङ्काद्वीप**मा तिर्नुपर्ने जम्मा तिरो हटाउन लागायो ॥२६॥ **राजाश्रीनाग**को मृत्युपछि धार्मिक व्यवहारमा कुशल **तिस्स** नामको उसको छोरोले बाईस वर्ष राज्य गऱ्यो ॥२७॥ उसैले देशमा हिंसारहितको व्यवहार स्थापित गऱ्यो ॥ त्यसैले उसको नाम **व्यवहार तिस्स** (**वोहारिक तिस्स**) रह्यो ॥२८॥ **कप्पुक** गाउँ बस्ने देव स्थविरबाट धर्मबारे सुनेर उसले पाँचवटा आवास विहार बनाउन लगायो ॥२९॥ **अनुरा(ला) - रामवासी महातिस्स** स्थविरदेखि प्रसन्न भएर **मुचेल पट्टन**मा दानको वृत्ति (जीविका) कार्यान्वयन गरायो ॥३०॥

राजाले दुवै महाविहारमा **तिस्सराजमण्डप** अनि पूर्वदिशामा पर्ने **महाबोधि-घर**मा फलामको दुईवटा मूर्ति बनाउन लगायो अनि आनन्दसँग बस्न योग्यको **सप्त पर्ण-प्रासाद** बनाउन लगाएर प्रत्येक महिना हजार हजार मुद्रा महाविहारलाई दिने गऱ्यो ॥३१–३२॥

**अभयगिरि** विहारमा, **दक्षिण-मूल** नामक विहारमा **मरिचवट्टी** विहारमा, **कुलालितिस्स नामक** विहारमा, **महियङ्गण** विहारमा, **महागामनाग** नामको विहारमा, **महानाग तिस्स** नामको विहारमा र **कल्याणी** विहारमा – यी विहारका आठस्तूपमा छत्र चढाउन लगायो । **मूलनाग** सेनापति विहारमा, दक्षिणमा **मरिचवट्टी** विहारमा, **पुत्तभाग** नामको विहारमा, **इस्सरसमण** नामको विहारमा र **नागदीपको तिस्स** नामको विहारमा – यी

---

**१. कल्याणी विहार - हेर्नुहोस् १–६६ , ३२–५३ ।**
**२. नालिक - त्यो समयमा मानिसहरुले एक नालिभरिको अन्न नै पाउँथ्यो ।**

Downloaded from http://www.dhamma.digital

छओटा विहारको छेउछेउमा पर्खाल लगाउन लगायो अनि **अनुराराम** (अनुलाराम) नामको विहारमा उपोसथागार बनाउन लगायो ॥३३–३७॥

सद्धर्ममा गौरवको भावना राख्ने राजाले पूरा लंकाद्वीपमा जहाँ जहाँ **आर्यवंश**[१]को कथा (धर्म विषयको चर्चा) हुन्थ्यो, त्यहाँ त्यहाँ दान वृत्ति स्थापित गरायो । बुद्ध शासन प्रिय राजाले तीन लाख दिएर ऋणग्रस्त भिक्षुहरुलाई ऋणबाट मुक्त गऱ्यो ॥३८– ३९॥

**महावैशाख पूजा** गराएर राजाले लंकाद्वीपवासी सबै भिक्षुहरुलाई त्रिचीवर दिन लगायो ॥४०॥

**वेथुल्ल-वाद**[२] लाई दमन गऱ्यो अनि मन्त्री **कपिलद्वारा** पापीहरुलाई मारेर उसले बुद्ध शासनलाई चम्कायो ॥४१॥

**अभयनाग** नामले प्रसिद्ध सानो भाइको राजाकी रानीसित अनुचित सम्बन्ध थियो । यो कुरो थाहा पाएपछि भाइको डरले भागेर सेवकसहित **भल्लतीर्थ** भन्ने ठाउँमा पुगेर रिसाएर उसले आफ्नो शसुरोको हातखुट्टा काटिदियो ॥४२–४३॥ राजाको राष्ट्रमा फूट (भेद) गर्नको लागि त्यसलाई त्यहीँ छोडेर आफ्ना नजिकको मान्छे लियो, उनीहरुलाई त्यो कुकुरको उदाहरण[३] दियो अनि त्यही नाउमा चढेर पारि किनारमा पुग्यो । उसको शसुरो **सुभदेव** राजाकहाँ पुगेर, उसको मित्रजस्तै बनेर उसको राज्यमा फूट गरायो । **अभयले** त्यो कुरो जान्नको लागि दूत पठायो । त्यो दूतलाई देखेर उसले सुपारीको रुखको छेउमा घुम्दै आफ्नो भालाले रुखको चारैतिरको माटो खनेर रुखको जरा कमजोर बनायो । त्यसपछि त्यो दूत अघाडि पर्दा रुखलाई पाखुराले धकेलेर ढलायो अनि दूतलाई तर्साएर भगायो । दूतले गएर राजा **अभयलाई** त्यो कुरो भन्यो ॥४४–४८॥ यो कुरो थाहा भएपछि राजा **अभय** त्यहाँबाट धेरैको संख्यामा द्रविड लिएर भाइसित आफैँ लडाईं गर्नको लागि नगरको नजिक आयो । राजाले त्यसलाई चिनेर घोडामा चढेर देवीलाई लिएर भागेर **मलय** पुग्यो । उसको कान्छा भाइले त्यसलाई खेद्यो अनि मलय प्रान्तमा पुगेर राजालाई मारेर देवीलाई लिएर नगरमा फर्किएर आयो र आठ वर्ष राज्य गऱ्यो ॥४९–५१॥

---

**१. आर्यवंश – अरियवंश (अंगुत्तर, चतुक्क निपात) ।**

**२. वेथुल्ल-वाद – वैपुल्य सूत्रका अनुयायी महायान बौद्ध सम्प्रदाय ।**

**३. उदाहरण – नाउमा चढेको समयमा कुकुर पछि लाग्यो । उसले कुट्यो । तैपनि पछि लाग्न छोडेन । उसले आफ्ना अनुयायीहरुलाई भन्यो । यो कुकुरजस्तो तिमीहरु मसँग बस्नू (टीका) ।**

Downloaded from http://www.dhamma.digital

राजाले पिपलको रुखको चारैदिशामा ढुंगाको वेदिका पूजा गर्ने ठाउँ बनाउन लगायो अनि **लोह प्रासाद**को आँगनमा मण्डप बनाउन लगायो ॥५२॥ दुई लाख मूल्यको **धेरै वस्त्र** मगाइ पठाएर लंकाद्वीपको भिक्षुहरुलाई वस्त्र दान दियो ॥५३॥ राजा अभय मरेपछि उसको भाइ **तिस्सको श्रीनाग** नामको छोरोले दुई वर्षसम्म लंकामा राज्य गऱ्यो ॥५४॥ चारैदिशाको पिपलको रुखको पर्खाल मर्मत गराएर **मुचेल** रुखको दक्षिणदिशामा पिपलको रुखछेउको बालुवा भएको ठाउँमा सुन्दर हसवट्ट[1] र ठूलो मण्डप बनाउन लगायो ॥५५–५६॥ **श्रीनागको विजय कुमार** नामको छोरोले बाबु' खसेपछि एक वर्ष राज्य गऱ्यो ॥५७॥

**महियङ्गण**मा तीनजना लम्बकर्ण परस्परमा मित्र थिए । **संघतिस्स, संघबोधि र** तेस्रो **गोठकाभय** । राजाको सेवामा जाँदै गरेका उनीहरुको हिँडदै गरेको खुट्टाको आवाज सुनेर एकजना विद्वान् अन्धोले भन्यो, "पृथ्वीले यी तीन पृथ्वी स्वामी (पृथ्वीको मालिक) धारण गरेको छ । यो सुनेर पछिपछि हिँडिरहेको **अभयले** सोध्यो । त्यो अन्धोले फेरि त्यही कुरो दोहोऱ्यायो । **अभयले** उसलाई फेरि सोध्यो, "कसको वंश स्थिर रहनेछ ?" उसले भन्यो, "सबैभन्दा पछाडि हिँड्नेको" । यो कुरो सुनेर **अभय** ती दुवै साथीहरुको साथ लागेर हिँड्यो । नगरमा प्रवेश गरेर तीनैजना राजाको अति विश्वासपात्र मित्र भएर श्रद्धापूर्वक राजाको काम गर्ने गरेर राजाको छेउमा बस्न थाले ॥५८–६२॥

एकमत भएर **विजयराजा**लाई राजमहलमा मारेर बाँकी दुवै सेनापतिले संघतिस्सको राज्याभिषेक गऱ्यो । यसरी अभिषिक्त **संघतिस्स**ले उत्कृष्ट **अनुराधपुरमा** चार वर्षसम्म राज्य गऱ्यो ॥६३–६४॥ त्यो राजाले **महास्तूपमा** छत्र चढाउन लगायो । सुनको काम गरायो तथा चार लाख मूल्यको चार बहुमूल्य महामणि चारवटा सूर्यको माझमा स्थापित गराउन लगायो । यस्तै प्रकारले स्तूपको माथि बहुमल्य वज्रचुम्बट (हीराको बिंडा) पनि बनाउन लगायो ॥६५–६६॥ त्यसपछि छत्रको पूजा गर्नको लागि राजाले छयालीस हजार मूल्य जाने छ चीवर संघलाई दान दियो ॥६७॥

**दामहालक** वासी **महादेव** स्थविरबाट **खन्धक**[2]को 'यागु दानको महात्म्य' (खिचडी दानको महिमा) को सूत्र सुनेर सन्तुष्ट भएर नगरका चारैढोकामा राम्रोसित संघलाई यागु दान दिन लगायो ॥६८–६९॥

त्यो राजा बीचबीचमा अन्तःपुर र मन्त्रीहरुको साथमा पाकेको जामुनो खानको लागि **प्राचीन द्वीप** जाने गर्दथ्यो । राजाको आगमनले दिक्क भएका **प्राचीन** द्वीपका वासीहरुले राजाले खाने जम्बूफल (जामुनो Syzygium cumini (L)Skeels) मा विष राखिदिए । ती पाकेका जम्बूफल खाएर त्यो राजा ठहरै मऱ्यो ।

---

**१. हंसवट्ट - एक प्रकारको घर ।**

**२. खन्धक - विनयपिटकको महावग्ग र चुलवग्ग ।**

Downloaded from http://www.dhamma.digital

**अभयले** सेना(को माथि) नियुक्त गरेको श्री **सङ्घबोधि**को राज्याभिषेक गऱ्यो ॥७०–७२॥

**सङ्घबोधि** नामले प्रसिद्ध पंचशील[1] युक्त राजाले **अनुराधपुर**मा दुई वर्षसम्म राज्य गऱ्यो ॥७३॥ उसले महाविहारमा शलाकागृह[2] बनाउन लगायो । त्यो समयमा **लङ्काद्वीप**का मानिसहरु अनावृष्टि (खडेरी) ले दुखी हुन परेको बुझेर करुणाले कम्पित राजा महास्तूपको आँगनमा आफैंदृढ निश्चय गरेर भुइँमा सुत्यो, यदि वर्षाको पानी ममाथि बर्सिए पनि म उठदिनँ बरु मरेर जान्छु । राजाले यसो भनेर सुतेर बसिरहँदा त्यति नै बेला **लङ्काद्वीप**मा घनघोर वर्षा भयो, जसले गर्दा महापृथ्वी खुशी भयो ॥७४–७७॥ यसरी पानी पर्दा पनि बगेर जान नसक्नुको कारण राजा टसकोमस गरेन । त्यतिबेला उनका मन्त्रीहरुले पानी निकास हुने बाटो थुनी दियो । त्यतिबेला मात्र बग्दै गरेको पानीमा धार्मिक राजा उठेर खडा भयो । यसरी लंकाद्वीपमा राजाको करुणाले खडेरीको त्रास शान्त गरिदियो ॥७८–७९॥

ठाउँ ठाउँमा विद्रोह उेठको छ भनेको सुनेर, राजाले विद्रोहीहरु समातेर ल्याउनु भनि पठायो, अनि त्यसपछि केही नभनि लखेटि पठायो । त्यसको ठाउँमा मुर्दाको शरीर छोपेर ल्याउन लगायो र आगोमा जलाउन लगायो अनि यसरी मच्चिएको उत्पात डर शान्त गरिदियो ॥८०- ८१॥

**रत्तअक्खी** (रक्ताक्षी, रातो आँखा भएकी) नामले प्रसिद्ध यक्ष (=दैत्य) त्यहाँ आएर जहाँतहाँ मानिसहरुको आँखा रातो बनाई दिन्थ्यो । एक्ले अर्कोको आँखा देखेपछि आँखा पाकेको कुरो गर्ने मानिस मर्थ्यो । त्यो यक्ष ती मरेकाहरु निर्धक्क भएर खान्थ्यो ॥८२–८३॥ त्यो यक्षले गरेको उत्पातको कुरा सुनेर सन्तप्त हृदय भएको राजाले उपोसथको आठअंगको रक्षा गर्दै उपवास भवनमा 'त्यो यक्षलाई नदेखिकन उठदैउठदिन' भनेर निश्चय गरेर सुत्यो । राजाको धर्म तेजले त्यो राजा भएको ठाउँमा आयो ॥८४–८५॥ उसलाई 'को हो ?' भनेर सोध्दा, 'म हुँ' भनेर जवाफ दियो । राजाले भन्यो, "किन मेरो प्रजा खान्छस् ? 'नखा' ॥८६॥ त्यो यक्षले भन्यो, "मलाई खानको लागि एउटा गाउँको मान्छे दे" । "दिन सक्तिनँ" भन्दा उसले कम गरेर एउटा मात्र मान्छे माग्यो ॥८७॥ राजाले भन्यो, "अरु कोही दिन सक्तिनँ मलाई नै खा" । "खान सक्तिनँ" भनेर यक्षले राजाबाट गाउँगाउँदेखि खाने चीज माग्यो । राजाले पनि "स्वीकार गऱ्यो" अनि पूरा लङ्काद्वीपको गाउँको ढोकामा राख्न लगाएर उसलाई खानेचीज दिने व्यवस्था गरिदियो ॥८९॥

---

**१. पंचशील - हेर्नुहोस् १–६२ ।**

**२. शलाकागृह - हेर्नुहोस् १५–२०५ ।**

Downloaded from http://www.dhamma.digital

यसरी यो लङ्काद्वीपको दोष र सर्वभूत (सबै प्राणी)लाई दया गर्ने महासत्वले महारोग लाग्ने डर हटायो ॥९०॥

राजाको खजान्ची मन्त्री **गोठकाभय** विद्रोही बनेर उत्तरदिशामा पर्ने नगरमा आक्रमण गऱ्यो ॥९१॥ अरुलाई हिंसा नगर्ने इच्छाले राजा पानी छान्ने कपडा लिएर एक्लै दक्षिणतर्फको ढोकाबाट चम्पट कस्यो (भाग्यो) ॥९२॥

भोजनको थैली लिएर जाँदै गरेको बटुवाले राजालाई पटकपटक भोजन गर्नको लागि भन्यो । पानी छानेर, भोजन गरेर, त्यो दयालु व्यक्तिले त्यो बटुवालाई दयागर्नको लागि भन्यो, "**म संघबोधि** राजा हुँ, तिमीले मेरो शिर लिएर गएर **गोठकाभयलाई** देखाऊ । त्यसले तिमीलाई धेरै धन दिनेछ" । तर त्यसले त्यस्तो काम गर्न चाहेन । त्यसको लागि राजा बसेको ठाउँमै मऱ्यो । त्यसले त्यो राजाको शिर लिएर गएर देखायो । **गोठकाभय** चकित भएर उसलाई धन दियो अनि राम्रोसित राजाको सत्कार गऱ्यो ॥९३–९७॥

यसरी **गोठकाभयले** जो **मेघवण्णाभय** नामले पनि प्रसिद्ध भयो उसले तेन्ह वर्षसम्म लंकमा राज्य गऱ्यो ॥९८॥

उसले ठूलो प्रासाद निर्माण गरायो तथा त्यसको ढोकामा मण्डप बनाउन लगायो अनि सजाउन लगाएर त्यहाँ प्रत्येक दिन एक हजार आठ भिक्षुहरुको संघलाई बसाएर मिठो र धेरै प्रकारको खिचडी, खाद्य, भोज्य (पदार्थ) तथा चीवरले सत्कार गरेर महादान दियो । यो दानकार्य एकाईस दिनसम्म लगातार चलिरह्यो ॥९९–१०१॥

**महाविहार**मा उत्कृष्ट शिलामण्डप बनाउन लगायो अनि **लोहप्रासाद**को खाँबो फेरेर गाडन लगायो ॥१०२॥ पिपलको रुखको ढुंगाको वेदी उत्तरपट्टिको ढोकाको तोरण र चक्र चिन्ह भएको चारपाटे स्तम्भ स्थापित गराउन लगायो ॥१०३॥ तीनवटै ढोकामा ढुंगाको तीनवटा प्रतिमा बनाउन लगायो अनि दक्षिणपट्टिको ढोकमा पुरै ढुंगाको सिंहासन स्थापित गर्न लगायो । **महाविहार**को पछाडि **प्रधानभूमि**[1] (बनाउन लगायो अनि **लङ्काद्वीप**का सबै पुराना आवास (भिक्षुहरुको निवास स्थान) मर्मत गरायो ॥१०४–१०५॥ **स्तूपाराममा** स्तूपघरको तथा स्थविर **महेन्द्रको अम्बथल** विहारमा, **मणिसोमक** नामको आराममा, **थूपाराममा**, **मणिसोमाराममा**, **मरिचवट्टी** विहारमा र **दक्षिणविहार**मा उपोसथ घरहरुको मर्मत गरायो ॥१०६–१०७॥ अनि **मेघवण्णाभय** नामको विहार बनाउन लगायो । विहारको महापूजामा **लंकाद्वीपवासी** तीस हजार भिक्षुहरुलाई एकत्र गरेर छ/छवटा चीवर दियो ।

---

**१. प्रधानभूमि - अर्हत्वको लागि प्रयत्नशील गरिरहेका भिक्षुहरुको लागि चंक्रमण भूमि ।**

Downloaded from http://www.dhamma.digital

महावैशाख पूजाको समयमा पनि त्यसै गऱ्यो अनि प्रत्येक वर्ष संघलाई छ/छवटा चीवर दिन लगायो ।

पापिहरुको हत्याबाट बुद्ध शासन शुद्ध गर्नको लागि उसले **अभयगिरि** विहारमा बस्ने बुद्ध शासनका काँढा भएर बसेका साठी **वेथुल्ल-वादी**[1] भिक्षुहरुलाई रोकेर उनीहरुलाई समुद्रपारि कटाएर पठायो । निकालेर पठाएको आश्रित स्थविर **चोल**[2] देशको भूतविद्या जान्ने **संघमित्र** नामको एउटा भिक्षु महाविहारको भिक्षुहरुदेखि रिसाएर फेरि त्यहाँ आयो ॥१०८–११३॥

त्यो असंयत भिक्षु **थूपाराम**को सभामा पसेर, राजालाई पुरानो नामले बोलाउने राजाको मामा **संघपाल परिवेण** वासी **गोठाभय** स्थविरको वचन उल्लंघन गरेर राजाको कुलपूज्य (राजपरिवारको पूजनीय व्यक्ति) भयो ।

राजा त्यो भिक्षुदेखि खुशी भएर आफ्नो **जेट्ठतिस्स नाम**को जेठो छोरो र **महासेन** नामको कान्छो छोरो उसलाई सुम्पिदियो । उसले कान्छो छोरो **महासेन**लाई आफ्नो विश्वासमा लियो । यसो गर्दा कुमार **जेट्ठतिस्स** त्यो भिक्षुदेखि रिसायो ॥११४–११७॥

बाबु खसेपछि **जेट्ठतिस्स** राजा भयो । बाबुको शरीरसंस्कारमा जान इच्छा नगर्ने बदमाश मन्त्रीहरुको हत्या गर्नको लागि राजा **जेट्ठतिस्स**ले आफैं बाहिर निक्लिएर, कनिष्ठ **महासेन**लाई अघाडि लगाएर त्यसपछि बाबुको लास अनि त्यसपछि मन्त्रीहरुलाई पठाएर आफूपछि बसेर कनिष्ठ **महासेन र** बाबुको मृत शरीर अगाडि गइसकेपछि ढोका बन्द गर्न लगाएर ती बदमाश मन्त्रीहरुलाई मार्न लगायो । उनीहरुको शरीर बाबुको चिताको चारैतिर सूलीमा चढाउन लगायो । यस्तो काम गरेको हुनाले उसको उपनाम कर्कश (**कक्खल**, निर्दयी) भयो । त्यो **संघमित्र** भिक्षु राजादेखि भयभीत भएर **महासेन**सित सल्लाह गरेर उसको अभिषेकको समयमा अर्को किनारमा पुग्यो अनि त्यहाँ **महासेन**को अभिषेकको प्रतीक्षा गर्दै बस्यो ॥११८–१२३॥

राजाले बाबुले पूरा नगरी छोडेका काम सात तले उत्कृष्ट **लोहाप्रासाद** एक करोड मूल्य खर्च गरेर बनाउन लगायो ॥१२४॥ त्यसमा साठी लाख मूल्यको मणि पूजा चढाएर **जेट्ठतिस्स**ले त्यसको नाम **मणि प्रासाद** राख्यो ॥१२५॥ दुई बहुमल्यमणि महास्तपूमा चढायो अनि महाबोधि घरमा तीन तोरण (द्वार, ढोका) बनाउन लगायो ॥१२६॥

---

**१. वेथुल्लवादी - हेर्नुहोस् ३६ -४१ ।**

**२. चोलदेश - दक्षिण भारतको एउटा प्रान्त ।**

Downloaded from http://www.dhamma.digital

**पाचीन-तिस्स- पब्बत** विहार बनाउन लगाएर पृथ्वीपतिले त्यसलाई पाँच आवासमा विभाजन गरेर संघलाई दियो ॥१२७॥

प्राचीनकालमा राजा **देवानंपियतिस्सद्वारा थूपाराममा** स्थापित सुन्दर दर्शनीय विशालशिला प्रतिमा, राजा **जेट्ठतिस्सले थूपारामबाट** लिएर गएर **पाचीन तिस्सपब्बताराममा** स्थापित गऱ्यो ॥१२८–१२९॥

उसले **चेतियपब्बत** विहारको **कालमत्तिकवापी** दुई तथा विहार प्रासादको पूजा र **महावैशाख** पूजा गराएर संघका तीस हजार भिक्षुलाई छ /छ चीवर दियो । **जेट्ठ-तिस्सले आलम्बगामवापी** बनाउन लगायो ॥ यसरी प्रासाद बनाउने आदि विविध पुण्य कर्म गरेर राजाले दस वर्ष राज गऱ्यो ॥१३०–१३२॥

नरपति हुनुले जहाँ धेरैको सङ्ख्यामा पुण्यको कारण हुन्छ, त्यहीँ धेरैको सङ्ख्यामा पापको कारण पनि हुन्छ । त्यसैले सज्जनहरुको मन विष परेको अन्न समान हुने हुनाले, त्यसलाई कहिले पनि सेवन गर्दैनन् ॥१३३॥

सज्जनहरुको प्रासाद र वैराग्यको लागि रचित महावंशको 'त्रयोदश राजा' नामको षट्त्रिंश परिच्छेद ।

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# सप्तत्रिंश परिच्छेद

**जेट्ठतिस्स** बितेपछि कनिष्ठ महासेनले राजा भएर तीस वर्ष राज्य गऱ्यो ॥१॥

**महासेन**को राज्याभिषेक गर्नको लागि **संघमित्र** स्थविर **जेट्ठतिस्स** मरेको कुरो थाहा भएर समुद्रको अर्को किनारबाट त्यहाँ आयो ॥२॥

राजाको अभिषेक र धेरैको सङ्ख्यामा अरु कामहरु सक्न लगाएर **महाविहार** नष्ट गर्ने मनशायले त्यो असंयत **संघमित्र** भिक्षुले राजालाई 'महाविहारवासी अविनयवादी, हामी विनयवादी' भनेर भड्कायो अनि राजकीय दण्ड नियम बनाउन लगायो– 'जसले महाविहारवासी भिक्षुहरुलाई आहार दिन्छ, त्यो मान्छे सय मुद्राको दण्डभागी हुनेछ' भनियो ॥३–५॥

राजाबाट पीडित **महाविहारवासी** भिक्षुहरु महाविहार छोडेर **मलय र रोहण**तर्फ गए ॥६॥ **महाविहार** छोडेर गएको महाविहार नौ वर्षसम्म खाली रह्यो ॥७॥ मालिक बिनाको चीज राजाको सम्पत्ति हुन्छ भनेर खराब मति भएको भिक्षुले दुर्मति राजालाई यसो भनेर राजाबाट **महाविहार** नष्ट गर्न अनुमति लियो अनि त्यसपछि दुष्ट चित्त भएको भिक्षुले नष्ट गर्नको लागि मान्छेहरु लगायो । **संघमित्र** स्थविरको **राजवल्लभ** नामको सेवक, राक्षस स्वभावको सोण मन्त्री र अर्को लवस्तरो भिक्षुले सात तले उत्कृष्ट **लोहप्रासाद** भत्काएर नाना प्रकारका घरका सामग्री **अभयगिरि** विहार लगे । **महाविहार**बाट लगेका धेरै प्रासादहरु (को सामग्री) भएको कारण **अभयगिरिविहार** धेरै प्रासाद भएको विहार भयो ॥८–१२॥

**संघमित्र** स्थविर र आफ्नो **सोण** नामको सेवकको सम्बन्धले राजाले धेरै पाप गऱ्यो ॥१३॥ त्यो राजाले पाचीनतिस्स **पब्बत**बाट, **महाशिला प्रतिमा** झिकाई पठाएर **अभयगिरि** विहारमा स्थापित गर्न लगायो ॥१४॥ प्रतिमाघर, बोधिघर, मनोरम धातुघर र चतुश्शाला बनाउन लगायो । **कुक्कट विहार**को मर्मत पनि गरायो ॥१५॥ यसरी भयंकर राक्षस **संघमित्र** स्थविरको कारण त्यो समयमा **अभयगिरि** विहार दर्शनीय भयो ॥१६॥

Downloaded from http://www.dhamma.digital

राजालाई **मेघवण्ण अभय** नामको सर्वार्थ साधक, साथी (सखा), मन्त्री, **महाविहार**को नाशले रिसाएर विद्रोही भएर मलय गए ।

त्यहाँ ठूलो सङ्ख्यामा सेना एकत्र गरेर **तिस्सवापी**देखि केही टाढा छाउनी खडा गऱ्यो ॥१७–१८॥ राजाले आफ्नो मित्र त्यहाँ आएको छ भनेको सुनेर आफू पनि लडाईंको लागि त्यहाँ पुगेर छाउनी खडा गऱ्यो ॥१९॥

**मलय**बाट ल्याएको श्रेष्ठ पेय पदार्थ र मासु पाउँदा 'यो मैले आफ्नो मित्रलाई नदिइकन म एक्लै खानेछुइनँ' भनेर त्यो लिएर राती एक्लै निक्लिएर राजा भएको ठाउँमा आएर यो कुरो गऱ्यो ॥२०–२१॥

उसले ल्याएको पदार्थ उसको ठूलो विश्वासमा परेर उसले खायो अनि राजाले सोध्यो, – "तँ विद्रोही किन भइस् ?" उसले भन्यो, "तेरो **महाविहार** नष्ट गरेको कारणले" । राजाले भन्यो, '**महाविहार** फेरि बनाइदिनेछु । मैले गरेको अपराध क्षमा गर' । उसले राजाको अपराध क्षमा गरिदियो । **मेघवण्ण अभय**ले सम्झाएपछि राजा नगरमा फर्किएर गयो ॥२२–२४॥ राजालाई सम्झाए पनि महाविहार बनाउनको लागि चाहिने सामग्री एकत्र नगरेसम्म **मेघवण्ण अभय** राजासँग नगरमा फर्किएर गएन ॥२५॥

राजाकी प्यारी श्रीमती, बहिदार (क्लर्क) की छोरीले महाविहार नष्ट गर्दा दु:खित भएर, रिसले त्यो विनाशकारी स्थविरलाई मार्न लगाउनको लागि एकजना काष्ठकर्मी (काठमा बुट्टा कुँदने) ठीकपारेर, **थूपाराम** नष्ट गर्न आएको, बदमाश, भयंकर राक्षस स्वभावको संघमित्र स्थविरको हत्या गरायो । उनीहरुले असंयत, भयंकर राक्षस स्वभावको **सोण** मन्त्रीलाई पनि माऱ्यो ॥२६–२८॥

**मेघवण्ण** अभयले धेरै प्रकारको द्रव्य सामग्री ल्याएर **महाविहार**मा धेरैवटा परिवेण बनाउन लगायो ॥२९॥ **मेघवण्ण** अभयले डरको कारण शान्त पारेपछि सबैतिरबाट भिक्षुहरु आएर महाविहारमा बस्न थाले ॥३०॥ राजाले **महाबोधि** घरको पश्चिमदिशामा फलामको दुईवटा मूर्ति बनाउन लगाएर स्थापित गर्न लगायो ॥३१॥

त्यसपछि **दक्षिण विहार** वासी, असंयत, छली, कुटिलमनको, दुर्मित्र (शत्रु) तिस्स स्थविरदेखि प्रसन्न भएर महाविहारको सिमानामा रहेको **ज्योति** नामको उद्यानमा जेतवन विहार बनाउन मनाई गर्दा पनि बनाएर छोड्यो ॥३२–३३॥ त्यसपछि उसले भिक्षुहरुलाई सिमाना भत्काउनको लागि भन्यो । यस्तो गर्न नचाहेर भिक्षुहरु विहार छोडेर अन्यत्र गए । केही भिक्षु सिमाना भत्काउने भिक्षुहरुलाई सफल हुन नदिनको लागि त्यहीं यताउति लुकेर बसे ॥३४–३५॥

'**महाविहार** नौ महिनादेखि भिक्षुहरुले छोडेको' सोचेर अरु भिक्षुहरुले सिमाना नष्ट गर्ने (परिवर्तन) विचार गऱ्यो ॥३६॥ त्यसपछि सीमा सिमानाको लागि भएको झगडा सकिएपछि सबैतिरबाट आएर भिक्षुहरु **महाविहार**मा बस्न थाले ॥३७॥

Downloaded from http://www.dhamma.digital

त्यो विहार ग्रहण गर्ने **तिस्स** स्थविरको विरुद्ध, **अन्तिम वस्तु**[1]को एउटा सत्य दोषारोपण संघमा पुग्यो । प्रसिद्ध धार्मिक महामात्यले त्यो दोषारोपण निर्णय गरेर राजाको इच्छाको विरुद्ध त्यो स्थविरलाई अप्रव्रजित भएको बनायो ॥३८–३९॥

उही राजाले **मणिहीरक** विहार बनाउन लगायो अनि देवालय भत्काएर तीनवटा विहार बनाउन लगायो – एउटा **गोकण्ण** विहार, **एरका विल्ल** र तेस्रो **कलन्द** ब्राह्मणको गाउँमा । **मिगगाम विहार**, **गङ्गा-सेनक पब्बत** विहार र पश्चिममा धातुसेन पब्बत विहार बनाउन लगायो । राजाले **कोकवात**मा पनि ठूलो विहार बनाउन लगायो । **थूपाराम विहार** तथा **हुडपिट्टि विहार** बनाउन लगायो अनि उत्तर तथा अभय नामको दुईवटा भिक्षुणी निवास बनाउन लगायो ॥४०-४३॥ **कालवेल यक्ष**को ठाउँमा स्तूप बनाउन लगायो अनि द्वीपक पुराना आवासहरु मर्मत गर्न लगायो ॥४४॥

एक हजार संघस्थविरलाई उसले एक एक हजार मूल्यको दान दियो अनि सबैलाई प्रत्येक वर्ष चीवर दियो । उसको अन्नपान आदि दानको त लेखाजोखा नै थिएन ।

दुर्भिक्ष (अनिकाल) निवारणको लागि उसले सोन्ह वापी (खाद्यान्नको ढुकुटी ?) बनाउन लगायो – **मणिहीर, महागाम, छल्लूर, खानु, महामणि, कोकवात, धम्मरम्मवापी, कुम्बालक, वाहन, रत्तमालकन्डक, तिस्सवड्ढमानक, वेलङ्गविट्टिक, महागल्लक, चीरवापी, महादारगल्लक र कालपासाण वापी** – यी सोह्र वापी बनाउन लगायो ॥४५–४९॥

त्यो महामतिले गंगादेखि **पब्बत** नामको नहर खनायो । यसरी उसले धेरैको सङ्ख्यामा पुण्य र अपुण्य सञ्चय गर्‍यो ।

**॥ महावंश समाप्त ॥**


---

**१. अन्तिमवस्तु - चार पाराजिक मध्येका एक । १-मान्छे मार्नु २-चोरी काम गर्नु ३- मैथुन कर्म ४-आफूमा दैवीशक्ति रहेको झूटो कुरो भनि हिँडनु । यी चारमध्येमा कुनै एकको दोष लागेमा भिक्षुसंघसित निकाल्ने अधिकार निहित छ ।**

Downloaded from http://www.dhamma.digital

परिशिष्ट १


# गौतम (बुद्ध) परम्परा




Downloaded from http://www.dhamma.digital

परिशिष्ट २

## बौद्ध सम्प्रदाय परम्परा




Downloaded from http://www.dhamma.digital

# अनुक्रमणिका

अ० – अनुराधपुर ।

ज० – जम्बूदीप, भारतवर्षको नाम । सि०– सिंहलद्वीप..(लंका वा श्रीलङ्का) ।

## अ


अक्खीपूजा – उत्सव विशेष ५–९४

अग्निब्रह्मा – अशोकको भानिज ५–१६१, २०१

अङ्गिरस – पौराणिक राजा २–४

अंगुलिमाल – डाकु ३०–८४

अच्चिमा – पौराणिक राजा २–५

अजातशत्रु – मगधको राजा २–३१, ३२; ३–१६; ४–१

अजित –कुनै कुमार  ४–५१

अंञ्जन – शाक्य कमार  २–१७ , १८

अनुराध –विजयका साथीहरुमध्येका एक ९–१, ११; १०–७३, ७६

अनुराधा – नक्षत्रहरु मध्येका एक १०–७६

अनुराधग्राम – सि०को एउटा गाउँ ७–४३ , ४४

अनुराधपुर – सि०को राजधानी १०–७३ , १०६; ११–४, १९–३८

अनिरुद्ध – स्थविर ४–५८

अनिरुद्ध – मगधको राजा ४–२

अनुला – देवानांप्रियतिस्सको भाइकी श्रीमती १४–५६, ५७, १५–१८–१९, १८–९, १९–६५

अनोतत्त – मानसरोवर १–१८, ५–२४, ८४

अनोमदर्शी –  पूर्वकालीन बुद्ध १–७

अपरान्त – ज० पश्चिम समुद्रको प्रदेश १२–४, ३४

अपरशैलीय – एक बौद्ध सम्प्रदाय ५–१२

अभय – ओजद्वीपको राजधानी १५–५८

अभयवापी – अ०को ताल  १०–८४, ८८, १७–३५

अभय – ज० ओजद्वीपको राजा १५–२८, ८३


Downloaded from http://www.dhamma.digital

त्यो विहार ग्रहण गर्ने **तिस्स** स्थविरको विरुद्ध, **अन्तिम वस्तु**[1]को एउटा सत्य दोषारोपण संघमा पुग्यो । प्रसिद्ध धार्मिक महामात्यले त्यो दोषारोपण निर्णय गरेर राजाको इच्छाको विरुद्ध त्यो स्थविरलाई अप्रव्रजित भएको बनायो ॥३८–३९॥

उही राजाले **मणिहीरक** विहार बनाउन लगायो अनि देवालय भत्काएर तीनवटा विहार बनाउन लगायो – एउटा **गोकण्ण** विहार, **एरका विल्ल** र तेस्रो **कलन्द** ब्राह्मणको गाउँमा । **मिगगाम विहार**, **गङ्गा-सेनक पब्बत** विहार र पश्चिममा धातुसेन पब्बत विहार बनाउन लगायो । राजाले **कोकवात**मा पनि ठूलो विहार बनाउन लगायो । **थूपाराम विहार** तथा **हुडपिट्टि विहार** बनाउन लगायो अनि उत्तर तथा अभय नामको दुईवटा भिक्षुणी निवास बनाउन लगायो ॥४०-४३॥ **कालवेल यक्ष**को ठाउँमा स्तूप बनाउन लगायो अनि द्वीपक पुराना आवासहरु मर्मत गर्न लगायो ॥४४॥

एक हजार संघस्थविरलाई उसले एक एक हजार मूल्यको दान दियो अनि सबैलाई प्रत्येक वर्ष चीवर दियो । उसको अन्नपान आदि दानको त लेखाजोखा नै थिएन ।

दुर्भिक्ष (अनिकाल) निवारणको लागि उसले सोन्ह वापी (खाद्यान्नको ढुकुटी ?) बनाउन लगायो – **मणिहीर, महागाम, छल्लूर, खानु, महामणि, कोकवात, धम्मरम्मवापी, कुम्बालक, वाहन, रत्तमालकन्डक, तिस्सवड्ढमानक, वेलङ्गविट्ठिक, महागल्लक, चीरवापी, महादारगल्लक र कालपासाण वापी** – यी सोह्र वापी बनाउन लगायो ॥४५–४९॥

त्यो महामतिले गंगादेखि **पब्बत** नामको नहर खनायो । यसरी उसले धेरैको सङ्ख्यामा पुण्य र अपुण्य सञ्चय गऱ्यो ।

Dhamma.Digital

**॥ महावंश समाप्त ॥**


---

१. अन्तिमवस्तु - चार पाराजिक मध्येका एक । १-मान्छे मार्नु २-चोरी काम गर्नु ३- मैथुन कर्म ४-आफूमा दैवीशक्ति रहेको झूटो कुरो भनि हिँडनु । यी चारमध्येमा कुनै एकको दोष लागेमा भिक्षुसंघसित निकाल्ने अधिकार निहित छ ।

Downloaded from http://www.dhamma.digital

परिशिष्ट १


# गौतम (बुद्ध) परम्परा




Downloaded from http://www.dhamma.digital

परिशिष्ट २

## बौद्ध सम्प्रदाय परम्परा




Downloaded from http://www.dhamma.digital

# अनुक्रमणिका

अ० – अनुराधपुर ।

ज० – जम्बूदीप, भारतवर्षको नाम । सि०– सिंहलद्वीप..(लंका वा श्रीलङ्का) ।

## अ


अक्खीपूजा – उत्सव विशेष ५–९४

अग्निब्रह्मा – अशोकको भानिज ५–१६१, २०१

अङ्गिरस – पौराणिक राजा २–४

अंगुलिमाल – डाकु ३०–८४

अच्चिमा – पौराणिक राजा २–५

अजातशत्रु – मगधको राजा २–३१, ३२; ३–१६; ४–१

अजित –कुनै कुमार ४–५१

अंञ्जन – शाक्य कमार २–१७ , १८

अनुराध –विजयका साथीहरुमध्येका एक ९–१, ११; १०–७३, ७६

अनुराधा – नक्षत्रहरु मध्येका एक १०–७६

अनुराधग्राम – सि०को एउटा गाउँ ७–४३ , ४४

अनुराधपुर – सि०को राजधानी १०–७३ , १०६; ११–४, १९–३८

अनिरुद्ध – स्थविर ४–५८

अनिरुद्ध – मगधको राजा ४–२

अनुला – देवानांप्रियतिस्सको भाइकी श्रीमती १४–५६, ५७, १५–१८–१९, १८–९, १९–६५

अनोतत्त – मानसरोवर १–१८, ५–२४, ८४

अनोमदर्शी – पूर्वकालीन बुद्ध १–७

अपरान्त – ज० पश्चिम समुद्रको प्रदेश १२–४, ३४

अपरशैलीय – एक बौद्ध सम्प्रदाय ५–१२

अभय – ओजद्वीपको राजधानी १५–५८

अभयवापी – अ०को ताल १०–८४, ८८, १७–३५

अभय – ज० ओजद्वीपको राजा १५–२८, ८३


Downloaded from http://www.dhamma.digital

अभय – पाण्डुवासुदेवको छोरो ९–१, ३, २९, १०–५२, ८०, १०५

अमिता – शाक्यवशी राजकुमारी  २–२०, २१

अमितोदन – शाक्यवंशी राजा शुद्धोदनको भाई २–२०

अम्बस्थल – मिश्रक पर्वतको शिखर १३–२० (पहाडको चुचुरो)

अर्थदर्शी – पूर्वकालीन बुद्ध १–८ (पहिलेको बुद्ध)

अरवाल – नाग राज १२–९

अरवाल – पञ्जाब (वर्तमान पाकिस्तान)मा पर्ने पेशावर र रावलपिंडीको जिल्ला १२–११

अरिट्ठ – (पर्वत) सि०को रिटिगल १०–६३, ६४, ६५

अरिष्ट – देवानांप्रियतिस्सको भानिज ११–२५, १८–३, १९–५, ६६, २०–५४

अरिष्ट – (महा) ११–२०, १६–१०, १८–१३, १–१२

अलसन्दा – यवन देशको शहर २९–३९

अवन्ती – ज०को राज्य १३–८, ४–१, १९

अशोक – ५–१९, ३३, ३९, ६०, ६६-१७१, २२७, २७९, १३–८, (धम्माशोक) ५– १८८, १८९, २०९, २३६, ११– १८, १९, २४, ४१, १८–१३, १९–१६, २०–१, ३, ६

अशोक मालक – अ०को कुनैठाउँ विशेष १५–१५३

अशोकाराम – पटनाको एउटा विहार ५–८०, १६३, १७४, २३६, २७६

असन्धिमित्रा – अशोककी रानी ५–६०, ८५, २०–२

अहोगंग – (पर्वत) ज० ४–१८, १९, ५–२३३


### आ


आजीवक – तैर्थिकहरुको एक सम्प्रदाय १०–१०२

आनन्द – भगवान् गौतम बुद्धको प्रिय शिष्य ३–९, १०, २३, २४, २७, २८, ३०, ३५, ४–५८

आयुपाला – कुनै भिक्षुणी ५–२०८

आवन्तिका – अवन्तीको भिक्षु ४–१७, १८


### इ


इट्ठिय – महेन्द्रको साथी १२–७

इन्द्र – (देवता) ७–२, ६, १७, १३, २०

इन्द्रगुत्त – कुनै स्थविर ५–१७४

इसिपतन – बनारस छेउको विहार (वर्तमान) सारनाथ २९–३१


Downloaded from http://www.dhamma.digital

### ई

ईश्वरश्रमणाराम – सि०को एउटा विहार १९–६१, २०–२०,

### उ

उज्जैनी – सि०को एक नगर ७–४५

उज्जयनी – जं०को एक राजधानी ५–३९, १३–८

उत्तर – एक स्थविर १२–६, ४४

उत्तरकुरु – ज०को उत्तरमा पर्ने हिमालय पारिको प्रान्त १–१८

उत्तिय – सि०को एक राजा २०–२९, ३२, ३४, ४९, ५३, ५७

उत्तीय – महेन्द्रको एक साथी स्थविर १२–७

उदयभद्र – मगधको राजा ४–१, २

उपचर – एक राजा २–३

उपतिष्य – विजयको साथी ७–४४

उपतिष्य ग्राम – सि०को एउटा गाउँ ७–४४, ८–४, १३, २५, १०–४८, १७–६०

उपाली – एक स्थविर ३–३०, ३१, ५–१०४, १०६, ११२

उपासिका विहार – अ०को भिक्षुणी विहार १८–१२, १९–६८, २०–२१

उपोसथ – एक राजा  २–२

उप्पल वण्णो – (विष्णु देवता) ७–५

उम्माद चित्ता –(उन्माद चित्त) – द्रष्टव्य चित्ता

उरु चैत्य – द्रंष्टव्य महास्तूप (महाथूप)

उरुवेला – मगध देशको एक नगर १–१२, १६, १७, ५३

उरुवेला – सि०को एक नगर ७–४५, ९–९

उधर्वचूडाभय – देवानांतिष्य राजाको भाइ १–४०

### ऋ

ऋषिभूम्यंगण – अनुराधपुरको स्थान विशेष २०–४६

### ए

एकव्यवहारिक – एकबौद्ध सम्प्रदाय ५–४

एडार – सि०को दमिड राजा २१–१३; २२–४४, २३–५, ३१, २५–५२, ५४, ५७, ६५, ६७, ६९, ७०, ७२, ७६, ७८

Downloaded from http://www.dhamma.digital

ओ

ओक्काक – इक्ष्वाकु २–११ , १२

ओक्कामुख – एक राजा २–१२

ओजद्वीप – सि० द्वीपको पौराणिक नाम १५–५९, ६४

क

ककुध (वापी)– अ०को तलाउ १५–५२

ककुसन्ध – पूर्वकालीन बुद्ध १–९, १५–६७, ६०

कच्छक (घाट) – महागंगाको घाट १०–५८

कदम्ब नदी – सि०को नदी ७–४३, १५–१०, ५९, १९१

कन्तकानन्दा – कोणागमन बुद्धको समकालीन भिक्षुणी १५–११२

कण्टक चैत्य – चैत्यपर्वतमा रहेको चैत्य १६–१२

कपिलवस्तु – ज०को एक नगर २–१५

कर्णवर्धमान – सि०को एक पर्वत १–४९

कल्याणक – दुई राजा

कल्याणी – एउटा प्रदेशको नाम १०–६३, ७३, १५–१६२

कलहनगर – सि०को एक नगर १०–४२

कलार जनक – एक राजा २–१०

कलिंग – (देश) ६–१

कश्मीर – ज०को एक राज्य १२–३, ९, ५, २८

कश्यप – पूर्वकालीन बुद्ध १–१०, १५–१२५, १२८

कश्यप – एक जटिल साधु १–१६

काकन्ड – यश स्थविरको बाबु ४–१२, ४९, ५७

काकवर्ण तिष्य – एक राजा १५–१७१

काजर ग्रांम – सि०को एक गाउँ १९–५४, ६२

कात्यायनी – शाक्य राजकुमारी २–१७

काश्यपीय – एक बौद्ध सम्प्रदाय ५–१९

काल प्रासाद परिवेण – अ०को तिष्यारामको एउटा प्रासाद १५–२०४

कालवेल दास – एक यक्ष ९–२२, १०–४, ८४, १०४

कालाशोक – एक मगध नरेश ४–७ , ८-३१, ६३, ५–१४

Downloaded from http://www.dhamma.digital

काशी – ज०को एक प्रदेश ५–११४
कासपर्वत – सि०को एक पर्वत १०–२७
कुक्कुटाराम – सि०को एक विहार ५–१२२
कुन्ती – एउटी किन्नरी ५–२१२
कुन्ती पुत्र – तिष्य र सुमित्र दुई स्थविर ५–२७
कुम्भण्ड (कुष्माण्ड) – देवता १०–९९
कुवर्णा – एउटी यक्षिणी ७–११, ६६
बुवेर – देवता १०–८९
कुशावती – ज० को एक नगर २–६
कुशीनारा – भगवान् गौतम बुद्धले निर्वाण पाउनुभएके ठाउँ ३–२
कोणागमन – पूर्वकालीन बुद्ध १–९, १५–२१, ९९
कौण्डिन्य – पूर्वकालीन बुद्ध १–६
कौशाम्बी – ज० को एक नगर
क्षुद्र शोभित – ४–४८, ५७

ग

गंगा –ज०को नदी ५–२३३, ८–१८, २३, ११–३०, १९–४
गङ्गा – १–२१, १०–४४, ५८
गन्धार – ज० को उत्तर पश्चिम प्रदेश १२–३, ९, २५, २८
गम्भीर – नदी सि०को एक नदी ७–४४
गरुड – एक चरो १९–२०
गल्लकपीठ – सि०को एउटा गाउँ १७–५९
ग्रामणी – ज०को (शाक्यवंशी राजकुमार) ९–१५, २२
ग्रामणीवापी – सि०को एउटा तलाउ १०–९६, १०१
गिरि – एक निगंठ साधु १०–९८
गिरिकण्ड – सि०को एउटा प्रदेश १०–८२
गिरिकण्ड पर्वत – सि०को एक पर्वत १०–२८
गिरिकण्ड शिव – पाण्डुकाभयको मामा १०–२९–८२
गिरिद्वीप – सि०को एउटा भाग (टापू, भूमिको खण्ड) १–३०
गिरिब्बज –ज०को कुनै ठाउँ –१४
गोकुलिक – एउटा बौद्ध सम्प्रदाय ५–४५
गोट्ठाभय – सि०को राजा १५–१७०
गोणग्राम – सि०को एउटा पट्टन ८–२४
गौतम – अठाईसौं भगवान् बुद्ध १–११, १५, १६०

Downloaded from http://www.dhamma.digital

### च


चण्डवज्जि – एकजना मन्त्री जोपछि स्थविर भयो ५–९९, १२१, १२९, १५०

चण्डाशोक – धम्माशोकको पहिलेको नाम ५–१९९

चतुश्शाला – अ०को एउटा प्रासाद १५–४७, ५०

चन्द्र – एक जना ब्राह्मण १०–२३, २५, ४३, ७९

चन्द्रगुप्त –ज०को महाराज चन्द्रगुप्त ५–१६

चन्द्रग्राम – सि०को एउटा गाउँ १९–५४, ६२

चन्द्रमुख – एक राजा २–१२

चन्दिमा – एउटा राजा २–१२

चरक – एउटा राजा २–२

चाणक्य – ज०को महाराज चन्द्रगुप्तको मन्त्री ५–१६

चित्र (चित्त) – एक यक्ष ९–२२, १०–४, १०४

चित्र राज – १०–८४, ८७

चित्रशाला – अ०को एउटा ठाउँ २०–५२

चित्रा (चित्ता) – पाण्डुवासुदेवकी छोरी ९–५, १, २४, २५ उन्माद

चित्रा (चित्ता) – ९– ५, १३, १०–१

चूडामणि – इन्द्रलोकको एउटा चैत्य १७–२०

चुडोदर – एक नागराज १–४५, ४९

चेतावीग्राम – सि०को एउटा गाउँ १७–५९

चेतिय – एउटा राजा २–३

चैत्यगिरि – १७–३१

चैत्य पर्वत – सि०को मिहिन्तले पर्वत १६–४, १७; १७–९, २३, २४; २०–७, १०, ३२, ४५

चैत्य पर्वताराम – १९–२

चैत्यवाद – एक बौद्ध सम्पद्राय ५–५

चैत्य विहार – २०–१७


### छ


छन्दगारिक – एक बौद्ध सम्प्रदाय ५–७

छ्यातपर्वत – सि०को एउटा पर्वत ११–१०


Downloaded from http://www.dhamma.digital

**ज**

जम्बुकोल – सि०को एउटा बंदर ११–२३, ३८, १८–७, १९–२३, २५, ६०

जम्बुकोल विहार – सि०को एउटा विहार २०–२५

जम्बूद्वीप – भारतवर्षको पुरानो नाम ३–१३, ५–१३, १७, २०, ५५, १९०, २३५, १४–८, १३, १५–९०, १२४, १५९, १६५

जयन्त – मण्डद्वीपको राजा १५–१२७, १२८, १५२

जयवापी – सि०को एउटा (बावडी, बावली) १०–८३

जयसेन – शुद्धोदनको बाजे २–१४, १५

जाली – एउटा राजा २–१३

जेतवन – श्रावस्ती छेउको विहार १–४४, ५२, ५६, ७०, ७२, ८३

जोतिय – एक निगण्ठ साधु १०–९७

ज्योतिवन – अ० को नन्दनवनको अर्को नाम १५–२०२

**त**

ताम्रपर्णी – (तम्बपण्णी सि०को एउटा ठाउँ ६–४७, ७–३८,

ताम्रपर्णी – एउटा नगर ७–३९,४१, ७४

ताम्रपर्णी – सि०को नाम १४–३५

ताम्रलिप्ति (ताम्रलिति) - ज०को एउटा बंन्दर ११–३८, १९–६

तिवक्क – एकजना ब्राह्मण १९–३७, ५४, ६१

तिष्य – पाण्डुकाभयको मामा १०–५१

तिष्य – पूर्वकालीन बुद्ध १–८

तिष्य – सम्राट अशोकको कान्छो भाइ ५–३३, ६०, २४१

तिष्य – सम्राट अशोकको समकालीन स्थविर ५–१३३, २१७

तिष्य महाविहार – नागद्वीपको विहार २०–२५

तिष्य रक्षिता – सम्राट अशोकको दोस्रो रानी २०–३

तिष्य वापी – आ० छेउको एउटा तलाउ २०–२०

तुम्बार कन्दर – सि०को वन १०–२

तुम्बरियांगण – सि०को एउटा तलाउ १०–५३

तुम्बरुमालक – चैत्यपर्वतमा रहेको कुनै स्थान विशेष १६–१६

**थ**

थेरानंबन्धमालक – अ०को एउटा ठाउँ २०–४२

थेरापस्सय – (स्थविराप्रश्रय) अ०को एउटा परिवेण १९–२१०

Downloaded from http://www.dhamma.digital

## द

दक्षिण गिरि – अवन्तीदेशको एउटा विहार १३–५

दण्डपाणि – एकजना शाक्य राजकुमार २–१९

दमिड – ज०को तमिल जाति १–४१

दासक – उपालिस्थविरको शिष्य ५–१०४, १०५, ११२, ११६, ११८

दीपंकर – (द्वीपकंर) पुर्वकालीन बुद्ध १–५

दीर्घग्रामणी – शाक्यवंशीय राजकुमार ९–१३, ग्रामणी ९–१५, २२

दीर्घचंक्रमण – अ०को एउटा परिवेण १५–२०८

दीर्घवापी – सि०को एउटा तलाउ १–७८

दीर्घस्यन्दन – देवानांप्रियतिष्यको सेनापति १५–२१२

दीर्घस्यनदन सेनापतिपरिवेण – सि०को एउटा परिवेण १५–२१३

दीर्घायु – एकजना शाक्य राजकुमार र उसले बसाएको सि०को एउटा गाउँ ९–१०, १३

दुष्टग्रामणी – सि०को राजा १–४१, १५–१७२

देवकूट – ओजद्वीपको पर्वत १५–६२

देवदत्त – शाक्य राजकुमार २–२१

देवदह – ज०को एउटा नगर २–१६, देवदह (शाक्य) २–१६

देवानांप्रियतिष्य – सि०को सम्राट अशोकको समकालीन राजा १–४०, ११–६, ७, १५, १९, १३–१३, १४–१, १५–२१४, १९–२३, ८२, २०–७, २६, तिष्य १४–७, देवानां प्रिय १७–११

देवी – ज०को महास्थविर महेन्द्रकी आमा १३–९, ९, १३, १७

दोलपर्वत – सि०को एउटा पर्वत १०–४४

द्वार ग्राम – सि०को एउटा गाउँ १०–८८

द्वारमण्डल (ग्राम) – सि०को एउटा गाउँ १०–१३, १, ७, ५९

## ध

धननन्द – ज०को एउटा राजा ५–१७

धर्मगुप्तिक – एक तैर्थिक सम्प्रदाय ५–८

धर्मदर्शी – पूर्वकालीन बुद्ध १–८

धर्मपाला – संघमित्राकी उपाध्याय ५०–२०८

धर्मरक्षित – अपरान्त देशमा प्रचारार्थ पठाइएको स्थविर १२–४, ३४

Downloaded from http://www.dhamma.digital

धर्मरुचि – एक तैर्थिक सम्प्रदाय ५–१३

धर्माशोक – सम्राट अशोक ५–१८९

धर्मोत्तरीय – एक बौद्ध सम्प्रदाय ५–७

धूमरक्ख पर्वत – सि०को एक पर्वत १०–४६, ५३, ५७, ६२

धौतोदन – शाक्य राजकुमार २–२०

न

नग्न द्वीप– एक द्वीप ६–४५

नन्द – ज०को एक राजवंश ५–१५

नन्दन वन–अ०को एउटा उद्यान १५–१, ७, ११, १७६, १७८, १८६, १९५, १९७, १९९, महानन्दन वन १५–२०२

नन्दन वन – इन्द्रलोकको उद्यान १५–१८५

नन्दा थेरी –कालाशोककी बहिनी ४–३९

नाग दास– एक मगध नरेश ४–४, ५

नाग द्वीप – सि०को एक भाग १–५४, २०–२५

नागमालक – ज०को कुनै स्थान १५–११८, १५३

नारद – पूर्वकालीन बुद्ध १–७

निगण्ठ – जैन सम्प्रदाय १०–९७, ९८

निपुण – एक राजा २–१२

निवत्त चैत्य – अनुराधपुर छेउको चैत्य १५–१०

नेरु – दुईजना राजाको नाम २–५

न्यग्रोध – विन्दुसारको नाति, एक स्थविर ५–३७, ४३, ६०

प

पण – सि०को एक नगर १०–२७

पण्डक – एक यक्ष १२–२१

पद्म – पुर्वकालीन बुद्ध, पद्मोत्तर पूर्वकालीन बुद्ध १–७

पाटलिपुत्र – (पटना) मगधको राजधानी ५–२२, १२०, २१२, ११–२४, १५–२१, पुष्फुपर ४–३१, ७–१०, १८–८

पालि – पाण्डुकाभयकी रानी १०–२०, सुवर्णपाली १०–३८, ७८, ११–११५

पाण्डुकाभय – सि०को राजा ९-२७, २८, १०-२१, २९, ४४, ७३,७८, १०३, १०५, १०६

Downloaded from http://www.dhamma.digital

पाण्डु राजघ – मथुरा (मदुरा) नरेश ७–५०, ६९, ७२

पाण्डुल – एकजना ब्राह्मण १०–१९, २०, २१, ४३

पाण्डुल ग्राम – सि०को एउटा गाउँ १०–२०

पाण्डु वासुदेव – सि०को राजा ८–१०, १७, २७, ९–७, १२, २८, १०–२९ ,

पाण्डु शाक्य – शाक्य राजकुमार ८–१८

पावा – ज०को एक नगर ४–१७, १९, २८, ४७, ४९

पाषाण पर्वत – सि०को एक पर्वत १०–८५

पुलिन्द – सि०को जंगली जाती ७–६८

पुष्प – पूर्वकालीन बुद्ध १–८

पूर्व शैलीय – एक बौद्ध सम्प्रदाय ५–१२

प्रजापति – भगवान् गौतम बुद्धकी सानीमा २–१८, २२

प्रज्ञप्तिवाद – एक बौद्धमत ५–५

प्रणाद – राजाको नाम २–४

प्रताप – एक राजा २–४

प्रथम चैत्य – जम्बूद्वीपको एक चैत्य १४–४५, द्रष्टव्य १९६–१, प्रथम स्तूप २०–२०

प्रमिता – शाक्य राजकुमारी २–२०

प्रश्नाम्रमालक – अ०को एउटा ठाउँ १५–३८, २०–३९

प्राचीन विहार – सि०को एक विहार २०–२५

प्रियदर्शी – पूर्वकालीन बुद्ध

**ब**

बालग्ग परिवेण – अ० एउटा परिवण १५–२०९

बाहुलिक – एक बौद्ध सम्प्रदाय ५–५

वाराणसी – (बनारस) १–१४

बिन्दुसार – सम्राट अशोकको बाबु ५–१८, १९, ३८, ३९

बिम्बिसार – मगधको राजा २–२५, २६, २७, २८, ३१

**भ**

भण्डु – महास्थविर महेन्द्रका साथीहरुध्येका एक १२–१६, १८, १४, २९, ३१, ३२

भद्रकात्यायनी – शाक्य राजकुमारी २–२१, २४

भद्रकात्यायनी – अर्की राजकुमारी ८–२०, २८, ९–६

भद्रयानिक – एक बौद्ध मत ५–७

Downloaded from http://www.dhamma.digital

भद्रवर्गी – एक साधु सम्प्रदाय १–१५

भद्रशाल – महास्थविर महेन्द्रका साथीहरुमध्येका एक १२–७

भरत – एक राजा २–४

म

मखादेव – एक राजा २–१०

मगध – ज०को एउटा प्रान्त १–१२, ६–४

मंगल – पूर्वकालिन बुद्ध १–६

मज्झिम – हिमवन्त प्रदेश प्रचारर्थजाने स्थविर १२–६, ४१

मणिअक्षिक – सि०को नागराजा १–६३, ७१, ७४, १५–१६२

मण्डद्वीप – सि०को पूर्वकालीन नाम १५–१२७, १३२

मत्ताभय – देवानाप्रिय तिष्यको भाइ १७–५७

मद्द (मद्र) – ज०को एउटा प्रदेश ८–७

मधुरा – ज०को एउटा नगर (मदुरा) ७–४९, ५२

माध्यमिक – एक स्थविर ५–२०६, १२–३, १०

मान्धाता – एक पौराणिक राजा २–२

मरुद्गण परिवेण – अ०को एक परिवेण १५–२११

मलय – सि०को एक प्रदेश ७–६८

महाआसन – अ०को एक प्रासाद १९–५७

महाकन्दर नदी – सि०को एक नदी ८–१२

महाकाल – एक नागराज ५–८७

महाकाश्यप – महास्थविर ३–४, १५, ३८, ५–१, २७७

महागङ्गा – सि०को महावैलि गंगा नदी १०–५७

गंगा – १–२१, १०–४४, ५८

महास्तूप – अ० को रुवनवैली स्तूप १५-५१, २०-४३

महाचैत्य – २०-१९ हेममाली वा हेममालिक १५–१६७, १७–५१

महातीर्थ – सि०को एक बन्दर ७-५८

महातीर्थ – महामेघवनको पहिलेको नाम १५–५८, ७३, ७४, ७६, ८३

महादेव – अशोकको एकजना मन्त्री १८–२०

महादेव – अशोकको समकालीन एक स्थविर ५–२०६, १२–३, २९

Downloaded from http://www.dhamma.digital

महादेव – ककुसन्ध बुद्धको एक शिष्य १५–८९

महाधर्म रक्षित – एक स्थविर ५–१६१, १६७, १२-५, ३७

महानन्दन वन – नन्दवन द्रष्टव्य

महानाग – देवानांप्रियतिष्यको भाइ १४–५६, २५–१६९

महानागवन उद्यान – अ०को एउटा अर्को उद्यान १७–७, २२

महानोम – महामेघवनको पहिलेको नाम १५–९२, १०७, ११०, ११७

महापाली – अ०को एउटा प्रासाद २०–२३

महाप्रणाद – पौराणिक राजा २–४

महाप्रताप – पौराणिक राजा २–४

महामहेन्द्र – द्रष्टव्य महेन्द्र

महामुचल – पौराणिक राजा २–३

महामुचल – अ०को एउटा महल १५–३६

महामेघवन – अ०को एउटा विहार उद्यान १–८०, ११–२, १५–८, ११, २४, ५८, ९२, १२६, १७२, १७७, १८७, १९६, १९८, २००, १६–२, १७–३९, १९–४१, ८५ (तिष्याराम) १५–१७४, १७९, २०३

महारक्षित – यवन समाजमा प्रचार्थ गएको स्थविर १२–५, ३९

महाराष्ट्र – ज०को एउटा प्रान्त १२–५, ३७

महारिष्ट – (द्रष्टव्य अरिष्ट)

महावन – वैशालीछेउको विहार ४–१२, ३२, ४२

महावरुण – एक स्थविर ५–४५, २१४

महाविहार – अ०को एक विहार १५–२१४, २०–७, १७, ३९

महासम्मत – पौराणिक राजा २–१, २३

महासांघिक – एक बौद्ध सम्प्रंदाय ५–४, ५

महासागर – महामेघवनको पहिलेको नाम १५–१२६, १४२, १४३, १४५, १५२

महासुमन – सि०को एक देवता १–३३

महासुम्ब – कोणागमन बुद्धको शिष्य १५–१३०

महास्तूप – अ०को रुवनवैलि स्तूप १५–५१, २०–४३

महियगण – सि०को एउटा स्थान र चैत्य १–२४, ४२

महिला द्वीप – एउटा द्वीप ६–४५

Downloaded from http://www.dhamma.digital

महिशासक – एक बौद्ध सम्प्रदाय ५–६, ८

महिष्मण्डल – ज०को एउटा प्रदेश १२–३, २९

महेज्या वस्तु –ज०को एउटा स्थान १७–३०
महेन्द्र – सम्राट अशोकको छोरो ५–१९४, १९८, २०२, २०३, २०४, स्थविर महेन्द्र ५–२११, २३२, १३–१०, १५, १४–४१, १५–५१, महामहेन्द्र ५–२१०, १२–७, १३–१, १४–५२, १५–२५, १७४, २१४, १७, ३९, १९–३५, ५३, २०–१६, ३० महेन्द्र गुहा – चैत्यगिरिको एउटा गुफा २०–१६

महोदर – नागराज १–४५,

माया – भगवान् गौतम बुद्धकी आमा २–१८, २२

मिथिला – ज०को एउटा नगरी २–६

मिश्रक पर्वत – १३–१४, २०, १४–२, १७–२३, (द्रष्टव्य चैत्य पर्वत)

मुचल – पौराणिक राजा २–३

मुचलिन्द – पौराणिक राजा २–३

मुटसीव – सि०को राजा ११–१, ४, १३–२

मुण्ड – मगध नरेश ४–२, ४

मोग्गलि – एकजना ब्राह्मण ५–१०२, १३३

मोग्गलिपुत्र, मोग्गलिपुत्र तिष्य – महास्थविर ५–७७, ८५, १९२, २०६, २३१, २४६, १२–१, १८–२१, (तिष्य) ५–९७, १०२, १३१, १५२, २७७

मौर्य – ज०को एक राजवंश

य

यट्ठालायक तिष्य – एक राजा १५–१७०

यवन – ग्रीक १२– ५, ३४, यवन लोक १२–३९

यश – महास्थविर आनन्दको शिष्य, काकनन्दपुत्र ४–११, १४, २४, ४९, ५७, ५–२७७

यशोधरा – अंजन शाक्यकी रानी २–१६, १८

र

रक्षित – एक स्थविर १२–४, ३१

रत्न माल – अ०को पूजनीय स्थान १५–९०, १२३

रतिवर्धन उद्यान – महाराज अशोकको आनन्द उद्यान ५–२५७

Downloaded from http://www.dhamma.digital

राजगिरीय – एक बौद्ध सम्प्रदाय ५–१२

राजगृह – मगधको राजधानी २–६, ३–१२, १४ गिरिब्बज ५–११४

राम, रामगोण – एक शाक्य राजकुमार तथा सि०मा उसैले बसाएको गाउँ ९– ९

राहुल – भगवान् गौतम बुद्धको एक्लो छोरो २–२४

रुचानन्द – ककुसन्ध बुद्धको समकालीन भिक्षुणी १५–७८

रुचि – पौराणिक राजा २–४

रेवत – पूर्वकालीन बुद्ध १–६

रोज – पौराणिक राजा २–२

रोहण, रोहण नगर – शाक्य राजकुमार तथा सि०मा उसैले बसाएको एउटा गाउँ ९–१०

## ल

लंका – सि०को नाम १–१९, २०, २१, २२, ८४, ५–११, २०९, ६–४७, ७–३, ४, ५, ६, ७, ५३, ७४, ८–५, ९–१७, ९–६, ७, ८, १०–१०३, ११–४, ८, ९, ४०, ४१, ४२, १२–८, १३–२, १४, ५, २१, १४–३५, ६५, १५–१६४, २१४, १७–१५, ४५, ५१, १८–२१, ४०, १९–३०, ८५, २०–२६, ३१, ५१, लंका नगर, सि०को यक्ष नगर ७–३३, ६२

लाबु ग्राम – सि०को एउटा गाउँ १०–७२

लाड (लाट) देश – ज०को एउटा प्रदेश (गुजरात) ६–५, ३६, ७–३

लोहकुम्भी – नरक कुण्ड ४–३८

लोहप्रासाद – अ०को एउटा महल १५–२०५

## व

वंग – ज०को एउटा प्रान्त तथा त्यहाँका निवासी ६–१, १६, २०, ३१

वज्जि – ज०को एक प्रदेश ४–११, ३२

वज्जियुत्तक – ज०को बौद्ध भिक्षु ४–९, ५–६, वज्जिपुत्तीय ५–७
वनवास – ज०को एउटा प्रदेश १२–४, ३१
वरद्वीप – सि०को पूर्वकालीन नाम
वररोज – पौराणिक राजा २–२

Downloaded from http://www.dhamma.digital

वर्धमान – वरद्वीपको राजधानी १५–९२

वाजिरीय – एक बौद्ध सम्प्रदाय ५–१३

वालुकाराम – ज०को (वैशाली) विहार ४–५०, ६३

विजय – सिंहवाहुको छोरो ६–३७, ३८, ३९, ४२, ४६, ४७, ७–३, ४, ७, १०, १६, २६, ३९, ४०, ५७, ६९, ७०, ७१, ७२, ७४, ८–९, ३, ५,

विजित – शाक्य राजकुमार ९–१० विजित (ग्राम) सि०को एउटा गाउँ

विजित नगर – सि०को एउटा नगर ७–४५

विदिशा गिरि – ज०को एउटा नगर र विहार १३–६, ७, ९, ११

विन्ध्य – ज०को विन्ध्याचल पर्वत १९–६

विपश्चित – पूर्वकालीन बुद्ध १–९

विशाल – मण्डद्वीपको राजधानी १५–१२६

विश्वकर्मा – एउटा देवता १८–२४

विश्वभू – पूर्वकालीन बुद्ध १–९

विष्णु – एउटा देवता ७–५

विहारवीज – सि०को एउटा गाउँ १७–५९

वृषभग्रामी – एक स्थविर ४–४८, ५८

वेणुवन – राजगृहछेउको उद्यान र विहार ५–११५, १५–१७

वेस्सन्तर – पौराणिक राजा २–१३

वैदेह – ज०को एउटा वंश ३–३६

वैभार पर्वत – राजगृह छेउको पर्वत ३–१९

वैशाली – ज०को प्रसिद्ध नगर ४९, २२, ३१, ३४, ३६, ४१, ५–१०५,

वैश्यगिरि – सि०को एउटा विहार २०– १५, २०

**श**

शक्रोदन – शाक्यवंशी राजा शुद्धोदनको भाई २–२०

शाक्य – ज०को एक वश २१५, १९, २१, ९–१८, ११–३४

शिखी – पूर्वकालीन बुद्ध १–९

शिव संचय – एक पौराणिक राजा २–१२

शिशुनाग – मगध नरेश ४–६

शील कूट – मिश्रक पर्वतको शिखर १३–२०

शुक्लोदन – शुद्धोदनको भाई शाक्य राजकुमार २–२०

शुद्धोदन – भगवान् गौतम बुद्धको बाबु २–२०, २२

शुभ्र कूट – मण्ड द्वीपको पर्वत १५–१३१

शोभित – एक पूर्वकालीन बुद्ध १५– ६


Downloaded from http://www.dhamma.digital

## ष

षड्दन्त – हिमवत प्रदेशमा अवस्थित एउटा सरोवर ५–२७, २९

## स

संघमित्रा – सम्राट अशोकको छोरी ५–१६९, १९४, १९८, २०३–२०८, १३–४, ११, १५–२१, १८–४, १९–५, २०–५३, ६५, ६८, ७७, ८४, २०–४८, ५५

सप्तपर्णी गुफा – राजगृह छेउको गुफा ३–१९

समुद्रपर्णशाला – सि०को एउटा प्रासाद १९–२६, २७

समृद्ध – वरद्वीपको राजा १५–८३, ११७

सम्बल – महास्थविर महेन्द्रको साथी १२–७

सम्भूत – एक स्थविर ४–१८, २४, ५७

सम्मितीय – एक बौद्ध सम्प्रदाय ५–७

सर्वकामी – एक स्थविर ४–४८, ५२, ५३, ५६, ५७

सर्वनन्द – काश्यप बुद्धको शिष्य १५–१५८

सर्वभू – एक स्थविर १–३७

सर्वास्तिवादी – एक बौद्ध सम्प्रदाय ५–८, ९

सहजाति – ज०को एक नगर ४–२३, २७, २८, ३४

सांक्रांतिक – एक बौद्ध सम्प्रदाय ५–९

सागर – पौराणिक राजा २–३

सागरदेव – पौराणिक राजा २–३

सागलिय – एक बौद्ध सम्प्रदाय ५–१३

सारिपुत्र – भगवान् गौतम बुद्धको प्रधान शिष्य १–३७, १४–४१

साल्ह – एक स्थविर ४–२८, ४८, ५७

सिग्गव – एक यति ५–९९, १२०, १२८, १३१, १५१

Downloaded from http://www.dhamma.digital

## महावंश पुस्तक प्रकाशनको लागि आर्थिक सहयोग गर्ने दाताहरुको नामावली

| क्र.सं. | दाताको नाम | ठेगाना | रकम |
|---|---|---|---|
| १ | अर्न्तराष्ट्रिय बुद्ध परियत्ति उदय विहार, परियत्ति शिक्षाकोष | डिंगरनगर, ति.न.पा.-४, (बुटवल) रुपन्देही, लुम्बिनी, | १५,०००/- |
| २ | सावित्री गुरुङ | नयाँबजार, पोखरा (हाल हङकङ) | १५,०००/- |
| ३ | बल बहादुर थापा (गाहा) मगर, स-परिवार | तानसेन न.पा.-२, असनटोल | ५,५५५/- |
| ४ | विमला गुरुङ | तिलोत्तमा-७, सेमरा बजार | ५,०१०/- |
| ५ | पान सुवा गुरुङ | सिमलचौर-८, पोखरा | ५,०००/- |
| ६ | हरिश गुरुङ | घारीपाटन, पोखरा | ५,०००/- |
| ७ | ज्ञान कुमारी गुरुङ | तिलोत्तमा-१०, सेमरा बजार, रुपन्देही | ५,०००/- |
| ८ | शिला गुरुङ | पृथ्वी चोक, पोखरा, (हाल यु.के.) | ५,०००/- |
| ९ | शान्ता गुरुङ | सिमलचौर-८, (हाल यु.के.) | ५,०००/- |
| १० | सन्तुमाया गुरुङ | तिलोत्तमा-४, सेमरा बजार | ५,०००/- |
| ११ | शोभा गुरुङ | तिलोत्तमा-७, सेमरा बजार | २,५००/- |
| १२ | लुल्सी थापा | कालिकानगर-१०, बुटवल | २,१००/- |
| १३ | निलम गुरुङ | तिलोत्तमा-४, सेमरा बजार | १,६००/- |
| १४ | कुमारी गुरुङ | बुटवल-६, मैत्रीपथ, रुपन्देही | १,५००/- |
| १५ | धर्म थापा | शुख्खानगर-८, बुटवल | १,१००/- |
| १६ | लिलामाया सूर्यवंसी राना | भलवारी, रुपन्देही | १,००५/- |
| १७ | शिवा थापा | मणिग्राम | १,००५/- |
| १८ | आशारत्न तण्डुकार | धर्मचक्र विहार, बागबजार-२८, काठमाडौं | १,०००/- |
| १९ | भुवनसिं शेरपुर्जा | तिलोत्तमा-८, रुपन्देही | ६००/- |
| २० | धनमाया गुरुङ | ड्राइभरटोल, ति.न.पा.-४, रुपन्देही | ६००/- |
| २१ | गंगा पुन | बुटवल | ५५०/- |
| २२ | देवी गुरुङ | शिवनगर, बुटवल उ.म.न.पा.-७ | ५१०/- |
| २३ | भुना राना | मणिग्राम, ति.न.पा.-६, रुपन्देही | ५०५/- |
| २४ | अम्बिका सारु मगर | देवदह-८, सिलतनगर | ५०५/- |
| २५ | चन्द्रा राई न्यौपाने | चन्द्रापथ, बुटवल-९ | ५०५/- |
| २६ | मुक्ति कुमार श्रेष्ठ | शिवनगर, बुटवल उ.म.न.पा.-७ | ५००/- |
| २७ | रामसिं बराली | शिवनगर, बुटवल उ.म.न.पा.-७ | ५००/- |
| २८ | सूर्जलाल गुरुङ | बुटवल-८, चौराह, रुपन्देही | ५००/- |

यस पुस्तक प्रकाशनका लागि आर्थिक सहयोग गर्ने सम्पूर्ण दाताहरुलाई धन्यवाद ज्ञापन गर्दछु।

Downloaded from http://www.dhamma.digital

# अनुवादक आनन्द प्रधानका
# प्रकाशित तथा अप्रकाशित कृतिहरु

## प्रकाशित कृति

१) तथागत गौतम बुद्ध (संक्षिप्त जीवनी)अनूदित
२) The Life Story of Gautam Buddha in brief
३) मुख्यतः धर्मकीर्ति पत्रिका र हिमपात पत्रिकामा विभिन्न विधामा लेखिएका लेखहरु
४) मिलिन्द प्रश्न ग्रन्थ अनूदित
५) महावंश अनूदित

## अप्रकाशित कृति

१) बौद्ध लेख सग्रह
२) शब्दार्थ संग्रह आदि इत्यादि
३) विपश्यना अनूदित
४) Gautam Buddha's Contemporary Nuns